# इसिलिम ISILIM

(अर्धवार्षिक दुमि भाषिक पत्रिका)

(Half Yearly Dumi Language Magazine)

२०६७ वर्ष १२ अंक १३ छिरियाम्लो (शरदकालिन:उधौली) October 2010

## अन्तत: दुमि शब्दकोश प्रकाशन हुँदै ............





सह-प्रा. चतुरभक्त दुमिराई


प्रा.डा. नोवल किशोर राई


डा. राजकुमार दुमिराई

शुभ होस् बिजयाः आफ्नो बनोस् दशै
दाहिनो रहून् दुनियाः पराई नहून् कसै

छिरियाम्लो २०७० थो तथा विजया दशमी  एवं दिपावली २०६७ को शुभ उपलक्ष्यमा शुभमंगलको कोटिकोटि कामना ।

'सुलभ' सौर्यबत्तिको उत्पादक

# पारू पावरलिङ्क सपोर्ट प्रा.लि.

पो.ब.नं. २०२११, बौद्ध, आरूबारी, काठमाडौं
फोन नं ४४७१०७२ फ्याक्स नं ९७७-१-४४६०५२६
*Email: ourlink@wlink.com.np*

## 'सुलभ' सौर्य बत्तीका विशेषताहरू :

| | |
|---|---|
| १. न्यूनत्तम् १५ वर्ष टिकाऊ । | २. मूल्य ५५ पैसा (दैनिक) मात्र । |
| ३. स्वज्ञानको सदुपयोगबाट निर्मित । | ४. ग्रामिण भेगको लागि झनै उपयोगी । |
| ५. सम्पूर्ण सामग्रीहरू विदेशबाट आयातित । | ६. स्थानीय सिप एवं जनशक्तिबाट उत्पादित । |

७. सामाजिक सेवामा समर्पित साझा कम्पनी ।

८. दिउँसो सिधा घाममा चार्ज गरेमात्र पुग्ने । (१० घण्टा चार्ज गरे ६ घण्टा चम्किलो अनि रातभर मधुरो बल्ने)

९. इच्छुक जो कोही पनि कम्पनीमा सहभागी हुन सक्ने ।

१०. हिफाजतसाथ प्रयोग गरिएको बत्ती १५ वर्षपछि कम्पनीले नै खरिद गर्ने । (वातावरण प्रदुषित हुनबाट जोगाउँन)





'सामानलाई जतन गरौं, सभ्य जीबनशैली अपनाऔं ।'

# इसिलिम *ISILIM*

अर्धवार्षिक दुमिराई भाषिक पत्रिका

वर्ष १२ अंक १३ २०६७

जि. प्र. का. द. नं. ४५/०५६, काठमाडौं

**संरक्षक:**

क्या. श्री नैनबहादुर दुमिराई (MM)²

**प्रमुख सल्लाहकार:**

सह.प्रा. चतुरभक्त राई

**सल्लाहकार:**

भू.पू. सांसद श्री टंक दुमिराई

समाजसेवी श्री रामबहादुर दुमिराई

क्या. श्री पर्जबहादुर दुमिराई

**प्रधान सम्पादक:**

नेत्रमणि दुमिराई

**सम्पादक:**

नृप दुमिराई

प्रकाश दुमिराई

**व्यवस्थापक:**

गुणराज दुमिराई

मनिप्रसाद दुमिराई

**क्षेत्रीय प्रतिनिधी:**

सनद कुमार दुमिराई, धरान

दुर्गाबहादुर दुमिराई, बाक्सिला

राई बुक्स एण्ड स्टेशनरी, जावलाखेल

श्रेष्ठ बुक्स एण्ड स्टेशनरी, दिक्तेल

दुमि किरात राई फन्सिकिम, कार्यालय, चावहिल

शुक्रराज दुमिराई U.K.

धौलवीर दुमिराई U.S.A.

**प्रकाशक:**

दुमि किरात राई फन्सिकिम

**आवरण/लै-आउट**

तिलक (लक) खालिङ

**मुद्रण:**

राईलिंक सपोर्ट अफसेट प्रेस

गणेशस्थान, चावहिल, काठमाडौं

फोन: २००४९८७/८८, फ्याक्स: ४४६०९०६

**पत्राचार**

इसिलिम दुमि भाषिक पत्रिका

पो.ब.नं. २०२११, चावहिल, काठमाडौं, फोन/फ्याक्स : ४४६०९०६, ४४६०५२६

E-mail: info@dumikiratrai.org

www.dumikiratrai.org

मूल्य: ने.रु. ५०/- भा.रु ४०/- H.K.$ 10,
सिंगापुर/ब्रुनाई $2/-, U.K£.1/-

## विषय सूची


| शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| **खोजअनुसन्धान** | | |
| आजसम्म प्रकाशित ........ | चतुरभक्त राई | १ |
| **भेटवार्ता** | | |
| डा. राजकुमार राई | सम्पादक | २१ |
| **व्यक्तित्व परिचय** | | |
| बमबहादुर ........ | बलराम राई | २५ |
| **कला** | | |
| गीत, सङ्गीत ........ | गुणराज दुमिराई | २६ |
| **संस्मरण** | | |
| चियाबारी बीच सुरु ..... | प्रा.डा. नोवल किशोर राई | १५ |
| उहिलेको मेरो दशै | महेन्द्र दुमिराई | ३१ |
| **इतिहास** | | |
| तुराङ्ग (तिराछा)हरुको ... | हर्कमणि तुराङ्ग | ३३ |
| **भाषा** | | |
| किरातलिपी साभा | गणेश राई | ३५ |
| **लेख** | | |
| किरात राई यायोख्खा .. | शंकर साम्पाङ्ग | ३६ |
| **संस्कृति** | | |
| सङ्गीतको ताल ..... | छविलाल राई | ४३ |
| **वंशावली** | | |
| सरचु/वालक्पु | चतुरभक्त/बलराम राई | ४६ |
| **भाषा विज्ञान** | | |
| प्रसङ्ग दुमिभाषा र .. | नेत्रमणि राई | ८७ |
| मातृभाषा ... | पदम राई | ६१ |
| पुमा राई भाषाको ......... | श्रीकुमार पुमा राई | ६७ |
| **पुस्तक परिचय** | | |
| अ ग्रामर अफ दुमि | नेत्रमणि राई | ६४ |
| समचारसार | सम्पादक | १०१ |


आवरण फोटो: दुमि किरात राई फन्सिकिमले प्रकाशन गर्न लागेको शब्दकोशको नमूना

# हाम्रो अभिमत ............

..........एक दिन, एक हप्ता, एक महिना गर्दै समय बित्न कति नै लाग्दो रहेछ र ! भर्खरै मात्र जस्तो लाग्छ **'इसिलिम'** को १२ औं अङ्क प्रकाशन भएको तर यसले फेरी बाह्रै महिना पार गरिसकेछ। भनिन्छ, समय गतिशील छ, यसले कसैलाई पर्खदैन । ठ्याक्कै लागू हुन्छ इसिलिम प्रकाशनमा यो भनाई । फेरी पनि इसिलिमको १३ औं अङ्क प्रकाशन गर्न हामीलाई विगतमा जस्तै असारको पन्ध्र नै भयो । तथापी **'हिंडे पुगिन्छ'** भन्ने मान्यतामा हामी अडीग छौं, त्यसैले इसिलिमको १३ औं अङ्क प्रकाशन गर्न सफल भएका छौं ।

दुर्भाग्य भै भन्नुपर्ला हामी किराती राईहरू विभिन्न गुट र फुटबाट ग्रसित भएको अवस्थामा छौं । हामी राई होईनौ र राई नै हौ भन्ने दुईथरी विचार अहिले किरात राई समुदायमा वहसको विषय बनेको छ । एकथरी राईहरू राई शब्द जात नभई पदवी मात्र हो भन्ने अर्काथरी राई जात नै हो भन्ने । तर्कहरू आ-आफ्नै छन् र होलान् पनि । तर तर्कहरू गर्दागर्दै पनि हामी इतिहासलाई यति छिट्टै भुल्न सक्छौं र ? शासकहरूको **'फुटाउ र राज गर'** भन्ने नीति किरात समुदायमा सफलतापूर्वक कार्यान्वयन भएको इतिहास साक्षी छ । आज पनि हामी अधिकार खोज्ने, पहिचान खोज्ने नाउँमा किरात राईहरूको गौरबपूर्ण इतिहासलाई नै नामेट गर्न खोजिरहेका त छैनौं ? सवाल गम्भीर छ, हामी हाम्रो अधिकारको लागि पहिचानको लागि अग्रसर हुनैपर्छ । हाम्रो इतिहास, सँस्कृति, भाषा, धर्म, सँस्कार, लिपी आदि संरक्षणमा जागरूक हुनैपर्छ तर सावधानी अपनाउनु पनि उत्तिकै जरूरी छ । दुमि किरात राई फन्सिकिम यी र यस्ता अधिकार प्राप्तिका कुरामा, पहिचानको लडाईमा हातमा हात र काँधमा काँध मिलाई अघि वढ्न तयार छ तथापि किरात राईहरूमा गुट र फुट हुनुहुँदैन भन्नेमा पनि सजग छ ।

आज किरात राई समुदायलाई धर्मको नाममा पनि फुट ल्याउँने कार्य तिव्रताकासाथ भईरहेकोछ । किरात समुदायका राईहरू आफ्नो मौलिक धर्मलाई तिलाञ्जली दिदैं अरूको लहैलहैमा लागेर नयाँ-नयाँ धर्मप्रति दिलोज्यान दिएर लागिरहेको कटु यथार्थ हाम्रो सामु छ। किरात राईहरूमा धार्मिक विचलन प्रष्ट रूपमा देखा परेको तथ्य हाम्रो सामु छर्लङ्ग छ। हामी आफ्ना पूर्वजहरूले गरिआएको सँस्कारलाई चटक्कै विर्सेर नयाँ धर्मको नाममा हामी आफ्ना पूर्खाहरूप्रति घात गरिरहेका त छैनौं ? हाम्रा पूर्खाहरूले मानिआएको धर्म, सँस्कृति, सँस्कार, भाषा आदि कुरा केही अपवाद बाहेक कसैले सिकाएर सिकेको नभई पुस्तौ-पुस्तादेखि मानिदै आएको हो । केही सँस्कार, सँस्कृति शासकहरूले नथोपरेका होइनन् र ती कुन कुन हुन् भन्ने कुरा मोटामोटी वाहिर आईसकेको अवस्था हो ।

अहिलेको अवस्थामा किरात राईहरू गुट-फुटमा नलागि एकतावद्ध भएर अघि वढ्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। फेरी पनि हामी पुरानै गल्ति दोहोऱ्याँउदै जाने हो भने शासकहरूले किरातराईहरू एकताका नेपालमा थिए भन्ने अवस्थामा पुऱ्याउदैंन भन्न सकिन्न । तसर्थ समयमा नै बुद्धिमत्तापूर्ण सोँच र निर्णय गर्दै अघि अघि वढ्नु देखिन्छ ।

दुमिराईहरूको प्रतिक्षा र चासोको विषय बनेको **'दुमि-नेपाली-अंग्रेजी शब्दकोश'** को ८० प्रतिशत कार्य सम्पन्न भएको जानकारी पनि यही इसिलिम मार्फत गराउँन चाहन्छौं । पाँच वर्षको अवधिमा दुमिराईहरूको सघन वसोवास रहेको सप्तेश्वर, बाक्शिला, माक्पा, जालपा र खार्मी गा.वि.स.हरूका साथै अन्य स्थानहरूमा अध्ययन भ्रमण समेत गर्दै स्थानीय पूर्खा तथा अन्य श्रोतदाताहरूबाट संकलन गरिएको करिव सातहजार शब्दलाई पुस्तकको रूपमा यसै वर्ष प्रकाशन गर्न लागेकौ छ। जसका लागि सम्पूर्ण दुमिराईहरूले तन, मन र धनले साथ दिनुभएको छ र फेरी पनि दिनुहुनेछ भन्ने अपेक्षा फन्सिकिमले गरेको छ ।

जे-जसरी भए पनि इसिलिमको यो १३ अङ्क तपाईंहरूको हातमा पुऱ्याउँन सफल भएका छौं । इसिलिमलाई यो अवस्थासम्म आईपुग्न तपाई प्रवुद्ध पाठकहरूको सल्लाह, सुझाव, आलोचना र सहयोगले ठूलो भूमिका निर्वाह गरेको छ जसले इसिलिमलाई अझ स्तरीय बनाउँन मद्दत पुगेको छ । हामी यहाँहरूको प्रतिक्रियाको प्रतिक्षामा छौं । अन्त्यमा **विजयादशमी तथा शुभ दिपावलीका साथै किरात पर्व साकेला उधौली**को हार्दिक मंगलमय शुभकामनाका साथ अर्को अङ्कमा भेट्ने वाचा गर्दछौं ।

# आजसम्म प्रकाशित सम्पूर्ण दुमी पाछाका वंशावलीहरुको एक समिक्षा अध्ययन

## १. परिचय :

वंशावलीको अर्थ मानव पुस्ता-पुस्ताको क्रमिक विवरण हो जसमा आदिदेखि अद्यावदिक रूपमा सिलसिलेवार ढङ्गले मिलाएर राखिन्छ जुन इतिहास निर्माणको एउटा आधार समेत मान्न सकिन्छ। यसमा व्यक्तिले गरेको कामको विवरण भन्दा पनि मानवको क्रमिक वंश प्रारम्भदेखि वर्तमान अवस्थासम्म कसरी विकसित हुदैं आएको छ भन्ने विवरणको एउटा क्रमिक बृतश्रृङखला पद्धतिमा आधारित दस्तावेज नै वंशावली हो भनी बुझ्नु पर्दछ। नेपाली वृहत शब्दकोशले यसलाई कुनै वंशमा जन्मेका मानिसहरुको मुल-पुरूषदेखि वर्तमानकालसम्म शाखासन्तानको क्रमानुसार बनाइएको नामको तालिका वंशको वृतान्त भनी अर्थ्याइएको पाइन्छ। वंशावलीलाई पुरूषसहरुको क्रमिक नामको सिलसिलेवार मात्र भनियो भने त्यो गलत हुन जाने हुनाले अव महिलाहरु तथा तेस्रो लिङ्गीहरुको नाम पनि जोडिनु पर्ने मागहरु समेत उठ्न थालेको प्रसङ्ग समयको क्रमले ल्याइसकेको पाइन्छ।

यसै सिलसिलामा दुमी भाषी समुदायभित्र २१ पाछाहरुको वंशावली खोज्ने र क्रमिक रूपमा इसिलिममा प्रकाशन गर्ने कार्य २०५६ सालदेखि अहिलेसम्म दुइवटा इसिलिम अंकहरु बाहेक सबै अंकहरुमा चल्यो। अन्य एकदुई पाछाहरु भिन्न रूपमा देखिए पनि त्यो नामको भिन्नता मात्र हो भन्ने लाग्छ। ती नामहरु सेर्चुखसे भन्ने ओखलढुङ्गामा र खर्ससु भन्ने सोलुको काँकुतिर रहेको बोध भएको छ। तर यो नाम सरचु र खारूबुबाट अपभ्रंश भई त्यस्तो बन्न गएको हो भन्ने मेरो ठम्याई रहेको छ। होइन भने भोली प्रमाणित भइ आएमा त्यसलाई स्वीकार नगर्ने भन्ने कुरै भएन। आजसम्मको इसिलिम प्रकाशनले एक्काइसै पाछाको वंशावली प्रकाशनमा ल्याउन ठूलो प्रयास गरेको छ। त्यसबारे स्रोत जुटाउने तपाई दुमीबन्धुहरु, प्रकाशन कार्यमा रातदिन खट्ने सम्पादक मण्डल र वंशावली प्रस्तोताहरुको साझा बल र मेहनतको फलको कारणले मात्र हो भन्ने बुझ्न जरूरी छ। तसर्थ उक्त वंशावली प्रकाशनमा के कति र कसरी कामहरु भए, यसका सबल र दुर्बल पक्षहरु के के रहे भन्ने विषय र आगामी दिनमा के कसरी एकमुष्ट पुस्तकाकारको रूपमा दुमीको वंशावली प्रकाशन गर्न सकिन्छ भन्ने उद्देश्यले यो लेख तयार गरिएको हो।



चतुरभक्त राई
सह-प्राध्यापक
पाटन संयुक्त क्याम्पस

## २. वंशावली लेख्ने लेखाउने चलनको शुरुआत

पवित्र बाइबलमा यशुखिष्टको ४१ पुस्ताको वंशावली उल्लेख गरिएको पाइन्छ। नेपालमा वंशावली लेख्ने र लेखाउने चलन केबल राजा महाराजाहरुले मात्र गरेको पाइन्छ। उनिहरुको काम र सेवालाई प्रष्ट्याउने र स्तुतीगान गर्ने आदिको रूपमा वंशावलीहरु लेखिएका छन् तर त्यो पनि सिमित मात्रमा रहेको छ। नेपालको इतिहासमा गोपालराज वंशदेखि शाहकालसम्म नै राजा महाराजाहरुको वंशावलीहरु पाइन्छन्। विदेशी तथा स्वदेशी विद्वानहरुले समेत उनीहरुको इतिहास र वंशावलीलाई प्रष्ट्याउने प्रयत्न गरेको पाइन्छ। कर्कप्याट्रिकले ३३ र डेनियल राइटले ३१ किरात राजाहरुको नाम उल्लेख गरेका छन् भने गोपालराज वंशावलीमा ३२ औं किराती राजा खिगु भनिएको छ। तर यी उल्लेखित राजाहरुको नामले मात्र वंशावलीलाई जनाउँदैन तथापि

यो वंशावलीको एउटा संक्षिप्त आधार भने पक्कै हो। पछिल्लो पुस्ताका नेपाली इतिहासकारहरु बाबुराम आचार्य, ढुण्डीराज भण्डारी आदिले यही पूर्व अध्ययनलाई साभार गेरेको देखिन्छ। यसरी कुनै सयममा राजा महाराजाहरुको वंशावलीहरु पाइएपनि जनताको तहमा वंशावली लेखाई प्रकाशनगर्ने काममा लागेको उदाहरणहरु प्राय देखिदैन। यदि थियो भने पनि त्यो अनौपचारिक र अप्रकाशित मात्र थियो।

किरात राईहरुमा त वंशावली लेख्ने लेखाउने चलन यथेष्ट हुने कुरै भएन। किरातको मुदुम थुतुरीवेद हो लेख्नु लेखाउनु हुदैन अरूले थाहा पाए हामीमाथि जाइलाग्छन् भन्ने विश्वासले पनि लिखित दस्तावेजको रूपमा उतार्ने प्रयत्न नगरेको अनुमान गर्न सकिन्छ। यो शासकीय तहबाट गरिएको हस्तक्षेपको परकाष्ठा थियो भन्दा अत्युक्ति नहोला। किनकी किरात मुदुममा गाइ गोरूको मासु पितृमा चढाउनु पर्ने उल्लेख छ। गाईकाट्न नहुने हिन्दु व्यवस्थाले कतिपय किरातहरुले गाईको मासुको मुदुम वाचन मात्रै गरे तर चढाउन चाहीं भैसी र सुगुरको मासु चढाउने संस्कार बसाले र त्यो चलन अद्यावदिक रूपमा छदैछ। पृथ्वीनारायण शाहको एकिकरण पछि कतिपय किरातहरु भागेर भारत मधुवनीतिर पस्नुपर्ने वाध्यता तेर्सिएको अवस्थामा आफ्नो वंशावली लेखेर लेखाएर चिनाउँदै अन्त्यमा ज्यान गुमाउनु कसैको हितमा नभएकाले किरातहरुले वंशावली लेख्ने लेखाउने काम नगरेको हुन सक्छ। अर्कोतिर लेखन पद्धतिको विकास नभएको कारणले पनि मौखिक रूपमा वंशावली भन्दै आए। किरातीहरुले १८७२ तिर लेखेको भैंसे वही, बिबाहको ठेक बही आदि गाउँघरमा प्रशस्त पाउन सकिन्छ। जब सातसालको क्रान्तिको वातावरण तयार हुदै आयो। यत्तिखेर केही सचेत किरातीहरुले अप्रकाशित रूपमा वंशावलीहरु लेख्न लेखाउन थालेका थिए। तर त्यो अत्यन्त सिमित थियो र पछिल्लो पुस्ताले त्यसलाई बचाएर राख्न पनि सकेनन्। कत्तिले वंशावलीको कागजलाई भुलो बनाएर चकमक पारी सुर्ति सल्काएको दुःखद घट्नाहरु पनि वंशावली खोजीगर्ने क्रममा जानकारी पाइयो। उत्तिखेर पढ्ने लेख्ने व्यक्तिहरुको अभाव भएको हुनाले पनि धेरै किरातीहरुले चाहेर पनि वंशावली लेख्न लेखाउन सकेनन्। यही थियो किराती राईहरुको वंशावलीगत हालत।

अन्य जातिहरुको वंशावलीमा पोखेल, निरौला बाहुन, लामीछाने बाहुन, दाहाल बाहुन, निरोला क्षेत्री, वस्नेत आदिको वंशावली केही समय अगाडि नै प्रकाशित भइसकेको बुझिएको छ।

यसक्रममा शास्त्री भीम प्रसाद निरोलाद्वारा लिखित तथा प्रकाशित **निरौला वंशलता** सर्वप्रथम २०४५ सालमा प्रकाशन भएको हो। यसमा निरौलाहरुलाई व्रह्माजीको सन्तान भनिएको छ। निरौला वंशको शुरूआत गडवालबाट डोटी आउने भट्टले निरौली सेरा गडाली नामका विर्ता भोग गरेपछि निरौला भएको र ति व्यक्ति अर्जुनभट्ट थिए भनिएको छ (पृष्ठ भूमिकामा)। यहाँ त्यो वंशावलीको समिक्षा गर्न खोजिएको नभई केबल यत्ति मात्र भन्न खोजिएको हो कि तागाधारीहरु आफ्नो इतिहासप्रति अत्यन्त सचेत रहेका छन्। तर किरातीहरुले अझै आफ्नो पुर्खाहरु को को हो भनेर प्रष्ट रूपमा छुट्याउन खुट्याउन सकेका छैनन्। संसारमा अर्काको लागि गोली थापेर भि.सी. पाएर मात्र के काम, विदेशमा जर्नेल भएरपो के काम, पढेलेखेरपो के काम, स्वदेशमा आफ्नो जातिको उत्थानको लागि कौडीभरको काम गरेका छैनन् भनेर कसैले हियायो भन्यो भने त्यसलाई आश्चर्य मान्नु नपर्ने भैसकेको छ।

**३. दुमीहरूको कुन कुन पाछ्राहरूमा पुरानो लेखोट वंशावली रहेको छ ?**

दुमीका केही सचेत र इमानदार पुर्खाहरुले आफ्ना इतिहासलाई अक्षुण्ण राख्न वंशावली लेखेर राख्ने गरेको केही उदाहरणहरु पाइन्छन्। यस सम्बन्धमा निम्न व्यक्तिहरुमा आ-आफ्नो पाछाको पुरानो वंशावली रहेको पाइएको छ -

१. बाक्सिला अंखामा श्रीबहादुर रंकासु राईको साथमा मिति उल्लेख नगरिएको रंकासुको छङछहाङदेखिको रत्कु, हदी र रंकासुसम्मको जम्मा १३ पुस्ताको पुरानो लिखित वंशावली पाइन्छ ।

२. साक्सिला बिरमनी हदीराईको घरमा पनि त्यही प्रकारको १२/१३ पुस्ताकै वंशावली स्वर्गीय श्री सबतलाल राईले संकलन गरेर राखेको पाइन्छ ।

३. सप्तेश्वर खोक्पादेल सिमलडाँडाका मानबहादुर हदी राईको घरमा दलीमान हदी राईले लगभग ६० वर्ष अघि लेखीराखेको फरबुदेखि भक्तवीर, भोटुमान दलिमनसम्मको १०।११ पुस्ताको वंशावली पाइन्छ ।

४. सप्तेश्वर कोत्रुमा स्वर्गीय रबिलाल लुप्पोले करिब ५० वर्ष अघि लेखेर राखेको लुप्पोको २५ पुस्ताको वंशावली पाइन्छ । यसमा पहिलो पुर्खाको नाम लाछुमन र अन्तिमपुर्खा सिद्धवीरको नाम उल्लेख रहेको छ । यो वंशावली हाल उनकै भतिजा सिद्धिबहादुर राईको घरमा रहेको छ ।

५. बाक्सिला दशकतेमा मधुराज राईको घरमा पाइएको करिब सम्वत १८७० भन्दा अगाडि नै लेखिएको लुप्पोको १५ पुस्ता र रत्कु हदी र रंकासुतर्फ तोदिप्पुदेखि मुनी १३ पुस्ताको लिखित वंशावली पाइन्छ । यो वंशावली हाल दुकिराफको जिम्मामा रहेको छ ।

६. माक्पामा प्रतिमान खारूबुले सम्बत १९७६ साल बैशाख ५ गते उतार गरेको खारूबुको वंशावलीमा उनका बाजे जितीजोर र निजका छोरा टिकासिंह भनी उल्लेख गर्दै विभिन्न वंशहरुको पुस्तावली उतारिएको छ । उक्त वंशावली छुकागाउँमा रहेको छ ।

७. बाक्सिलाको साक्सिलावासी स्वर्गीय इच्छा बहादुर राईको घरमा गाइने छेन्ताङगेको संक्षिप्त वंशावली पाइन्छ ।

८. बाक्सिला चोखुममा जुक्तबहादुर दिम्मचु राईको पासमा करिब ६५ वर्ष पहिले करवीर दिम्मचु राईले खार्मीवासी बुसुरू युयुमातर्फ चारैपाछाको वंशावली लेखेर दरसन्तानलाई छोडेको पाइएको छ ।

९. १८७२ मा भगिवन्त सखिवन्तको सिद्धिकर्ण पाध्यैसं बाक्सिला विर्ताका विषयमा उठेको मुद्दा खेप्न किरात राईहरुमा उठाएको खर्चको बहिमा विबिध किरात राईहरुको नाम उल्लेख रहेको छ ।

उपरोक्त कागजातहरुको फेहरिस्त प्रकाशित वंशावलीमा आइसकेको छ । यस्ता कागजहरु अझै कतिपय पाउन सकिन्छ र यी दस्तावेजहरु दुमी राईहरुको अत्यन्त महत्वपूर्ण पुर्ख्यौली सम्पत्ति भएको हुनाले अहिले ज–जसको पासमा रहेको छ संरक्षण गरेर राख्न हुन र चाहिएको बखत फन्सिकिमलाई उपलब्ध गराउन हुन पनि अनुरोध गरिन्छ ।

**४. दुमी वंशावली संकलन, लेखन र प्रस्तुतिको पद्धति :**

प्रत्यक्ष रूपमा स्थानीय क्षेत्रहरुमा नै भ्रमणगरी पाछागत रूपमा सोधखोजगरी भएसम्मका कथा, किंबदन्ती हरेक पाछाको प्राप्त भएसम्मको तिघाम, छिदाम र छमदममा लगाएको नुङ्कु, र वंशावलीहरु टिपनगरी प्रकाशन गरिएको छ । गाइने छेन्ताङ्गेको नेपाल दरबारमा चिन्ता खापकोर, तोदिप्पु-तोदिप्मुको कथा, चिनागढी, केपिलासगढीका अन्तिम शासक निगुहाङ र रोकोवासीको पृथ्वीनारायण शाहको फौजसंगको युद्धका घट्ना, बुसुरू-युयुमा पाछाका पुर्खाहरु बाघहुने हुने किंवदन्ती, डिबुपेलको किंबदन्ती, छाचुङको रातुङ, दाम्चो र चिम्चोसहित सामेर भीरको किंबदन्ती, खार्मीले राईहरुको उत्पत्तिका कथा, माखिपा तथा गान्पा, रतेपाको किंबदन्ती, खबङ्गे खरदेलको किंबदन्ती, कुमदेल, तुर्खा पोखरीको निर्माण र विनाशको किंबदन्ती, माखिपाबाट संखुवासभा पुग्ने भुरौ हलक्सुको किंबदन्ती, चप्लेटीबाट रबी पुगेका डम्बरसिंह, झगरसिंह र रबिकर्णको किंबदन्ती, रिप्लचुसंग सम्बन्धित रिपवात्ता को किंबदन्ती, राइचु र रूखको टोढकामा रहने लेलेदुमको छोरा राइचुको किंबदन्ती, तोदिप्पु र उजाधनको किंबदन्ती, बेलेरूको किंबदन्ती आदिलाई पनि वंशावली निर्माणको आधार बनाइएको छ ।

दुमीहरु बसेको गा.बि.स.हरु- माक्पा, सप्तेश्वर, बाक्सिला, जालपा, खार्मी, दिक्तेल, नेर्पा, सोल्मा, फेदी,

खार्ताम्छा र त्यसका वार्ड तथा गाउँटोलहरु लगायत पूर्वमा रबी, झापा, मोरङसम्म भ्रमणगरी प्राप्त भएका वंशावलीगत आँकडाहरुको आधारमा सम्पूर्ण वंशावलीहरु तयार गरिएको छ । केही वंशावलीका प्रतिहरु संखुवासभाबाट गुणराज राई तथा इलाम च्याङथापुबाट गायक जितेन राईबाट प्राप्त प्रतिहरुलाई पनि यहाको बंशसंग जोड्ने काम भएको छ ।

अहिलेसम्म प्रस्तुत वंशावलीमा शिर्षस्थ रूट पुर्खा खम्बुहाङलाई मानी त्यसभन्दा तल पाछाको विकास भएको अवस्थासम्मलाई क्रमानुसार अंक र पुन : पाछालाई एक अंक मानेर बर्तमान पुस्तासम्म क्रमिकताअनुसार अंक दिदै लगिएको छ । यसबाट साहिनु केलाउन सजिलो हुनको अतिरिक्त कति पुस्तासम्म अगाडि छन् भन्ने कुरा पनि थाहा पाउन सकिन्छ ।

यसरी दिइएको अङ्कले बरावरी अंक भएमा दाज्युभाई एक अंक कम हुने काका, दुइअंक कम हुने बाजे हुने प्रकारले अंक दिइएको छ । वंशावलीको अन्तिम एकमुष्ठ प्रकाशन बाँकी नै रहेकाले अहिले दिइएको अङ्क पछि फरक पर्न पनि सक्छ ।

त्यसैगरी वंशावलीमा जेठा भए जे माहिलो भए मा, काहिलो भए काई, आदि संक्षिप्त अक्षरहरुले जनाउने गरिएको छ । कतिपय बहुविवाह गर्नेहरुको सन्तानको हकमा जेठीपट्टिको भए जेठा भए जे जे, माहिलो भए जे मा, माहिलीपट्टिको जेठा भए मा जे, साहिली पट्टिको जेठा भए सा जे, कान्छी पट्टिको भए का जे एवंक्रमले पारिवरिक स्तरलाई छुट्याइएको छ ।

वंशावली प्रकाशन गर्दै गर्दा पछिल्लो समयमा स्त्रीहरुको नाम राखिनुपर्ने माग महिला आमा दिदी बहिनीहरुबाट आउन थालेपछि पछिल्लो केही वंशावलीहरुमा उनीहरुको नाम पनि राख्न थालिएको छ । यदि कसैको घरमा बोलाउने नाम दुइटा भए विशेषत घरायशी नाम बढी प्रचलनमा आएको हुन्छ । तर कार्यालय तथा न्यायालयमा नागरिकताको नाम चल्ने हुँदा वंशावलीमा दुबै नाम राख्ने कोशिष गरिएको छ । यसले अहिले महत्व नराखे तापनि कालन्तरमा कथंकदाचित वंश विभाजन भई जानकारीविहिन अवस्थामा रहन परेको भएमा यस्ता कुनै न कुनै नामले वंश चिन्न सजिलो होस भन्ने आशयले यसो गरिएको हो । त्यस्तै पुरूषको नामको साथमा स्त्रीको नाम भएमा श्रीमति हो भन्ने बुझ्न अनुरोध छ । दिदी बहिनी हो भने छुट्टै तिरदिएर अंङ्कले स्तर निर्धारण गरिएको छ ।

## ५. किरात राईहरूको विभिन्न थरहरूमा क कसको वंशावली लेखियो ?

किरात राईहरुमा नाछिरिङ, कुलुङ, साम्पाङको वंशावली लेखिसकेको पाइन्छ । बान्तावामा रूछेनबुङ, रूङ्माहाङ मुकारूङ, चामलुङको याल्दुङ्छा, दिखुलिपाको प्रकाशन भैसकेको छ भने यतिम्छाको बन्दैछ । कोयुको भोजपुरतर्फ रहने वंशको प्रकाशन भईसकेको छ भने सुङ्देलतर्फको बन्दै गरेको बुझिन्छ । दुमीहरुको एउटा मस्यौदाको रूपमा अध्ययनको निमित्त २१ पाछाको वंशावली दुमी किरात राई फन्सिकिमले इसिलिम मार्फत यसैपटक अन्तिम प्रकाशन गरेको छ । अत धैरै थरीका र धैरै पाछाका राईहरुको वंशावली प्रकाशन भएकै छैन । वंशावली प्रकाशनवारे पाछागत रूपमा सोधखोज गर्दा हुँदा वंशावली बन्ने क्रममा रहेको, त्यस्तो सोच रहेको, समितिले काम नगरेको, प्रकाशन हुन लागेको जस्ता जानकारीहरु पाइएका छन् । यस हिसाबले किराती राईहरुमा एकप्रतिशत पनि वंशावली प्रकाशन भएको छैन । यो बढो दुःखको कुरा भएको छ । वंशावली जस्तो कुरा अद्यावदी नबनाए पुर्खाहरु मासिदै सकिदै जाने भएकाले त्यो सुन्य अवस्थामा वंशावली बनाउन कठिन हुन्छ । पुर्खा ढलेपछि चिहान बोल्दैन । त्यत्तिखेर चाहेर पनि विश्वसनीय वंशावली बनाउन सकिदैन । ढिला भएमा यसले ठूलो घाटा पुऱ्याउने स्पष्ट छ ।

## ६. दुमीको वंशावली संकलन तथा लेखनगर्ने वातावरणको निर्माण :

सगठन र संसारलाई विस्तारै दुमीहरुले बुझ्न थालेपछि संगठनको महसुस गरी दुमी किरात राई

फन्सिकिमको अनौपचारिक स्थापना २०५० साल बैसाख २३ गते बाक्सिला बजारमा गरियो । यसपछि संस्थाको कार्यलाई अगाडि बढाउने सिलसिलामा वंशावलीको खोजको कार्यलाई अगाडि बढाइयो । २०५५ सालमा अझ संस्थालाई विधानगत खोटाङ जि.प्र.का.मा दर्ता गरेपछि संगठन दरिलो हुने विश्वास गरियो । किरायाको स्थापनाले किरात राई जातिमा एउटा नव जागरण ल्याइसकेको थियो । तत्कालिन राष्ट्रिय जनमुक्ति पार्टीले जातीको विषयमा निकै वकालत गर्दैरह्यो तर जनताले यथेष्ठ साथ नदिएको कारण पछि अत्यन्त कमजोर पनि सावित भयो । कामगर्ने जनशक्तिको अभाव, संगठनप्रतिको अनुशासनको अभाव इत्यादि कारणले दुमी किरात राई फन्सिकिमले (दुकिराफ) पनि उद्देश्य अनुसार काम गर्न सकेन तथापि संगठन विस्तार, दुमी भाषाको शब्द संकलन र वंशावलीको टिपन गर्ने पूर्वकार्यलाई अलि अगाडि बढाउँदै लगियो । अहिले दुमीको शब्दकोश प्रकाशन हुने निकटमै पुगेको छ भने दुमीका सबै पाछाको वंशावलीको प्रारम्भिक प्रकाशन दुमीको मुखपत्र इसिलिममा भइसकेको जानकारी दिन चाहन्छु ।

**७. दुमीहरूको अहिलेसम्मको वंशावली प्रकाशन :**

वंशावली संकलन गरेर मात्र पूर्णता आउने पक्कै थिएन । तसर्थ प्रकाशनको लागि दुकिराफले २०५६ सालमा एकछुट्टै अर्धवार्षिक पत्रिका **"इसिलिम"** प्रकाशन गर्न जि प्र का द नं ४५।०५६ काठमाडौंमा दर्ता गरी यही पत्रिका मार्फत अहिले दुकिराफले सम्पन्न गर्ने क्रियाकलापहरु प्रकाशन गर्दै आएको छ । यसक्रममा हालसम्म १३ औं अंक इसिलिम प्रकाशन भइसकेको छ । त्यसमध्ये ११ वटामा दुमीहरुको पाछागत वंशावली प्रकाशन गरिएको विवरण देहाय अनुसार जानकारी पाउन सकिन्छ -

१. इसिलिम वर्ष १ अंक १, २०५६ मा समस्त दुमीजनको ११ पुस्ताको **रुट** वंशावलीलाई प्रस्तुत गरिएको ।
२. इसिलिम वर्ष २ अंक २ मा २०५६ मा कुनै वंशावली नआएको ।
३. इसिलिम वर्ष २ अंक ३ २०५७ मा **रंकासु** पाछाको वंशावली प्रकाशनमा रंकासुलाई १ मानी १९ पुस्ताको वंशावली प्रकाशन गरिएको । यसबाहेक खार्मीले दुमी राईको उत्पत्तिको इतिहास तेजराज राईबाट प्रस्तुत भएको ।
४. इसिलिम वर्ष ३ अंक ४, २०५८ को चौथो प्रकाशन, **रत्कु, हदी, सत्म, मुरह र हलक्सु** पाछाहरुको वंशावली प्रकाशन भएको । यसमा पनि माथिकै ढाँचामा रत्कुको १२, हदीको २०, सत्मको १३ र हलक्सुको १५ पुस्ताको वंशावली प्रकाशित भएको ।
५. इसिलिम वर्ष ४ अंक ५, २०५९ मा **वालक्पा** (डिक्पा दिखामा) पाछाको १३ पुस्ते वंशावली प्रकाशन भएको ।
६. इसिलिम वर्ष ५, अंक ६, २०६० मा **लुप्पो** पाछाको २५ पुस्ते वंशावली प्रकाशन भएको
७. इसिलिम वर्ष ६, अंक ७, २०६१ मा **दिम्मचुको** १८, **खारुबु** १४ र **खबचुको** १२ पुस्ताको वंशावली प्रकाशन भएको । र, खबचुको प्रस्तोता रामबहादुर खबचु राई रहेको ।
८. इसिलिम वर्ष ७, अंक ८, २०६२ मा **छाचुङ्** पाछाको १० पुस्ताको वंशावली प्रकाशन भएको ।
९. इसिलिम वर्ष ८, अंक ९, २०६३ मा **रिप्लचु** पाछाको २३ पुस्ताको वंशावली प्रकाशन भएको
१०. इसिलिम वर्ष ९, अंक १० मा कुनै वंशावली प्रकाशन नभएको
११. इसिलिम वर्ष, १० अंक ११ मा **हम्रुचुको १४ र हरसी** को **१२** पुस्ताको वंशावली प्रकाशन भएको
१२ इसिलिम वर्ष ११ अंक १२ मा **तुरचु १४, राइचुको १३, हजुरको १३ र जिपु** को ९पुस्ताको वंशावली प्रकाशन
१३ इसिलिम वर्ष १२ अंक १३ मा **सरचु** को २२ पुस्ता र **वालक्पु** (बुसुरू युयुमा) को ११ पुस्ताको वंशावली प्रकाशन भएको ।

**८. वंशावली संकलन गरिएको विभिन्न समय, स्थान र स्रोतदाताहरू**

दुमीहरुको वंशावली संकलन गर्दा २०४३ तिरैबाट सत्मपाछाबाट शुरू गरिएको हो। २०५५ सालसम्म हदी रंकासुको वंशावली संकलन भईसकेको भएपनि प्रकाशनको कार्य २०५६ देखि मात्र शुरूभयो। समग्रममा दुमी पाछाहरुको वंशावली संकलनको अवधि र श्रोतदाता र संकलकहरुको संक्षिप्त विवरण यसमा प्रस्तुत गरिएको छ।

**८. १. दुमीको उत्पत्ति सम्बन्धी रुट वंशावली**

कुनै न कुनै इतिहास तथा कारणबाट किरात राईहरुको थरी निर्माण हुनेहुँदा यसको उत्पत्ति सम्बन्धी वंशावली पहीलाउने प्रयास स्वरूप दुमीको उत्पत्ति र त्यसका संलग्न पाछा तथा सामेहरुको अध्ययनको कार्यलाई अगाडि बढाउँदा सर्वप्रथम सप्तेश्वर चिउरीखर्कवासी तायामी धनरूप सत्म राईसंग २०५१ सालतिरबाट नै छलफल चलाउन शुरू भईसकेको थियो। आफूले बारम्बार यही कुरा दोहोऱ्याएर सोद्धा **"आङुलाई पहिले नै भनेको थिएनी त त्यही हो"** भन्नु हुन्थ्यो। त्यसपछि कृष्णचामलिङद्वारा लिखित खम्बुहाङ बुलेटिनमा उल्लेख भएको खम्बुहाङ वंशावलीलाई आधार मानियो। दुमीको पाछाहरुको गन्तीगर्दा धनरूप राईले मात्र २१ पाछा पुऱ्याउँथे होइन नत्र अरूबाट भने बढीमा १० भन्दा पर पुग्न सक्ने अवस्था थिएन। धेरै पुर्खाहरुलाई दुमीको कति पाछा छन भनी प्रश्न गर्दा यत्ति हो भनी भन्नसक्ने कुनै ठेगान नै थिएन। त्यो ठेगान स्वर्गीय धनरूप राईबाट लागेको थियो।

८. २. **रंङ्कासु** (रांषासु) -

२०५० तिरबाट नै रत्कु, हदी र रंकासुको वंशावली टिपन गर्न प्रारम्भ गरिएको थियो। यस पाछाको वंशावली संकलनगर्दा निम्न रंकासु राईरु- **मौलिधन राई** बाक्सिला बजार, **श्रीबहादुर राई, दीर्घबहादुर राई,** अंखा, **सन्तवीर राई** बाक्सिला डाँडागाउँ, श्री **जहानसरी राई** गौरूङटोल, **बन्दुसिंह राई, हजारमनी राई** दाम्थला, **सिङ्गबहादुर राई र सिरमति रांई** पाँचथर रबी, **सन्तबहादुर राई** बाक्सिला गैरीगाउँ, **चित्रबहादुर राई** सिम्पानीसंग छलफल गरिएको थियो। **पदम राई**ले वंशावली संकलकको भूमिका निर्वाह गरेका हुन्।

८.३. **रत्कु -**

रत्कुको वंशावली निर्माणगर्दा निम्न रत्कु राईहरुसंग छलफल गरियो - **नरबहादुर रत्कु** बाक्सिला डाँडागाउ, **नरबहादुर, सन्तबहादुर, चन्द्रबहादुर** रत्कु बाक्सिला हायापु, **बिर्खबहादुर रत्कु** बरमेधारा, **सखरमनी र मौलबहादुर** बिजुवा खालिङ दशकते, **पदमबहादुर सत्म, रत्नबहादुर र भुवानसिं सत्म** चिउरीखर्क, **राजबहादुर रत्कु** पाँचथर रबी, **हस्तमान रत्कु** माक्पालीडाँडा आदिलाई स्रोतदाता मानिएको छ। **हर्कधन राई**ले वंशावली संकलनको भूमिका निर्वाह गरेका हुन्।

८.४. **हदी -**

हदीको वंशावली निर्माण गर्दा **रणबहादुर हदी राई** खोक्पादेल, **अम्बरबहादुर, टिकाबिर, टिकामनी र दानबहादुर** हदी बाक्सिला हालकुम, **जसबहादुर, मकरबहादुर, विरमनी हदी** बाक्सिला दशकते, **मनबहादुर हदी** खोक्पादेल सिमलडाँडा, **अष्टबहादुर हदी** पोक्लु, **सोस्तमान हदी** सप्ल, **मनबहादुर हदी** थानागाउँ, अशोक हदी ओलने पाँचथर, **तित्रबहादुर, कुविरधन** गैरीगाउ, **तेजबहादुर सत्म** डुङडुङ आदि वंशावलीका स्रोतदाता रहेका छन्।

**८. ५. मुरह -**

चचक्सुको छोरा मुरह, रूत्म र सत्म हुन। सत्मको वंशज कहाँ छन् भन्ने वारेमा कुनै खोजखबर छैन। मुरहहरु हाल बाक्सिला हालकुम, दार्जिलिङ र बर्मासम्म रहेको बुझिएको छ। मुरहको वंशावली खोजको कार्य २०५० सालबाट भएको हो। अन्तर्राष्ट्रिय भाषा विशेषज्ञ जर्ज भान्द्रिजसंग उहाको सामिप्यता बढ्नको साथसाथमा मुरहको वंशावली बताउने कार्यमा कार्यमा सबभन्दा जेष्ठ व्यक्तित्व हालकुम निवासी तायामी **लप्टन भीमलसिंह मुरह राई**को पहिलो भूमिका रहेको छ। यसपछि

नक्शो कुविमी तथा सेलेमी समेत रहेका **टेकबहादुर मुरह** तथा वंशको चासोगर्ने सर्बजीत मुरह हालकुम समेतको छलफलबाट यो वंशावली निर्माण गरिएको हो ।

५.६. **सत्म -**

सत्मको वंशावली निर्माण गर्दा सर्वप्रथम **धनरुप सत्म राई** चिउरीखर्क, **रहरमान र रामप्रसाद राई** बाक्सिला अंखा, **रामबहादुर सत्म डुङडुङ, सिङ्गलभक्त सत्म** चप्लेटी, टेकमनी, **सनबहादुर अकबर र प्रशनजङ** सत्म दारेगौडा, **जगतबहादुर र अमृतबहादुर सत्म** सप्ल, नक्शो **दिलबहादुर र चन्द्रबहादुर सत्म** खोक्पादेल, **बर्जबहादुर, लङ्कबहादुर र टिकाबहादुर सत्म** यार्दु, **प्रेमबहादुर सत्म** हाँचेका, **दिलमान, गजेन्द र प्रेम राई** पाँचथर रबी, **दिपेश सत्म** लड्खु आदि स्रोतदाताको रूपमा रहेका छन ।

८ ७. **हलक्सुको वंशावली -**

हलक्सुको वंशावली २०५२ मा नै संकलन गर्ने कार्य समाप्त भैसकेको भएता पनि २०५८ मा मात्र प्रकाशन गर्न सकियो । वंशावली संकलनमा विशेष रावाखोलापारीपट्टिबाट तायामीहरु **लाखधन र मुगाधन** हलक्सु नोरङ, **विर्खध्वज हलक्सु, डिल्लीमान हलक्सु** लेवा, **दीर्घसिंह हलक्सु** लुम्दु, **डिल्लीमान हलक्सु** माक्पा स्रोतदाताको रूपमा रहनु भएको थियो भने माक्पाबाट बसाईसरी बाक्सिला आउने माक्पालीडाडेहरुमा तायामी **रत्नबहादुर र जीतबहादुर हलक्सु**बाट वंशावली टिपिएको हो । वंशावलीको रफ मस्यौदाको रूपमा **खगेन्द्र हलक्सु** लेवा र **भीम हलक्सु**बाट पनि बेलाबेलामा साथ सहयोग प्राप्त भई अझ २०५७ मा बाक्सिलामा सम्पन्न भएको दुकिराफको केन्द्रीय भेलाबाट वंशावलीलाई निचोडमा ल्याउने काम भएको हो ।

८. ८. **वालक्पा** ( दिक्पा दिखामा) -

वालक्पा पाछाको वंशावली निर्माणगर्ने क्रम २०५२ सालबाट शुरू भएको हो । २०५४ सालका वालक्पाको वंशावली संकलन गर्न बिजया दशमीको तेस्रो दिन बाक्सिलाबाट माक्पा बेव्ला गइयो साथी **पदम रंकासु**का साथ । मध्येदशैं धमाधम थियो बेव्लामा **श्रीझमक र बकसमनी वालक्पा**, माक्पाका ८० वर्षीय नक्शो **लंकजीत वालक्पा, छत्रबहादुर** (फूलचिरी) र लेवामा **देउराज वलक्पा**संग दुईदिनसम्म बसेर पुस्तावली टिप्दै गइयो र एउटा खाकासम्म तयार गरियो । माक्पाबाट बसाई सरेका भुरौ जो संखुवासभामा बालागुरू षडानन्द अरूणमा डुङ्गामा तर्दा भुरौ पातको डुङ्गा बनाई तर्थे भन्ने किंवदन्ती रहेको छ उनको वंशावली उनकै वंशज **गुणराज वालक्पा राईसंग** लिई वंशजोड्ने काम भयो । छिटपुट र साइनोलाई अझ स्पष्ट बनाउने काम इन्सपेक्टर **धौलविर राई** (हाल अमेरिका), *जयराम वलक्पा, मकरध्वज वलक्पा*संग छलफल चलाईयो भने प्रारम्भिक वंशावली **श्रीझमक वलक्पा**कै सुपुत्री **बालकुमारी वलक्पा**बाट संकलन भएको थियो ।

८.९. **दिम्मचु**

दिम्मचुको वंशावली संकलन गर्ने कार्य २०५१ सालबाट शुरू भएको हो। लगभग ५० वर्षअघि नै दिम्मचुको वंशावली लिखत गर्ने (अप्रकाशित) पहिलो व्यक्ति खार्मीवासी स्वर्गीय **करवीर दिम्मचु** हुन । यसपछि दिम्मचुको वंशावली संकलन गर्ने कार्य प्रारम्भमा **तेजराज दिम्मचु** राई खार्मी तुर्खा र त्यसपछि **धनकुमार दिम्मचु** चोखुमबाट भएको हो । यसैगरी **पञ्चबहादुर दिम्मचु** धरान, **जुक्तबहादुर दिम्मचु** चोखुम, **गञ्जबहादुर दिम्मचु, कृष्णबहादुर दिम्मचु र शङ्खधन सरचु** रूदालुङ, **महाजित दिम्मचु र इन्द्रकुमार दिम्मचु** खार्मी हाङ्गे, **आलेखबहादुर थुलुङ** खार्मी, **धनरुप सत्म राई** चिउरीखर्कसंग गहिरो छलफल भएको थियो । वंशावलीलाई अझ पूर्ण बनाउन २०६० साल माघ २७ गते खार्मी, तुर्खा, हाङ्गे, चोखुम र रूदालुङका दिम्मचु वंशीहरुलाई चोखुममा भेला गराई व्यापक छलफगरी दिम्मचुको वंशावली निर्माण गरिएको हो ।

८.१०. **खारुबु-**

**खारुबुको** वंशावली संकलन र निर्माण गर्ने कार्य वालक्पा, हलक्सु र हजुरसंगसंगै भएको हो । १९७६ मा प्रतिमान राईबाट लेखिएको र **दलबहादुर राई**बाट

समेत अरूथप गरिएको वंशावली पहिलो लिखित (अप्रकाशित) वंशावली हो । यस वंशावली लगायत ठेलुमान **खोयाबुढा खारुबु** नोरूङ, **हर्कबहादुर र डम्बरकाजी** खारूबु बेब्ला, **डबलसिंह र भर्जमान खारुबु** छुकासंग २०६१ साल माघ २६ देखि २९ गतेसम्म गरिएको अध्ययन भ्रमण र २०५८ बैशाखमा **दककुमार खारुबुसंग** धरानमा गरिएको छलफबाट खारूबुको वंशावली निर्माण गरिएको हो ।

८.११. **खबचु -**

खबचुको वंशावली निर्माण गर्ने कार्य हमरूचु, रिप्लचु र राईचुसंगसंगै भएको हो । म आफू दिक्तेल क्याम्पसमा प्राध्यापन गर्ने हुनाले खबचुको वंशावली संकलनको कार्य सप्तेश्वरबाट खरदेलको बाटो भई दिक्तेल आउँदा जाँदा नै **रामबहादुर खबचु र श्यामबहादुर खबचु**को सहयोगमा करिब पुरागरी सकेको थिएँ । २०५७ सालमा **रामबहादुर खबचुह**रुले उतारेको वंशावली उदयपुर हिलेपानीमा रातको बासमा मकर खबचुको हातबाट हेर्ने मौका प्राप्त गरें । नम्बर नचढाइएको र साहिनु समेत नमिलेको पाएकाले फर्काइदिएँ । पछि **रामबहादुर खबचुद्वारा** पितृधामी स्वं **हर्कसिङ करता, स्वं रत्नवीर जेठूबुढा, स्व. डिल्लीसेर राई, बेदाङ मानबहादुर खबचु**को पुरानो भनाई लगायत बर्तमान भूमेधामी **पदमबहादुर राई र चतुरभक्त राईसंग**को छलफबाट लिएको आँकडालाई आधार मानी खबचुको वंशावली प्रकाशन गरिएको हो ।

८.१२. **छाचुङ -**

**छाचुङको** वंशावली निर्माण गर्दा खार्मी लाप्चाका तायामी **पर्जबहादुर छाचुङ राईले** छाचुङको एक वंशावली नै बनाई प्रस्तुत गर्नु भएको थियो । यस बाहेक तायामी बृद्ध **थामसिह छाचुङ र तायामी प्रेमबहादुर छाचुङ** सप्तेश्वर अम्बोटे, **रिखिधन छाचुङ साब्रु, भलबहादुर छाचुङ साबालुङ, कैलबहादुर छाचुङ** साबालुङ हाल धरान र **शम्भु छाचुङ** काठमाँडौंको सहयोग लिइएको हो । तायामी **प्रेमबहादुरको छाचुङ** वंशको उत्पत्तिको किंबदन्ती निकै रोचक रहेको छ ।

८.१३. **लुप्पो तथा प्वालुङ -**

यस पाछाको वंशावली २०५२ सालमा चिउरीखर्कबाट **भक्तबहादुर लुप्पो**को सहयोगबाट टिपन गर्न थालिएको हो । त्यसपछि खार्ताम्छातर्फ **नरभक्त चामलिङ राई**बाट टिपन भएको हो । लाम्दिजा क्षेत्रमा सबभन्दा पहिले आएर बस्ने पाछा लुप्पो नै हो जसको किंबदन्ती र वंशावली पनि पाइन्छ । यी पाछाहरुको वंशावली संकलन तथा निर्माण गर्दा चिउरीखर्क कोत्रुवासी स्वर्गीय **रबिलाल लुप्पोले** तयार पारेको वंशावली, **मदुराज लुप्पो**, दशकतेसंग भएको पुरानो वंशावलीको साथसाथमा **सिद्धिबहादुर लुप्पो र करमबहादुर लुप्पो** चिउरीखर्क कोत्रु, **नरमान लुप्पो जमुने, इच्छाबहादुर लुप्पो साक्सिला, शुन्दरमाया र चतुरमनी लुप्पो** खार्ताम्छा, **गदमसोर र डिकबहादुर लुप्पो** चोखाने, **हजारमान लुप्पो** दशकते, **अगमसेर (सुब्बा)** लुप्पो बाक्सिला बजार, **ताराहाङ लुप्पो** धनकुटा, **मणिराज लुप्पो** हाल बिराटनगरलाई स्रोतदाताको रूपमा लिइएको छ । वंशावलीलाई अझ विश्वसनीय बनाउन २०५८ सालमा प्रस्तोता सहित **नृप सत्म, पदम रंकासु र खगेन्द्र सत्म**को साथमा मामातेम र खार्ताम्छाको संयुक्त भ्रमण पनि गरिएको थियो ।

८.१४. **रिप्ल -**

**रिप्लको** वंशावली टिपन २०५५ साल माघ १५ गते जालपा खरदेल गई **श्यामबहादुर खबचु**को सहयोगमा गरिएको हो । तत्काल बृद्ध नक्शो **बलध्वज रिप्ल, झनक रिप्ल, शुक्रमाया रिप्ल** र **पूर्णबहादुर खबचु**लाई स्रोतदाता मानी रिप्लचुको वंशावली निर्माण गरिएको हो ।

८.१५. **हमरुचु -**

हमरूचुको वंशावली टिपन गरी पठाउने पहिलो व्यक्ति **प्रतिमान र विकास हमरुचु राई** हुनुहुन्छ । त्यसपछि २०५५ साल बैशाखको २६, २७ र २८ गतेसम्म जालपाको पुरानगाउँ, दिम्लो, घलेगाउँ, ससरका, कादेल गाउँहरुको अध्ययन भ्रमणगर्दा **जगतबहादुर हमरु**, नक्शो **जीतबहादुर हमरु, रामजीत हमरु, हमलसिंह हमरु, भीमबहादुर हमरु, सञ्चलक्ष्मी, सरुणध्वज हमरु, पर्जबहादुर हमरु र**

**गिरीप्रसाद हमरुसंग** साक्षात्कार गरी बंशावलीगत आँकडा लिइएको हो । यसबाहेक पूर्व **सांसद टंक राई, डम्बर, खजिना, महेन्द्र हमरुचु**हरुको सहयोग पनि त्यत्तिकै महत्पूर्ण रहेको छ ।

**८. १६.हरसी -**

हरसीको वंशावली टिपनकार्य सर्वप्रथम २०५५ सालमा **बिखेर्कुवासी तारादेवी हरसी**बाट शुरूभएको हो । बुसुरू युयमाको जेठा छोरा हरसीहरूको संख्या न्यून रहेकाले बाक्सिलाबाट दिक्तेल आउँदा जाँदा नै करिब टिपनको कार्य पुरा भईसकेको थियो । पछि यसलाई अझ विश्वसनीय बनाउन **मौलकुमार हरसी**बाट २०६० साल माघ २८ गते प्रस्तुत गरिएको वंशावलीलाई केही संशोधनकासाथ प्रकाशन गरियो । यसमा एउटा उल्लेखनीय कुरा के हो भने कुकुरी कोरेनालाई सरचुमा जस्तै हरसी र वालक्पाले समेत आफ्नो पुर्खा मानेका छन् तर दिम्मचुमा त्यस्तो प्रष्ट उल्लेख केही छैन ।

**८.१७. तुरचु -**

तुरचुहरु खार्मी, जालपा, ससरका, नेर्पा, साब्रु आदि तुरचुको मुख्य बसोबास थलो हो । तर एउटा रमाइलो कुरा के छ भने नेर्पामा रहने तुरचुले चामलिङसंग हामी भाई बाँधिएकाले हामी चामलिङ हौ भन्ने र दुमी क्षेत्रमा बस्नेहरुले हामी दुमी हौं भन्ने विचार व्यक्त गरेका छन । साब्रुवासी **भक्तबहादुर (मलेनी) तुरचु** आफूलाई दुमीभन्न रूचाउनु हुन्छ । उहाले तुरचुको इतिहासवारे घतलाग्दो मिथक पनि बताउने गर्नु हुन्छ । तुरचुको वंशावली संकलन तथा निर्माणमा निज **मलेनी** बाहेक साब्रुवासी **पूर्वधन, मनबहादुर, श्रीबहादुर र धनमाया तुरचु** हुनु हुन्छ । अर्को अत्यन्त जानकारी राख्नुपर्ने कुरा नेर्पावासी **मनी तुरचु**को रहेको पाइन्छ । उहाको भनाईमा **मेरपा** नामका व्यक्तिबाट नेर्पा भन्ने गाउँको नाम रहेको हो । यी नै मेरपाले आफ्ना चारभाई छोराहरु हुँदाहुदै अर्को धर्मपुत्र पनि राखे उनलाई तिरछ्रा भनियो र उ चामलिङ वंशसंग गाभिएको हो ।

**८.१८. राईचु -**

**राइचुको** वंशावली संकलन कार्य २०५३ सालबाट शुरूभई २०६१ मा करिब पूर्णता प्राप्त भएता पनि इसिलिममा स्थान अभावको कारणले २०६६ सालमा मात्र प्रकाशन गर्न सकियो । राईचुको वशावली स्रोतदाताको रूपमा **जनक राईचु र जसबहादुर राईचु ससर्का, रामकुमार राईचु र गोकुलमान राईचु** मालदेल, **धनराज राईचु** खार्ताम्छा मामातिम रहनु भएको छ । **रामकुमार राइचु** मालदेलले मेहनतपूर्वक राईचुको एक वंशावली पनि बनाई प्रस्तोतालाई प्रस्तुत गर्नु भएको थियो । यसैगरी पाँचथर फलैंचातिर रहेका राइचुरुको वंशावली **प्रेम, तेजु र जितेन राईचु**हरुबाट २०६४ मा प्रकाशित भएपछि त्यसैलाई आधार मानी वंश जोडेर २०६६ सालमा इसिलिमले राइचुको सगोल वंशावली प्रकाशन गरेको हो ।

**८. १९ हजुर-**

रावाखोलापारी वसोवास गर्ने हजुर पाछ्रा सहित खारूबु, हलक्सु, वालक्पा, सत्महरुको वंशावली संकलन गर्न २०५४ असोज र २०६१ सालमा दुईपटक अध्ययन भ्रमण गरिएको थियो । यसक्रममा बेब्लावासी बृद्ध तायामी **रत्नबहादुर** लगायत **चन्द्रबहादुर र तीर्थबहादुर हजूर,** लेवाका **देउराज वलक्पा र भूपध्वज हजुर** र इलिमका **बलबहादुरसंग** वंशावलीवारे गहिरो छलफल भएको थियो भने **सहजित हजुर राईले** हजुरको वंशावली नै पेशगर्नु भएको थियो । यसबाहेक इलिमका **इश्वरमान, सूर्यबिक्रम वलक्पा,** माक्पाको **खड्गबहादुर हजुर, डिल्लीमान वलक्पा,** बेब्लाको **जर्न राई** र प्रस्तोतासंगै अध्ययन भ्रमणमा रहने **पदम रंकासु र लक्ष्मण सत्म**को सहयोग पनि वंशावली प्रकाशनमा

**८.२०. जिपु -**

राइचुबाट भिन्न भएको एकपाछ्राको नाम जिपु हो । त्यसैले सामे राईचुको समान छछुपु छेकुमा रहेको छ । खबचुको पनि छछुपु छेकुमा नै हो । कारण खबचुले राइचु पाछ्रा दिएकाले यसो भएको हो भन्ने किंवदन्ती

रहेको पाइन्छ । जिपुको वंशावली निर्माणको निमित्त छलफलको क्रम २०५१ सालतिरबाटै शुरूभएको हो । यसक्रममा मुख्यत शिक्षक **तेजबहादुर जिपु**बाट २०५३ साल भाद्र ४ जिपुकौ एक रफ मस्यौदा प्राप्त भएको थियो । यसै मस्यौदालाई सप्तेश्वर-दिक्तेल आउने जाने क्रममा परिमार्जित गर्दै लगियो र अन्तिम २०६४ सालमा काठमाडौं चाबेलमा फन्सिकिमकै कार्यालयमा अन्तिम छलफलमा बसी वंशावलीलाई प्रकाशनमा ल्याइएको हो ।

८.२१. **सरचु -**

दुमीका सम्पूर्ण पाछ्राहरुमा सबभन्दा बढी वंश फैलिएको पाछ्रा नै सरचुहरु हो । सरचुको वंशावली संकलन कार्य २०५१ सालबाट भएको थियो जत्तिखेर **बलराम सरचु र म दुमी किरात राई फन्सिकिम चुवलभित्र अध्यक्ष र उपाध्यक्षको** रूपमा पनि संगै कार्यरत थियौं । यसपटक लगभग १६ वर्षपछि पुन: सरचुको वंशावली संकलनमा दुबैको छुट्टाछुट्टै लगानीलाई एक ठाउँमा मिलान गर्ने प्रयत्न स्वरूप २०६७ असोज १३ गतेको छलफलले दुवैबाट संकलित वंशावलीलाई एकैठाउँमा घोल्ने कार्य गरिएको हो । यसक्रममा **गजुरमान सरचु राई, खार्मी, जगतबहादुर र हर्कवहादुर सरचु,** रूदालुङ, **सुबेदार धनपाल राई**, नेर्पा, कुबिमी नक्षो **शिवबहादुर सरचु राई,** नेर्पा, **चामुध्वज सरचु राई, सिंगजीत सरचु** सोल्मा र **जैबहादुर सरचु राई** सोल्मा डाँडागाउँ, **प्रेम प्रसाद सरचु राई** सप्तेश्वर चप्लेटी, **सिङ्गबहादुर सरचु राई** डाखाम पाथेका, **हैकमसिह सरचु राई** "होजियारी" दिक्तेल **खड्गबहादुर वलम्पा राई, शहरमान राई** खार्मी, जमदार **विरबहादुर सरचु** खार्मी रूयल, **लालबहादुर (अडे), कर्णबहादुर सरचु र श्यामकुमार सरचु** बोरीबोट रूयल, नक्षो **हर्कसेर ( हर्कराज) सरचु** राई र **धनबहादुर सरचु** खार्मी रूयल सिंगानेधारी, **सुरबहादुर सरचु** बोरीबोट र **लक्ष्मन सरचु** रूयल सोतीसंगको गहिरो छलफलबाट यो वंशावली निर्माण गरिएको हो । सरचुको पहिलो वंशावली संकलक **शङ्खधन सरचु राई** रूदालुङको गहिरो सहयोग पनि ज्यादै महत्वपूर्ण रहेको छ ।

यसबाहेक वंशावली संकलनमा सहयोग पुऱ्याउने अन्य सहयोगीहरुमा भोजपुरमा रहँदा विदामा घर जाँदा आउँदा एकपन्थ दोकाजको रूपमा समय मिलाई वंशावली संकलनमा लाग्दा साथ दिने सुपुत्र **सरोज सत्म**, नेर्पामा दिनभरी साथदिने स्वंभाई **गणेशभक्त सत्म**, रूयलमा साथ दिने **हर्कराज सरचु,** दिक्तेलबाट सोल्माको साउ राई तर्फको छुट वंशावली संकलन गरी पठाई दिने **पूर्णबहादुर खबचु,** नेर्पाका **भलकाजी, कर्णराज र ध्रुवराज सरचु,** दिक्तेल क्याम्पसको पियन **पदमबहादुर चामलिङ राई,** काठमाडौंका **धनप्रसाद सरचु राई** र अन्य धेरै सहयोगीहरुको साथले मात्र यो वंशावली प्रकाशनमा आउन सकेको हो ।

८.२२. **वालक्पु**

उक्त वंशावली निर्माण २०५५ सालतिरबाटै शुरू भएको हो । यसक्रममा तायामी **खड्गवहादुर वालक्पु राई** खार्मी देउसाली टोल, **राजबहादुर वलक्पा राई, टेकवहादुर र गर्जबहादुर वलक्पा राई, गउनसरी वालक्पा राई** सिपुलुङ र तुर्खावासी **जसबहादुर वलक्पा** राईहरुसंग छलफल चलाई साहिनु सम्बन्धी कुरामा **इखबहादुर वलक्पा राई**को समेत सहयोग जुटाई वलक्पाको वंशावली निर्माण तथा प्रकाशन गरिएको हो ।

**९. वंशावली स्रोतदाताहरूको निधनले पुऱ्याएका क्षतीहरू :**

आगो ताप्नु मुढाको कुरासुन्नु बुढाको भनेजस्तो वंशावलीको सम्पूर्ण कार्य बृद्ध पुर्खाहरुसंग मात्र प्राय सम्बन्ध रहने हुन्छ । यसक्रममा अहिलेसम्म साक्षात्कार गरिएका कैयौं पुर्खाहरुको निधन भईसकेकोले यसले अपुरणीय क्षती पुऱ्याएको छ । दोहोऱ्याएर सोधौंला भन्दाभन्दै पुर्खाहरु भकाभक निधन भएको खबरले दुखित तुल्याएको छ । यस्ता निधनहुने पुर्खाहरुमा **भिमलसिंह मुरह, धनरुप सत्म, जनक राईचु, मौलीधन रंकासु, अम्बरबहादुर हदी, गजुरमान सरचु, हर्कसेर सरचु, देउराज वलक्पा, फुलचिरी वलक्पा,** नक्षो **लंकबहादुर हजुर, मुगाधन र लाखधन हलक्सु, भक्तवहादुर लुप्पो, बन्दुसिं र हजारमनी रंकासु, मधुराज लुप्पो, इच्छबहादुर लुप्पो, करमबहादुर लुप्पो, रणबहादुर हदी, टिकावीर हदी, तेजबहादुर सत्म**

डुङडुङ, **भुवानसिंह** र तायामी **रत्नबहादुर सत्म, दिलमान सत्म** रबी, **श्रीबहादुर रंकासु, सन्तवीर रंकासु, सञ्चलक्ष्मी हमरुचु** दिम्लो, तायामी **थामसिंह छाचुङ** आदि जस्ता प्रमुख पुर्खाहरुको निधन भइसकेको छ । कतिपय पुर्खाहरु को कति विते भन्ने यथेष्ट खबर पाइएको छैन र यो निधन हुने क्रम जारी छ । जत्ति वंशावली आए त्यो पुर्खाहरुकै देन हो र अझै पनि पूर्ण र एकमुष्ट वंशावली बनाउँदा जीवीत पुर्खाहरुसंग फेरी साक्षात्कार गर्न सकियो भने यसले वंशावलीलाई अझ खारिएको बनाउने छ ।

**१०. वंशावली प्रकाशन गर्दाको रमाइला र नरमाइला क्षणहरू**

वंशावली संकलन गर्ने जिम्मेवारी अधिकांश यो प्रस्तोता आफैले सम्पन्न गरेको थियो तर सहयोग भने अधिकांश व्यक्तित्वहरुबाट लिने काम भयो । प्रस्तोता स्वभाविक ढंगले दुमी वंशीहरुकोमा पुग्यो र वंशावलीवारे वहस चलाउदै नामहरु टिप्ने काम भयो । वंशावली टिपन गर्न अघि केही समय दुमी किरात राई फन्सिकिमको वारेमा छलफल चलाई संस्थागत जानकारी दिने काम गरिएकाले वंशावली टिपनमा त्यसले सजिलोपन नै ल्यायो । कमसेकम संस्थाको आशय बुझेपछि सहयोग गर्नेहरुको कमी रहेन । कतिपयले प्रशंशा पनि गरेका छन् । नयाँ चिनजान र ठाउँ विशेषको परिचय समेत प्राप्त भएकाले एउटा नयाँ अनुभव प्राप्त भएको छ । ढिलै भए पनि बचेखुचेको निधिहरुलाई लिपिबद्ध गर्ने अवसर मिलेको छ । कतिपय पुराना पुर्खाहरुसंग भेटघाट भई वातचित भएको छ । रबिका **राजबहादुर रत्कु राईले** एउटा मिठो कथा दुमीको वारेमा बताएका थिए । रबिमा नै एकजना **दिलबहादुर सत्म** बृद्ध पुर्खाले मलाई दुमी हो कि होइन भनी दुमी भाषा बोलेर जाँच लिएका थिए । यो अन्तिममा रबिगाउँका **प्रेम राई**हरु सबै दुमी बन्धुहरुसंग झापा दमकमा औपचारिक भेटघाटगरी माइखोलामा पूजालगाई स्राप बगाउन गएको क्षणहरु पनि रमाइलो लागेको छ । दार्जिलिङबासी नेपाली साहित्यकार **शिककुमार राई हजुर** पाछाका हुन भन्ने किटानकासाथ वंशाली जोड्ने काम गरियो । भुटानमा पनि दुमीहरु रहेको थाहा लाग्यो जो भुटानी शरणार्थीको रूपमा अमेरिका पुगेका छन् । दुमीको धेरै कथा किंवदन्तीहरु र ऐतिहासिक साँस्कृतिक ठाउँहरु पनि चिन्ने मौका प्राप्त भएको छ । दुमीको लगभग इतिहासको थोरैछाया मानसपटलमा पसैको छ । त्यसलाई समयले साथ दिएमा उतार्न सकिन्छ भन्ने लागेको छ ।

नरमाइला क्षणहरु पनि रहेका छन् । रबिमा नै एकजना दुमी तर शिक्षक जस्तो आदर्श पेशामा रहेको बन्धुले वंशावली दिनको सट्टा तितो इन्कार गरे, जुन शब्द अहिलेसम्म मनमा काँडो भएर विझेको छ । कतै वास पनि पाइएन । लेवामा एकजना बन्धुले काम नपाएर हिडेका केटाहरु भन्ने प्रकारले व्यवहार गरे । एकजना क्रिश्चियन धर्ममा प्रबेश गरेको दुमी बृद्धले यस्तानाथे वंशावलीको के काम भनेर हाम्रा संकलकहरुलाई रित्तोहात फर्काइदिए छन । कत्तिले वंशावलीको संकलन बोलीले मात्र सघाएका छन् समय, हात र कलमले होइन । प्रकाशनको निमित्त ठिक गरेको वंशावली स्थान विशेषको अभाव भनी सम्पादक मण्डलले पन्छाइदिदा स्तब्ध बनेको छु , एक पटक त महिनादिन लगाएर तयारी गरेको दुइटा वंशावली नै टाइपगर्ने ठाउँबाट हराएकाले दोहोरो काम गर्नुपरेको थियो, खार्मीगाउँमा बेहोस भई लडेको पनि छु । तर यी दु:ख त्यत्ति ठूलो दुख होइन जत्ति दुख जनताका छोराछोरीहरुले समाज र राजनीतिक व्यवस्था परिवर्तन गर्न रातदिन लडाईको मैदानमा दुख खेपेका छन् ।

**११. वंशावलीका सबल र निर्वल पक्षहरू -**

यदि वंशावली संकलनको कार्य आजभन्दा ५० वर्ष अगाडि गर्न सकेकोभए उत्तम वंशावली आउँन सक्थ्यो । त्यत्तिखेरसम्म हाम्रा तीनपुस्ता अगाडिका पुर्खाहरु प्रशस्त फेलापर्ने अवस्था थियो । यद्यपि अहिले जत्ति पुर्खाहरुबाट वंशावली प्राप्त गर्न सकियो विशेष २०५० तिरबाट त्यसलाई लिपिबद्ध गर्नसम्म भ्याइएको छ । अव त झन् पुराना आँकडाहरु पाउने संभावना अत्यन्त न्यून भईसकेको अवस्थामा धन्य यत्ति आँकडाहरु संकलन गर्न भ्याइएको छ त्यो पनि अथाह नै मान्नु पर्दछ कारण माथि भनिए झैं कतिपय पुर्खाहरु ढलेर गैसकेका छन् । कथा

कहानी तथा किंबदन्तीहरु पनि भएसम्म टिप्न भ्याइएको छ। यो एउटा भविष्यको लागि एउटा इतिहासको स्रोत हुने कुरामा दुई मत नहोला।

यसका कमजोर पक्षहरु पनि त्यत्तिकै रहेका छन् भन्नु पर्छ। ती पक्षहरुमा रूट पुर्खाहरुको विष्लेषणात्मक अध्ययनमा अन्य किरात र गैर किरातहरुको वंशावलीसंग तुलनात्मक अध्ययन गरी पुर्खाहरुको विकासको क्रम जोड्न सकिएको छैन। केही पुर्खाहरुको नाम छुट्न गएकाले त्यस्ता ठाउँहरु खाली राखिएका छन्। महिला पुर्खाहरु र वर्तमान पुस्ताका महिलाका नामहरु पनि राख्न सकिएको छैन। को कस्ता, कुन विशेषता र गुणका थिए भनेर पहिचान दिन सकिएको छैन। बसाई सरीजाने कहिले गए भन्ने तथ्य मिति उल्लेख गर्न सकिएको छैन। २१ वटै पाछाहरुमा एउटै दाजुभाईको रूपमा रहेको पाछाहरुमा पनि ९/१० पुस्ताका ग्यापहरु देखिएका छन् त्यो कसरी त्यस्तो पर्नगयो भनेर खुट्याउन सकिएको छैन। जस्तो हरसी, वलक्पा र सरचु र दिम्मचुमा ठूलो फरक पर्न गएको छ। एक या दुइपुस्ता कमी हुनु स्वभाविक हो तर ९/१० पुस्ताको ग्याप हुनु भनेको सही वंशावली संकलन गर्न नसकिएको हो वा दाजुभाईलाई छोराको रूपमा भन्दै र लेखाउँदै जाने परिपाटीले त्यसो हुन गएको हो। बसाईसरी गएका र विदेशमा पुस्तौंदेखि रहेका दुमीहरुको वंशावली यथेष्ट संकलन भएकै छैन। विवाह जन्म आदि खुट्टिएको छैन आदि यसका निर्बल पक्षहरु मान्न सकिन्छ।

## १२. निष्कर्ष

माथिका पंक्तिहरुमा भनेजस्तै २०५६ सालबाट इसिलिमको पहिलो प्रकाशन संगसगै दुमीहरुको पाछागत वंशावली प्रकाशन गर्ने कार्य निरन्तर आइरहँदा यसबेला १२ वर्षको दौडानमा सरचु र वालक्पुको प्रकाशन तपाईहरुको हातमा थम्याउन सकिएको छ

आजसम्म कुनै संघ संस्था र व्यक्तिहरुबाट पनि आर्थिकको रूपमा योगदान नरहेको यस कार्यमा जे सकियो त्यही गरियो, जत्ति भ्याइयो त्यत्ति गरियो, धैरै पनि गरिएन, थोरै पनि गरिएन, जत्तिसक्दा गरियो तर गर्न चाहिं केही न केही पक्कै गरियो भन्ने लागेको छ। लाग्छ- यदि वंशावली संकलन र प्रकाशनकै कार्यलाई परियोजना बनाई गइएको भएमा यो वर्षदिन भित्रको काम थियो तर त्यसरी जान नसकिएको कारणले यो वाह्रवर्षे योजना बन्न गयो। भन्छन्- वाह्रवर्षमा उन्यु फुल्छ, खोला फर्कन्छ, तपस्या पुरा हुन्छ, ज्ञान प्राप्त हुन्छ इत्यादि। बितेको वाह्रवर्षमा थुप्रै परिवर्तनहरु भएकाछन्। साँस्कृतिक रूपान्तरण, जातीय मुद्दाहरुको बहस, राजनीतिक परिवर्तन, महिला, अल्पसंख्यक, दलित उत्थानका सवालहरु प्रशस्त उठेका छन् र त्यो निर्णायक बिन्दुमा पुग्ने तरखरमा रहेको छ। यस वाह्रवर्ष भित्रमा दुमीहरुले पनि थुप्रै-थुप्रै पुर्खाहरुलाई गुमाइसकेका छन् र थुप्रै नयाँ सन्ततीहरु पनि जन्माईसकेका छन्। त्यसैले वाह्रवर्ष अगाडिको सोच, विचार, प्रकाशन र वर्तमानको प्रकाशनवीचमा पछिल्लो बंशको सवालमा निकै नै अन्तर पर्न जाने देखिन्छ। तर हामीले प्रत्येक वंशावली प्रकाशित हुँदा भनेका थियौं- **"यो अध्ययनको लागि मात्र प्रकाशन हो, बाँकी भविष्यमा एक्काइसै पाछाको वंशावलीलाई एउटा पुस्ताकाकारको रुपमा प्रकाशन गर्दा अझ परिमार्जित, सुस्पष्ट, आधिकारिक र विश्वसनीय बनाउने प्रयत्न गरिनेछ।"** यी शब्दहरु भन्दै वंशावलीलाई पाछागत रूपमा अध्ययन गरी उपयुक्त सुझाव लिखित वा मौखिक रूपमा पठाउने जिम्मा पनि छोडेका थियौं। तर ती सुझावहरु जत्ति मात्रमा आउनु पर्ने थियो त्यत्ति आउन सकेको छैन। यसको जिम्मा समुदायका पाठकहरुमा नै जानेछ। जसरी वंशावली प्रकाशन गरियो यो कम समयको प्रतिफल पक्कै होइन। यसमा समय, श्रम र अर्थ व्यवस्थाको पाटो पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ। वंशावलीको एउटा खाका आई नै सकेको छ अव यसलाई अझ सुस्पष्ट बनाउने प्रयत्नमा जुटौं भन्ने आग्रह छ।

**त्यसोभए अब के गर्ने ?**

अब निकट भविष्यमा पुन : एकमुष्ट रूपमा वंशावली एउटै पुस्तकमा प्रकाशन गर्ने समयलाई नलम्ब्याउन देहायअनुसारका कामहरु आ-आफ्ना पाछाका राईहरुले पुरागरी दुमीकिरात राई फन्सिकिम तथा प्रस्तोता चतुरभक्त राईलाई २०६८ साल असोजसम्म पठाईदिन हुन हार्दिक अनुरोध गरिन्छ। एकवर्षभित्रमा प्राप्त हुने हरेक सुझाव र तथ्याङ्कहरुलाई एकठाउँमा राखी चाँडोभन्दा चाँडो प्रकाशन गर्न सक्षम हुन सकौं भन्ने अनुरोध तपाइँहरुसमक्ष गरिएको छ।

तसर्थ आगामी वंशावली बनाई पठाउँदा ध्यान दिनुपर्ने कुराहरु :

१. पुस्तामा आउने कुनै एक व्यक्तिको नम्बर अर्को व्यक्तिको नम्बरसंग बराबर भएमा दाजुभाई, एक नम्बर तल परेमा भतिजो र दुई नम्बर तल परेमा नाती बाजेको साइनो पर्ने प्रकारले मात्र बंशावली बनाउनु पर्नेछ । नम्बर नमिलेको बंशावलीलाई मान्यता दिइने छैन । यो साइनो भरिसक्ये कुनै एक नाम चलेको व्यक्तिको नामबाट सबैको नम्बर मिलान गर्दै लैजान सजिलो हुनेछ । कुटुम्बेरी साइनोले वंशावली निर्मागर्न सकिदैन केबल सहायक चाहीं कुने केसहरुमा लिन सकिन्छ अन्यथा वंश साइनो नै मूल हुन्छ । साइनो को को बीचमा केलाईयो भन्ने वारे पनि लेखिनु पर्नेछ ।

२. साइनोको नम्बर राख्दा वल्लोटोल पल्लोटोल वा खास कुनै एक व्यक्तिको नामबाट केलाएर लैजादा सजिलो हुन्छ र स्पष्ट बन्दै जान्छ ।

३. आइन्दा प्रकाशित वंशावलीलाई केलाई प्राप्त भएसम्म महिलाहरुको नाम पनि थप्दै जाने । आमा बज्यू, दिदी, बहिनी, बुहारी, छोरीहरु जत्ति छन् र जजसले के के कामहरु गरेका छन् राजनीति, सीप, धर्म, मुदुमी, धमिनी, मस्युमे, गायीका, नृत्य, अगुवा, सेवा, योग्यता, जे जे लिएका गरेका छन् छोटकरीमा नामको पछाडि जनाउनु पर्नेछ । अन्यत्र थर वा पाछाबाट आएको भएमा त्यो पनि जनाउने, कस्को छोरी वा बहिनी वा दिदी हो त्यो पनि जनाउने । महिला वा पुरूष तपासें भएं सो पनि खुलाउने । प्रकाशित वंशावलीमा जेठोबाट कान्छो हुँदै जाने प्रणाली अपनाइएको भएपनि कतिपय ठाउँमा त्यस्तो हुन सकेको छैन त्यसैले आगामी दिनमा वंशावली बनाउँदा स्पष्ट खुल्नेगरी जेष्ठबाट कनिष्ठतिर जाने व्यवस्था गर्ने ।


४. नाम लेख्दा नागरिकताको नाम र घरगाउँमा बोलाउने नाम समेत राख्ने । धामी धमिनी भएमा कुन धामी हो- कुबिमी, सेलेमी, फ्राँक्री, बेदाङ भए बैदाङ जन्तर बुटी बाँध्ने, मुधुम इतिहास बनाउने अन्य जे छन् लेख्ने, मस्युमे भएमा मस्युमे भनेरै जनाउने कस्को मस्युमे हो त्यो पनि जनाउने, धामीको ढोले हो भने कस्को हो लेख्ने, तायामी ताङ्कु भएमा कुन धामीको तायाताङ्कु हो लेख्ने, मारूनीको मादले हो भने त्यो पनि जनाउने, त्यस्ते सिंगारू हो भने सो पनि जनाउने, सिलके, गायक के छ जनाउने, लाटालाटी, अपाङ्ग, देशी परदेशी, कोही नछुटुन, दर्जाभए दर्जा समेत राख्ने, स्वदेश विदेशको सेवा र देश जनाउने ।

५. वंशावली निर्माणगर्दा भरिसक्के पुर्खाहरुको सहयोग लिने, नाम, थर, उमेर र काम गरिएको मिति स्थान र समय वारे र निर्माणकर्ताहरु सबैको नाम पनि लेख्ने । पुरानो लिखित वंशावली भएमा अझ त्यसलाई नछोड्ने र फोटोकपी गरी संस्थामा बुझाउने र मौलिक कपीलाई त्यस समुदायको सम्पत्ति बनाउने ।

६. तपाईको गाउँमा एउटा न एउटा वंशावलीको प्रति पुगेको हुनुपर्छ त्यसलाई खोजी खोजी अध्ययनको विषय बनाउन हुन अनुरोध गरिन्छ ।

७. गाउँघरमा उपलब्ध कुनै पुरानो लेखोट सामग्रीहरु, सास्कृतिक गहना, सामग्रीहरु जस्तै चुरा, हारी, रेजी, कम्पनि, पोते, पुवालो, काइयो थकेर्ना, सार्किले सिलाएको जुत्ता, सीपगर्ने साधन- जुवा, रासी र यसका सामग्रीहरु, पुरानो थाल, बटुका, पुन्येउ, छपनी, चुङ्गे, लोफे, काफेसु, लोहोटा, हुक्का चिलिम, ठेका, कुँडे, ठेकी, मन्धनी, पर्रा, नेती, दुनेरी, भुने, डेली, धामीको बलंखा, ढोल, ढ्याङ्ग्रो सहित यावत सामग्रीहरु, चिण्डो, लौरो, घरको लिस्नु, झ्याल, खोप्लावाल दैलो, गोठे ढुङरो, धिरी, पुरानो कठूवा, मखुण्डो धनु, ठोकर, ढोल, झ्याम्टा, ढ्याङरो, गज, गुलेली, ढाल, तरवार खुँडा, खुकुरी, धनुको तिर, भाला, गोल्वे साँचो, झिर आदि संरक्षण गरेर राख्ने व्यवस्था गर्ने । लिम्बु तथा अन्य कुनै पनि व्यापारीहरुलाई वाछुमाला, जिमाला, पुलिक आदि गाउँमा खन्न नदिने र आफूले पनि खनेर लिम्बुलाई नबेच्ने बरू आफ्नो पुरानो सम्पत्तिको रूपमा जगेडा गरेर राख्ने । जतातते चिहान फोरेर सामान लैजान नदिने । अव दुमी किरात राई फन्सिकिमले यी सामाग्रीहरुलाई साझा सम्पत्तिको रूपमा एक ठाउँमा भेलागरी साँस्कृतिक संग्रहालयको रूपमा विकास गरिनेछ र संसारभरको अनुसन्धानकर्ताहरुको ध्यान आकर्षण गरिनेछ । ***डिरी ।*** ■

# हार्दिक बधाई



चतुरभक्त दुमिराई
अध्यक्ष
किराया



अशोक दुमिराई
सदस्य
किराया



ऋषिश्वर दुमिराई
सदस्य (भाषिक संस्था)
किराया

**यस संस्थाका अध्यक्ष *श्री चतुरभक्त दुमिराई* किरात राई यायोख्खाको सातौ राष्ट्रिय सम्मेलनबाट गरिमामय अध्यक्ष पदमा, संस्थाको पूर्व कोषाध्यक्ष *श्री अशोक दुमिराई* सदस्य पदमा निर्वाचित तथा संस्थाका उपाध्यक्ष *श्री ऋषिश्वर* राई भाषिक संस्थाको तर्फबाट सदस्य पदमा मननोयन हुनुभएकोमा उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

## दुमि किरात राई फन्सिकिम

# चियाबारीबिच शुरू भयो मेरो शिक्षण



- प्रा.डा. नोवल किशोर राई

सत्ताइस वर्षे लक्का जवान, कुनै पारिवारिक र सामाजिक दायित्व नभएको फुक्का अल्लारे 'जोभान'मा अलिअलि मात्तिएर इलामको चिया बगानबिचबाट शुरू हुन्छ मेरो शिक्षण पेशा । यो कुरा वि.सं.२०२९ साल भदौको कुरो हो । त्यस बखत देशमा भरखरै राष्ट्रिय शिक्षा पद्धतिको योजना (रा.शि.प.यो.) शुरू हुन लागेको थियो । त्यसै साल साउन १ गते त्रिभुवन विश्वविद्यालयको सहायक प्राध्यापक पदको पहिलो नियुक्ति हाम्रै समूहले पाएको थियो । देशभरि नयाँ नयाँ क्याम्पसहरु खुलिरहेका थिए । पुराना जति 'कलेज' र नयाँ जति 'क्याम्पस' नामले चिनिन्थे तर पछि बिस्तारै विस्तारै सबै कलेजहरु क्याम्पसमा विलय भएर रा.शि.प.यो.का सेमेस्टर सिस्टममा चल्न थाले । यसको विरोध र समर्थन दुवै थियो त्यस बखत ।

लगभग आठवर्षअघि त्यहीँ चिया बगानको बिचमा उभिएको इलाम कलेजमा आइ.ए. प्रथम वर्षको विद्यार्थी थिएँ । घरबाट खर्च धान्न घौधौ थियो । सारा घरबार धान्ने आमा सानैमा बितेपछि पापालाई घर चलाउन आकाशले थिचे जस्तै थियो; मलाई राम्ररी थाहा छ । कलेज बिहान चल्ने हुनाले दिउँसो कतै सानोतिनो जागिर पाइएला नि भन्ने आशाले मैले कलेजमा नाम लेखाएको पनि हुँ । जागिर पनि पाइने थियो होला तर 'आफ्नो मान्छे' नहुँदा निवेदन हाल्ने र सूचना पाटी हेर्ने काम मात्र भइरह्यो निकै पटकसम्म । इलाम अस्पतालको बहिदार पद खालि भएको सूचना पाउनासाथ दरखास्त हालेँ तर पछिबाट सूचना पाटीमा अर्कै साथीको नाम देख्दा म अन्यायमा परेको बुझेँ । जागिर पाउने आफ्नै कक्षाका साथी एस.एल.सी.मा 'सप्लिमेन्ट्रीमा' पास भएका थिए आजभोलिको व्याक पेपर जस्तो । अनि म भने दोश्रो श्रेणीमा पास भएको हुनाले त्यो बहिदार पदको दावेदार मै हुँ भन्ने ठानेको थिएँ । ती मेरा सहपाठी इलाम नगपालिका कै बाहुन थरका बासिन्दा थिए म परेँ अर्कै जिल्ला पाँचथरको राई केटो । जागिर दिने हाकिम भने बिराटनगरका रिजाल थरका डा. थिए । आफूलाई अन्याय परेकोमा आक्रोश जनाउने कुनै उपाय थिएन । अनि मैले त्यो ठाउँ छाड्ने निर्णय गरेँ, एउटा वाचाका साथ । 'यो इलाममा म कुनै दिन ग्याजुयट (graduate) भएर मात्र खुट्टा टेक्ने छु' भन्ने मेरो कसम थियो । किन हो कुन्नी त्यसबखत चियाका बुटाहरु डढेलो लागेर काले भएको जस्तो लागेको थियो मलाई । चैतका दिनमा माईखोला भेल आएर धमिलो जस्तो लागेको थियो । अन्याय भएको र आफ्ना मानिस नभएको ठाउँ त्यागनु नै उचित हो भन्ने मेरो निर्णय सही रहेछ भन्ने लाग्छ आज पनि ।

शिक्षा शास्त्र संकायको नयाँ क्याम्पसमा शिक्षाका विषयहरु र अनिवार्य नेपाली, अंग्रेजी र नेपाल परिचय पढाइ हुन्थे इलाम क्याम्पसमा । क्याम्पस चिफ समेत गरी हामी पाँच जना मात्र शिक्षकहरु थियौँ । विद्यार्थीहरु सेवाकालीन् र पूर्वसेवाकालीन गरी मेची अञ्चलभरिबाट आउथे । अझपछिबाट त व्यावसायिक शिक्षा (vocational education) शुरू भएकोले पूर्वाञ्चल विकास क्षेत्रभरिकै विद्यार्थीले हाम्रो क्याम्पस गुल्जार थियो । शुरू शुरूमा शिक्षक नियुक्त गर्दा मास्टर डिग्री नपाएर खाली बि.एड.मात्र

पनि लिइन्थे । थुप्रै सहायक प्राध्यापकहरु केवल बि.एड.मात्र पास गरेका र २, ४ जना एम.ए.वा एम.एड.पास थिए, हाम्रा साथीहरु । वि.सं.२०२९ साल साउन १ गते कै पहिलो नियुक्तिका दिनदेखि म भने एम.ए.र एम.एड.थिएँ । यसैले मैले आफ्नो विषय नेपाली र शिक्षाका अरू कोर्सहरु पनि पढाउने गर्दथे, यो क्याम्पसको आवश्यकता र मेरो फूर्ति दुवै थियो कि; आफूलाई मन पर्ने भएर होला केहि सेमेस्टरसम्म नेपाल परिचय पनि पढाँए जसबाट मलाई नेपालको भूगोल, इतिहास, अर्थनीति र राजनीति समेत बुझ्ने औसर प्राप्त भयो । क्याम्पसको अतिरिक्त क्रियाकलाप (extra-curricular activities) मा पनि म निक्कै सक्रिय थिएँ । विद्यार्थीहरुलाई खेलकुद र हाजिरीजवाफ प्रतियोगिता जस्ता कियाकलाप म आफैं सञ्चालन गर्दथैं । त्यस बखत 'विद्यार्थी हित प्रमुख' भन्ने क्याम्पसको अभिभारा पनि मलाई नै सुम्पिएको थियो । यसको कारण म लगभग सबै खेलहरु खेल्न रूचाउँथे अनि आफू मेची अञ्चलकै भएकोले अञ्चलभरिबाट आउने विद्यार्थीहरुका लागि कुनै न कुनै प्रकारले परिचित ठानिन्थैं पनि ।

कुनै बखत डढेलो लागेको चियाबारी अब मलाई 'सुन्दर' लाग्न थालेको थियो । पुवा र माईखोलामा पनि सङ्लो पानी बग्न लागेकाले छुटिका दिनहरुमा पौडि खेल्न र वनभोज मनाउन पटक पटक गइन्थ्यो । कात्तिके एकादशीमा 'माइ पोखरी' र माघे सक्रान्तिमा देवमाई र जोगमाईको दोभानमा लाग्ने 'माईबेनी' मेलामा बिताइएका दिन र रातहरु अझै रोमाञ्चक नै लाग्छ । बाध्यताबश छाड्न परेको इलाममा बाचा गरेभन्दा ज्यादा योग्यता हाँसिल गरेर फर्कदा पृथ्वी जितेको अनुभव हुने नै भयो मलाई । विद्यार्थी अवस्थाको अर्थाभाव सम्झदाँ 'सहायक प्राध्यापक'को रू.४७५।-को मासिक तलब एक्लो जवानलाई छेलोखेलो हुने नै भयो । काठमाण्डौबाट नयाँ फेशनका साथ सिलाइएका २, ४ जोर लुगा र नयाँ नयाँ जुत्ताहरुले इलाम बजारको गल्ली र सडकहरु निकै उज्यालो पार्न सकिन्थ्यो । इलामको प्रचलित चलन अनुसार 'पेइङ्ग गेष्ट'मा महिनावारी रू.७०।- ले खान पुग्थ्यो भने बाँकी रू.४००।-जे गर्दा पनि उब्रेकै थियो । जागिर थियो, पैसा थियो, फूर्ति र इज्जत पनि जोडिएकै थियो क्यारे । ईश्वरको कृपा र अलिअलि भाग्य पनि होला कुलत र कुकर्ममा भने लागिएन छ अनि साथीहरु पनि अशलै रहेछन् । सीताराम उप्रेती एक अशल मित्र थिए जसको संगतले बिहान बेलुका आफै पढेर इलाम बस्दा बस्दै बि.एल. पनि पास गऱ्यौ हामीले । पूर्वको प्रचलित कथन अनुसार झापामा बसेको भए जग्गा जोरजाम गरिन्थ्यो क्यारे तर इलाम बसेकाले बिहे गर्ने साइत जुर्न पुगेछ; मन परापर भयो; आफ्नो किराती परम्परा अनुसार 'कोङपी' साधेरै 'हातखुटा' बाँध्ने काम भयो । वि.सं.२०३४ सालमा जेठी छोरी नुमा जन्मी अनि वि.सं.२०३५ साल फागुनमा कीर्तिपुर क्याम्पसमा सरूवा भइयो आफ्नै इच्छाले ।

एकजना मित्रले त्यसबखत भन्ने गर्दथे 'देउतामा सबभन्दा ठूलो पशुपतिनाथ र मान्छेमा सबभन्दा ठूलो राजा काठमाण्डौमा नै बस्ने भएकाले सबै कुरा यही छ र हामी पनि यतै बस्दा राम्रो ।' मलाई पनि यो कुरामा चित्त बुझ्यो र काठमाण्डौ सरूवा भएर आएको थिएँ । त्यसबखत विद्यार्थी आन्दोलन अलिअलि शुरू भइसकेको थियो । एकजना मेरो मित्र जो कीर्तिपुर क्याम्पसमा 'विद्यार्थी हीत प्रमुख'का रूपमा काम गर्दथे र उनले सो पदबाट राजिनामा गरे । त्यसैकारण सो पदमा काम गर्ने भए मात्र मेरो सरूवा हुने कुरा सहायक क्याम्पस चिफ श्री गौतमध्वज जोशी र सहायक डीन श्री कार्कीले राय दिनु भएको थियो । मलाई पनि सो पदमा काम गरिराखेकै र विद्यार्थीहरुसँग पनि राम्रै सम्पर्क भएकाले काम गर्न सकिएला नि भनेर कीर्तिपुर क्याम्पसमा सरूवा लिएर आएको थिएँ । यहाँ आएपछि भने निक्कै चर्को पऱ्यो ।

कामको हिसाबले चर्को होइन तर आर्थिक हिसावले निक्कै गाह्रो भयो । इलाममा सहायक क्याम्पस चिफ थिएँ, आवास थियो अनि तरकारी फलफूल लाउने करेसाबारी प्रशस्तै थियो । 'ती चिजहरु' किन्नै परेपनि महँगो थिएन । श्रीमती स्कूलको नि.मा.वि. तहमा शिक्षिका थिई । आर्थिक भार पटक्कै थिएन त्यहाँ । यता काठमाण्डौमा भने डेरा भाडा तिर्नु पर्‍यो, श्रीमतीको जागिर मात्र·थिएन, उनी सानो ठिमीमा बि.एड. पढ्दै पनि थिई । दोश्रो छोरी निनाम्माले धरती टेकिसकेकी थिई र आमा क्याम्पस पढ्ने भएकाले नानीदुईको हेरचाह गर्न अर्को एकजना सहयोगी पनि राखिएको थियो । यसरी परिवारको सँख्या बढ्नाले स्वभाविक रूपमा नै व्ययभार पनि बढ्ने नै भयो । कहिले काहिँ त इलामको सुखमय जीवन सम्झेर फेरि फर्केर त्यतै जाऊँ जस्तो पनि लाग्थ्यो । तर यता आइसकेपछि अनि ठूलो ठाऊँमा आएर ठूलै मान्छे बन्ने अभिलाषा बढेपछि हारेर फर्किन त भएन भन्ने ठानेर मैले निक्कै मेहनत गर्न थाले । इलाममा प्रमाणपत्र तहको दोश्रो सेमेस्टरसम्म मात्र पढाएको थिएँ । यहाँ आएर स्वत: स्नातक तहमा पढाउन पर्‍यो । केहिकालपछि अझ स्नातकोत्तर( एम.एड)मा पनि पढाउन पर्ने वाध्यता (अवसर) पनि आइलाग्यो । रातिको क्याम्पसमा पनि पढाउन थालैं अनि परीक्षाको कार्यहरु लिएर प्रश्नपत्र बनाउनेदेखि उत्तरपुस्तिकाहरु जाँच्ने, टेबुलेसन गर्ने र स्क्रुटिनिङ गर्न समेत थालैं । त्यस उपर पनि पत्र पत्रिकाहरुमा लेखहरु लेखेर यसो थप आयश्रोत जुटाउने काम पनि गरिन्थ्यो ।

यस्तै गाह्रो साँघुरोका साथ काठमाण्डौको जीवन जसोतसो चल्दै थियो । अरू साथीहरुको सिको गरेर डेढवर्षे तलवी ऋण र अलिकति सञ्चयकोषको कर्जा समेत गरेर एक टुक्रा घडेरी जोड्ने काम भयो । दुवै प्रकारका ऋणहरु कट्टि गर्नु पर्दा निक्कै आर्थिक बोझ थपिएकै भए पनि अरू थप परिश्रम गर्दै गुजारा चलाउने काम भएकै थियो । यसै विचमा वि.सं.२०३६ सालमा उपप्राध्यापक पदमा मेरो पदोन्नति पनि भयो । अलिकता शिर ठाडो भएको मानैं । बि.एड र एम.एड तहमा भाषाविज्ञान पढाउने नेपाली विषयको जनशक्तिको अभावै थियो । आफूलाई आएको अभिभारा ठानेर मैले खुशीसाथ भाषाबिज्ञान र भाषा शिक्षणको पाठ्यांशं पढाउने गर्दथैं । इलामबाट काठमाण्डौ आएको सात वर्षपछि अर्थात वि.सं.२०४१ सालमा त्रि.वि.को 'फ्याकल्टि डिभेलोपमेन्ट प्रोग्राम' अन्तर्गत भाषाविज्ञानमा पि.एच.डी.गर्न म छानिएँ । त्यसपछि म सपरिवार पुना विश्वविद्यालय (भारत)तर्फ लागैं । अढाई बर्षमा पुनाको डेक्कन कलेजबाट 'बान्तावा भाषाको वर्णनात्मक अध्ययन'मा थेसिस बुझाएर म नेपाल फर्कैं । लगभग ६ महिनाभित्र मलाई पि.एच.डी.को उपाधि पुना विश्वविद्यालयले दियो । सोहि बखत जर्मनीमा (Alexander von Humboldt foundation)मा भाषाविज्ञानमा पोष्ट डक्टरेट गर्न म छानिएँ । सन् १९८६ देखि १९८८ सम्म जर्मनीको कील विश्वविद्यालयबाट पोष्ट डक्टरेट गरैं । आफू र आफ्ना परिवारलाई जर्मन भाषा सिक्ने मौका पनि प्राप्त भयो । दुवै छोरीहरुले त्यहाँ स्थानीय स्कूलमा जर्मन माध्यममा नै पढ्ने मौका पाए, पढे । जर्मनी जाने बखतमा नै मैले मेरो पदोन्नतिको लागि अर्न्तवार्ता दिएर गएको थिएँ अनि केहि समयपछि म त्यँहा बस्दाबस्दै वि.सं.२०४३ सालमा सह-प्राध्यापक पदमा छानिएछु । त्यस बखत सजिलैसँग मेरो प्रोमोशन भयो किनभने विभागमा म बाहेक कसैले पनि पि.एच.डी. डिग्री हाँसिल गरेका थिएनन् अनि खुशि र गर्व दुवै नै लाग्ने भयो नि ।

दुई बर्ष जर्मनीमा बिताए पछि म सन्१९८८ (वि.सं.२०४५साल) मा स्वदेश फर्केर आएँ सपरिवार । सानो छदाँ आँखाको कारणले लाहुरे जान नपाएकाले लाहुर हेर्ने तिब्र इच्छा थियो । आफ्नो खर्चले नै हामी

हङकङ भएर काठमाण्डौ आयौं । हङकङमा पन्ध्र दिन बसेर पल्टनमा भएका आफन्तहरुसँग भेटघाटका साथ किनमेल गरेर घर फर्कने काम भयो । 'पढेर पनि विदेश जान पाइने रहेछ' भन्ने कुरा थाहा पाएर आफ्ना नातागोतामा निकै चर्चा चल्यो हाम्रो बारेमा । दुई वर्षसम्म जर्मनीमा आफ्नो फेलोशिपबाट जोगाएर ल्याएको पैसाले काठमाण्डौमा घर बनाउने काम पनि भयो । आफ्नो परिवारलाई एउटा छाना दिन सकेकोमा औधि खुशी लाग्यो ।

समय बितिरहेको थियो । विभागमा आफू 'सिनिएर' भएकाले र विदेशबाट 'पोष्ट डक्टरेट' समेत भएकोले आफ्नो शिर उँचो नै थियो भन्नुपर्छ त्यसबखत । देशमा वि.सं २०४६ सालको जन आन्दोलन आयो, आफूले पनि सक्रिय भाग लिइयो, बहुदल प्राप्त भयो । लामो समयसम्म पञ्चायति व्यवस्थामा साँघुरो अवस्थामा काम गरेर आएकोमा अब सजिलै सास फेर्न सकिने भयो भनेर मन रमायो । अधिकांश साथीहरुले पार्टीको सदस्यता लिए अनि कतिले त सदश्यका रूपमा 'लेबी' पनि तिर्न थालेको देखियो । आफूलाई भने कुनै पार्टिको सदश्यता लिन पनि ईच्छा भएन; स्वतन्त्र नै भएर बसियो । हिजोका दिनहरुमा पार्टी खुल्ला नहुँदा गोप्य रूपमा स्कूल क्याम्पसहरुमा पार्टी सम्बन्धि कार्यकलाप गरेर बहुदलको पक्षधर भएर जसोतसो बसियो अनि आज पार्टी खुल्ला भएपछि स्कूल कलेज छाडेर खुल्ला रूपमा सडक-सदन र मैदानमा राजनीति जानुपर्छ भन्ने आफ्नो मान्यता रह्यो । स्कूल क्याम्पसका छात्रछात्राहरुमा, शिक्षक, शिक्षिकाहरुमा अनि सरकारी कर्मचारीहरुमा समेत अनेक संघ, संगठन र युनियनहरु खोलिए । यसै निँहुमा हामी एकअर्कामा अनेक समूहमा विभाजित भयौं, नराम्ररी पानी बाराबरको अवस्था सरहमा पुग्यौं । मलाई भने यसो हुन मन नलागेर कुनै पनि समूहमा नलागी स्वतन्त्रै रहिरहन ईच्छा भयो; छ पनि ।

यसै अवस्थामा एकदिन नेपाली विषयको प्राध्यापक पदको लागि अन्तर्वार्ता दिन पुगियो । निकै लामो समयसम्म अध्यापन गरेको, आफ्नो विषयमा गर्नुपर्ने सबै प्रकारका कामहरु गरेर पनि आएको, पि.एच.डी. र पोष्ट डक्टरेट उपाधि हाँसिल गरेको अनि नेपाल बाहेक विदेशी पत्रिका र जर्नलहरुमा पनि लेख रचनाहरु प्रकाशन गरेकाले आफू प्राध्यापक नहुँला भन्ने कुरात मनमा छदै थिएन । अवश्य पनि आफू प्राध्यापक पदमा छानिने छु भनेर ढुक्क भएर बस्दा परिणाम ठीक उल्टो भएर प्रकाशित भयो । म अत्यन्त मर्माहित भएँ, अब के गर्ने ? के नगर्ने ? म भन्ने प्रश्नले किंकर्तव्यखिमूढ भएर अँध्यारो जस्तै भएँ । आफूभन्दा कम योग्यता भएका साथीहरु विभागमा प्राध्यापक भएर आएकामा आफूमा विद्रोह र आक्रोशका ज्वालाहरु बले । बहुदलको जगजगीमा आफू पार्टी विहिन भएकाले यही नै नियति हुने रहेछ भन्ने थाहा पाएँ । अब पेन्सन पनि पाकिसकेको र गाँऊघरबाट शहर पसेकाले उतै फर्केर जाने मनले जागिरबाट राजिनामा दिने मनसाय लिएर तात्कालीन उपकुलपति श्री केदारभक्त माथेमाकहाँ उभिन पुगें । उहाँले यथार्थ कुरा थाहा पाएपछि मेरो राजिनामा स्वीकृत गर्न अस्वीकार गर्नु भयो । बरू आफूले रोजेको कुनै पनि ठाऊँमा सरूवा भएर जानका लागी सल्लाह दिनुभयो । यसो विचार गरेर मैले त्यस बखत नेपाल र एसियाली अनुसन्धान केन्द्र (CNAS) मा जाने ईच्छा जाहेर गरेर त्यसै अनुरूप म त्यहाँ गएँ । यो एउटा अनुसन्धान केन्द्र भएकाले विभागमा जस्तो अध्यापन गर्नु पर्ने अवस्था थिएन अनि आफै स्वतन्त्र रूपले काम गर्न सकिने अवस्थामा भएकाले म त्यहाँ टिकेर बसें; आज पर्यन्त ।

वि.सं.२०५१ सालको मध्यावधि निर्वाचनपछि ने.क.पा.एमाले पार्टीले सरकार चलाउन पर्ने अवस्थामा पुग्यो । यस अवस्थामा एकदिन सो पार्टीबाट मलाई राजदूत भएर नेपालको प्रतिनिधित्व गर्नका लागि सोधियो;

म अत्यन्त दोधारमा परेँ । अचानक आफूलाई आएको 'अफर' सपनामा पनि नसोँचेको, आफू त्यसका लागि योग्य भए नभएको चाल नपाएको अनि अल्पमतको सरकार भएकाले म एकदमै अन्यौलको अवस्थामा परेँ । साँच्चै नै म के गर्ने र नगर्ने भएर निक्कै दिन बितेर गए । आखिर मैले सो पद स्वीकार गरेर चार वर्ष ६ महिना जर्मनीका लागि शाही नेपाली राजदूतका रूपमा सेवा गरेर सन् २००० डिसेम्बरमा फर्केर फेरि त्रिभुवन विश्वविद्यालयमा आफ्नो कार्यभार सम्हाल्न पुगेँ । म राजदूत छँदै जर्मनीबाट आफ्नै निजी खर्चमा आएर पँनः प्राध्यापक पदका निम्ति अन्तर्वार्ता पनि दिएको थिएँ तर त्यस पटक पनि मेरो पदोन्नति भएन ।

म अझ पनि नेपाल र एसियाली अनुसन्धान केन्द्र (CNAS) मा नै कार्यरत थिएँ । त्यसबखत पनि तेश्रो पटक मैले प्राध्यापक पदका लागि आवेदन दिएँ । म त्यसबेला त्रि.वि.मा भरखर भरखर खुलेको भाषा विज्ञान केन्द्रीय विभागमा पढाउने काम पनि गर्दथेँ । मैले आफ्नो योग्यता अनुसार प्राध्यापक पदमा आवेदन गर्न मिल्ने तीनवटा अलग अलग पदहरु खुलेका थिए । आफूले शुरूदेखि नै पढाएर आएको नेपाली भाषा शिक्षाको प्राध्यापक पदमा त आवेदन दिन मिल्ने नै भयो अनि नेपाली भाषा साहित्यमा र भाषा विज्ञान विषयका प्राध्यापक पदमा पनि दरखास्त दिन मिल्ने भएकाले मैले ती तीनवटै पदमा आवेदन गरेँ । अन्तर्वार्ता सम्पन्न भएको नौ महिनापछि मात्र 'रिजल्ट आउट' भयो । म नेपाली शिक्षाको प्राध्यापक पदमा छानिए छु । त्रिभुवन विश्वविद्यालयमा सहायक प्रध्यापक पदमा नियुक्त भएको तीस वर्षमा प्रध्यापक पद प्राप्त गर्न सकेकोमा खुशी नै माने । वि.सं.२०५९ साल फागुन २० गते सो पदमा नियुक्त भएँ । यसमा पनि मेरा केहि प्रतिद्वन्दीहरुले मेरो नियुक्तिको विरोधमा सर्वोच्च अदालतमा उजुरी समेत हालेका थिए तर अदालती निर्णयले विश्वविद्यालयले गरेको मेरो नियुक्ति प्रक्रियालाई सहि ठहर गरिदियो र म त्रि.वि.को प्राध्यापक पदमा ७ वर्ष ६ महिना गरेर जम्मा ३८ वर्ष १ महिना १ दिनसम्म सेवारत रही वि.सं २०६७ साल भदौ २ गतेका दिन मैले स्वच्छाले राजिनामा दिएँ ।

किराँत कुलमा जन्मेकाले र आफूभन्दा अघि विश्वविद्यालयमा मात्र नभएर नेपाल सरकारको कुनै पनि मन्त्रालय विभागका पदहरुमा जागिर खाने परम्परा नरहेको अवस्थामा आफू लाहुर जाने प्रयासरत भइयो । सौभाग्य/दुर्भाग्यले आफ्नो ईच्छा पूरा नभएपछि जंगली लहरा जस्तै यता र उति हुदै त्रि.वि.को प्राध्यापन पेशामा लागेर निक्कै लामो यात्रा तय गरिएछ । यसरी कुनै योजना नै नगरी छामछामछुमछुम गर्दै यो बिसौनीमा टेक्न आइपुगिएछ । यो सेवामा अनेक खुड्किलाहरु पार गर्दा बाँधा र व्यवधानहरुले आक्रान्त पारे पनि समग्रमा म आफ्नो सेवाबाट सन्तुष्ट छु । पाँचथरको दूर्गम ठाँऊमा जन्मेर अर्थाभाव, सूचना-सल्लाहको कमी र योजना विहीन भएर पनि जीवनको महत्वपूर्ण समय शिक्षाको क्षेत्रमा बिताउन पुगिएछ । आफू र आफ्नो परिवारका अन्य सदश्यहरुले जसोतसो उच्च शिक्षा हाँसिल गर्न सफल भए पनि म सम्झन्छु 'मेरो समुदाय, मेरो परिवेश र मेरो देश अझै पनि पछौटे अवस्थाबाट माथि उठ्न सकेको छैन । समुदाय र समाजलाई सक्षम नेतृत्व दिन सक्ने नेता पनि नदेखिएको अवस्थामा मेरो देशले कस्तो दिशा लिने हो' भन्ने कुरामा म निक्कै चिन्तित छु । यस अवस्थामा म नयाँ पिढीलाई शिक्षा, अशल शिक्षा र गुणस्तरीय शिक्षामा समय र श्रोत खर्चेर योजनाकासाथ अघि बढ्ने सल्लाह दिन्छु । अनेक हुरिबतास झेलेर आउदा मलाई थाहा भयो 'शिक्षाले उज्यालो दिन्छ, शिक्षाले ज्ञान दिन्छ र शिक्षाले नै शक्ति पनि दिन्छ ।'
तसर्थ 'अशल शिक्षा' आर्जन गर्न परिश्रम, प्रतिवद्धता र उचित परामर्शको आवश्यकता हुन्छ । आजका युवा पुस्ता यसै दिशातिर उन्मुख हुनुपर्छ भन्ने मेरो राय-सल्लाह छ ।


विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना

आवरलिंक सपोर्ट परिवार
पो.ब.नं.: २०२११, तिनचुली, काठमाडौं
फोन नं.: ४४७१०७२, फ्याक्स : ४४६०५२६
Email: ourlink@wlink.com.np


विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

चतुरभक्त राई
अध्यक्ष (किरायत)
जानुका राई


विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

क्या. नैनबहादुर दुमिराई
रत्नमाया राई
महाराजगंज, काठमाडौं ।


विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

ऋषिश्वर राई
राम्री राई
ढोलाहिटी, काठमाडौं

# अन्तर्वार्ता

**इसिलिम :** धेरै वर्षपछि भेट भयो, यहाँलाई इसिलिममा स्वागत छ ।

*धन्यवाद !*

**इसिलिम :** यो बीचमा तपाई कहाँ हुनुहुन्थ्यो ?

*म सन् २००० वाट २००६ सम्म अमेरिकामा र सन् २००६ वाट २००८ सम्म UAE मा थिएँ ।*

**इसिलिम :** अगाडि तपाईं त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राध्यापन पेशामा हुनुहुन्थ्यो, कुन विषय पढाउनुभयो ?

*म २०४५ साल फागुनबाट त्रिचन्द्र क्याम्पसमा भौतिक शास्त्र विषयको उप–प्रशिक्षक पदमा नियुक्ती भई २०५६ साल मंसिर सम्म त्रिभुवन विश्व विद्यालयमा उप–प्राध्यापक पदमा कार्यरत थिएँ ।*

**इसिलिम :** यसबीचमा प्राध्यापन छोड्नुभयो होइन, किन छोड्नुभयो ?

*म २०५६ सालमा Ph.D. गर्न अमेरिका जाने शिलशिलामा अध्ययन विदा मिलेन । तर मैले पढाईलाई नै प्राथमिकता दिएकोले त्रि.वि.को सेवालाई छाड्नु पर्‍यो ।*

**इसिलिम :** यहाँले पि.एच.डि. गर्नुभएको विषय चाहिँ कुन हो ?

*मैले शिक्षा शास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा सिकाई प्रविधि विषयमा Ph.D. गरेको हुँ ।*

**इसिलिम :** तपाईं शिक्षण पेशामा लाग्नुभएको कति भयो ? र शिक्षणबाट के पाउनुभयो ?

*शिक्षण पेशामा लागेको २० बर्ष भन्दा बढी भयो । शिक्षण पेशाबाट पहिलो कुरा त रोजिरोटी नै प्राप्त भयो भन्नु पर्‍यो । र त्यसको अलावा शिक्षण पेशा भनेको एउटा पवित्र पेशा हो भन्ने पाएँ । देशको लागि असल नागरिक उत्पादन गर्ने थलो नै शिक्षण संस्था हो । आफू शिक्षण पेशामा लागेकोले नै होला शिक्षण पेशामा लागेका मानिसहरू बढी स्वाभिमानी भएको पाएँ ।*



- डा. राजकुमार डुमिराई

**इसिलिम :** नेपालको शिक्षा प्रणालीले समग्र नेपाली समाजको विकासको लागि उत्प्रेरकको भूमिका खेल्न सक्छ ?

*यो प्रश्न ज्यादै गाम्भिर र महत्वपूर्ण छ । वास्तवमा भन्ने हो भने धेरै नेपालीहरूलाई यहाँको शैक्षिक प्रणाली वारे संकास्पद भए पनि मलाई हाम्रो शिक्षा प्रणालीले नेपाली समाजको विकासको लागि उत्प्रेरकको भूमिका खेल्न सक्छ जस्तो लाग्छ । किन भने यहाँबाट उत्पादन भएका धेरै नेपाली विद्यार्थीहरूले विदेशी विश्वविद्यालयहरूमा राम्रो गरेका छन् । साथै उनीहरूले पढाई पछि आफ्नो Carrier Field df पनि राम्रो सफलता हासिल गरेका छन् । त्यस्तै देश भित्र पनि पढेका मानिसहरूको सोचमा धेरै परिवर्तन आएको छ । खासगरी परम्परागत भएका नराम्रा कमी कमजोरीहरूको वारेमा जनचेतना फैलाएको छ ।*

**इसिलिम :** नेपालको शिक्षा प्रणालीमा भविष्य नदेखेर हो धेरै नेपाली विद्यार्थिहरू विदेशी विश्वविद्यालयहरूमा ओइरिएका ?

*मलाई नेपालको शिक्षा प्रणालीको भविष्य नदेखेर धेरै नेपाली विद्यार्थीहरू विदेशी विश्व विद्यालयहरूमा ओइरहेको जस्तो लाग्दैन । मेरो विचारमा यसको पछ्याडी खास गरेर २ वटा कारणहरू प्रमुख हुन सक्छ । पहिलो , नेपालमा भइरहेको राजनीतिक अस्थिरता र दोश्रो , धेरै नेपाली विद्यार्थीहरूको मष्तिकमा विकसित वा अन्य देशमा पढ्न जाँदा बेग्लै किसिमको आनन्द तथा अवसर प्राप्त हुने सोच । राम्रा अध्ययनशिल विद्यार्थीहरूको लागि यही पढे पनि उसलाई स्वदेश तथा विदेशमा काम पाउन गाह्रो पर्दैन जस्तो लाग्छ ।*

**इसिलिम :** यहाँ त शिक्षविद, नेपालको परिवेशमा पशिचमी शिक्षा प्रणाली उपयुक्त हुन्छ कि नेपाली समाजको सँस्कृति सुहाउँदो अन्य कुनै शिक्षा प्रणाली ?

*मेरो विचारमा नेपालको परिवेशमा पशिचमी शिक्षा प्रणाली हुवहु सार्नु भन्दा त्यहाँ भएका राम्रा पक्षहरू , जो यहाँ सार्नु उपयुक्त हुन्छ , लाई समेटेर यहीको परिवेश अनुसार साथै विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने शिक्षा प्रणालीको विकास गर्दा राम्रो हुन्छ जस्तो लाग्छ । किनभने यहाँको सामाजिक , भौगोलिक परिवेश अन्य देशहरूको भन्दा भिन्दै छ ।*

**इसिलिम :** विदेशमा विद्यावारिधी गरेर आउनुभएको व्यक्ति तपाई, विदेशमा पनि अध्यापन गराउनुभयो कि ?

*हो मैले अमेरिकामा एउटा Community College मा दुई वर्ष र U.A.E को दुईवटा University मा एक एक वर्ष पढाएँ ।*

**इसिलिम :** यहाँको प्राथमिक तथा माध्यमिक शिक्षा कहाँबाट लिनुभयो ?

*मैले प्राथमिक शिक्षा खोटाङ जिल्ला अन्तर्गत कुभिण्डे गा.वि.स मा अवस्थित श्री रत्न राज्य लक्ष्मी प्रा.वि. वाट र माध्यामिक शिक्षा झापा जिल्ला अन्तर्गत तोपगाछी गा.वि.स मा अवस्थित श्री महेन्द्र रत्न मा.वि बाट पूरा गरेको हुँ ।*

**इसिलिम :** नेपाल र अन्य पशिचमी देशको अध्यापन विधिमा कति भिन्नता पाउनुभयो ?

*नेपाल र अन्य पाशिचमी देशको अध्यापन विधिमा धेरै अन्तर छ । हामी धेरैजसो सैद्धान्तिक पक्षलाई जोड दिन्छौं भने उनीहरू व्यावहारीक र Application पक्षलाई बढी जोड दिन्छन् । हामी कक्षामा पढाउँदा धेरै जसो Lecture Method (जसमा शिक्षक वोल्छ र विद्यार्थी सुन्छ मात्र) प्रयोग गर्छौं भने उनीहरू त्यो वाहेक अन्य विधिहरू जस्तै Class Presentation, Discussion, Group Project, Presentation, Cooperative Learning आदि बढी प्रयोग गर्छन् । साथै उनीहरू चक र कालोपाटी वाहेक अन्य प्रविधिहरू जस्तै श्रव्य दृष्य उपकरणहरू र Computer तथा Multimedia को पनि बढी प्रयोग गर्छन् । त्यस्तै यहाँ विद्यार्थीहरूलाई बढी घोकाइन्छ भने त्यहाँ विद्यार्थीहरूलाई बढी बुझ्न को लागि प्रेरित गरिन्छ । यहाँ हामी कहिले काँही भनेको*

*नमान्ने विद्यार्थीलाई एक दुई थपड पनि दिन्छौं भने त्यहाँ विद्यार्थीलाई Physical Punishment भनेको केही पनि गर्न पाइँदैन ।*

**इसिलिम :** नेपालमा अहिले सबै वर्गमा राजनीतिक तथा समाजिक चेतनाको कारणले आफ्ना मातृभाषा प्रतिको लगाव ह्वात्तै बढेकोछ, साथै मातृभाषामा पाठनपाठन पनि जात जातिहरूमा प्रतिषर्धाकै रूपमा अगाडि बढेकोछ, यसबारे यहाँको भन्नु के छ ?

*आफ्नो मातृ भाषा प्रति लगाब बढ्नु राम्रो कुरा हो । देशमा विभिन्न जातिय भाषाहरू राष्ट्र कै सम्पती हुन् । यहाँ बोलिने विभिन्न भाषाहरू पनि राष्ट्रिय पहिचानको एउटा सुचक हो । त्यसकारण यी भाषाहरूको सम्बर्द्धन र संरक्षणको लागी राज्यले सकेसम्म धेरै महत्व दिनुपर्छ । कमसेकम प्राथमिक तहका शिक्षा मातृभाषामा दिंदा विद्यार्थीहरूलाई मनोबैज्ञानिक ढंगले सहज हुने भएकोले उनीहरूलाई दिईने शिक्षा बढी प्रभावकारी हुन सक्दछ ।*

**इसिलिम :** हाम्रो जस्तो राजनैतिक अस्थिरताले सबै क्षेत्र डामाडोल भएको देशमा मातृभाषाको पठनपाठनको जिम्मा राज्यको तहबाट लिनु राम्रो हुन्छ कि सम्बन्धित भाषिक संस्थाहरूले आफैं पहल गर्नु ठिक हुन्छ ?

*मेरो विचारमा मातृभाषामा पठनपाठनको विषयमा भाषिक संस्थाहरूसित सहकार्य गरी राज्यले नै यसको संचालनको जिम्मा लिँदा राम्रो हुन्छ । किनभने भाषिक संस्थाहरूलाई मात्र दिँदा विभिन्न सम्प्रदायहरूको विचमा असमझदारी पैदा हुन सक्छ ।*

**इसिलिम :** तपाईको जन्म, जन्मस्थल र पारिवारिक पृष्ठभूमिको बारेमा पाठकहरूलाई बताईदिनोस् न । मेरो जन्म २०१९ साल श्रावणमा भएको हो । मेरो आमाको नाम लक्ष्मी राई हो भने बुबाको नाम पञ्च बहादुर राई हो । मेरो पुर्ख्यौली जन्मस्थल भनेको खोटाङ जिल्ला कुभिण्डे गा.वि.स हाँचेका हो । म साधारण परिवारमा हुर्केको व्यक्ति हुँ । मेरो बुवा भारतीय सेनाको भूतपूर्व सैनिक हुनुहुन्छ ।

**इसिलिम :** हालको बसोबास ?

*हाल म ललितपूर जिल्लाको टिकाथली गा.वि.स मा वसोवास गरिरहेको छु ।*

**इसिलिम :** परिवार संख्या ?

*मेरो परिवारमा ४ सदस्यहरू छन् । म , श्रीमती, र दुई छोराहरू । जेठा छोरा कक्षा १२ र कान्छा छोरा ८ मा पढ्दैछन् ।*

**इसिलिम :** अव अलि दार्शनिक पक्ष तर्फ जाउँ, जन्मे देखि मरेसम्म यो त्यो, यता, उता, धरपकड, दौडधुप, रिस, राग, आखिर यो जीवन के रहेछ डाक्टर साब ?

*जीवन भनेको पहिलो कुरो त वाँच्नु नै हो । कोही आफ्नो भौतिक शरिर भइन्जेल बाँच्छन् त कोही भौतिक शरिर त्याग गरि सकेपछि पनि वाँचिरहन्छन् । यही बाँच्ने शिलशिलामा गरिने, भोगिने विभिन्न अनुभवहरू जस्तै परिश्रम, सघर्ष, रमाइलो, आनन्द, आदिको समिश्रण नै जीवन हो भन्ने ठान्दछु ।*

**इसिलिम :** मानिसलाई पहिचान किन चाहिँदोरहेछ ? विहान बेलुकी खान, लागाउन पुगे भएन ?

*मानिसलाई बिहान/बेलुका खान र लगाउनको अलाबा पहिचानको पनि*

आवश्यकता पर्दछ । किन भने मानिसको पहिचान उसको जीवनको मूल्य र मान्यतासँग गाँसिएको हुन्छ । पहिचान सबैको हुन्छ चाहे त्यो सानो घेरामा होस् वा ठूलो घेरामा । पहिचान दुई किसिमको हुन्छ । कुनै जन्मसिद्ध हुन्छ भने कुनै व्यक्ति आफैले कमाउने पहिचान । आफैले कमाउने पहिचानको दायरा उसको महत्वाकांक्षा र क्षमताले प्राप्त गर्ने सफलतामा भर पर्छ ।

**इसिलिम :** दुमिहरूको साझा संस्था किरात राई फन्सिकिमको क्रियाकलापले समस्त हरूको पहिचानको लागि गरिरहेको गतिविधिहरू बारे यहाँको धारणा के छ ?

*दुमि किरात राई फन्सिकिमले गरिरहेको कृयाकलाप एकदमै सराहनीय छ । जो साथीहरू यसमा सक्रिय रूपले लागिरहनु भएको छ वहाँहरूलाई मेरो तर्फबाट हृदयदेखि नै धन्यवाद छ । यसमा अझ सकेसम्म धेरै दुमि किरातराईहरूलाई आफ्नो पुर्ख्यौली पहिचानलाई सदियौंसम्म जोगाइराख्नको लागि केही गरौं भन्ने भावना उत्प्रेरीत गरी उनीहरूलाई पनि सहभागिता गराउन सकियो भने अझ बढी काम गर्न सरल र प्रभावकारी हुनेथ्यो जस्तो लाग्छ ।*

**इसिलिम :** हामी कहाँ यस्ता भाषिक संस्थामा खटेर काम गर्ने जनशक्तिको सधैं अभाव हुन्छ, धेरै युवा पुस्ताहरूलाई संस्थाको अभियानमा सरिक गराउन के गर्नुपर्ला ?

*उनीहरूलाई हाम्रो पूर्ख्यौली पहिचानको महत्वको वारेमा Counseling गर्नु जरूरी छ । बेलाबेलामा कार्यक्रमहरू गरी उनीहरूलाई सहभागी गराइराख्नु पर्छ । यसरी सहभागी गराउँदा उनीहरूलाई हामीले गरेका कार्यक्रमहरू विशुद्ध निस्वार्थ रूपले हाम्रो जातिय समाजको लागि गरेका छौं भन्ने अनुभूति दिलाउनु पर्दछ ।*

**इसिलिम :** दुमि किरात राईहरूको साझा संस्थाको प्ररम्भका दिनमा अग्रजको रूपमा योगदान दिनुभएको तपाई धेरै वर्षपछि दुमि किरात राई फन्सिकिम र इसिलिमसँग आवद्ध हुँदा कस्तो महसुस गरिरहनुभएकोछ ?

*धेरै पछि फेरी दु. कि. रा. फन्सिकिममा आवद्ध हुन पाउँदा म आफूलाई ज्यादै गौरवान्वित ठानेको छु । किनभने यो संस्था आफ्नै घर भित्रको संस्था हो । सुरूको समयमा खासगरी केहि गर्न नसकिए पनि अबका दिनमा संस्थाको लागि अझ केहि गर्नु पर्छ भन्ने लागेको छ ।*

**इसिलिम :** फन्सिकिम तथा इसिलिमको हालको अवस्था हेरेर के सुझाव दिनुहुन्छ ?

*फन्सिकिम र इसिलिमलाई अझ बढी प्रभावकारी बनाउन समस्त दुमि किरातराईहरूलाई यसको महत्व वारे प्रकास पारी सबैलाई सक्रिय रूपले सहभागी गराउनु पर्छ । साथै फन्सिकिम सम्पूर्ण राईहरूको एउटा साझा संस्था हो भन्ने भावना विकसित गराउनु पर्छ ।*

**इसिलिम :** समय दिनुभएकोमा धन्यवाद !

*यस पत्रिका मार्फत आफ्नो अनुभव र क्षेत्रको वारेमा विचार राख्न अवसर दिनु भएकोमा तपाईलाई पनि धन्यवाद ।* ■

# बमबहादुर राई- एक जुझारू व्यक्तित्व

- बलराम राई

खोटाङ जिल्ला माझकिरात तत्कालिन् पूर्व ३ नं.रावा डुम्रे अन्तर्गत रावा क्षेत्रको रन्धोज द्वारेलाई त्यो वेला सवैले चिन्थे र मालअड्डाले अझ राम्रो चिन्थ्यो। उनै चर्चित द्वारेको छ भाई छोराहरूमध्ये वि.सं.१९३८ सालमा माइला छोराको रूपमा वमबहादुर राईको जन्म भएको हो। उनी आफ्नो क्षेत्रमा ६ फुट अग्लो, गोराखिलो, बलियो र रूपले सुन्दर युवक देखिनुहुन्थ्यो। खेती किसानी गर्दा खेतबारीको ढुगा फुटाउनु र गाह्रो लगाउनु समेत छिमेकमा राम्रो सीप भएको मानिनु हुन्थ्यो। वम वहादुर गाउँघर, वन जंगल, गोठ घर सवैठाउँमा पुग्दा नयाँ अपरिचितहरूसँग पौठेजोरी, छेलो र कुस्ति खेल्नै पर्ने हुन्थ्यो जसमा बम बहादुर सवैभन्दा अव्वल। एक पटकको कुरा हो :- तीन वर्षे भैंसीको राँगा बाजीमा उचाली थेचार्दा एकै पल्टमा मारिदिनुभएछ। त्यो घटना देख्नेहरू वमवहादुरको तागत र हिम्मत देखेर छक्क परेछन्। आफन्तहरूले धेरैपछिसम्म यो कुरा गरिरहनुहुन्थ्यो। वाँसको गुलेलीले तारो हान्दा होस् या वन्दुकले जंगलमा सिकार खेल्नु जाँदा मृग, थार, वनेल, बाघ आदि मार्नु, दैनिक साधारण खेल जत्तिकै हुन्थे। तालैपिच्छे शिकार मारेमा एकलौटी वमवहादुरको हुने, नमारेमा हार्नेको जन्तु (सिकार) वरावरको दुईगुणा हर्जना तिर्नुपर्ने नियम वाँधेछन्। यसरी बाजी माथि बाजी थपिँदै जाँदा भित्र भित्रै धेरैजनासँग रिसइवी बढ्दै गएछ। खार्मीमा लुर्के, माथे र घोडे भनेपछि सवै थरहरी हुन्थेछन्। कारण लोग्ने-स्वास्नी साधारण घर-झगडा भएमा उनीहरू त्यहाँ पुगेमा दुवै पक्षले केही दिंएर माफी माग्नु पर्ने नत्र लोग्ने-स्वास्नी नै छुट्याईदिन सक्थ्यो रे। त्यस्तो रकमी झगडियासँग वम बहादुरको दिनदिनै टक्कर पर्न थालेछ।

खार्मीमा त्यो वेला मानेवजार र पञ्चमी बजार खुव धुमधामले लाग्ने चलन थिएछ। छेडिएको चारपैसालाई एक गण्डा भनिन्थ्यो र त्यो बराबर एक काँगियो केराको बजार भाउ थिएछ। बजारमा लुर्के, माथे र घोडेहरूको वुहारीले पाँच काँगियोको दरले केरा वेच्दा वजार व्यवस्थापन अध्यक्ष वमवहादुरले महंगो नवेच्नु भनेको विषयमा उनीहरूका ससुराले रिसइवि लिएछन्। त्यही साल खार्मी र नेर्पालीको लेकको खर्कमा सिमा मिचामिच, वस्तु खेदाखेद, गोठ काटाकाटको घटना भएछ। जसको योजनाकारहरू पोखरेल र थापा थिएछन् र उनीहरूले गोप्य षड्यन्त्र रची गजपत्र (धर्मपत्रिका) वनाएर गोप्य रूपले दुवै पक्षका राईहरूलाई सहिछाप गराएछन्। अर्थात वाह्रै पगरिलाई 'पिता–पुत्र' ७ कुल उभो उधो भाग गरी ३ चुल्हो साक्षि राखेर वारिसेले भनेको मान्नेछौं भनी सहिछाप गराएछन्। तव खार्मीलेलाई वोक्ने थापा भएछ र नेर्पालीलाई बोक्ने पोखरेल भएछन्। वस्तु खेदाखेद, गोठ काटाकाट हुन थाल्यो। मुद्दा शुरू जिल्ला अदालत, दौडाहा सवैतिरबाट अघि वढ्यो। धेरै वर्षपछि मुद्दा फैसला भयो। घिउ, कुराउनी, राडी र रूपैयाँ थुप्रै भेटी चढायो। किन्तु वारिसेले भने वमोजिमको थप खर्च तिर्न नसक्दा खार्मीलेको जग्गा थापाको नाममा र नेर्पालीको जग्गा पोखरेलको नाममा दर्ता भयो। खार्मीले र नेर्पाली त्यो वेलादेखि हालसम्म हेरेको हेर्‍यै भएका छन्। यसरी आदिवासी भूमिपुत्रको जग्गा नव आगन्तुकले खाईदिएका छन्। यस्तो षडयन्त्र देशैभरी भैरहन्थ्यो। अझ शाहवंशको राज्य एकिकरणको समय आफ्ना लडाकु सैन्य जहाँ-जहाँ पुग्यो त्यहाँ-त्यहाँका भूमिपुत्रको जग्गा जमिन हडपेर (खोसेर) फौज र ब्राम्हणहरूलाई विर्ता, गुठी दिएर ठाउँ-ठाउँमा राखेको प्रशस्त अलिखित सत्य प्रमाण सवैको छातिमा रहेकोछ।

यी यस्ता सवै घटनाहरूलाई मिलाएर षडयन्त्रपूर्वक गतिलो मुद्दाहरू बनाएछन्। वमवहादुर राईको नाममा राँगा, भैंसी मारिदिएको, गोठ घर

पोलीदिएको, वन्यजन्तु मारेको, गर्भपतन हुनेगरी कुटपिट गरेको र बस्नु खानु नदिएर गाउँबाट खेदेको हुँदा सर्वश्वसहित जन्मकैद गरिपाउँ भन्ने छुट्टाछुट्टै २२ मुद्दा एकैपटक दरेछन् । 'संसारमा आफू जति शक्तिशाली वन्यो त्यही अनुसारको प्रतिद्वन्दी निस्कन्छ' भनेजस्तै वमवहादुर राईको पनि प्रत्यक्ष र अप्रत्यक्ष शत्रुहरू निस्कियो । खानु न विराउनुको शत्रुहरू देखा पर्‍यो । आफ्ना शक्तिको ईर्ष्याले संगठित शत्रुहरू वनेछन् । मुद्दामा प्रत्यक्ष देखापर्नेम लुर्के, माथे, घोडे र वमप्रसाद भएछन् । अरू अदृष्य रूपले भित्रभित्रै आर्थिक र सरसल्लाह दिनेहरू पनि धेरै भएछन् ।

आफ्नो मुद्दामा आफू उपस्थित भएर छलफल गर्ने अवस्था नभएपछि प्रथमतः घर सल्लाह भएछ । त्यसपछि ससुराली जेठु सुवेदार थौलविर थुलुङ, साला क्याप्टेन हर्कराज थुलुङ समेतसँग सल्लाह लिनु भएछ । मुद्दाको सारा जिम्मा श्रीमती चुनमाया, नावालक छोरा गजुरमान र ससुरालीहरूले लिनुभएछ । अफसोच ! हिजोका वलवान वमवहादुर आज घर-परिवार र गाउँ छोडेर अनिश्चितकालको निम्ति भारत लाग्नुभएछ । त्यो वेला घरका र गाउँका आफन्तहरूको आँशु चुह्यो तर केही शत्रुहरूलाई भने दशैं-तिहार आएजस्तै भएछ । वमवहादुरले फटाफट पाईलो अघि सार्दै भन्नुभएछ - 'भूगोलको नियम रात-दिन भै'रहनु हो, पृथ्वी गोलो छ, घुमीरहन्छ ।'

भारत पसेर वमवहादुरले काम, दाम र मामको खोजी गर्दै मुद्दा विभिन्न स्थान, संघ, संगठन, राजनीति, शिक्षा र विविध कामहरू गर्दै हिडेछन् । घुम्दा-डुल्दा र कामहरूमा धेरै समस्या, दुःख, सास्ती पनि खेप्नु भएछ । त्यस्तै कति ठाउँमा प्रशस्त सम्मानीत कामहरू पनि गर्नुभयो रे । यसरी भारतको विशाल भूमिमा घुम्दाघुम्दै वाह्रवर्ष वितेको पत्तै भएनछ । यसै समयमा काठमाडौबाट मुद्दामा सफाई मिल्यो, तुरून्त आउनु भन्ने समाचार प्राप्त भयो । वमवहादुर खुसी नहुने कुरै थिएन । वमवहादुर काठमाडौं पुगेर सबै आफन्तसँग भेट गर्‍यो । तत्कालिन श्री ५ महाराजधिराज र श्री ३ को तर्फबाट मुद्दा सुनुवाई भएर मुद्दा छिनिएछ । लालमोहर लागेछ, झुठा मुद्दा भनि खारेज गरिदिएछ । श्रीमती चुनुमायाको दिएको निवेदनमा आफ्नो श्रीमान्सँग प्रभुको प्रजा भएर आफ्नो देशमा वस्न पाउँ, झुठा मुद्दा दिएको हुँदा खारेज गरि पाउँ भन्ने व्यहोरा अवगत हुन जाँदा मुद्दा खारेजीमा राखिदिएछन्, माफी मिनाहा गरिदिएछन् । त्यसपछि काठमाडौं झिकाउनु भन्ने आदेश अनुसार वमवहादुर दरवारमा झिकाइयो । पहिले भारत वस्दा नेपाल सरकारको हात्ती पक्रिनेमा छद्म (नक्कली) नामको चन्द्रबहादुर गुरूङ भनेको वमवहादुर राई हो भन्ने प्रमाणित भएपछि श्री ३ सरकारको राष्ट्रिय ढुकुटी) बाट पुरस्कार प्राप्त भयो ।

वमवहादुर घर आईपुग्दा आफ्ना वृद्ध पिता रन्धोज, द्वारे र अन्य ५ दाजुभाइहरूको समेत मृत्यु भईसकेको पायो । घरमा वृटिश आर्मीमा कार्यरत दाजुभाई समेत सवैको मृत्यु भएकोले वमवहादुर पनि विचलित वन्यो । तथापी सपरिवार घरमा आईपुगेकोमा हिम्मत गर्‍यो । आफ्नो कुलदेवता सुरूमै सिकारी तथा पारू-नाहिमासँग आसिर्वाद माग्यो । मनमनै आफ्नो जन्मभूमिमा केही गर्नेछु भनी भन्ने प्रतिज्ञा गर्‍यो । सवै मृतक वन्धुहरूको सुद्धाई गरेर बन्धुमा चोखियो । जगगामा अरूले धितोवन्धक जे जति थियो त्यो सवैको तिरी दियो । मृतकको नामको जग्गा हकदारको हैसियतले आफ्नो नाममा नामसारी गरिलियो । छोराको विहे छिनाम्खु गरिदियो । पूरानो घर भत्काएर वाबु-आमा, छोरा-वुहारीको संयुक्त प्रयासले पहिलेको भन्दा केही मास्तिर ठूलो घर र पाली वनायो । अमूल्य चाँपैचाँपको काठले त्यो बेलाको घर-पाली दरबार जस्तै वनाएका थिए ।

२००७ सालमा देशमा क्रान्ति उठ्यो । विश्वमा क्रान्तिको हावा ढिलो भएपनि चल्यो । यो क्षेत्रको जिम्मेवारी मावली दाजु नारदमुनी थुलुङले भाञ्जा भाई गजुरमान राईलाई दियो । हिजोको शत्रुहरू आफ्ना छोराछोरी लिएर हित-मित लगाईदिन मरिहत्ते गर्न

थाले । राजनीतिक रूपले हेर्दा यो सामान्य मान्न सकिन्छ । गजुरमान राईका झण्डै २-३ हजार जति जनमुक्ति सेना र प्रशस्त खाद्य रागाँहरू समेत तयार गरेका थिए । सेनाहरू जस्तै भाञ्जा ज्वाई लप्टन मुगाधन राई, भाई सुवेदार धन बहादुर, सम्धि लप्टन देउधन, भाञ्जा ज्वाई क्या.नरबहादुर, भाइ अम्बर बहादुर, ललित बहादुर, देवीधन, रम बहादुर लक्षुमन, जस्तमान, गजुरे, खाते, जमाने, भाडारे, मदन बहादुर, टेक बहादुर, पूर्ण बहादुर, सञ्चमणि, धनध्वज, डिगामनी, दल बहादुर, जगत बहादुर, अदम बहादुर, वीर बहादुर, तुल बहादुर, वृष बहादुर, सेकुधोज, अविन्धोज, पण्डमान, वर्जबहादुर, कुविरमान, मान बहादुर, सवतलाल, विष्णु बहादुर, प्रभुनारायण, भक्तनारायण समेत गाउँका र यसैक्षेत्रका सवै मानिस जनमुक्ति सेनामा लागेका थिए । वि.सं.१९९९ सालको विजन जाँचमा खटिएको डोर रामप्रसाद राई त्यो बेला खार्मीमा आउँदा वमबहादुर राईको घरमा वसेको थियो । वमवहादुरको माइली छोरी जगुमायाले दाजु गजुरमान राईसँगै त्यो सालको तिहारमा जम छेकेर फूलटिका लगाईदिएर माइति मानेका थिए । मेरो माईति एकजना थियो, आजदेखि दुईजना भयो भनि खुसि व्यक्त गर्दा रामप्रसाद राईले खुट्टा छुदै आजदेखि माइति गजुरमान दाईजस्तै रामप्रसाद राई पनि तिम्रो माईति हो भन्ने वचन दिएका थिए । पछि सात सालको क्रान्तिमा सवै पूर्वसल्लाह वमोजिम लागि परेका हुन् । उने महिला नेतृ जगुमायाको श्रीमान् श्रीपाल राई नै भोजपुरे क्रान्तियोद्धामध्येको एकजना हुन् । खार्मीको वमवहादुरको माइली छोरीज्वाई हुन् श्रीपाल राई । श्रीपालको छोरी कृष्णकुमारीको श्रीमान् लप्टन मुगाधन राई हुन् । वमवहादुर र चनुमायाले आफ्नै गाउँको देउसाल्नी चेली भदै नारदमुनी थुलुङलाई विहेगरी दिएका थिए । राजनीतिक र सामरिक रूपले यो क्षेत्र मजवुत वन्नमा नाताको समर्थन पनि ठूलो योगदान मान्न सकिन्छ । वमवहादुर र चनुमायाले ससुराली र माइतीको यो बेला गुण फिर्ता गर्न चाहन्थ्यो । छोरा गजुरमानलाई जनमुक्ति सेनामा पुरै सुम्पिएको थियो ।

यो लेख उतार्ने म वि.आर खार्मीले, खार्मीको राजनीति स्केचमा कुच्चीले रङ पोत्न कोशिस गरिरहेकोछु । खार्मी म आफू जन्मिएको गाउँ हो । आफू जन्मिएको जन्मभूमि स्वर्गभन्दा अमूल्य हुन्छ रे । 'पृथ्वीमा जन्मिएको स्वर्गकी रानी माइतीबाट दाईजो लगेको गरूड एकपल्ट स्वर्गको राजा इन्द्र र स्वर्गलाई छोडेर केही दिनको निम्ति भनेर माइती पृथ्वीमा झरेछन् । धैरै वर्ष वित्यो, रानी गरूड पृथ्वीबाट स्वर्ग फर्केनछन् । पछि इन्द्रले आफ्नो दूत पठाएर रानी र गरूडलाई स्वर्ग झिकाएछन् ।' यसैबाट प्रमाणित हुन्छ, आफू जन्मिएको स्वर्गभन्दा अमूल्य हुँदोरहेछ । खार्मी हाम्रा बाजेपूर्खाहरू जन्मि हुर्किएको जन्मभूमि, कर्मभूमि र पित्रीभूमि हो । यो खार्मीमा हाम्रा पूर्खाहरूसँग छुट्ने नसक्ने कथा-व्यथा र इतिहास रहेकोछ । पछिका सन्तान शंखवलीको पालामा पशिचम तिमालबाट पूरानो वन्धु, जसले फलाम खानीबाट निकाल्न सक्दथ्यो । त्यस्ता ३०-३५ घर परिवारलाई खार्मीमा मौजा दिएर, वस्ती वसालेर, फलाम निकाल्ने काममा लगाएछन् । खार्मी ८ नं.को खानीडाँडा फलामको धाउ निकाल्ने प्रशिद्ध ठाउँ हो । त्यस्तै त्यस्तै खार्मीको ६, ७ वडा फलाम पगाल्न धँयार लगाउने मुख्यस्थल मानिन्छ । किरात संघात्मक राज्यकालमा किरातहरू आफ्नो ज्यासल ( आरान) र भट्टिमा आफूलाई चाहिने सम्पूर्ण हतियार ( खुकुरी, हसिया, कचिया, चिम्टा, रेटी, भाला, वर्छा, ढाल, तरवार, खुँडा आदि) आफै बनाउने गर्थे । त्यस्तै सामान तुलो, माना, पाथी, ढक, तराजु, कराई आदि बनाईने गरिन्थ्यो । खेतीमा धान, मकै, कोदो, गहुँ, फापर, आलु, लगाउने गरिन्थ्यो । पशुपालनमा भैंसी, गाई, गोरू भेडा, वाखा, सुँगुर, घोडा, हाँस, कुखुरा, आदि पाल्ने चलन थिएछ । जीवजन्तुको भुँवादार छालाको कपडा वनाउने चलन पुरानै हो । कपास, पाट, भाङ्ग्रा आदिको कपडा वुन्ने पनि पूरानै उद्योग मानिन्छ । हाम्रा किरात मुन्दुममा मानव उत्पति पछि

प्रथमपल्ट तायामा-खियामाले शीपको उत्पति गराएका-सिकाएको भन्ने प्रमाण भेटिन्छ ।

भारतमा मुगल साम्राज्यको उदयकालमा केही हिन्दुहरू भागेर नेपालको पशिचमबाट नेपाल प्रबेश गरेछन् । हिन्दु व्राम्हाणहरूले ४ वेद र मनुस्मृति वोकेर आएका थिए यिनीहरू पहिले वस्तु गोठाला भएर शरणार्थीकोको रूपमा प्रवेश गरेका थिए । विस्तारै विस्तारै आदिवासीहरूलाई धर्मले चल्नै नदिने बनायो । अहिन्दुहरूलाई पनि हिन्दु वनाईयो । हिजो जसको हातमा जग्गा र शासन थियो, त्यो सवै आफ्नो हातमा लियो । हिजोका भूमिपुत्र र शासकहरूलाई शिवलिङ्ग र गीताको ठेली हातमा थमाइ दिएको थियो । प्रमाणको वर्णाश्रमले सवै आल्मलिन पुग्यो । मान्छेमा भेदभाव चरम रूपमा देखियो । हिजोको नागरिक आज नागरिक वन्न नसक्ने र हिजोको नागरिकलाई आजको नक्कली नागरिकले दिने या नदिने भन्ने विचाराधिन अवस्थामा राख्ने गरिदैछ ।

यस लेखको लेखक म जुनबेला वालक थिएँ । त्यो वेला पनि बाजे वमवहादुरले फुर्सदको वेला आफ्नो अनुभवी, परिपक्व मस्तिष्कले मनोवैज्ञानिक दृष्टिकोण राखेर वालकथा, लोककथा, सामाजिक कथा, दन्तेकथा, पौराणिक कथा, तिलस्मिक कथा, इतिहास, यात्रा संस्मरण, राजनीति, समाज उत्थानका बाटोहरू के हुन् ? बताउनु हुन्थ्यो । बाजेको बाँच्ने अन्तिम अन्तिम अवस्था आईसकेको रहेछ । देखुमखोला, भुस्मालादेखि गैरीखानी खोल्सीसम्म कुलो निर्माण गरी सक्नु भएको थियो । वरपिपल चौतारीदेखि देखुमखोला पञ्चमी र ढुङ्ग्रेबाँसदेखि मानेसम्म मूलबाटो खनाउनु भएको थियो । खार्मीम दुईठाउँ बरपिपल रोपेर ठूलो पचिष्टा लगाउनु भएको थियो । देविथान, असारेवारी र सिमलेम गुवाली वनाउनु भयो । सिमलेको अन्तिम गुवाली सक्नुसाथ वाजेलाई मुटु दुख्ने रोग लागेछ । वाजेले आफ्नो जन्म कुण्डली र आयुको कुण्डलीहरू मिलाउँदा आफ्नो आयु अन्तिम भएको आफैले घोषणा गर्नुभयो । सबैलाई वि.सं.२०१९ साल असोज-कार्तिकभन्दा मैले वाँच्ने उता मेरो आयु नै छैन भन्ने घोषणा गर्नुभयो । सवै आफन्तहरू दिनदिनै भेट्न, अर्ति उपदेश लिन आउनु भयो । भेट्न आउने आउने सवैलाई बाजेले गर्छु भनेको कुरो, खान्छु भनेको कुरो कसैले वासी नराख्नु भन्नुहुन्थ्यो । भोलीको दिन निकै पछुताउनुपर्ने हुनसक्छ, अन्धकार हुन सक्छ । यस्तै यस्तै अर्तिहरू थुप्रैसँग वाँड्नुहुन्थ्यो । बाजे अझै भन्दैजानुहुन्थ्यो : यो इन्द्रावती, यो गंगावती माने यो देखुम, लमजुङ र तापखोलाको पानीमा हिरा, मोती, पन्ना, जुहारत, सुन, चाँदी बगिरहेकोछ । यसलाई गाउँतर्फ फर्काएर ल्याउन पाए हाम्रो गाउँ झलमल्ल भएर हिरा, मोती र सुन फल्ने थियो । मैले केही गर्न खोजेको थिएँ तर गर्न सकिन, जीवनसँग हार खाएँ । एकदिन वाजेले भन्नुभयो, तँ मेरो नाति होस्, तँ मा मेरो विश्वास छ, त्यो तैले गर्नेछस् । बाजेको अन्तिम शब्द 'म' सँग यतिनै भएको थियो । आज ती शब्द कता-कता सम्झदा मेरो आँखामा आँशु छचल्किन थाल्छ । त्यो समय पनि बाजे ओच्छ्यान पर्नु भयो । हेर्दा हेर्दै सुकेर सिट्ठा हुनुभयो । पहिले पहिले दुधमात्र पिउनु भयो । पछि पानी मात्र पिउनु भयो । पछि त्यो पनि सवै वन्द गर्नु भयो । अन्तिम भेटका निमित्त सवैक्षेत्रबाट सवै नै आए । उहाँले भन्नुभयो : मेरो कठोर २२ दिनको तपस्या छ, त्यो दिन मेरो मृत्यु हुनेछ । बाजे निराहार वस्नुभयो । २०१९ साल को दशैंपछिको पुर्णीमाको रातमा स्वर्गारोहण हुनुभयो । बेलुका हामीले वोलिरहेको बाजेलाई देखेका थियौ । विहान उठेर हेर्दा सवैको रूवावासी भइरहेको थियो । हामीलाई (मलाई) बाजेको मृत्यु भएको होइनहोला जस्तो भइरहृयो । हेर्दाहेर्दै सवैतिरबाट मान्छेहरू थुप्रिए । घाममा इन्द्रसभा लाग्यो । यो क्षेत्रमा यति धेरै मलामी र यस्तो साईत परेको कसैको थिएन अरे । बाजेको मृत शरिर पहेंलो वस्त्र, फूल र अविरले पुरियो । दाहसंस्कार गर्न बाजेको इच्छा अनुसार तापखोला लगियो । १३ दिने ४५ दिने र वर्षदिने पितृश्रद्धा गर्ने चलन गरियो । सवैले पछिसम्म भन्दै रहे : उहाँको मृत्यु महान थियो, कल्पनै गर्न नसकिने । ■

*ले.वी.आर.'म' खार्मीले*

*२०६७ साल असोज*

# गीत, सङ्गीत र स्वरका त्रिवेणी : सन्तोष दुमिराई

- *गुणराज दुमिराई*

दिनभरिको कामको थकानले लखतरान शरीरलाई बिसाएर भुस निद्रामा भएको सगरमाथा वरिपरिका बासिन्दाहरुलाई विहानीपखको सूर्यको किरणसँगै कोहि घचघचाइरहेछ, **"घामले आँखा खोलिसक्यो, पाखा पर्वत चुमिसक्यो, उठ ए! मान्छेहरू पुग्नु टाढा छ"।** भुस निद्राबाट जगाएर तय गर्नुपर्ने यात्राको नालिबेली लाउँदै मानिसहरुलाई जगाउने जागरणको यो गीत पटुका कसेर रात गुजार्नेहरुका लागि, सुतिसुती कर्तव्य बिर्सनेहरुको लागि । झन् यो गीत उही बाटो उकाली ओराली, पानी पधँरो र घाँस दाउरा गर्नेहरुका लागि माटोको सुवास लिएर कर्तव्य पथमा अझ लम्किईरहनेको लागि । रूपाकोट एफ. एम.को शुरूवाती धुनको गीतबाट सबैलाई जगाउने यी गीतका गायक तथा संगीतकार गीतमामात्र होइन साँच्चै विहानीपख सूर्यको किरण पर्दामा पर्नुअघि नै संगीतको सुरहरूमा उकाली ओराली गर्छन् । हिंडाइका हर-पाईलालाई संगीतको ताल मानेर संगीतको सृजना गर्छन् । **"सुख दुःख, हाँसो खुसी आउन जिउँ सँगसँगै, जिन्दगीको लामो यात्रा गाउन गीत सँगसँगै"।** गीत जीवन, संगीत रगत, सा रे ग म वर्णमाला । नसा नसामा संगीत बग्छ । विहानीको घामभन्दा सुदुरपूर्व उदाउने यी गायक तथा संगीतकार हुन् **सन्तोष दुमि** । सगरमाथा अञ्चल, खोटाङ जिल्ला, सप्तेश्वर गा.वि.स.वडा नं.२ डुङडुङमा २०३९ सालमा पिता तेजबहादुर दुमि र आमा लक्ष्मी दुमिको माइला छोराको रूपमा धर्तिमा पाइला टेकेका सन्तोष शुरूमा व्यवस्थापनका विद्यार्थी हुन् । तर जन्मजात गलामा कला बोकेर जन्मेका उनी संगीतका सुरहरुको व्यवस्थापन गर्दै आखिर कलाकार भएरै छाडे । स्रोताहरुको मनमा छोएरै छाडे । सन्तोष राईहरुमा पनि दुमिराई हुन् । यहि **"दुमि"**ले उनलाई सांगीतिक फाँटमा चिनाएकोमा गर्व गर्दै आफ्नो मातृभाषाका गीतहरु रेकर्ड गराउन उत्सुक दुमि किरात राई फन्सिकिमलाई झकझकयाइरहन्छन् । त्यतिमात्र होइन, दुमि राईको देउसी होस् या अन्य साङ्गीतिक कार्यक्रम उनको उपस्थिति अनिवार्य जस्तै बनेको छ ।



जीवन जिउने कममा अनेक मोडहरू पार गर्नुपर्ने हुन्छ । सन्तोषको जीवनमा पनि संगीत जीवनको अभिन्न अंग बन्नलाई साँस्कृतिक संस्थानमा पाएको संगीतको छात्रवृति महत्वपूर्ण मोड बन्यो ।। त्यसपछिको संगीतसँगको यात्राले वरिष्ठ संगीतकार प्रकाश गुरूङ्ग तथा शास्त्रीय गायक गुरूदेव कामतसम्मको सान्निध्यता पायो । यसै क्रममा उनले

शास्त्रीय गायनमा संगीत समिति इलाहाबादबाट पाँचौं वार्षसम्मको अध्ययन पूरा गरे । सन्तोष संगीतका दुर्व्यसनी जत्तिकै छन् । गायन कलाको औपचारिक मान्यताको रूपमा रहेको रेडियो नेपालको स्वर परीक्षा दुवै लोक तथा आधुनिक गीतमा पार गरेकाछन् उनले ।

नेपाली सांगीतिक बजारमा संगीतमा लागेर कलाकारहरु कोहि पछुताएका छन् त कोही रमाएकाछन् । संगीतलाई व्यसायिकरण गर्नेहरूले अरूका नजरमा लोभलाग्दो गरि बाँचेका छन् । मास उनीहरूको साथमा, सञ्चार उनीहरूको साथमा, म्यूजिक कम्पनी उनीहरूको पछिपछि । अर्कोतिर आफ्नो पसिनाको कमाई खर्च गरेर पनि म्युजिक एल्बम् घरको कुनामा घुलो लागेको उदाहरण छन् । यस्तो जोखिमको बीचमा पनि सन्तोष यो स्तम्भ तयार पार्दासम्म नयाँ पप- आधुनिक म्युजिक एल्बम् **"बस्तिहरू"** ल्याउने तयारीमा रहेका बताउँदै थिए । यस अगाडि विभिन्न कलेक्सन एल्बमहरुमा स्वर तथा संगीत भरिसकेका दुमिले **"ज्यानामया"** लोक जुहारी एल्बम, **"कोपिला"** र **"पुञ्ज"** बाल गीत संग्रह निकालिसकेकाछन् । संगीतले जीवन चल्छ त ? यो प्रश्नमा उनले संगीत प्रशिक्षण दिने **"हाम्रो सनसाइन", के.एम.सी. स्कूल, चन्द्रविन्दु स्कूल**को नाम लिएपछि संगीतले जीवन चल्नेकुरामा कुनै सन्देह नै भएन । संगीतका दुवै पाटो स्वर र संगीतलाई सँगै लगेका उनले संगीतलाई व्यवसायिकरण गर्ने फड्कोको रूपमा **"श्रद्धाञ्जली"** चलचित्रमा संगीत समेत दिइसकेका छन् भने उदियमान गायक तथा संगीतकार सन्तोषले एउटा गायकको भूमिकामा चलचित्र **"खग्रास"**मा अभिनयसमेत गरिसकेकाछन् ।

भोगाईहरू हुन् गीत संगीत, रहरहरू हुन् मन मुटुको तृसनाहरू लयमा झन्किरहँदा संगीत बन्छ । तन संगीत, मन संगीत, मरूभूमिको धुपमा बहने हावाहरूको आफ्नो पनमा पनि संगीत । किन सन्तोष अछुत हुन्छन्, फुराईहाल्छन् संगीत हरेक मोडमा, कहिले आधुनिक, कहिले लोक त कहिले पप । तर सन्तोष आधुनिक सुगम संगीतमा बढी खुल्छन् । ती दिन भर्खरै जस्तो लाग्छ सन्तोषले गीत संगीतको लागि गरेको संघर्षका दिन । हेर्दाहेर्दै सन्तोष संगीतको कखरा देखि उदियमान गायक तथा चलचित्रका संगीतकार बनिसकेकाछन् । आज संगीतले उनलाई यस्तो ठूलो मञ्च प्रदान गरेकोछ कि उनी सल्भ नेपालले गरेको बृहत साँस्कृतिक कार्यक्रम होस् या अन्य स्टेज कार्यक्रम, श्रोता अगाडि गीत संगीत पस्कन पाएकाछन् । मिडिया र म्युजिक कम्पनीको राम्रो साथ नहुँदा नहुँदै पनि संगीतप्रतिको समर्पणले गर्दा संघर्षरत छन् । संगीतको उम्दो भविष्य लिएर स्रोता तथा दर्शकहरूको मनमुटुमा रहन नयाँ संगीत सिर्जना गर्दै बढ्दैछन् सन्तोष । संगीतको फराकिलो क्षितिज उघार्दै आफ्नो यात्रालाई अगाडि बढाउँदै जाउन् उनी । दुमिराईको घरानामा जन्मिएर दुमीको नाख त राखे राखे, देशको नाख राखुन् । हाम्रो शुभकामना ! ■



विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

तापखोला जलविद्युत सहकारी संस्था
सप्तेश्वर, खोटाङ
फोन नं.: ९९३३६००९२

# उहिलेको मेरो दशैं

म सानो छदा दशै आउनुभन्दा केहि दिन अगाडी हामी घर सफा गरेर सेतो कमेरो माटो र रातो माटो ल्याएर घरलाई बेहुली जस्तै सृङगारेर सबैले चिटिक्क पार्थ्यौ । प्राय सबैको घरमा दशैको अघिल्लो दिन सुँगुर काट्थे र सुँगुर काटेको हेर्नु र काटेको सुगुरको साफु फुलाएर फुटबल बनाएर साथिहरूसँग खेल्थ्यौ । दशैको दिनमा हामीहरू चुचुहरूको हातबाट टिका लगाथ्यौ तर चुचुले वा पिपिले दिदीबहिनीहरूलाई चाही टिका लगाएर जमरा र पैसा दिनुहुन्थ्यो उनिहरूको खुसिको सिमा रहन्नथ्यो तर हामी केटाहरूलाई चाही तिमीहरू छोरामान्छे तिमीहरूलेपो कमाएर हामीलाई दिनुपर्छ भन्दै टिका लगाएर जमरा मात्र दिदा नरमाइलो मान्थ्यौ । तर नयाँ लुगा लगाएर मामाघर गएर टिका लगाएर पैसा पाएपछि भने हामी खुसीले एक अर्कामा कस्ले बढी पाएछ भन्दै तछाँड र मछाँड गर्दै हेर्थ्यौं । उ बेला म सम्झन्छु दशैको बेला टिका लगाएर आशिर्वात लिन भनेर टाढा-टाढाबाट हाम्रा निनी-पुसैहरू र अरू सबै छोरी चेलिहरू अउनुहुन्थ्यो । देश विदेशबाट पनि सबैजना ठुलाको हातबाट टिका थाप्न र आशिर्वात लिन भनेर वर्षको एकचोटी जसरी भए पनि घर आउनुहुन्थ्यो । त्यसपछि म अलि ठूलो भए । मैले थाहा पाउदा-पाउदै दशै नै मनाउन छाड्यौं । नयाँ लुगा लगाएर मामाघर जान छाडीयो, छोरी चेली पनि आउन छाडे, देश विदेशबाट पनि दशैनैं मनाइदैन भन्दै घर फर्कनछाडे । उ बेला हामी केटाकेटीलाई चाहि धेरै नमज्जा लागेको थियो । मैले थाहा पाउदासम्म जान्ने बुझ्नेहरूले भन्ने गर्दथे हामी गरिबहरूको लागि दशै होइन दसा हो किनकी दशैले गरिबहरूको घरमा खुसी भन्दा पनि दुख ल्याएर जान्छ । विशेषत यो दशै चाड हामी किराती किरातीहरूको आफ्नो पनि होइन । यो चाडमा पाहुना आई नै हाल्छन्, मासु ल्याउनै पर्‍यो, केटाकेटीहरूलाई नै भए पनि नयाँ लुगा किनीदिनै पर्‍यो । यसले गर्दा सामान्य सबैको घरमा खर्च ज्यादा हुने गर्दछ र त्यो खर्च गरिबहरूले जुटाउन ऋण नै लिनुपर्ने हुन्छ । दशैमा लिएको त्यो ऋण तिर्न नसकेर धेरै गरिबले आफ्नो सबैथोक बेचेर साहुलाई ऋण तिरी आफन्तहरूबाट छुट्टीएर अन्तै बसै सर्न बाध्य पार्छ र त्यो दिन नआओस भनेर नै हामीले मनाउन छोडेका हौ भनेर भन्नुहुन्थ्यो । मैले अहिले सम्झदा साँच्चै दशै चाड सानोको लागि चाहि दशै र ठूलाको लागि दसा नै रहेछ । त्यो दशैको बेला सबैको घरका आमाछोरीचेलीहरू दिन रात घरमा राम्ररी आराम गर्न पाउदैनथिए । पाहुनाहरू आइरहन्थे उनिहरूलाई खाना पकाउने, टिका लगाइदिने, टिका लगाउन जानेहरूलाई कोसेली बनाउने, सरसफाई गर्नेदेखि लिएर सबै काम गर्नुहुन्थ्यो र भन्नुहुन्थ्यो: यो दशै त नआए पनि हुन्थ्यो किन आएको होला ? न राम्ररी खान पाइन्छ, न राम्ररी बस्न पाइन्छ, न राम्ररी सुत्न पाइन्छ ? भनेर गनगनाइरहनुहुन्थ्यो । तर आज भोली गाउँमा एका दुईले बाहेक धेरैले दशै मनाउदैनन् । दशैमा घर सिंगार्ने, थोरै मासु खाने र सबै गाउलेहरू एकै ठाउमा भेला भएर विभिन्न किसिमको रमाइलो कार्यक्रम गरेर रमाउने गर्छौं । भलै छोरी चेलीहरूसँगको भेटघाट दशैमा चाहि कम भएको छ, देश परदेशबाट



- महेन्द्र हम्रुचु दुमीराई
जालपा-४, पुरानोगाउँ

दशैमा फर्कनेमा पनि कमी आएको छ तर दशैको सट्टामा हामी बैशाखे र मंसिरे पुर्णेको साकेलामा भेटेर के छोरी चेली, के बाउ माइति सबै मिलेर एकै ठाउमा रमाइलो गर्दै दुख सुखका गित गाउदै साकेला सिली नाँच्छौ । आजभोली आमा तथा छोरीचेलीहरूले दशै होइन हाम्रो लागि दशा भन्ने शव्द मैले कहि कतै सुन्न पाएको पनि छैन । गरिबहरूले साहुको ऋण लिएर साहुलाई धनि बनाउन र आफु बेघरबार हुन पनि परेको छैन । त्यसैले त आजभोलि हामी सबैजना दशैमा पनि खुसी छौं ।

अहिले आएर समयले निक्कै अगाडी पाइला मारिसकेको छ । हामी पनि निक्कै अगाडी बढीसक्यौ । उ बेला जस्तो नयाँ लुगा लगाउनको लागि दशै नै पर्खेर बस्नु परेको छैन । हामी जुनसुकै बेला गाउँमा उत्सब, हाटबजार जाँदा र अन्य कार्यक्रमहरूमा नयाँ लुगा लगाएर उपस्थित हुन्छौं । स्वास्थको बारेमा जानकारी पछि सबैले आफ्नो घर सरसफाई गर्न दशै नै पर्खेर बस्नु परेको छैन जहिले पनि गर्ने गरेका छौं । भेटघाटको लागि दशै नै नकुरी जहिले पनि भेट्न सक्ने भएका छौं त्यसमा पनि अहिलेको सुचना र प्रविधिको विकासले देश परदेशबाट पनि दिन दिनैजसो घरपरिवारसँग टेलिफोनबाट कुराकानी भएरहन्छ । त्यसैले अहिले आएर दशैको महत्व हामी किरातीहरूमा कम बन्दै गइरहेको छ र साकेला सिलीनाँच जस्ता हाम्रो आफ्नो मौलिक चाडपर्वहरू किरातीहरूबिच लोकप्रिय बन्दै गइरहेको कुरालाई कसैले नकार्न सक्नेवाला छैनन् । यो कुराको पुष्टि हरेक वर्षको उधौलि र उभौलिको अवसरमा दुई पटक छमछमती साकेला सिलि नाँच्नेको भिडले नै गर्दछ ।

मुचि !




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७
को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

धनप्रसाद राई
लिलाकुमारी राई
शान्तिनगर, काठमाडौं





विजयादशमी
तथा
शुभ-दीपावली-२०६७
को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

सुवास राई
ललितपुर

# तुराङ्ग (तिराछा) हरूको किंबदन्ति

दुमीराईहरूकै पाछाहरूमध्ये तुराङ्ग पनि एक पाछा हो । पुर्व जिल्ला खोटाङ्गको खार्मि, जलपा र नेर्पा गा.वि.स.हरूमा यी पाछाका दुमिराईहरू बसोबास गर्दै आइरहेका छन् । मैले खार्मी साब्रुका पुर्खा श्री भक्त बहादुर राई (मलेनी) बाट लिईएको कथा उहाँको किंबदन्तिअनुसार, धेरै पहिला तुराङ्ग दुमीराईहरूको जुजुच्याप्जु छिनामखुमा बान्तावा राईका जेठा राजा सुनापा र कान्छा मेलामी थिए रे । त्यहि समयमा सुंदेलका कोयुराईहरू सिकार खेल्दै-खेल्दै जाने क्रममा जंगलमा नै रात परेछ । आब भुइमा नै बास बसौ भने बाघ भालुले खाला भन्ने डरले रूखमा चढेर बास बसेछन् । झमक्क रातमा त्यस जंगलबाट केहि पर आगो बलेको देखेछन् त्यसपछि धनुकाँडलाई उनिहरूले त्यहि आगो बलेको दीशातिर फर्काएर राखेछन् । अनि त्यहि आगो बलेको ठाउँमा सिकार खेल्न जाने सल्लाह गरेछन् । भोलिपल्ट धनुकाँडले देखाएको दीशातिर जाँदा उनिहरू छिनामखु भन्ने ठाउँमा पुगेछन् । त्यहाँका राजा जेठा सुनापा र कान्छा मेलामीसँग उनिहरूको लडाई परेछ । लडाइको क्रममा त्यहाँका जेठा राजा सुनापालाई कोयु राईहरूले मारिदिएछन् भने कान्छा मेलामीचाहि भागेर मावलि मात्तिम गएर बसेछन् । निकै लामो समय पछि माबलिहरूले अब घर जाउ भनि पठाए तर मेलामीले बाटो बिराएर साप्सुखोला पच्छाउदै मावली मात्तीम जानु पर्ने मेवाखोला पछ्उदै नेर्पा पो पुगेछन् । त्यहाँ नेर्पाली चाम्लिङ्ग राईहरू र खार्मीले दुमीराईहरू उभोखोले र उधोखोलेको लडाई भईरहेको रहेछ । लडाइको बेलामा नेर्पालीहरूलाई जनशक्तिको अपुग भइरहेकोले नेर्पालीहरूले कान्छा मेलामीलाई पनि बोलाएर उनिहरूको पक्षमा लडाई गर्न लगेछन् । त्यसपछि कान्छा मेलामीले लडाइको तैयारीको लागि खास्टोमा च्याप्टो-च्याप्टो ढुंगाहरू बटुली गाधा पारी लडाइमा गएछन् । लडाइको क्रममा मेलामीले खास्टोमा गाधापारि बोकेको ढुंगाहरू आफ्नो बलबुताले भ्याएसम्म खार्मीले राईहरूमाथि प्रहार गर्न थालेछन् । उक्त ढुंगालाई प्रहार गर्दा निस्किएको ढुंगाको आवाज गुनुनुनुSSSS सुनेर खार्मीले राईहरू ल है नेर्पाली राईहरूले त तोप बमगोला पो हान्न थालेछन भनेर त्रासीत भएछन् । अब आ-आफ्नो मुदुमबाट भुमीलाई बोलाउने जस्ले बोलाउदा बोल्छ उसैको जित हुन्छ भनेर दुबै पक्षले मुन्धुमबाट भूमि बोलाउने तथ्य गरेछन् । मेलामी अरूभन्दा अलि चलाख भएर जिउदो लाँचे चरोलाई भुँईमा गाडेर बाँसको लीङगोमा पानी हालेर भूमि बोलाउन मुन्धुम फलाक्दै भूमिमा खुट्टा थैचारी लाँचे कराउन लगाई बाँसको लीङगोबाट पानी खसाई मुन्धुमबाट भूमि बोलाउन सफल भए । तर खार्मीले राईहरूले मुन्धुमबाट भूमि बोलाउन सफल भएनन् । त्यसैले मेलामीको समूहले त्यसैलाई जित माने र आफ्नो जमिनको सिमानामा खुर्पाठ्याक गरेछन् ।



*हर्कमनि तुराङ्ग दुमीराई*
*खार्मी-१, साब्रु*

यसरी चाम्लिङ्ग राईहरूलाई लडाइमा बहादुरीकासाथ लडि जिताएपछि (मेरापा) चाम्लिङ्गले सल्लाह गरेछन् र मेलामी कै कारणले हाम्रो जित भयो त्यसैले अब यो पनि हाम्रो छोरा जस्तै हो भनेर मेलामीलाई आफ्नो चार भाई छोराहरूसँग जोडी कान्छा छोरा बनाई तिराछा पाछा दिए । जहा तिराछाको चाम्लिङ्ग भाषामा तिरा भनेको भयो र छा भनेको छोरा भन्ने अर्थ लाग्छ । यसरी नै रहदै बस्दै जाने क्रममा मेलामीको तिन भाई छोरा भएछन् जसमा जेठा लुंङाजिती, माइला सरजिती, र कान्छा फलामजिती थिए । ती मध्ये कान्छो भाई फलामजिती चाहि नेर्पा मै चाम्लीङ्गको चुला लिएर बसेछन्, जेठा चाहि खार्मीको साब्रु र माइला चाहि जालपाको ससर्कामा गएर बसोबास गर्न पुगेछन् । जुन तिराछा पाछा हाल खार्मीको साब्रु र जालपाको ससर्कामा दुमीकरण भई तुराङ्ग/तुराचु दुमीराई भनेर चिनिन्छन् भने तुराङ्ग दुमीराईको **सामे छोराको बाछापा र छोरीको बाछामा** रहेको छ ।

*तपाई पाठक वर्गहरूलाई यो किंबदन्ति पढिसकेपछि कुनै प्रकारको सुझाव तथा सल्लाहहरू भए यो E-mail add kiratharka@yahoo.com मा पठाइदिनुहोला ।*




विजयादशमी

तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

**शुभ-कामना**

व्यक्त गर्दछौं ।

**बेबिकेयर स्कूल परिवार**

बाक्सिला, खोटाङ






विजयादशमी

तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

**शुभ-कामना**

व्यक्त गर्दछौं ।

**शुभराज राई**

**शारदा राई**

शान्तिनगर, काठमाडौं






विजयादशमी

तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

**शुभ-कामना**

व्यक्त गर्दछौं ।

**बाक्सिला फूटबल क्लब**

बाक्सिला, खोटाङ ।






विजयादशमी

तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

**शुभ-कामना**

व्यक्त गर्दछौं ।

**सप्तेश्वर गा.वि.स. परिवार**

सप्तेश्वर, खोटाङ

# किरातलिपि साझा पहिचानको आधार

*-गणेश राई*

किरात भाषाहरूमध्ये सबैभन्दा समृद्ध भाषा लिम्बु हो । किरात इतिहास, मिथ, लिम्बु भाषा, साहित्यको विकासमा ज्यानको बाजी थाप्ने महारथिहरूलाई सलाम गर्नैपर्छ । जसले भाषामात्र जोगाएनन् लिपि पनि जोगाए । त्यही अस्दृश्य सम्पदा (Entangible Heritage)को संरक्षणमा आजीवन लागीपरेका लिम्बु स्रष्टाहरू आज सिंगो नेपाली वाङ्मयको धरोहर बन्न सफल छन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको संविधान, २०४७ मा भएको व्यवस्थाअनुसार नेपालका आदिवासी जनजातिहरूमध्ये एक किरात राई जाति एक र भाषा अनेक छ । यी किरात राई भाषाहरू पनि लेखिन थालिएका हुन् । मातृभाषामा पत्रपत्रिका प्रकाशन पनि भए । तर, पत्रपत्रिका प्रकाशन गर्नु अधिकांशका निम्ति नौलो काम हो । सरकारले कुनै सुविधा नदिएपछि एक-दुई अंक प्रकाशनपछि ती पत्रिका अधिकांश बन्द भए । त्यही माझमा २०५० सालबाट प्रकाशन थालनी भएको पत्रिका हो- 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक । वाम्बुले राई भाषा, साहित्य, संस्कृतिका निम्ति स्थापित यो पत्रिका वाम्बुले-खसनेपाली-अंग्रेजी भाषामा प्रकाशन दर्ताप्राप्त छ । जसको सम्पादक पंक्तिकार स्वयं हो । २०६७ असोजसम्ममा ४२ अंक प्रकाशित छ । यही पत्रिकामा २०५१ मा 'किरात लिपि'को नमुना प्रस्तुत गरिएको थियो । त्यसपछि निरन्तरता दिन सकिएन ।

तैपनि आदिवासी जनजातिहरूका जातीय पहिचानको लडाइँ जारी रह्यो । आज पनि जारी छ । जाति हुनलाई मातृभाषा, इतिहास, संस्कृति हुनुपर्ने विश्वव्यापी मान्यता छ । यसर्थ जातिको पहिचान मातृभाषा, साहित्य, संस्कृति संरक्षणमा पुनः पत्रपत्रिकाहरू प्रकाशन गर्ने चलन बढेको छ । एक स्वतन्त्र जातिको भाषासँगै लिपि पनि आवश्यक रहन्छ । अहिलेसम्म



जतिपनि किरात राई भाषाहरू लिखित रूपमा आएका छन् ती सबै देवनागरी लिपिमा उतारिएका छन् । लिम्बु भाषामा प्रयोग भइआएका सिरिजङ्गा लिपि/लिम्बु लिपि जे भनेपनि किरातीहरूको साझा लिपि हो, किरात लिपि हो भन्नेबारे केही छलफल पनि भयो ।

भरखरै लेख्य रुपमा विकास भएका मातृभाषालाई तत्काल सबैको माझ लेखन माध्यममा पुऱ्याउनु पर्ने थियो । परिचय नै पाउन बाँकी लिपिमा मातृभाषा लेख्न लगाउनु कठिन थियो । त्यो व्यवहारिक कठिनाइ भएकोले तत्कालका निम्ति देवनागरी लिपिमै लेखिन जरूरी रहेको अग्रज भाषाशास्त्रीहरुको सुझावअनुसार राई मातृभाषाको यात्रा लम्बियो । उता केही लिम्बु दाजुभाइले 'किरातलिपि' नभनेर सिरिजङ्गा, लिम्बु लिपि भनेर प्रयोग गर्न थालेपछि २८ भन्दा बढी किरात राई भाषाका वक्तामध्येका सीमित लेखकहरू चउरिन पुगे । विकसित लिम्बु भाषाका वक्ता र लेखकलाई त के मतलब थियो र ? बल्लतल्ल मातृभाषा लेखनमा लागेका राई लेखकहरू साँगुरिए । दार्जीलिङतिरका केही किरात राईहरूले सिरिजङ्गाभन्दा अर्कै लिपिको आविस्कारसमेत गर्न पुगे । जसले गर्दा लिम्बु र राई लेखकबीच एकापसमा टकरावको स्थिति आयो । आज पनि त्यस्तै हुनसक्ला । तर विश्वपरिवेशले हामीलाई 'कि अस्तित्व नखोज् खोज्छस् भने दीर्घजीवन दिनसक्ने बाटो रोज्' भनेजस्तो बनाइरहेको अवस्था छ ।

यही बेला किरात इतिहासलाई किरातीको साझा 'किरात येले संवत्' को चर्चा भयो । कार्यन्वयनका निम्ति सरकारको ध्यानाकर्षण गराउने काम भयो । यही बेला 'किरात लिपि'को चर्चा भइरहेको छ । विज्ञहरू भनिरहेका

छन्- लिम्बु भाषामा चलाइएका सिरिजङ्गा लिपि सबै किरात भाषाहरूको साझा लिपि हो । यसबारे मदनमणि दीक्षितले यसरी लेखेका छन्, ' ...यो हिमाली उपमहादेशमा ब्राह्मीलिपिलाई संस्कृति भाषाले उपयोग गर्दा सम्भवतः त्यो भन्दा पहिलेदेखि नै हिमालय र दक्षिणमा कम्तीमा ६ वटा प्राचीन प्राकृत भाषा र तिनका लिपिहरू थिए ।... किरात लिपि पैशाची भाषाको लिपिसित मिल्दो हो अथवा प्राचीन कालमा ती दुबै एउटै लिपि रहेका पनि हुन सक्छ । लुप्त हुँदै गएको पैशाची लिपिलाई त्येअङ्सी सिरिजङ्गा (हुनुपर्ने सिरिजङ्गाहाङ : अमर तुम्याहाङको मत) ले किरात लिपिको रूपमा सन् ९०० तिर उद्धार गरेको हुन् कि ?' (नवसमन्वय:२०६६:४३)' यसबाट किरात लिपि ब्राह्मीलिपिसँग समकालीन मात्र नभएर अझ अगाडिको भएको कुरा प्रष्ट्याएको छ । (अमर तुम्याहाङ : लिब्जु-भुम्जु ४१, किरात लिपि विशेषाङ्क २०६७)

किरात लिपिबारे जसले जे विमति राखेपनि गाउँघर, सहरबजार तथा स्वदेश र विदेशमा रहेका सचेत किराती युवाहरुले यो लिपि प्रयोग गर्न सिक्ने, अभ्यास गर्ने, सिकाउने, अभ्यास गराउने गर्दैआएका छन् । दस्तावेजहरु 'किरात लिपि' उल्लेख भएको र इतिहासविद् इमानसिं चेम्जोङले महान किरात विभूति सिरिजंगाको बलिदानी योगदानको खातिर यस लिपिको नाम 'सिरिजंगा लिपि' नामाकरण गरेका थिए । त्यसयता किरात लिपिलाई सिरिजंगा लिपि लिम्बु भाषामा विस्तारित तथा संमृद्ध ढंगले प्रयोग हुँदैआएको छ । यो लिपिलाई भोट-बर्मेली परिवारका किरात भाषाहरुमा प्रयोग गर्दा अन्य अर्थ नलाग्ने भएकाले यसैलाई साझा लिपिका रुपमा लिन सकिने कतिपय विद्वानहरुको मत रहेको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति बैरागी काइँलाको शब्दमा हतियार जति चलायो उति लाग्ने हुन्छ, नचलाई राखेमा खिया लाग्छ । मक्किन्छ । जसले त्यो हतियार चलाउँछ, उसैले त्यो हतियारको आनिबानी थाहा पाउँछ । आफू अनुकुल बनाएर चलाउँछ । त्यसैले त्यो हतियारमाथि उसको स्वामित्व कायम राख्छ । यस अर्थमा 'लिम्बु लिपि' भन्नु कुनै गलत अर्थमा लिनु मनासिव हुन्न । यसलाई लिम्बुबाहेक अन्य किराती भाषाहरु लिपिवद्ध गर्न कतैबाट बन्देज लगाइएको छैन । (राई : लिब्जु-भुम्जु ४०, २०६६)

यही लिपिको प्रयोगलाई लिएर कवि विक्रम सुब्बा र नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य अमर तुम्याहाङ (अम्बरजंग लिम्बु) र गणेश राईबीच २०६७ वैशाख १ गते वाम्बुले भाषालाई किरात लिपिमा लेखन गर्नका निम्ति भाषाको विशेषता केलाउने काम भएको छ । लिम्बु भाषा लेखनमा प्रयोग भएका विद्यमान लिपि तथा वर्ण वाम्बुले भाषामा अपुग भएकोमा थप परिमार्जन गर्ने काम भएको छ ।

हामीलाई जसरी पनि सामूहिक पहिचान जोगाउनु छ । किराती भाषाहरु किरात लिपिमै लिपिवद्ध गर्दा केही फरक नपर्ने ठहरसहित वाम्बुले भाषाको विशेषताअनुसार केही लिपि थप गरिएका छन् । लिम्बु भाषामा नरहेको तर वाम्बुले भाषामा रहेका ध्वनि झ, ट, ठ, ड, ढ थपिएका छन् । त्यसैगरी वाम्बुले भाषामा ड, ब र ल ध्वनिबाट बन्न अन्तष्फोटक शब्द (ड्अीवा, ब्अुलुम, ल्आम आदि) लाई साधारण र विशेष गरी दुई प्रकारले प्रस्तुत गरिएको छ । यी लिपि विभिन्न पुराना पुस्तकबाट साभार तथा परिमार्जन गरिएका हुन् । हामीले आफू खुशी किरात लिपिलाई परिवर्तन गर्ने अधिकार राख्दैनौं यद्यपि लिपिलाई बढी व्यवहारिक बनाउने क्रममा 'झ' वर्णलाई 'ज' जस्तै तल अलिकति संकेत दिएका छौं । यसअघि सिक्किममा प्रयोग भएको 'झ' वर्ण देवनागरीलिपिको 'छ' जस्तैजस्तै रहेको छ । यी सबै लिपिलाई लिपिविज्ञ करूण थापा (जो १९९२ देखि बैरागी काइँलाको निर्देशनमा किरात लिपि/सिरिजङ्गा लिपिलाई वैज्ञानिक ढंगले मिलाउने, कम्प्युटरमा सेटिङ गर्ने काम संलग्न छन्)लाई गुहार्न पुग्यौं । हामीले वाम्बुले भाषाको ध्वानिअनुसार नयाँ परिमार्जन गरेका किरात-लिपिलाई उनै मिलाएका छन् । यतिमात्र होइन- हामीले भन्नै नपाई 'किरात-वाम्बुले स्क्रिप्ट' नामाकरणसमेत गरिदिएका छन् । यी लिपि

देवनागरी लिपिको 'प्रीति फोन्ट'अनुसार टाइप गर्न सकिन्छ । तत्कालका निम्ति सिरिजङ्गा, सिरिजोङ्गा, याक्थुङ स्क्रिप्ट/फोन्ट इन्टरनेटमा गूगल सर्च गर्दा पाउन सकिन्छ भने किरात-वाम्बुले फोन्ट व्यक्तिगत इमेलमार्फत् पठाएर व्यवहारमा ल्याउन सकिनेछ । यी सबै फोन्ट/स्क्रिप्टलाई डब्लुडब्लुडब्लु डट डब्लुएएमबियुएलइआरएआई डट ओआरजी (वाम्बुले राई डट ओआरजी) राखिनेछ र त्यसैबाट विश्वभरि डाउनलोड गरी व्यवहारमा ल्याउन सक्नु हुनेछ । यी लिपिको प्रयोग कम्प्युटरको कुन-कुन की थिच्दा कहाँ-कहाँ छ/पाइन्छ भन्नेबारेमा वाम्बुले राई डट ओआरजीभित्र पब्लिकेसन्सभित्र 'लिब्जु-भुम्जु-४१' (किरात लिपि विशेषाङ्क)को पिडिएफ फाइल लाउनलोड गरी हेर्दै अभ्यास गर्न सकिनेछ ।

'किरातवाम्बुले' लिपि प्रयोगमा 'झ' वर्णलाई फरक बनाइए (आविस्कारचाहिं नभनौं) को विषयलाई लिएर वाम्बुले राई भाषामा विद्यावारिधिप्राप्त डा.जँ रब्यार अप्खन्वार्त र उनका भाषाशास्त्री समूहले भयङ्क प्रतिवाद गरेका छन् । किन यसो गऱ्यौ ? भनेर लिखित रूपमा स्पष्टिकरण मागिरहेका छन् । मैले यस विषयमा लिपि विशेषाङ्कमा भनिसकेको छु कि 'वाम्बुले भाषाको स्वामित्व वाम्बुले राईहरूले लिने भएकाले त्यत्ति धेरै बिच्किनु पर्छ नै भन्नेचाहिं लागेको छैन । गुढ कुरोचोहि के हो भने बरू वाम्बुले राईहरूले आफ्नो मातृभाषामा लेखपढ गर्छन् कि गर्दैनन् । लिपिको प्रयोग कत्तिको गर्लान् भन्ने विषयचाहिं सबैभन्दा गम्भीर विषय हो ।...' वाम्बुले राई भाषामा अझै पूर्ण रुपमा विशेषताहरु पहिचान गर्न तथा शब्द लेखनमा व्यवहारिक कठिनाइबारे केलाउन बाँकी छ । अब आइपर्ने समस्या सम्बोधन आगामी दिनमा गर्दै जानुपर्ने छ । आवश्यकता नै आविष्कारको जननी हो भन्ने वाक्य हाम्रो वाम्बुले भाषाको श्रीवृद्धिमा पनि लागू हुँदैजानेछ ।

लिपि प्रयोग र बृहत् अन्तक्रियाएका निम्ति 'लिब्जु-भुम्जु' पूर्णाङ्क ४१ 'किरात लिपि विशेषाङ्क' प्रकाशन गरिएको छ । यसमा मञ्जुल याक्थुम्बाले 'सिरिजङ्गाहाङ किरात लिपिका पुनरूत्थानकर्ता मात्र हुन्' शीर्षकमा यथार्थ प्रस्तुत गरेका छन् । किराती जेबी राईले 'किरात लिपिका टिप्पणीहरू' लेखेका छन् । डा.जँ रब्यार अप्खन्वार्तले 'अन एडप्सन दि लिम्बु स्क्रिप्ट फर वाम्बुले' लेखेका छन् । अमर तुम्याहाङले 'किराती लिपि, किराती भाषाहरूको लेखनको सन्दर्भ' लेखेका छन् । यस लेखमा लेखकले लिपिको परिचय, लिपिको वंशवृक्ष र किरातलिपि, किरातलिपिको विकास र लेखन सन्दर्भ जोडेका छन् । र यही विशेषाङ्कमा किरात वाम्बुले लिपि विशेषमा गणेश राईले 'किरात-वाम्बुले लिपि र अभ्यास' शीर्षक लेख प्रस्तुत गरेका छन् ।

प्रसङ्ग लिम्बु र वाम्बुले भाषा लेखनमा प्रयोग भएका यी लिपिलाई अन्य राई भाषाहरुमा किन प्रयोग नगर्ने ? भन्ने हो । प्रयोग गर्दा हानि केही हुनेछैन । मैले यसबारे 'निप्सुङ-२९, २०६७' मा लेखेको छु- 'किरात लिपि प्रयोग गर्नु कुनै साइत कुर्नु पर्दैन । त्यसका लागि दिल खुस र खुला हुनु जरूरी छ । कसैको जुठोपुरोलाई स्याहारेको नभई पूर्वजप्रतिको गौरव गान र यो सम्पदाको पुनः प्रयोग पनि हो ।' भाषाशास्त्रीय इतिहासअनुसार किरातीभाषाहरू भोट-बर्मेली परिवारका भाषा हुन् । जतिसुकै अलग भएपनि पुर्खा एकै भएकोले लिपिलाई साझा प्रयोग गर्दा किराती भाषाहरुको आयु अझ सयौं वर्ष लम्बिने छन् । एउटा व्यक्तिभन्दा उसको समुदाय ठूलो हो । समुदायको साझा भाषा, लिपि, संस्कृति, सभ्यता युगौं युगसम्म बाँच्न सक्छ भने एक-एक व्यक्तिले यो साझा अभियानमा किन तेल नथप्ने ? किरात लेखक, विद्वान, चिन्तक, साहित्यकार, कवि, समालोचक, टिप्पणीकार सबै-सबैले सोच्न आवश्यक छ ।

raiganesh@gmail.com

*(लेखक 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक पत्रिकाका सम्पादक तथा कान्तिपुर दैनिकमा कार्यरत पत्रकार हुन् ।)*




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

**बतासे गा.वि.स. परिवार**
बतासे




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

**अप्सरा राई**
बानेश्वर, काठमाडौं




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

**गुणराज दुमिराई**
**कमला दुमिराई**
चाबहिल, काठमाडौं ।




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

**महेन्द्र साईवर**
ढोलाहिटी, काठमाडौं

दुमिभाषा तथा संस्कार प्रधान भाषिक पत्रिका

# सुलाम् (मेसो)
# Sulam —The Way—

अंक-३, २०६७ असोज वर्ष - ३, 2010, October

| वाक्यहरु | माक्पा | बाक्सिला |
|---|---|---|
| मैले फूल टिप्छु। | आङ्आ पुमा प्रित्तो। | अङ्आ पुमा पेत्त। |
| हामुदुई (तिमी र म)ले फूल टिप्छौँ। | इन्चिआ पुमा प्रिसति। | इन्चिआ पूमा पेत्ति। |
| हामीहरु (तिमीहरु र म)ले फूल टिप्छौँ। | इङ्किआ पुमा प्रेक्ति। | इंकिआ पूमा पेक्ति। |
| हामुदुई (उ र म)ले फूल टिप्छौँ। | उन्चुआ पुमा प्रिस्तु। | अन्चुआ पुमा पेत्तु। |
| हामीहरु (उनीहरु र म)ले फूल टिप्छौँ। | उङ्कुआ पुमा प्रेक्ता। | अंकुआ पुमा पेक्तु। |
| तिमीले फूल टिप्छौ। | आनिआ पुमा आप्रित्ता। | आनाआ पुमा आपेत्ता। |
| तिम्चुईले फूल टिप्छौ। | आन्चिआ पुमा आप्रिसति। | आन्चिआ पुमा आपेत्ति। |
| तिमीहरुले फूल टिप्छौ। | आनिमुआ पुमा आप्रिस्तानि। | आन्तिआ पुमा आपेत्ति। |
| उसले फूल टिप्छ। | उम्आ पुमा प्रित्ता। | उम्आ पुमा पेत्ता। |
| उन्दुईले फूल टिप्छन्। | उन्चिआ पुमा प्रित्तासि। | उन्चिआ पुमा पेत्ति। |
| उनीहरुले फूल टिप्छन। | उनिमुआ पुमा प्रित्तानि। | उन्तिआ पुमा हाम्पेत्ता। |

## यसो भनुङ

**दुमिभाषामा मौलिक प्रकाशनको रूपमा विशेष अंक सुलाम (मेसा) इसिलिम अंक १० देखि सुरू गरी यसको निरन्तरता स्वरुपै भाषिक खुराकको रूपमा यस अंकमा पनि पाठक समक्ष प्रस्तुत गरेका छौं। सक्दो मेहनतका साथ सन्देशमूलक एवं व्यवहारमूलक बनाउने दायित्व हाम्रो, सिर्जनशील प्रतिक्रिया एवं राय सुझाव पठाउने जिम्मा तपाईंहरूको।**

**प्रकाशक**
**दुमि किरात राई फन्सिकिम**
**तथा**
**इसिलिम परिवार**

## सन्दर्भ


क्र.सं. लेख
१. मामा मोइक मा तुम्
२. इङ्किपो छेन्सि
३. तुक फे सागो
३. राजा र फिस्टो


## आब्हान

सम्पूर्ण दुमि सर्जकहरूलाई आफ्नो मातृभाषाको संरक्षणको लागि दुमिभाषामा लेख रचनाहरू पठाई सहयोगको लागि आब्हान गरिन्छ।

-सुलाम्

# राजा र फिस्टो

अनुवादः मनोज दुमिराई

❖ एकादेशमा एउटा अभिमानी र घमण्डी राजा थियो रे ।
(तुक्लिथाम्मुबि तुक्लि आकातु हाङ म ए ।)

❖ उसलाई संसारका सारा कुराहरु साना हुन् म नै बलवान् हुँ भन्ने घमण्ड थियो ।
(उमूलाई ताम् नामपारुबि गुक्सा खत्लमूतुम्मु मोयो मोनो होपु तुङ घल्सा मोतो आक्सा मिम्थदिं ।)

❖ एकदिन फिस्टो जातको सानो चरोले उसको घमण्ड तोड्ने विचार गर्‍यो ।
(तुकदिन दिदिलेम् आक्सा तिल्सा सिल्पुआ माम्पो ल्वाइसि काङ्सा मिम्दि ।)

❖ फिस्टोले राजाको छेउमा गई 'राजा भन्दा म ठूलो, राजा भन्दा म ठूलो' भन्न थाल्यो ।
(दिदिलेम्आ हाङ्पो फार्‌बि खस्सोका 'हाङबिका आङ घल्सा, हाङबिका आङ घल्सा' आना थालेमु ।)

❖ राजाले रिसले चुर भई त्यस फिस्टोलाई तलवारले दुईटुक्रा पारिदियो ।
(हाङ्आ चिलिआ मोयो मादोक्नका दिदिलेम्लाई मुर्मिआ स्वाक्लि मुसोका कोक्सि ।)

❖ त्यस फिस्टोले फेरि भन्न थाल्यो 'राजा एउटा म दुईटा, राजा एउटा म दुईटा'।
(माम् दिदिलेम्आ मका आन्चि 'हाङ तुक्लि आङु स्वाक्लि, हाङ तुक्लि आङु स्वाक्लि'।)

❖ रिसाहा राजाले त्यसलाई तेलमा भुट्न लगाए ।
(चिलिआ हाङ्आ माम्लाई लेन्बि खुर्नि लुत्नि ।)

❖ फिस्टोले फेरि भन्न थाल्यो 'राजा खस्रो म चिल्लो, राजा खस्रो म चिल्लो'।
(दिदिलेम्आ मका आस्देचि 'हाङ खस्रो आङु चिल्लो, हाङ खस्रो आङ चिल्लो'।)

❖ राजाले रिसले त्यसलाई खाइदिए ।
(हाङ्आ चिलिआ माम्लाई जिखति ।)

❖ फेरि फिस्टोले भन्न थाल्यो 'राजा बाहिर म भित्र, राजा बाहिर म भित्र'।
(मकायो दिदिलेम्आ आना थालेमु 'हाङ पाखा आङ गोया, हाङ पाखा आङ गोबि'।)

❖ अब के गर्ने भन्दा राजालाई एउटा जुक्ति फुर्‍यो ।
(आजि मो मुक्सा आत्तियो हाङ्लाई तुक्लि तुम् नुबि ह ।)

❖ उसले आफू शौंच गर्ने र त्यसबेला निस्कने फिस्टोलाई फेरि तलवारले काट्न आफ्ना सिपाहीलाई तलवार लिएर बस्ने आदेश दिए ।
(होपुआ मिम्सोका मयो लङ्सा मुर्मिआ कोक्ना होपुपो सिपाहीलाई तलवार लुप्देस्निका मोनि लुत्नि ।)

❖ जब राजाले शौच गरे, फिस्टो उडिहाल्यो ।
(माम्ला हाङ्आ मिन्दि, सिल्पुबिर्खुचि ।)

❖ हत्त न पत्त सिपाहीले तलबारले फिस्टोलाई हान्दा राजाको शरीर नै दुई टुक्रा भयो ।
(धावा धावा सिपाहीआ मुर्मिआ दिदिलेम्लाई उफुयो हाङपो रम ङ स्वाक्टुलि छुकु ।)

❖ यसरी घमण्डी राजाको अन्त्य भयो ।
(तिसोका नाछुवि हाङ मिचि ।)

❖ सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेला फर्केर मुखमा आइजाला ।

## हाम्रो पहिचान (इङ्किपो छेन्सि)

-मनोज दुमिराई

आफ्नै छ देश अनि आफ्नै त छनि संस्कृति
(होपुपो ङ गोता थाम्पु मका होपुपो ङ गोता रिदुम्-हदुम्)
उठौं, हामी किरौंती सब जति सन्तति ।
(फुक्ति, इङ्कि रदुचु ङ्फारा मुक्सा चुचुमान्चु)
गर्नु जे जति छन् हामीले गरौं ती
(मुना मो गोता इङ्किवा मुक्ति माम्)
भोलिलाई साँचे हुनेछ नै ढिलो
(आसाला तुक्तिखो छुक्ता ङ अबेला ।)
पवित्र चुलो सुम्नीमा-पारु छन् हाम्रो धरोहर
(सुप्तुलु सुम्नीमा-पारु हाम्मोता तुप्सुधिल्)
अगाडी बढौं पर्दे नै शिरोपर ।
(लाम्लु खक्ति प्रोइसिक्ति ङ सायाचो)
देवी-देउता, सिमे-भूमे यिनै हम्रो भर,
(छिमोदिमो, सिमे-भूमे ताम्मु ङ इङ्किपो भर)
दुमिभाषी प्रकृतीप्रेमी हामी हौं मनोहर ।
(दुमिजिक्सा प्रकृतीप्रेमी इङ्कि ङ मनोहर)
साकेला र इसिलिम यिनै छन् हाम्रा निधी
(साकेला कायो इसिलिम् ताम्मु ङ इङ्किपो निधी)
नछोड्नु यसलाई गर्दै जाऔं रितीविधी ।
(माचामुन्ना ताम्लाई मुक्ती सुतीथाती)
सगरमाथाझैं अटल चुली हामी हौं भूमिपुत्र
(चोमोलुबि हेङ अटल चोबि इंकि खि थाम्पुचु)
सयौंगाथाको इतिहास बोक्ने मुन्धुम छ पवित्र ।
(सयौंगाथापो इतिहास कुर्सा मुन्धुम् गोता पवित्र)
हजारौंको बिचमा उठेको हाम्रो ज्वलन्त पहिचान
(हजारौंपो विचबी फुकुम् इङ्किपो छेकोम् छेन्सि)
पूर्खाको नासो रगतको अमूल्य त्यो बलिदान ।
(चुपीपो सुलाम् हिपो माम् गोता मुसधक्स ।)
बिग्रेर गए नासेर गए हामी नै के हुने
(फाल्सोका चाम्सोका खक्तिखो इङ्कि ङ मो छुक्सा)
त्यसैले गरौं है सबै मिली यसलाई बनाउने
(मका खि मुक्ति मेइ ङ्फारा प्रोङसिसो ताम्लाई खानुक्सा ।)
निरि ।

## तुक पे सागो

-बीरवहादुर मुरह दुमी
हाल-हङ्कङ्

सुम्निम् क पारुहाङ्पो बरथआ,
दनिहेम् रिराम् अङ दोक्तु ।
मम मुनु याच्चि कुर्तो तम् बाखामाबि पिय ।
रिरामपो लम्दुबि तात्ति मुतो मोङ ।
तात्ति मुतो-मुतो हेम्पा चाम्खुच ।
सागोपो कर कुर्तो हेम्पा खत्नु तेम्बेला
ओहोपघोइ होपुङ लुमजोत अङआ ।
रिरामपो लम्दुबि होपङ छुक अङ्ने
होपङ होपआ लम्नु खत्नु हेम्पा ?
रिराम्दुपो लम्दुबि घत्पु भुक्तो छुका
सम्सुरपो सानु माछुकुक ईङ्कि ब चामा ।
आम्नुलक इङ्किखल वाछे छुक्नु छुक्ता ।

### नेपाल अनुवाद

## (एक टुक्रा मन)

सुम्निमा र पारुहाङ्को आशिर्वादले
पाहुना जस्तो जीवन मैले पाएँ ।
केही गर्ने इच्छा गर्दै यस धर्तिमा आएँ ।
जिन्दगीको गोरेटोमा तात्ति गर्दै थिएँ ।
तात्ति गर्दा गर्दै कता हराई गएँ ।
मनको घाउ बोकी कता जाउँ अहिले,
आफैभित्र आफूलाई खोज्दैछु मैले ।
जिन्दगीको गोरेटोमा आफै भए मत
आफैले आफूलाई खोज्न जाने कता ?
जिन्दगीको गोरेटोमा ठूलो पिडा भयो,
सन्चितताको अज्ञनताले भाषा हाम्रो गयो,
आजैदेखी हामीसबै सचेत हुनु पर्‍यो ।

## मामा मोइक मा दुम्

मामाआ अङ् ङिन्तिनि,
हेम्बेला अङ् तम् हल्कुम्बि
च्याँ.... **मुतो बुखु ये,**
**मोम् ओप्पो इयाल्दुङ् ङुक्सु**
आचेवा. ब दुम्स्वम् छुकुये,
रेनेनेवा दुम्स्वम्,
म्मा.. ...
मोम्बेला मामा दुमो नुसिआ,
बुक्समा ङेक्सु चामुत्निम् ये,
रेसुआं मिखुम् बेर्दिनिम् यै,
दुवाङ हसहल छुक्निम् ये ।
मामा अङ् रुरीकु दुदुकाई
मु ब बुत्तो,
आत्निम् ये,
नायम आप्पो लागि तम् चेम्रु,
अबुक्स, साल्नुक तुनु ।
बुछमुल् छास्ता,
फाल्तुक खुस्ता, बुङ्थिर छुक्ता,
साजुम् कुयुम्आ बेर्तामै ,
मिलुमि छुकुक,सेन्सो मुनु ।
छात्नुक छाम्छेनु ।
चमुत्नुक तलेवा मामुनु ।
मकखो,
आप्पो मा/मु ब काई
खल ससिपौ, मिनपो ।
रिदुम् , हदुम् ,
रेप्स, रेक्स, छेन्सि,
तोइसि खाप्सुम् गोता ।
मोइक रिराम् जिङुम् गोता ।
वो छुङ रिराम् जिङुम् गोता ।
ओ लालु नायम् खल थेर्सुम् गौता ॥

## मातृ अनि मातृभाषा

आमा मलाई सुनाउछिन्
जब म यस धर्तिमा
चिहाँ.... गर्दै जन्मे रे,
ती मेरा अवोध रुवाईमा,
भाषा प्रतिध्वनित भयो रे
गुनगुनायन ध्वनी....
म्मा ...SSSSSS....।

त्योबेला आमा बेहद खुशीले,
प्रसव पिडा भूलेकी थिइन् रे,
हर्षले रोएकी थिइन रे,
औधी रमाएकि थिइन् रे ।
आमा मलाई अमृतमय
दुग्धसंगै मातृभाषा पिलाउदै,
भनिरहन्थिन रे,

नायम लागि यहि उपहार,
आजन्म सम्हाली राख्नु ।
कतै घुन्पुतली लाग्ला,
विनास होला, मुर्झाउला,
आधि बेहेरीले उडाउला,
ज्ञानी बनेर चौकिदार गर्नु ।
विकास अनि विस्तार गर्नु ॥
भूलेर बदमासी नगर्नु ।

किनकि,
तिम्रो मातृभाषा संग,
प्रत्येक व्यक्ति र जातीको
सस्कार संस्कृती
सान, मान, पहिचान,
अस्तित्व जोडेको छ ।
अनि जीवन बाचेको छ ।
हो सत्ते जीवन बाचेको छ ।
प्यारी नायम सर्बस्व अडेको छ ॥

तेजमाया दुमि
एम.ए., भाषाविज्ञान दोस्रो वर्ष
खोटाङ बाक्सिला–६
*email-heatloverai@yahoo.com*

# किरात राई यायोक्खाको बाटो र भूमिका

२०६७ श्रावण २२ गते किरात राई यायोक्खाले आफ्नो स्थापनाको २२औं बर्ष पारगरी २३औं बर्ष प्रवेश गऱ्यो ।

सामान्यतः सदाभैँ र आफ्ना शुभचिन्तक ( कुराकाटने)हरुले भन्ने गरेकै शैलीमा किरात राई यायोक्खाले आफ्नो स्थापना दिवस मनायो । अन्य नयाँ रणनीति, कार्यनीति र कार्ययोजना साङ्गठनिक वा आर्थिक कुनै योजनाहरू बिना मनाइएको स्थापना दिवस एक किसिमले भन्नु पर्दा पुर्नताजगी कार्यक्रमभन्दा बढी केही नभएको जस्तो देखिन्थ्यो भ्फण्डै-भ्फण्डै रोटरियनहरुको जस्तो, लम्बेतान औपचारिकतासहितको । फेरि पनि राम्रो भयो । भव्य भयो । उपस्थिति धेरै थियो । उनी पनि आए-ऊ पनि आए । उनले ठीक बोले । उनीले सही भनिन् । खाना राम्रो थियो । व्यवस्थापनमा यो-यो कमीकमजोरी देखियो । इत्यादी । यी र यस्तै किसिमका टिका-टिप्पणी सहित कार्यक्रम अत्यन्त सफल भएको समीक्षा बैठकमा गरियो । यो त हुने नै भयो । यसमा सुधार एक्कासी खोज्नु हतार नै हुनेछ, समयसँगै यसमा केही परिवर्तनहरु अवश्य आउने छ ।

बिगतका बर्षहरुलाई नियालेर हेर्ने हो भने किरात राई यायोक्खाले गरेको कार्यहरुका प्रति गर्व गर्नुपर्ने धेरै ठाउँहरु भेट्टाउनु स्वभाविक नै हो, हामीले । यद्यपि त्यसैलाई ठूलो उपलब्धीको रुप दिएर आगामी दिनको (समय सापेक्ष, विधानको उद्देश्यमा रही, समुदायको लागि यस कार्यकालमा गरिन लागेको) कुनै कार्ययोजना हालसम्म बन्न नसक्नुलाई किरात राई यायोक्खाको कमजोरी वा अक्षमपना के भन्ने त्यो तपाइँ आफूमै भर पर्ने कुरा हो । फेरि पनि आशा गरौं चाँडै (२०६७ आश्विन ७-९, केन्द्रीय कार्यालय, कोटेश्वरमा बस्ने तेस्रो पूर्ण बैठकले) केही महत्त्वपूर्ण निर्णयहरु गर्नेछन् । किरात राई यायोक्खा स्थापनाहुँदाको अवस्थादेखि हालसम्मको समयलाई हेरेर छोटो (तीन बर्षे वा कार्यसमितिको एक कार्यकाल) र लामो (दीर्घकालीन) कार्ययोजनाहरु निर्माण गरेर एकताबद्ध भई संस्थालाई एक्काइसौं सताब्दीको गतिशील समयसँगै गतिमान बनाएर अगाडि बढाउने तर्फको भूमिका निर्वाह गर्नु नै मुख्य विषय हो, आजको ।



स्वभाविक रुपमा किरात राई यायोक्खाको सचिवालय सदस्यको हैसियतले संस्थाको विधान र सङ्गठन प्रतिको हित र गोपनीयतालाई ध्यानमा राखेर काम गर्नुपर्ने मेरो पहिलो कर्तव्य हो । म त्यसप्रति सचेत छु र सातौं राष्ट्रिय सम्मेलन (२०६६ कार्तिक २१-२३, धरान, सुनसरी) पश्चात् तीन बर्षे कार्ययोजनाको तयारी गरौं । आर्थिक योजना तयारी गरौं । संस्थाको भावनात्मक कुराभन्दा विधानतः संस्थागत संरचना, जिम्मेवारी र दायित्वको बारेमा सबैमा जनचेतना जगाउँदै सङ्गठन सुदृढीकरणको लागि प्रशिक्षण तथा पुनर्ताजगी कार्यक्रमहरु सञ्चालन गरौं । नियमित हुने वा गरिने कामहरुलाई पनि मिल्नेसम्म व्यवसायिक रुपमा अगाडि बढाएर संस्थाको आर्थिक अवस्थालाई उन्नत बनाऔं । विधान बमोजिम जिम्मेवारीको बाँडफाँड गरी सबै सदस्य तथा सेलहरुलाई सक्रिय तुल्याऊँ । आदि । कुराहरु धेरै पटक गरेका छौं । भनेका छौं । ढिलो चाँडो यसले निकास लिने नै छ । हामीले केही धैर्य र प्रतिक्षा गर्नु पर्दछ ।

विगत एक बर्षमा बैठकहरु हुँदै नभएका हैनन् । भए । तर जतिपनि बैठकहरु हुन्छन् ती प्रायः सबै अत्यन्तै पत्यार लाग्दो, विषयवस्तुमा केन्द्रितभन्दा भावना वा प्रसङ्गमा बढी बग्ने; पदाधिकारीभित्र पनि जिम्मेवार व्यक्ति वा पदहरु नीति तथा कार्ययोजनाप्रति भन्दा दैनिक चल्ने चलाउने प्रशासनिक कार्यक्रमहरुमा बढी अल्भने; कुनै विषयको गाम्भीर्यतालाई लिएर निर्णायक हुनुको साटो आफ्नो वा आफूप्रति बढी केन्द्रीत हुने किसिमको देखिन्छ । परिणामतः एक जना मान्छेले एक पटकमा एकाग्रता कायम गर्नसक्ने दुईघण्टाको समयलाई ख्यालै नगरी विषयवस्तुको सुरूवातपछि त्योभन्दा बाहिरको विषयहरु त्यसैमा मिसाएर विषयअन्तर हुँदै त्यसप्रति सवाल-जवाफमा पुग्ने र प्रस्तुत एजेन्डाको निष्कर्ष आउनुको साटो अन्तैकतै बहकिदै अन्त्यमा भनाभनको स्थितितिर भर्ने अवस्थाको सिर्जना हुने र त्यसलाई पनि चुपचाप मुकदर्शक भएर सुन्नु वा हेर्नुपर्ने अवस्था रहेको छ । बैठकको अन्त्य यसरी हुन्छ, जब घडिको समयले बेलुकीको ६, ७ केहिले काँही ८ नै बज्दा कार्यसमितिका सबैको एकाग्रता भङ्ग भइसकेको समयमा समाप्ति भएको कत्तिलाई थाहा नभएको अवस्था हुने स्थितिमा अध्यक्षले बैठकको समापन गर्नुपर्ने बाध्यता रहेको छ ।

यी अनुच्छेदको अध्ययन पश्चात् तपाइँहरुलाई यायोक्खाका प्रति ठूलो आश्चर्य लाग्ला  यायोक्खा त यस्तो पो रहेछ । तर, हाम्रै जस्तो समाजसेवा गर्ने समान उद्देश्य भएका जतिपनि संघ संस्थाहरु स्थापना भएका छन् ती सबैको अवस्था करीब-करीब यस्तै हो भनेर बुझ्दा अन्यथा हुने छैन । यो भन्दा बढी राम्रो कमै छन् । कत्ति संस्थाहरुको त यहाँसम्मको अवस्थामा पनि हुन नसकेको हामीले देखेकै छौं किनभने यो राजनीतिक पार्टी वा व्यापारिक कम्पनि होइन । यद्यपि हामीले हाम्रो कार्ययोजनालाई तयार गर्दा भविष्यप्रति लक्षित गरेर निर्माण गर्नु पर्दछ । बैठकहरुमा सँधै सबै यस्तै मात्र नभई केही छलफलहरु हुन्छन्, निर्णयहरु हुन्छन्; त्यसको कार्यान्वयनमा किन कमी आउँछ ? कर्मी माहुरी जस्तो सदस्यहरु रहेको किरात राई यायोक्खाका कार्यसमितिमा पदाधिकारीहरुले सदस्यहरुलगायत आफ्नो सङ्गठनको सञ्जालहरुलाई सही र उपयुक्त जिम्मेवारी दिएर राम्रो अनि सही कार्यक्रमसहित समुदायमा पुग्न नसकेको भने पक्का हो । यसमा सुधार अत्यावश्यक छ ।

नेपाल जस्तो गरीब राष्ट्रको हैंसियतको तुलनामा नागरिकहरुको महत्त्वकांक्षा धेरै माथि रहेको हामीलाई अवगतै छ । गरीब बा-आमाको धेरै छोराछोरी रहेको परिवारको जस्तो । त्यसको सही व्यवस्थापन र सुनिश्चित् भविष्यका प्रति नागरिक र बालबच्चाले जत्ति नै आन्दोलन या याचना गरेपनि राष्ट्र र बा-आमाको विभिन्न परिस्थितिजन्य सिमाहरुको कारणले धेरै इच्छा आकांक्षाहरुलाई स्वतन्त्र हावामै छाडिदिएर थोरै त्यसमा पनि आधारभूत कुराहरुलाई मात्रै ग्रहण गरी सीमित हुनु पर्ने हालको समयमा हाम्रो समुदायको माग र आकांक्षाहरु सबै किरात राई यायोक्खाको यस कार्यसमितिले सम्बोधन गर्नु पर्छ त्यो परिकल्पना मात्र हुन सक्छ तर कम्तिमा हाम्रो समुदायको माग र आकांक्षाहरु यस किसिमका रहेका छन् । यसको सम्बोधनका लागि आवश्यक तत्त्वहरु यो-यो हो र हामीसँग हालमा यति साधन र स्रोत मात्र भएको कारणले विशेष प्राथमिकताको आधारमा हामीले अबको करीब दुई बर्षको अवधिमा यी-यी कामहरुलाई सक्रियताका साथ गर्ने लक्ष्य राखेका छौं भन्ने योजना मात्रै पनि लैजान सके संस्थाअन्तर्गत तथा अन्य सम्पूर्ण किरात राईहरुको बीचमा एउटा सानो आशाको घेरा पलाउने थियो ।

समयको गतिसँगै किरात राई समुदायको माग र आवश्यकताहरुलाई ठिकठाक किसिमले अगाडि बढाउन नसकिएको सबै कुराको दोष यही

कार्यसमितिलाई मात्रै दिनु त्यो कसैले पनि चाहेको कुरा होइन होला । त्यो मिल्दैन पनि यद्यपि समय कालसँगै नयाँ पुराना सबै किसिमको समस्याजन्य विषयहरु हालको संक्रमणकालीन समयमा हाम्रो सामु तेर्सिएर आएको भने पक्कै हो । यस्तो परिस्थितिमा किरात राई यायोक्खाका केन्द्रीय कार्यसमितिले निर्देशन सहित जिल्ला कार्यसमिति; प्रारम्भिक कार्यसमिति तथा भातृ सङ्गठनहरुको सक्रिय भूमिका सहित परिचालित र परिचालन हुनु ढिला गर्नु हुन्न । यसका साथै यसै अभियानमा सम्पूर्ण किरात राईहरुका आ-आफ्ना भाषिक संस्थाहरु एवं विदेशमा रहेको किरात राई यायोक्खाहरुसँगको सहकार्यसहित सम्पूर्ण शुभेच्छुक जन मिलेर अगाडि बढ्नुपर्ने आजको एक मात्र लक्ष्य हो ।

यसै सन्दर्भसँगै देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक भैसकेको आजको परिस्थितिमा हाम्रो हक अधिकारको वकालत गर्ने हाम्रो संस्था समुदायको हीत र मुक्तिको लागि छैटौं राष्ट्रिय सम्मेलन र सातौं राष्ट्रिय सम्मेलनले पारित गरेको किरात स्वायत्त राज्यको प्रस्तावलाई दस्तावेजीकरण गरी कागजमै सीमित पारेको हालको अवस्थालाई अविलम्ब चिरेर खम्बुवान र लिम्बुवान लगायत किरात स्वायत्त राज्यभित्र देखिएका विभिन्न राजनीतिक समूहहरुसँगको वार्ता र साझा सहमति निर्माण गरी हाम्रो अभियानलाई मूर्तरुपमा अगाडि बढाउनु ढिला भैसकेको छ। यसप्रति पनि सचेत र गम्भीर भएर अगाडि बढ्नु पर्ने दीर्घकालिन लक्ष्यका बारेमा काम गर्नु पर्ने देखिन्छ ।

यस्तो अवस्थामा हामीले हाम्रो भूमिकालाई जान् वा अन्जान्मा खुम्च्याएर हामी यसरी नै प्रस्तुत भइरहने हो भने अब हामीले गम्भीररुपमा आत्मसमीक्षा गर्नु जरूरी छ । कि हामीलाई सातौं राष्ट्रिय सम्मेलनको हलबाट प्राप्त म्यान्डेट, संस्थाको उद्देश्य र आजको समयको माग अनुरुप संस्थालाई अगाडि बढाउनु पर्ने हाम्रो दायित्वप्रति सदा उदासिनरुपमा देखिई रहने हो भने यसको जवाफदेही को हुने ? निश्चितै रुपमा हामी नै हुने । अब हामीले संस्थाभित्र वा संस्थाको काम गर्दा निजी वा वैयक्तिक शैलीलाई छाडि सामुहिक वा समुदायसँग हिंड्ने समूहगत शैलीलाई अवलम्बन र अंगिकार गरेर अगाडि बढ्नु नितान्त आवश्यक भैसकेको अवस्था हो, यो । कुनै पनि काम वा निर्णय (त्यो पुरस्कारको होस् वा दण्डको, अवसरको होस् वा चुनौतिको, जिम्मेवारीको होस् वा दायित्वको) गर्दा पदीय रुपमा जिम्मेवार व्यक्तिहरु हरपल र सदा भविष्यदर्शी हुन आवश्यक देखिन्छ । त्यसको प्रभाव र परिणामको बारेमा । किरात राई यायोक्खाप्रतिको आशा एवं भरोसालाई माथ गर्नैको लागिपनि हामीले हाम्रो समुदाय र संस्थाको गतिशिलताका प्रति गम्भीर हुनै पर्छ । किनभने यो समयले मात्र हैन युगले पनि भन्छ । यो अवसर हो, यो कशी हो, यो अग्निपरीक्षा पनि हो, संस्था र समुदायका प्रति ।

*शङ्कर साम्पाङ राई*
*सहकोषाध्यक्ष*
*किरात राई यायोक्खा*
२०६७/६/५/३



विजयादशमी

तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभ-कामना
गुणराज राई
तथा
कमला राई
चावहिल, काठमाडौं
फोन नं.: ९८५१०




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

दानबहादुर राई
शर्मिला राई




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

श्रीमान/श्रीमती मनिप्रसाद राई




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

देवान राई
शान्तिनगर, काठमाडौं ।




विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि
एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

टंक राई
देवका राई
कोटेश्वर, काठमाडौं

# सङ्गीतको ताल र नृत्यको आधारमा रावाखोलाको मारूनी नाच

-छविलाल राई, जालपा-४, पुरानोगाउ

## क. रावाखोलाको क्षेत्र :

रावाखोला खोटाङ जिल्लाको उत्तर-पश्चिमको क्षेत्रलाई मुहान बनाई विश्वको नै सर्वोच्च शिखर सगरमाथाबाट बग्ने दूधकोशी नदीमा मिसिएको एक नदी हो। रावाखोला दुधकोशी नदीमा मिसिए पछि जिल्लाको उत्तर-पश्चिम सीमानामा खोटाङ र ओखलढुङ्गा जिल्लालाई छुट्याउदै सुनकोशी नदीमा मिसिन पुग्छ। खोटाङ जिल्लाको चर्चित र ठूलो नदी रावाखोलामा लम्जुङ, तापखोला, छेपेखोला, दिखुमखोला, अमरूखोला, देविस्थानखोला, लोचाखोला, बञ्चरेखोला, धोद्रेखोला,सिलङ्कुखोला,आइतबारेखोला जस्ता अनेकौं सानातिना खोलाहरू पनि मिसिएर बग्ने गर्छ।

खोटाङ जिल्लाको उत्तरी-भेकका गाविसहरू रावाखोलाका आसपासका क्षेत्र मानिन्छन्। जसमा जालपा, सप्तेस्वर, खार्मी, पाथेका, फेदी, खार्ताम्छा, बासपानी, बाक्सिला, सुङ्देल, राखा, दिप्सुङ, राखाबाङ्देल, बाकाचोल, ऐसेलुखर्क, जलेस्वरी, महेस्वरी, दुबेकोल, ज्यामिरे,माक्पा,डुम्रेधारापानी, हौंचुर, कुभिण्डे र खार्पा जस्ता गाविसहरू पर्दछन्। यिनै गाविसहरूमा देखाइने एक लोक परम्परागत नाचलाई रावाखोलाको आसपासमा नाचिने मारूनी नाचको रूपमा लिइन्छ अर्थात रावाखोलाको मारूनी नाच भनिन्छ।

## ख. के हो मारुनी नाच ?

कात्तिक मंसिरको समयमा विशेषगरी तिहारमा देउसी भैलो खेल्दै रमाइलो गर्ने एक प्रसिद्ध नाच हो मारूनी नाच। यसलाई पाङ्दुरे नाच पनि भनिन्छ। मंसिर लागेपछि अथवा पाङ्दुर पाके पछि नाचिने कारणले नै यो पाङ्दुरे नाच भएको हो। यो एक निश्चित समयपछि मात्र नाचिने भएकोले यसलाई ऋतुकालीन लोकनाचका रूपमा पनि लिन सकिन्छ। रावाखोला क्षेत्रमा यसलाई सिंगारू नाच पनि भन्ने गरेको पाइन्छ। पुरूषहरू नारीको भेषमा नपुंसक वा हिजडा भएर वैंशले उन्मात्त भएकी युवतीले झैं सिँगार पटार गरेर नाच्ने भएकाले पनि यसलाई सिँगारू नाच भनिएको हो। यो ज्यादै पहिलेदेखि नाचिने नाच भएकोले यसलाई बूढो नाच पनि भनिएको पाइन्छ। स्थान र परिवेश अनुसार मारूनी नाचलाई फरक फरक नामले चिनिन्छ।

सामान्य अर्थमा मारूनी भन्नाले स्त्री वेशभुषामा पुरूषपात्र र नाच भन्नाले मारूनीसँग नाचगान गर्ने समूह वा त्यसमा अभिनयात्मक कियाकलाप भन्ने बुझ्न सकिन्छ। ब्यापक तथा विस्तृत अर्थका रूपमा लिनुपर्दा मारूनी नारी पात्रहरूको रूपमा महिलाको पहिरन लगाएको दुई वा सो भन्दा बढी जोर सङ्ख्यामा पुरूष मारूनी समूहको नेतृत्व सम्हाल्ने एकजना प्रमुख मादले (सखीवाल) , मादलेलाई गाउँने बजाउने कममा साथ दिने खेलभाइ भई नाचिने तथा मञ्चन गरिने , मुख्य विषयवस्तुको रूपमा सरस्वतीको आराधनादेखि शशि, पृथ्वी र मानवसृष्टि , पौराणिक गाथाहरू, जन्म, कर्म, भोग, विलास र अन्त्यपछि स्वर्गसम्म पुऱ्याउनको लागि गाइने राग,गीत, सङ्गीत, नृत्य तथा कलाहरूको एक क्रमबद्ध विधा नै मारूनी नाच हो। पुरूषहरूले नारी पुरूषका भेषमा नाच्ने सामूहिक नाच मारूनी नाच हो। यो परम्परागत नाच हो। यस नाचमा पुरूष पात्र मात्रले नारीपात्रको भेषभुषा लगाएर नाच्दछन्।यसमा दुई मारूनी, एक पुर्सुङ्गे,एक ढँटुवारे तथा दुई मादलेहरू रहन्छन्। यी सबै पात्रहरू पुरूष नै रहन्छन्। मारूनी नाच रावाखोलाको मात्रै प्रसिद्ध नाच नभएर सम्पूर्ण नेपालीहरूको नै राष्ट्रिय नाच हो।

मारूनी नाच आदि मध्य र अन्त्य मिलेको एक क्रमबद्ध साङ्गीतिक तथा नाटकीय विधा पनि हो । यस नाचमा विभिन्न रीति पुऱ्याई दुई जना केटाहरूलाई मारूनीको रूपमा पहिऱ्याइन्छ । यी पहिरिएका मारूनीहरूलाई सिँगारू भनिन्छ । सम्पूर्ण कपडा र गहनाको पूजा गरिसकेपछि विभिन्न तालका गीतहरू गाएर रीतिपूर्वक पहिऱ्याइन्छ र सोहीबेला मारूनीलाई नाच्ने विधि पनि सिकाइन्छ । यस नाचको अगुवाई गर्ने एकजना मूल मान्छे हुन्छ । ऊ हरेक कुरामा निपुण हुन्छ र सम्पूर्ण जिम्मेवारी पनि उही मूलीमा नै रहन्छ । उसले गीतबाटै यस नाचको इष्टदेवको आराधाना गर्दछ र त्यसपछि हरेक विहान बेलुका सखी गाएर ठकुवान लगाउँदै घर घर गएर नाँच्दै दान लिदै आशीर्वाद दिँदै हिँड्ने गरिन्छ ।

रावाखोलाको मारूनी नाचमा विभिन्न मर्मस्पर्शी गीतको गायन कलाहरूको मौलिक विशेषता पनि पाइन्छ । सखी, विलहनी, ख्याली, समला, चुड्की, टप्पा, गर्रा, र अधियाँ जस्ता विविध तालका गीतहरू गाउँदै नाचिन्छ । यसका साथै सोरठी रानी, भिङ्गुमा रानी, रनकेशरबाला, अम्बनाथ गोसाइँ, भरथरी राजा, दधिचन्द्र राजा, तोमाखेमा-खक्चिलिपु, राम चरित्र, कृष्ण चरित्र, महाभारत चरित्र, मधुमालती चरित्र आदि गीत गाथा गाउँदै अभिनयात्मक रूपमा नृत्य पनि प्रस्तुत गरिने भएकोले यो लोकनाटक पनि हो ।

## ग. रावाखोलाको मारुनी नाचको वर्गीकरण

रावाखोलाको मारूनी नाचलाई विशेषगरी दुई आधारमा विभाजन गरेको पाइन्छ-

१. सङ्गीतको ताल र नृत्यको आधारमा

२. विषयवस्तुगत प्रस्तुतिको आधारमा

खोटाङ जालपा ४ का टीकाबहादुर श्रेष्ठले रावाखोलाको विभिन्न ठाउँहरूमा स्थलगत अध्ययन गरेर प्रचलित मारूनी गीत तथा नाचहरूसम्बन्धी विभिन्न सामग्री सङ्कलन गरी रावाखोलाको मारूनी नाचलाई यसरी बर्गीकरण गर्नुभएको छ :

१. सङ्गीतको ताल र नृत्य प्रस्तुतिमा आधारित मारूनी नाच - सखी, विलहनी, ख्याली,समला, चुड्की, टप्पा, गर्रा, अधिया

२. विषयवस्तुगत प्रस्तुतिमा आधारित मारूनी नाच-
   क.समाजिक मारूनी नाच-मधुमालती, सोरठी, भिङ्गुमा रानी, रनकेशरबाला, अम्बनाथ, गोसाइँ, भरथरी राजाको कथा, दधिचन्द्र
   ख.पौराणिक मारूनी नाच-राम चरित्र, कृष्ण चरित्र, तोमाखेमा-खक्चिलिपु र महाभारत चरित्र

यहाँ सङ्गीतको ताल र नृत्यको आधारमा मात्र चर्चा गरिएको छ :

### १. सङ्गीतको ताल र नृत्यको आधारमा मारुनी नाच

रावखोलाको मारूनी नाचको परम्परामा विभिन्न मर्मस्पर्शी गीत गायनकलाको उत्कृष्ट नमुनाको रूपमा भेटिन्छ । मारूनी नाचमा नीति, शृङ्गार, वैराग आदिका भावहरूको मिश्रण पनि पाइन्छ । हालसम्म अस्तित्वमा रहेका सङ्गीतको विविध ताल र नृत्य प्रस्तुतिका आधारमा रावखोलाको मारूनी नाचलाई निम्नानुसार उल्लेख गरिएको छ :

### क.सखी

रावाखोलाको प्रसिद्ध मादलेहरूको भनाई अनुसार मारूनी बाँध्ने मन्त्रदेखि लिएर सृष्टि, बाद्यवादन र गाथाहरूको गीत गायन नै सखी हो । नाचको मुखय आरध्यदेवी सरस्वती माताको राग पुकार्नेदेखि सृष्टि, वियोगान्त कथा कहानी र गाथाहरूको रागलाई नै सखी भनिन्छ । यसलाई सखी ढाल्ने पनि भनिन्छ । तर मारूनी नाचको विधि तथा प्रक्रियाहरूको सन्दर्भको आधारमा भने यस्तो किसिमको मत मानिहाल्न सकिन्न । मारूनी नाचको परम्पराअनुसार नाचको मुख्यदेवी सरस्वती र विभिन्न देवी देवताको देवस्तुति नै सखी हो । मारूनी बाँध्दा गरिने मन्त्रोच्चारण बाद्यवादन, मारूनीका साजसज्जा सामग्री आदिको वर्णन गर्दा गाइने गीत गायन नै सखी हो । रावाखोलाको सन्दर्भमा

सखी गीतलाई मूलभूत रूपमा दुई प्रकारले बाड्न सकिन्छ ।

- वर्णाउली सखी - सजिलो गरी भन्नुपर्दा मारूनी नघुम्ने वा नाच्न नमिल्ने सखी नै वर्णाउली सखी हो । यसमा पनि विधिविधानसम्बन्धी सखी , सरस्वती जगाउँने सखी, मारूनी बाँद्ने सखी र बाद्यवादन र अन्य सामग्रीहरूको उत्पत्ति सम्बन्धीका सखीहरू र्पर्दछन् । यो सखी गाउदा मारूनी नाच्ने परम्परा पाइदैन ।
- ठाडो सखी- रावाखोलाका विभिन्न मादले तथा मारूनी नाचका जानिफकार व्यक्तिहरूको भनाईअनुसार विभिन्न देवताहरूको स्तुतिगान गर्दा मारूनी नचाईन्छ भने त्यो ठाडो सखी हो ।

## ख. विलहनी

रावाँखोलाको सबैभन्दा लोकप्रिय मारूनी गीत र नाच विलहनी हो । विलहनीलाई विरहनी पनि भनिने चलन छ । करूण रस प्रधान रहनु यसको प्रमुख विशेषता हो, विरहनी शब्द विरहबाट आएको हो जसको अर्थ मनमा उराठ लाग्नु, दुख, पीडा, चिन्ता, विछोड, वेदना आदिले आकुल व्याकुल हुनु भन्ने हुन्छ र त्यही अवस्थाबाट प्रस्फुटन भएको गीत एवम् नाच नै विरहनी हो । यो गीत तथा नृत्य प्रस्तुत गरिँदासमेत सखी बाँद्ने र बन्धन फुकाउने चलन छ , यो पनि मारूनी शैलीमा नाचिने नाच हो । पति पत्नि, प्रेमी प्रेमिकाको अन्तःहृदयबाट निस्केको विरहव्याथा, चेली र माइतीको विछोड-वेदना यसमा समेटिएका हुन्छन् । यसमा मादलमा छ मात्रा र बोलको आधारमा धीन-जौ-धीन-नक, धीन र गीति अक्षरको आधारमा एक पङ्क्तिमा २५ देखि ४० अक्षरसम्म रहेका हुन्छन् । वीरहको गीत नै विलहनी हो । यो करूणरस प्रधान हुन्छ; जस्तै-

*पाकीमा गयो अम्बकी गेडी डाली नुहायो*
*विरहले मातेकी चेली कसले रूवायो ?*
*पाकीमा गयो अम्बकी गेडी डाली नुहेको*
*विरहले मातेको चेली म आफै रोएको*
*उभोलाई हेऱ्यो कालिस कंश उँधोलाई तिरह*
*के लाग्यो मलाई आमैको माया के चल्यो विरह*

+++++++++++++++++++++++++++

*सयपत्री फूल्यो फुल्यो रसै भरियो*
*फूलको रस मौरिले लग्यो-२*
*हऽऽऽहै विना रस घुमी रह्यो बबुरा भमरा*
*हो चि चि चाङ्गे फूलै फुल्यो रसै भरियो*
*फूलको रस मौरीले लग्यो-२*
*ह ऽऽऽहै विना रस घुमी रह्यो बबुरा भमरा*
*बाबरी फूलै फुल्यो रसै भरियो*
*फूलको रस मौरीले लग्यों-२*
*हऽऽऽ है विना रस घुमी रह्यो बबुरा भमरा*
*(स्रोत-माथा कुलदीप राई , जलपा-४)*

*हेऽऽऽ है .....खोलै र खोला तिरमा निर*
*हेऽऽऽहै निगुरै लुछी है निगुरै लुछी है -२*
*हे........है दिदै जिउजिऊ बैनी-२*
*सबै र दुःख विरसौला*
*ह ऽऽऽ है सुवामी राजा मालिकलाई नही विरसू-३*
*(स्रोतः मलेनी भक्तबहादुर राई, खार्मी-१ साब्र)*

## ग. ख्याली

रावाखोलाको सेरोफेरोमा अर्को प्रसिद्ध मारूनी नाच ख्याली पनि हो । ख्याली ख्याल धातुबाट आएको शब्द हो । यसमा साधारण बोलचाल र व्यवहारमा हाँसखेल, ख्याल ठट्टा भन्ने बुझिन्छ । मारूनी शैलीमा यसको प्रस्तुति गरिने भएकोले यसमा मारूनीमा प्रयुक्त पात्रहरूकै प्रयोग हुन्छ । आङ्गिक, वाचिक र आहार्य अभिनयको बाहुल्य रहने यस नाचमा सखी बाँध्ने र बन्धन फुकाउने पनि चलन छ ।

ख्याली हाँसीमजाक, आमोद-प्रमोद, ख्यालठट्टा आदिसँग सम्बद्ध रहेको मनोरञ्जनपूर्ण गीत भएकोले नै यसको नाम ख्याली रहन गएको हो ; जस्तै-

*मदेसैको सिन्दुर नेपालको अइना*
*यो वैंशभरी लाउन पाइन-२*
*बस है माया र बैनेउ*
*सती र जानु पर्‍यो मैलै-४*
*ह ऽऽऽ कोही लाउँछन् सिन्दुरै कोही र लाउँछन् गाजलु*
*कोही लाउँछन् छिपछिपे चन्दन-३*
*जो बोल्ने बालीमा जाऊ, छुट्नै लाग्यो मायाको बन्धन -४*
*ह -ऽऽ पूरवैको मादले है, पश्चिमैको मारूना*
*कवदिन भेटै होला-३*
*नरोऊ-नरोऊ मारूना*
*हो समयमा होई जाला भेट*
*ह ऽऽऽ केले बाँध्यौ जलेवा है*
*केले बाँध्यौ मलेवा*
*केले बाँध्यौ रानी सुकुवा-३*
*रानी चरी सुकुवा हो पिँजडैमा वैंश गुमायौ-२*
*हो पिँजडैमा बैंश गुमायौ-३*
*रानी चरी सुकुवा पिँजडैमा वैंश गुमायौ*

*(स्रोत: मलेनी भक्तबहादुर राई, खार्मी १ )*

++++++++++++++

*है भोट जाने भोटालेलाई हिवारीले छेकयो होलानि*
*हिवारीले हैन राजै यो माया जालले छेक्यो मलाई*
*है सिमल फुल्यो रन र वन है ग्यावारा फुल्यो घारी नि*
*केलाई साँच्यौ सानो नानी जोवानको भारी*

++++++++++++++

*है डौडी-डौडी गएथैं है डौडी-डौडी आएथे*
*हो केको रङ्ग लाग्यो मलाई*
*धोई देऊन धोबेनी दिदै*
*हो रानी रङ्ग लाग्यो मलाई*

*(स्रोत: माथा कुलदीप राई, जालपा ४ )*

## घ. समला

समलालाई सभला पनि भन्ने गरेको पाइन्छ । टर्नर शब्दकोशले समलालाई गीतको सुरिलो अन्त्य भनेर अर्थ्याइएको पाइन्छ । जस्तै-

आजुको रतिया बसी जाऊ न
समलाको आमा छैन, बाबु छैन दिदै
आजुको रतिया बसी जाऊ न ।

समला शब्द सम् धातुबाट आएको र यसको अर्थ पनि समान, समरूप, मिल्दो जुल्दो भन्ने हुन्छ । यसको ताल र लय छुट्टै भए तापनि लगभग ख्याली ताल र लयसँग उस्ताउस्तै लय र भावमा गाइने भएकाले यसलाई समला भनिएको हो कि भन्ने अड्कल काट्ने गरिन्छ । रावाखोलाका मारूनी नाचका जानिफकार व्यक्तिहरूका भनाई अनुसार समेली र समला दुई दिदी बहिनी थिए । उनीहरूका माइती थिएनन् । आमाबाबु पनि मरी सकेका थिए । माइती र आमाबाबु नहुँदा सबैले हेप्छन् तसर्थ घरमा आएका पाहुनाहरूलाई एकरात भए पनि बसिदेऊ है भनेर सहारा खोज्ने दु:खान्त भावबाट सिर्जेको गीत नै समला हो; जस्तै-

समलाको माइती छैन
समलाको आमा छैन, बाबु छैन दिदै
बसीमा जाऊ है माया हो
गुदरीमा छमछम

*(स्रोत: मादले बमबहादुर राई (कपुरे) बाक्सिला)*

## ङ. चुट्की

मारूनी नाचको अर्को महत्वपूर्ण मारूनी गीत चुट्की हो । माझकिरात दम्दी गाउँका पूर्व मरूनी तथा खेलभाइको रूपमा अनुभवी श्री मेखबहादुर साम्पाङ राईले चुट्कीको नाम नै छोकडा हो पनि भनेको छन् । समला पछि चुट्की गीतको स्वाद चटनी झैं मीठो गरी गाउँने चलन छ । यसले पनि प्रेमी प्रेमिकाका बीचमा हुने स्नेह,माया,हाँसीमजाक, ख्यालठट्टालाई नै विषयवस्तु बनाएको पाइन्छ । प्राय: सबै ठाउँमा यो

गीतलाई प्रस्तुत गर्ने परम्परा नभएकाले पनि यसको प्रचलन कम भएको पाइन्छ । खार्मी १ साब्रुका मादले मलेनी भक्तबहादुर राईको भनाइअनुसार पनि छोकडा नै चुट्की हो । यसलाई सुरूमा एक चरण ढिलो र त्यसपछि उक्त चरणको दोस्रो तथा अन्तिम टुका छिटोछिटो दोहोऱ्याई तेहेऱ्याई गाइने गीत नै छोकडा हो ; जस्तै -

*ह.ऽऽऽ गङ्गाको तीरमा*
*परेवा है हुरूरू-२*
*परेवा है मारनु जाऊँ*
*नही मारू दाजै परेवा है लछिमीलाई -३*
*परेवा है लछिमीलाई-३*
*नही मारू दाजै परेवा है लछिमीलाई-४*
*कुशको गुदरीमा बसे दुबै दिदी र बहिनी*
*को भन्दा को राम्री-२*
*बैंसको लछिमी दिदी र भन्दा बैनी राम्री*
*(स्रोत: मलेनी भक्तबहादुर राई,खार्मी १)*
*भुसुनाले रूपै फेऱ्यो-२*
*फलामैको जन्जिरैमा*
*हाँसौ है खेलौं है, शिव र जीको मन्दिरैमा-७*
*(स्रोत: मादलेद्वय कटकबहादुर राई र नरबहादुर बि.क. जालपा)*

## च. टप्पा

मारूनीको अर्को गीत टप्पा हो । टप्प शब्द टपक्क टिप्ने भन्ने सन्दर्भबाट आएको बुझिन्छ । यसलाई मूल मादलेले पहिलो पङ्क्ति गाएपछि मात्र दोस्रोबाट त्यसलाई टपक्क टिपेर गाउँने प्रचलन छ । जस्तो-

नेपालबाट फकिर आयो
*गाँजा खाई खाई कङ्कडैमा*
*कोही नाही साथी*
*मरनको बखतैमा*
*(स्रोत: बमबहादुर राई,कपुरे ,बाक्सिला-माक्पाली )*

पूर्वेली मादलेहरूले यसलाई पैसा टिपने राग वा गीत पनि भनेका छन् । जस्तै:

*है है रूङ्गे मैया पैसा टिपङ्गे*
*पैसा टिपङ्गे मैया पैसा टिपङ्गे*
*यता नहेर उता नहेर पैसा दिने हेर*
*वारिपारी सेरोफेरो राईको कुरिया मैया राईको कुरिया*
*सुदाताले पैसा दिए लाउली चुरिया मैया लाउली चुरिया*

माझकिरातका विभिन्न मादलेहरूका भनाई अनुसार विदेश जान लागेको माइति तथा स्वामिलाई रोक्ने माया-प्रीति आदिको तुक्का र भावभङ्गिमाका साथ मारूनी र मादले बटारिदै नाच्ने एक राग र नृत्यको नाम नै टप्पा हो ।

## छ .गर्रा

मारूनीको अर्को गीत गर्रा हो । गर्र वा ग्वार्र शब्दबाट गर्रा भएको हो । कुनै कठिन काम गर्नलाई एकपटक सबै जना लाग्नुलाई ग्वार्र भने जस्तै प्राय: सुदाताको घरमा नाचिसकेपछि अन्त्यमा गर्रा गाइन्छ । यसमा पनि सुरूमा एकजनाले ढिलो लयमा टुक्का भन्ने र अन्तमा सबैले एकैचोटि गीत गाउँदै नाच्ने र सुदाताको घर आँगन छाडेर हिड्ने गरिन्छ जसलाई नै गर्रा भनिन्छ ; जस्तै-

*छानैमा परैवा, आँगनमा बिस्कुन*
*परेवाले खान लाग्यो*
*विधाता हो नानी लछिमी जानै लाग्यो*

गर्रालाई सुदाताको घरबाट दान लिई हिंड्ने बेलामा गाँउने र नाच्ने चलन छ । त्यसैले यसलाई बिदाउनी गीत र नाचको रूपमा पनि लिने गरिन्छ । जस्तै-

*हिजोदेखि भेट भोयुङ् हामी*
*हे आजदेखि बिदा भोयुङ्*
*जे-जे बोल्ने बोलीमा जाऊ*
*मायाको बन्धन छुट्न लाग्यो*
*(स्रोत: मादले बमबहादुर राई,(कपुरे) बाक्सिला*
एकाहजारकी गहना मेरी, दुनाहजारकी सारी
सारी पैरन लेऊ मेरी मैदानमै लारकी जोवन-२
*(स्रोत:मलेनी भक्तबहादुर राई, खार्मी १ साब्रु)*

## ज. अधिँया

खोटाङको रावाखोला अन्तर्गत खार्मी-१ साब्रुमा अधिँयालाई गाउने र नचाउने चलन भेटिन्छ । यसको नाम अधिँया कसरी रहन गयो भन्ने सन्दर्भमा खासै उल्लेख्य प्रामाणिक तथ्य भेटिन्न तर ८६ वर्षीय खार्मी-१ का मलेनी भक्तबहादुर राईका अनुसार उनका पिता र मारूनी नाच टोली मारूनी नाच्ने कममा सिरूवारी भन्ने ठाउँमा पुगे । त्यहाँ नचाउदा सुदाताले दानको रूपमा मान्के बहर पो दिए । त्यसपछि मादलेले नयाँ गीत कथेर नाच पनि प्रस्तुत गरे । त्यहीबाट अधिँया गीत र नाच प्रस्तुत गर्ने परम्परा बस्यो ।

यसबाट के तथ्य प्राप्त हुन्छ भने नयाँ कथिएका गीतहरू नै अधिँया हुन् समय कममा यस्ता गीतहरू सिर्जना हुनु नौलो कुरो होइन । हाम्रो लोकसम्पदाहरू समस्त समुदायकै सम्पत्ति भएकोले यसको रचना पनि समुदायबाट नै भएको मानिन्छ; जस्तैः-

*रावा र डुम्रे-२*
*दुवै हाराहार हा ऽऽऽ है दुवै बराबर*
*मादले र मारूना-२*
*दुवै बारबर हा ऽऽऽ है दुवै बराबर*
*सानो सानो मादलुको-२*
*लामो उजिण्डो है लामो उजिण्डो*
*दाताजी ले दानै दियो-२*
*चित्तै बुझिन्दो हो ऽऽऽ है चित्तै बुझिन्दो*
*रावाखोलाको दोभानैमा-२*
*ढल्क्यो सहर ह ऽऽऽ है ढल्क्यो सहर*
*दाताजीले दानई दियो-२*
*मान्के बहर ह ऽऽऽ है मान्के बहनर*
*भरला है पातैको -२*
*घासुन पुरिया हा ऽऽऽ है घासुन पुरिया*
*यसै घरको सुदातालाई -२*
*सय कुरिया ह ऽऽऽ है सय कुरिया*
*कठै ! ऽऽऽ कलिलो है बाँसको*
*बुन है नागुलो हो ऽऽऽ है बुन है नागुलो*
*यसै घरको सुदातालाई -२*
*सुनैको साँगुलो ह ऽऽऽ है सुनैको सँगुलो*

*(स्रोतःमलेनी भक्तबहादुर राई, खार्मी १ साब्रु)*

यसरी सखी, विलहनी, ख्याली, समला, चुड्की, टप्पा, गर्रा, अधिँया जस्ता मारूनीको प्रकारले खोटाङ्लाई साँस्कृतिक रूपमा उर्वर भूमि पार्ने काम गरेकाछन् । मारूनी नाच खोटाङ जिल्लाको रावाखोला आसपासका क्षेत्रमा नाचिने एक परम्परागत र मौलिक साँस्कृतिक धरोहर हो । यो नाच रावाखोला आसपासको क्षेत्रको मात्रै नभएर खोटाङ अनि नेपालको नै अमूल्य नीधि हो, सम्पत्ति हो जसको संरक्षण गर्नु स्थानीय जनता र नेपाल सरकारको पनि कर्तव्य हो । जुन नाचले नेपाललाई साँस्कृतिक विविधता भएको देश हो भनेर चिनाउनको लागि महत्वपूर्ण भूमिका खेल्छ साथै खोटाङ जिल्लाको लागि छुट्टै साँस्कृतिक पहिचान भएको जिल्लाको रूपमा पनि परिचित गराएको छ ।

मुचि ।





**विजयादशमी**

**तथा**

**शुभ-दीपावली-२०६७ को**

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

**शुभ-कामना**

व्यक्त गर्दछौं ।

**डा. राजकुमार राई.**

**प्यारो राई**

लुबु, ललितपुर

# सरचुको वंशावली

प्रस्तोताः चतुरभक्त राई/बलराम राई

दुमी राईहरुको २१ पाछाहरुमध्ये सबैभन्दा ठूलो जनसंख्या र वंशबृक्षहरु रहेको समुदाय सरचु राईहरु नै हुन । बुसुरू युयुमाको सन्तानका पाँच पाछाहरु-हरसी, दिम्मचु, सरचु, वालक्पा र हम्रूचु मानिएको इतिहास पुर्खाहरुले बताउँदै आएकाले त्यसै अनुसार सरचुको वंशावली प्रकाशनमा ल्याइएको छ । विभिन्न पुर्खाहरुको भनाईलाई संकलन गर्दै त्यसलाई एउटै खाकामा ल्याउन निकै समय र मेहनत परेको छ । उपरोक्त पाँचै पाछाको ऐतिहासिक बृतान्तहरु, घट्नाक्रमहरु एक अर्कामा जोडिने भएकाले पूर्व प्रकाशित बृतान्तहरुलाई यसमा दोहोर्‍याउने काम भएको छैन । वंशावलीलाई आधिकारिक बनाउन संबन्धित स्थानीय क्षेत्रमा नै गई संकलन कार्यलाई अगाडि बनाउने कार्य गरिएको छ । सरचुको वंशावली निर्माणमा म चतुरभक्त राई र बलराम राईको मेहनतको प्रतिफलको रूपमा वंशावलीले यस प्रकारको आकार ग्रहण गरेको हो । यस वाहेक अन्य स्रोत दाताहरुको असंख्य भनाईहरुलाई जस्ताको तस्तै राख्दा राख्दै पनि बाभिएको हदसम्म मिलान गर्ने कामसम्म गरिएको छ ।

बलराम सरचु दाई र म २०५१ सालमा दुमी किरात राई फन्सिकिम चुबलभित्र अध्यक्ष र उपाध्यक्षको रूपमा पनि संगै कार्यरत थियौं । तर बलराम दाईको राजनीतिक पेशाको पंतीमा कित्ता लागीसकेकाले उहाँको लगानी उतै रह्रयो भने म आफूले चाहीं फन्सिकिमलाई याहासम्म दोहोर्‍याउने कार्यमा निरन्तरता रहीरहेको छ । पुनः यत्तिखेर सरचुको वंशावली संकलनमा दुवैको छुट्टाछुट्टै लगानीलाई एक ठाउँमा मिलान गर्ने प्रयत्न स्वरूप २०६७ असोज १३ गतेको छलफलले दुवैबाट संकलित वंशावलीलाई एकैठाउँमा घोल्ने कार्य गरियो । यसले अभ्र स्पष्ट, आधिकारिक र विश्वसनीय बनाएको छ भन्ने कुरामा आसावादी छौं । प्रस्तुत वंशावलीलाई यस रूपमा ल्याउन अमूल्य समय र उर्जा दिई वंशावली वताई सहयोग पुर्‍याउनु हुने विभिन्न जानकार स्रोत व्यक्तित्वहरुप्रति शिर भुकाई धन्यवाद दिदै ति ब्यक्तित्वहरुको चर्चा वंशावली स्रोतको रूपमा निम्नानुसार चर्चा गरिनेछ ।

**१. गजुरमान सरचु राई, खार्मी :**

बि सं १९६७ मा जन्मेका यी ब्यक्तित्व २००७ सालको क्रान्तिकारी हुन । सातसाल मंसिरमा भोजपुरमा राणा प्रशासनिक कार्यलयहरु पहिलोचोटी कब्जागर्दा एक योद्धाको रूपमा गजुरमान राई पनि संलग्न हुनुहुन्थ्यो । दिङ्ला कब्जागर्दा दोर्जे तामाङ र उहाकै नेतत्वमा भएको थियो । पछि दोर्जेलाई भि सी थम्याइयो तर उहालाई केही केही दिइन । त्यसपछि उहाँ सुरिनु भयो र यो सुर्‍याइले ओखैलढुङ्गा कव्जा उहाँकै नेतृत्वमा हुंदा छेपारी र हातको औंलामा गोली लागी घाइते हुनुभएको थियो । पछिल्लो समयमा पञ्चायती व्यवस्थामा लागेर समाजको सेवागर्ने कार्यमा १४ वर्षसम्म पञ्चप्रधानको रूपमा कार्यरत रहनु भएको थियो । बाक्सिला कात्तिकेमा काठेपुलहाल्ने व्यवस्थादेखि विद्यालयको स्थापना, शिक्षकको खोजी र तलवभत्ताको व्यवस्थासमेत आफैले गर्नु भएको थियो । गाउँमा बेठबेगारको अन्त्य उहाले नै गर्नु भएको थियो । एक सहयोगीलाई बन्दुक बोकाई आफू घोडामा चढेर हिड्नु यी व्यक्तिको सोख नै थियो । यी क्रान्तिकारीसंग २०५५ साल असोजमा उहाँकै घर निवासमा बसेर सरचुको वंशको वारेमा छलफल चलाउँदा छेम्माराजा छेम्मारानीको सन्तान हौं भनेर आफूलाई गर्व गर्नु भयो । त्यसभन्दा तल क्रमश : शङ्खबोल, रनधोज, बमबहादुर भन्दै आफ्नो छोराहरुसम्म भर्नु भयो । राजनीतिमा लागेको कारण

भाषा, धर्म, संस्कृति, वंशावलीमा छलफल गर्ने मौका प्राप्त नभएकाले त्यसबारे धेरै जानकारी नराखेको पनि बताउनुभयो । यो छलफल सरचुको वंशावली संकलनको पहिलो चरण थियो ।

**२. जगतबहादुर र हर्कवहादुर सरचु, रुदालुङ**

फन्सिक्रिमको कार्यक्रमहरु भईराखदा जगतबहादुर रचचु राईसंग वंशावलीको विषयमा छलफल चलिरहन्थ्यो । उहाँ आफै सरचुको वंशावली खोज्ने कार्यमा संलग्न हुनु भएको थियो । मधेश तराइमा बस्ने सरचुहरुको वंशावली खोजी गर्नु वंशावली प्रस्तोताहरुको सहज काम थिएन जत्ति सरचुहरुको गाउँमा गएर सिधै वंशावली टिप्न सजिलो हुन्थ्यो । यस्तो असजिलो काममा जगतबहादुर राईले स्वजिम्मेवारी बहनगर्दै आउनुभई प्राय बसाई सर्नेहरुको वंशावली संकलनमा उहाँको हात रहेको छ । २०६१ सालमा चोखुममा बुसुरू युयुमातर्फको हरसी, दिम्मचु, वालक्पा र सरचु वंशीहरुको वंशावली सम्बन्धी संयुक्त भेलामा उहा पनि समावेश हुनुहुन्थ्यो । पछिल्लो समय २०६५ सालमा पुन : उहाको पुर्ख्यौली घर रूदालुङ गाउमा नै गई हर्कवहादुर राई समेतको सहभागीतामा अन्तिम वंशावली वारेमा छलफल भएको थियो ।

**३. सुबेदार धनपाल राई, नेर्पा**

पेशाले लामो समयसम्म भारतीय भूमिमा सैनिक भएर जीवन विताएर बसेको नेर्पावासी ७६ वर्षीय निज जमदारसंग २०५५।१२।२०।७ मा उहाँकै मुकाम नेर्पामा प्रथमपटक भेट भई सरचुको वंशावली छलफल गरी टिपन गर्ने कार्य गरियो । उहाँले खार्मीगाउँबाट नेर्पागई दुमी सरचुहरुले शिर ठाडो गरेर बसेको कुरा राख्नुभयो । उहातर्फको सम्पूर्ण वंशावली लेखाउँदै भन्नु भयो- **"हिरामलीको सन्तान नेर्पाली र बिरामलीको सन्तान साप्रु, तुर्खाली र नेर्पालीहरू बासरामबाट छुटेको, राहाधन नेर्पालीहरूको बराजू हुन र शङ्खबोलको सन्तान खार्मी बलरामहरू हुन ।"** यी महत्वपूर्ण भनाईहरुले वंशावली निर्माणमा निकै सहज बन्न गएको छ ।

**३.कुबिमी नक्षो शिवबहादुर सरचु राई, नेर्पा**

नेर्पामा वंशावलीको गहिरो ज्ञानराख्ने तत्काल ७६ वर्षी पुर्खा र कुविमी नक्षोको रूपमा उहाँ प्रख्यात हुनुहुन्छ भन्ने मान्यताकासाथ २०५५। साल चैत्र १२ गतेकै दिन उहाँकै निवास नेर्पामा भेट भई वंशावली वारेमा छलफल चलाउन शुरू गरियो । छेम्माराजा रानीबाट सरर तलझर्दा क्रमश: कुकुरीकरेन, हिरामली, बिरामली, जोरतुम, मस्तविर, विर्दिमान, चामु राई (राहाधन), धनस्राम, तुलवीर, सिर्दल हुदै आफूसम्म झर्नु भएको छ । कुविमीले नुवांगी गर्दा वंशावलीबाट पुर्खाहरुलाई क्रमश : पछि मरेकोलाई पहिले र अघि मरेकोलाई पछि दिने चलनमा आधारित भएर भनिएको वंशावलीमा सत्यता हुन्छ भन्ने प्रमाणका आधारमा उहाको भनाईलाई वंशावली निर्माणमा आधार बनाइएको छ ।

**४. चामुध्वज सरचु राई, सिंगजीत सरचु सोल्मा र जैबहादुर सरचु राई सोल्मा डाँडागाउँ**

भारतीय सैनिक सेवाबाट निबृत्त तत्काल लगभग ५८ वर्षीय चामुध्वज सरचु र जैबहादुर राईसंग सोही वर्ष २०५५ चैत्रमा २१ गतेतिर भेट्दाँ चामुध्वज निकै मिजासिलो हुनुहुन्थ्यो । गाउँको विद्यालयको अध्यक्षसमेत रहेको निज राईले आफ्नो वंशावली टिपाउँदा रिङवर्णको छोरा जैलाल बुद्धिलाल जैलालको छोरा हर्कवहादुर र निजको छोरा चामुध्वज भनी रिङ वर्ण तर्फको सम्पूण वंशावली टिपाउनु भएको हो । साथमा जैबहादुर सरचुको पनि सहयोग उत्तिकै रहेको छ । उहाहरुले **"छिमेकीको घरमा पुरानो वंशावलीको कागज छ उतै गएर हेरौ"** भनी हिडयौं । ठूलै सम्पत्ति भेटियो भन्ने आशाले त्याहाँ पुगियो तर अपसोश बसाई सरी जाने भाइले "गाउँमा सबै छौं म परदेशीलाई यो वंशावली चाहिन्छ" भनी उतै लिएर गएको थाहा लाग्यो । पछि उनी गाउँछाडेपछि वेपत्ता समेत भएछन् । यो खवरले साह्रै मर्माहत भइयो । तर पनि खबरदारी गर्ने काम नछोटड्ने है भनी संझाइयो तर अहिलेसम्म कुनै खबर आएन । यसरी नै दुमीहरुको

वंशावली नष्ट हुँदै गएकाले हामी निरीह बनेका छौ भन्दा फरक नपर्ला ।

**५.प्रेम प्रसाद सरचु राई सप्तेश्वर चप्लेटी :**

सत्म पाछ्राको बंशावली संकलन गर्दा मात्र प्रेमप्रसाद सरचु हुन भन्ने थाहा लाग्यो । अहिलेसम्म पनि कत्तिले गाउँमा उनलाई सत्म नै भनेर चिन्छन् । मारूनी नाचको प्रख्यात मादले प्रेमप्रसाद सरचु राई शिप र कलाका पारखी हुनुहुन्छ । लगभग चालीस वर्षदेखि उहाँले गाउँमा नाच खेलाउँदै आउनु भएको छ । २०५७ साल मंसिरमा वंशावली टिप्दै काठमाडौं जाउ भन्ने मनसायले उहाको निवासतिर लाग्दैगर्दा बाटामाथि खेत जोत्दै हुनुहुन्थ्यो । पसिनाले निथ्रुक्क भिजेको थकित जिउलाई लामो कुरा सोधेर अलमलाउनु जायज थिएन त्यसैले त्यसै बाटो लागियो । पछि २०५८ सालमा दुमी किरात राई फन्सिकिमले काठमाडौंमा गाउँको मारूनी नाच नचाउने सिलसिलामा उहाँलाई काठमाडौं झिकाइयो रसो सालको तिहारमा भव्यरूपमा मारूनी पनि नचाइयो । सोही साल उहाँको वंशावलीलाई पुरा गर्ने काम गरियो । उहाँ शङ्खबोलको वंशी शिवलालको खनाती हुनुहुँदो रहेछ ।

**६. सिङ्गबहादुर सरचु राई, डाखाम, पाथेका**

खार्मीबाट पाथेका डाखाम पुगेका सिङ्गबहादुर सरचु राई हाल काठमाडौंवासी हुनुहुन्छ । उहाँसंग काठमाडौंमा पटक पटक वंशावली टिप्नेकाम भएको छ । बलराम राईको संकलनमा उहाको वंशावलीमा बास्रामको छोरा देउकुष्णको नाती भएको उल्लेख भएको छ भने खासगरी मैरो आफ्नो संकलनमा कृतिबोलपछि सरूप त्यसपछि देउकृष्ण हुँदै रणवहादुर र निजको छोरा सिंगबहादुर खुल्न आएको भए पनी बलराम राईको संकलनलाई यसमा समाबेश गरिएको छ ।

**७. हैकमसिह सरचु राई "होजियारी" दिक्तेल :**

पेशाले व्यापार र होजियारीले स्वीटर बुन्ने काममा लोगेकाले उहालाई दिक्तेलको होजियारी भनेर चिनिन्छ । लामो समयदेखि खार्मी गाउँछाडेर बतासे गाबिस पुगेका होजियारीको पुर्खाहरु चारपुस्ता अघि नै हिडेका हुन । होजियारीको वंशावलीमा पनि केही भिन्नताहरु आएका छन् । बलराम राईको संकलनमा होजियारीलाई कृतिबोलपछि क्रमश : पुरनध्वज, इन्द्रध्वज, दानवहादुर र हैकमसिं भनेर टिपिएको छ । मेरो संकलनमा होजियारी हिरामली पछि क्रमशः बृत्र श्रृङ्खला पद्धतिमा रामके, टाउके, बन्दसिंह, जहानसिह, इन्द्रध्वज, दानबहादुर र हैकमसिंह भनेर टिप्ने काम भएको छ । यसरी एउटै व्यक्तिले बेग्ला बेग्लै वंशावली टिपाउँदा वंशावलीलाई मिलान गर्न कठिन मात्र हुने होइन मिलानको निमित्त प्रस्तोताहरुले स्वविवेक लगाउनु पर्ने पनि अवस्था आउन सक्छ । यसर्थ अर्को यथार्थता प्राप्त नभएसम्म अहिलेलाइ दोस्रो वंशावलीलाई समाबेश गरिएको छ ,

**८. खड्गबहादुर वलम्पा राई तायामी र शहरमान राई खार्मी :**

२०५५ साल असोजमा उहाँको निवास खार्मी देउसाली टोलमा पुगीयो । पुरानो कुविमिहरुको पुस्ता समाप्त भएपछि खार्मी गाउँको धेरैजना सरचुहरुको गाउँमा नुवांगी (नुजा) तथा नयाँधान पुर्खाहरुलाई चढाउने काम खड्गबहादुर वलक्पाँको जिम्मामा आएको धेरै वर्ष भइसकेको रहेछ । हामी किरातीहरुको चलन के हो भने जसले नुवागं फुकाउँछ उसैले सोही घरमा मरण भएमा मृतकलाई बाटो लगाउने काम पनि गर्नु पर्दछ । उहाँले आफ्नो नाम "सिबिली नयमा" (कान्छो र नयमा श्रीमति विशेषको नाम) पनि लगाउनु भएको रहेछ । यस रूपमा उहाँ खार्मीमा ज्ञाता पुर्खाको रूपमा गणना हुन्छ । यसरी नुवागीं गर्दा पुर्खाहरुको नाम लिनुपर्ने भएकाले सरचुहरुभन्दा उहाँ वलक्पालाई धेरै पुस्ताहरुको नाम कण्ठस्त भईसकेको बुझियो । जेहोस वलक्पाको वंशावली संकलन गर्न जाँदा ढुङ्गा खोज्दा देउता मिलेजस्तो सरचुको वंशावली पनि टिप्न सकियो । उहाले खासगरीकन पितृकर्म गरीरहनु भएको घरसंग सम्बन्ध राख्ने वंशावलीहरु टिपाउँदा देउकृष्ण, जरनदल, आसमुखी, भीमसिनेदेखि

उधोको सबै वंशावली टिपाउनु भएको हो । साथमा शहरमान राई श्रीमति खड्गबहादुर र परिवारजननको सहयोग प्राप्त भएको थियो ।

**९,जमदार विरबहादुर सरचु, खार्मी रुयल :**

२०५६ साल बैशाख ४ गते खार्मीको वाडवाड घुम्दै जमदारको घर पुगियो । एउटा चश्मा लगाएको करिब ८० वर्षको एउटा मोटो बुढा मानिस र एकजना बुढीआमा गहुँ कुट्दै गरेको भेटियो । चिउरीखर्क काजीवल सत्महरु बज्युको मावली भएकाले उहाँ मेरो फूपाजु बाजे र बज्यू पर्नु हुँदो रहेछ । उहाले आफै साइनो केलाउनु भयो । उहाहरुको वंशावली यस अगाडि नै संकलित भइसकेको हुनाले मेडाउन मात्र गइएको थियो । मडाईयो र सच्च्याइयो पनि । विशेष ङाखाम जाने सिगबहादुर सरचुसंग पनि नजिक रहेको बताउँदै हाम्रो आवत जावत विभिन्न किरात संस्कारहरुमा आजतक भईरहेको बताउनु भयो ।

**१०. लालबहादुर (अडे), कर्णबहादुर सरचु र श्यामकुमार सरचु बोरीबोट रुयल :**

माथि भनिएकै मितिमा यी व्यक्तित्वहरुको घरमा वंशावली सोद्दै खोज्दै पुगियो । उहाहरुले विशेषगरी सिरधन, हस्तमान र रंगमान तर्फको बंशावली बताउँदै पछिल्लो पुस्ताहरुको नामहरु टिपाउनु भयो र माथि सिंगानेखर्कतिर बस्ने हर्कसेर नक्षोले सबै जान्दछन् भनी बताइदिनुभयो । श्यामकुमार ज्वाइँको घरमा मैले एकरात विताउने मौका समेत पाएँ र म विहान हर्कसेरको तिर लागें ।

**११. नक्षो हर्कसेर (हर्कराज) सरचु राई र धनबहादुर सरचु खार्मी रुयल सिंगानेधारी :**

हर्कसेरको घरपुग्दा एउटी छोरी मानिसलाई मुदुमबाट फुक्तै गरेको पाएँ । वंशावली र मृत्युमा कसरी मुदुमी बाटो पहिलाइन्छ सरचुहरुमा भन्ने वारेमा कुराकानी चल्यो । टेपबाट टिप्नुपर्ने भएकाले लामो बहस चलेन करिब एक घण्टाको कुरामा प्राय कुरा टुङ्गियो । तर मेरो इच्छा दोहोऱ्याएर गई धेरै मुदुम टिपुँला भन्ने थियो तर अचानक मुत्यूको खबरले स्तव्ध भइयो । धनबहादुर सरचुसंग पनि वंशावलीकै वारेमा लगभग दुईघण्टा जत्ति बस्तु गोठालो गर्दै बताईदिनु भयो ।

**१२. सुरबहादुर सरचु बोरीबोट र लक्ष्मुन सरचु रुयल,सोती**

उहाँहरु दुवैले क्रमश:सिर्धन आस्मान, मकलध्वजतर्फको बंशावलीतर्फको वंशावली प्राप्त भएको हो ।

**१३. मनसिला सरचु राई हाल चिउरीखर्क :**

खार्मी कुरूङ्गे सरचुको छोरी मनशिला राईको बिबाह चिउरीखर्क तायामी-धनरूप राईसंग भएको हो । कुरूङ्गे आफै पनि तायामी भएकाले धेरैकुरा मनशिला राईमा रहेको छ । उहाको साइनो खार्मीका सरचुहरुसंग के-के साइनो पर्दछ भनेर संगोलरूपमा साहिनु पहिलाउने काम भएको छ जसलेगर्दा वंशावली निर्माणमा धेरै सजिलो परेको छ ।

**१४. शङ्खधन सरचु राई रुदालुङ :**

शिक्षकको भूमिका निर्वाहगर्दै आउनु भएका शङ्खधन सरचु राई वंशावली स्रोतदाता होइनन् तर सरचुहरुको वंशावली संकलकको रूपमा पहिलो किस्तामा पर्नुहुन्छ । उहासंग मेरो कुराकानी २०५५ सालतिर भेतभई वंशावलीको संकलनवारे लामो कुराकानी गरेका थियौं । नभन्दै उहाले भेटेजत्ति र भ्याएजत्ति विभिन्न पुर्खाहरुसंग भेटी वंशावली संकलन गर्दै खार्मी रूदालुङ, निभारेतर्फको एक वंशावली बनाई यो प्रस्तोतालाई उपलब्ध गराउनु भएको थियो । उहालाई मैले वंशावली संकलनकै क्रममा पहिलोचोटी गहिरोगरी चिन्ने मौका पाएँ र उहाँको विश्वास यतिसम्म आर्जन गरेंकि उहाले म भोजपुर बहुमुखी क्याम्पमा अध्यापन कार्यमा कार्यरत हुंदा त्यहा नै २०५५ सालमा उहाँले संकलन गर्नुभएको त्यस वंशावलीको प्रति लिएर आउनु भएको थियो । यसरी भोजपुरमा वस्ता पनि सरचुहरुको वंशावली निर्माणको क्रम चल्दै गयो ।

**१५. बलराम सरचु राई,**

प्रस्तुत वंशावलीका सह प्रस्तोता बलराम राईसंग २०५१ सालतिरबाटै दुमी किरात राई फन्सिकिमको अनौचारिक स्थापना भएपछि दुमीहरुको भाषा, धर्म, संस्कार, संस्कृती, इतिहास, वंशावली र पुरातत्वको वारेमा खोजी गरिनुपर्दछ भन्ने अठोटकासाथ संगै कामगर्दै आएका हौं । सरचुकै छोरानातीको हैसियतले अझै वंशावलीको खोजी बलराम राईको लागि आवश्यक पनि थियो । यसक्रममा हामी सह-प्रस्तोता द्वयवीचको छलफल प्रथमपटक २०५६ साल बैशाद ४ गते उहाँकै घर निवास खार्मीमा भएको थियो । उहाँ नयाँ घर बनाउने काममा व्यस्त हुनुहुन्थ्यो तैपनि मेरो समयलाई उहाँले ख्यालगरी लगभग दिनभरी जस्तै वंशावलीलाई ओल्टाई पल्टाई गर्दै क्रमिकता मिलाउने प्रयत्न गरियो । वंशावली एकैपटक सबै ठिकठाक आउँदैन कारण धेरैको टिपोट संकलनगर्दा आएको टिपोटलाई बहुमतको भनाई के छ र बिबेकपूर्ण ठम्याइलाई समेत आधार मान्नुपर्ने भएकाले त्यसबेलाको प्रारम्भिक पुस्ताका निर्मित वंशावलीहरुमा पछिल्लो पटक धेरैपटक संशोधन भई २०६७ असौज १३ गतेमात्र अहिलेको खाका आएको हो । यसपछि अझै सबै पाठकहरुले अध्ययन मननपश्चात आउने सुझाव र प्रतिक्रियाहरुलाई समेत संकलन गरी एकपमुष्ट रूपमा २१ सै पाछाको अन्तिम वंशावली प्रकाशन गर्दा अझ केही फरक, आधिकारिक, एवं विश्वसनी हुन आउने कुरा निश्चित्तै हुन्छ । त्यसैको लागि पनि यो प्रकाशित वंशावली रफडाटाको एक दस्तावेज मात्र हो । दुवैको संकलित यही रफडाटालाई मर्जगरी यो आकार दिईएको हो भन्ने विश्वास दिलाउन चाहन्छौं ।

**१६. वंशावली संकलनमा सहयोग पुऱ्याउने अन्य सहयोगीहरू :**

भोजपुरमा रहँदा विदामा घर जाँदा आउँदा एकपन्थ दोकाजको रूपमा समय मिलाई वंशावली संकलनमा लाग्दा साथ दिने सुपुत्र सरोज सत्म, नेर्पामा दिनभरी साथदिने स्वंभाई गणेशभक्त सत्म, रूयलमा साथ दिने हर्कराज सरचु, दिक्तेलबाट सोल्माको साउ राईतर्फको छुट वंशावली संकलन गरी पठाई दिने पूर्णबहादुर खबचु, नेर्पाका भलकाजी, कर्णराज र ध्रुवराज सरचु, दिक्तेल क्याम्पसको पियन पदमबहादुर चामलिङ राई, काठमाडौंका धनप्रसाद सरचु राई र अन्य धेरै सहयोगीहरु जसको नाम मैले यहा राख्न भुली सकेको छु भविष्यमा पनि यस्तै सहयोग पाउने आशाकासाथ सवैलाई धन्यवाद छ ।

र, वाँकी आमा दिदी बहिनीहरु जसले आउँदा जाँदा र बस्ता तातो चिया मात्र होइन रातो अचना र चिसो छपनाको साथमा तातो भान्सा पनि भएको छ कुनै ठाउँमा । हामीले धेरै ठाउँमा घुम्ने डुल्ने क्रममा भेटघाट गर्ने क्रममा दुःख पनि पुऱ्याइएको छ त्यसको लागि क्षमा याचना गर्नुहुनेछ । प्रस्तोताको तर्फबाट सेवा र वंशावली वताई दिनुहुने सम्पूर्ण आदरणीय दाताज्यूहरुलाई धन्यवाद यसै प्रकाशन मार्फत टक्र्याउन चाहेका छौं । मुचिङा ।

**नोट :** आगामी २०६८ भित्र २१ वटै पाछाहरुको संग्रह रहेको पुस्ताकारको रूपमा अन्तिम वंशावलीको समग्र प्रकाशन गरिने भएकाले आआफ्नो तर्फको प्रकाशित वंशावली खोजगरी त्यसमा निम्न कुराहरु थपगरी दुमी किरात राई फन्सिकिमको कार्यालय तथा प्रस्तोता चतुरभक्त राईलाई पठाइदिन हुन हार्दिक अनुरो गरिएको छ । पछि कदाचित नाम काम छुट्न गएमा यसको जिम्मेवारी हामी लिने छैनौं भन्ने पनि अनुरोध गर्ने छैनौं भन्ने पनि निवेदन गर्न चाहन्छौं ।

**आगामी वंशावली बनाउँदा ध्यान दिनुपर्ने कुराहरू :**

१. पुस्तामा आउने कुनै एक व्यक्तिको नम्बर अर्को व्यक्तिको नम्बरसंग बराबर भएमा दाज्यूभाई, एक नम्बर तल परेमा भतिजो र दुई नम्बर तल परेमा नाती बाजेको साइनो पर्नेप्रकारले मात्र बंशावली बनाउनु पनेृछ । नम्बर नमिलेको बंशावलीलाई

मान्यता दिइने छैन । यो साइनो भरिसक्ये कुनै एक नाम चलेको व्यक्तिको नामबाट सबैको नम्बर मिलान गर्दै लैजान सजिलो हुनेछ । कुटुम्बेरी साइनोले वंशावली निर्मागर्न सकिदैन केबल सहायक चाहीं कुने केसहरुमा लिन सकिन्छ अन्यथा वंश साइनो नै मूल हुन्छ । साइनो को को बीचमा केलाईयो भन्ने वारे पनि लेखिनु पर्नेछ ।

२. साइनोको नम्बर राख्दा वल्लटोल पल्लोटोल वा खास कुनै एक व्यक्तिको नामबाट केलाएर लैजादा सजिलो हुन्छ र स्पष्ट बन्दै जान्छ ।

३. आइन्दा प्रकाशित वंशावलीलाई केलाई प्राप्त भएसम्म महिलाहरुको नाम पनि थप्दै जाने । आमा बज्यू, दिदी, बहिनी, बुहारी, छोरीहरु जत्ति छन् र जजसले के के कामहरु गरेका छन् राजनीति, सीप, धर्म, मुदुमी, धमिनी, मस्युमे, गायीका, नृत्य, अगुवा, सेवा, योग्यता, जे जे लिएका गरेका छन् छोटकरीमा नामको पछाडि जनाउनु पर्नेछ । अन्यत्र थर वा पाछाबाट आएको भएमा त्यो पनि जनाउने, कस्को छोरी वा बहिनी वा दिदी हो त्यो पनि जनाउने । तपासे भए सो पनि खुलाउने । प्रकाशित वंशावलीमा जेठोबाट कान्छो झर्ने प्रणाली अप्नाइएको भएपनि कतिपय ठाउँमा त्यस्तो हुन सकेको छैन त्यसैले आगामी दिनमा वंशावली बनाउँदा स्पष्ट खुल्नेगरी जेष्ठबाट् कनिष्ठतिर जाने व्यवस्था गर्ने ।

४. नाम लेख्दा नागरिकताको नाम र घरगाउँमा बोलाउने नाम समेत राख्ने । धामी धमिनी भएमा कुन धामी हो- कुबिमी, सेलेमी, झाँक्री, बेदाङ भए बैदाङ जन्तर बुटी बाँध्ने, मुधुम इतिहास बनाउने अन्य जे छन् लेख्ने, मस्युमे भएमा मस्युमे भनेरै जनाउने कस्को मस्युमे हो त्यो पनि जनाउने, धामीको ढोले हो भने कस्को हो लेख्ने, तायामी ताङ्कु भएमा कुन धामीको तायाताङ्कु हो लेख्ने, मारूनीको मादले हो भने त्यो पनि जनाउने, त्यस्ते सिंगारू हो भने सो पनि जनाउने, लाटालाटी, अपाङ्ग, देशी परदेशी, कोही नछुट्न, दर्जाभए दर्जा समेत राख्ने देश जनाउनो

५. वंशावली निर्माणगर्दा भरिसक्के पुर्खाहरुको सहयोग लिने नाम, थर, उमेर र काम गरिएको मिति स्थान र समय वारे र निर्माणकर्ताहरु सवैको नाम पनि लेख्ने । पुरानो लिखित वंशावली भएमा अझ त्यसलाई नछोड्ने र फोटोकपी गरी संस्थामा बुझाउने र मौलिक कपीलाई त्यस समुदायको सम्पत्ति बनाउने ।


६. गाउँघरमा उपलब्ध कुनै सास्कृतिक गहना, सामग्रीहरु जस्तै चुरा, हारी, रेजी, कम्पनि, पोते, पुवालो, काइयो थकेर्ना, सार्किले सिलाएको जुत्ता, सीपगर्ने साधन- जुवा, रासी र यसका सामग्रीहरु, पुरानो थाल बटुका, लोफे, काफेसु, लोहोटा, हुक्का चिलिम, ठेका, कुँडे, ठेकी, मन्धनी, पर्रा, नेती, दुनेरी, भुने, डेली, धामीको बलंखा सहित यावत सामग्रीहरु, चिण्डो, लौरो, घरको लिस्नु, झ्याल, खोप्लावाल दैलो, गोठे ढुङ्रो, धिरी, पुरानो कठूवा, मखुण्डो धनु, ठोकर, ढोल, झ्याम्टा, ढ्याङरो, गज, गुलेली, ढाल, तरवार खुँडा, खुकुरी, धनुको तिर, भाला, गोल्वे साँचो, झिर आदि संरक्षण गरेर राख्ने व्यवस्था गर्ने । लिम्बु तथा अन्य कुनै पनि व्यापारीहरुलाई वाछुमाला, जिमाला, पुलिक आदि गाउँमा खन्न नदिने र आफूले पनि खनेर लिम्बुलाई नबेच्ने बरू आफ्नो पुरानो सम्पत्तिको रूपमा जगेडा गरेर राख्ने । जतातते चिहान फोरेर सामान लैजान नदिने ।

अव दुमी किरात राई फन्सिकिमले यी सामाग्रीहरुलाई साझा सम्पत्तिको रूपमा एक ठाउँमा भेलागरी सास्कृतिक संग्राहलयको रूपमा विकास गरिनु पर्दछ ।


# १. सरचु

२. छेम्मा रजा छेम्मा रानी —— ३. कुकुरीहाङ —— ४. कोरेनाहाङ —— ५. जोरतुम


६. होर्तुम —— ७. उर्मजीति — ८. सुरजीत —— ९. रोकोवासी —— १० रामाली



(पृष्ठ १ को बाँकी)






(पृष्ठ १ को बाँकी)




पृष्ठ १ को बाँकी


# १५. सिर्धन सिर्धीज (बोरीबोट ब.)





१८. सुरबहादुर
(वंशावली श्रोतदाता)ब
१९. ...?
१९. हर्कसेर(मा)
(कुवी नक्छो) (रन्तहिरा)
१९. धनबहादुर
(सा)
बिलकुमारी
१९. पर्शुराम
(काई)
(मुङ)
१९. हस्ते
(ति.)
२०. इन्द्रकुमार
(सुन्दर)
२०. राजकुमार
(सिंगे)
२०. चक्र
२०. अस्टे
२०. श्यामकुमार
२०. भीमकुमारी
२०. चन्द्रकुमरी
२०. प्रमिला
२०. काइली
२०. सन्तोषकुमारी
२१. बत्ति
२१. गोपी
२१. दिलसरा
२१. सर्मिला


१७. सिरध्वज
(रुदालुर) बोरिबोट ब.
१८. विर्ख ब. (जे)
१८. सहल ब.
१९. जै.ब.
(जे)
१९. भेवा
(मा)
(ति.)
१९. जस ब.
(डल्ले) (सा)
१९. टिका ब.
(भुने) (का)
२०. शंखधन (जे)
(वंशावली संकलक)
२०. मान ब.(मा)
२०. दुवाधन (का)
(निसन्तान)
२१. विज्ञान
२१. विष्णु कुमार
२१. आशिष
२१. रुपक
२१. श्रद्धा
१९. ललित ब.
(जे)
२०. दोर्ख ब.
१९. सहल ब. (मा)
नरमाया
१९. सुनसरी
१९. हर्कशोभा
२०. राज ब.
भीममाया
२०. खुलदुरी
२०. खुसु
२०. रेणुका
२०. सानु
२१. दीपकुमार
२१. ओमकुमार
२१. सुदीप
२१. अञ्जु


पृष्ठ २ को बाँकी





पृष्ठ २ को बाँकी



पृष्ठ २ को बाँकी




पृष्ठ २ को बाँकी



## १५. रिङ्गावर्ण (सा) सोल्मा ब.


- १६. बुद्धिलाल (जे.जे.)
  - १७. मानबहादुर
    - १८. उदेकमान
      - १९. खड्ग ब. (जे)
        - २०. झमक (जे)
      - १९. चलन ब. (मा)
      - १९. दिलप्रसाद (सा)
      - १९. विजुली प्र. (काई)
      - १९. मुगाधन (का)
- १६. जैलाल (का.जे.)
  - १७. हर्कबहादुर
    - १८. चामुध्वज (सोल्मगाउँ ब.) (बंशावली श्रोतदाता)
      - १९. मनिकुमार (जे)
        - २०. जीतराज (जे)
        - २०. ईश्वरराज (मा)
        - २०. सुबराज (सा)
        - २०. उद्धिमराज (का)
      - १९. धनकुमार (मा)
      - १९. कृष्णकुमार (सा)
      - १९. रामकुमार (का)
    - १८. चक्रबहादुर
      - १९. सन्तोष (जे)
      - १९. उद्धिमकुमार (का)
- १६. मानध्वज
- १६. विरभक्त

पृष्ठ १ को बाँकी

## १५. धनराम (नेर्पा ब.)

- १६. हर्कजीत (जे.जे.)
  - १७. पण्डुमान (जे)
    - १८. बलबहादुर (जे)
    - १८. पदमसोर (मा)
      - १९. भक्ते (जे)
      - १९. गोरे (मा)
      - १९. साने (सा)
    - १८. राजबोल (का)
      - १९. हर्कराज (का)
  - १७. हर्कधन (का)
    - १८. जैबहादुर (जे)
      - १९. समुन्द्र ब. (जे)
        - २०. तेज
      - १९. सुन्दर (मा)
        - २०. लोकेन्द्र
      - १९. पूर्ण ब. (काई)
      - १९. अरुण (का)
    - १८. शुक्रबहादुर (का)
      - १९. जतन ब. (जे)
        - २०. .......?
        - २०. .......?
        - २०. .......?
      - १९. मानीराम (मा)
        - २०. संगित
        - २०. संगम
      - १९. गोकुल (काई)
        - २०. प्रविण
- १६. तुलवीर (तुलराम) (का.जे) (पृष्ठ ६ मा)
- १६. दलमान (दलसोर) मा (नेर्पा गाउँ ब.) (पृष्ठ १० मा)
- १६. धर्मजीत (धोजवीर) सोल्मा गाउँ ब. (पृष्ठ १० मा)


पृष्ठ ५ को बाँकी



१६. तुलवीर (तुलराम) (का.जे) (नेर्पा)
१७. सिर्दल (जे) (नि.)
१७. जैमर्दन (मा)
१७. धनमर्दन (सा)
१७. दुर्जधन (का) (पृष्ठ ९ मा)
१७. पूर्ण ब. (नि.)
१८. शिव ब. (सान.जे) बंशावली श्रोतदाता (नक्सो)
१८. डम्बर (मा)
१८. रामकाजी (का.जे)
१८. विष्णु ब. (गज ब.)
१८. इन्द्र ब.
१८. गणेश ब. (मा)
१८. गज ब.
१८. भलाकाजी (जे.जे) मोतिकला
१८. रामप्रसाद
१८. नरप्रसाद (मा)
१८. जैप्रसाद (का)
१७. विदुर
१९. कालुमान
१९. उदयभक्त
१८. अमर ब. (मा.जे)
१८. भीमप्रसाद (का.जे)
१९. दिपक (जे) (हाल: जर्मन ब.)
१९. डेनी (मा)
१९. भोगेन्द्र (का)
२०. नविन (जे)
२०. विनोद (का)
२०. तिर्सना
२०. सामीन
२०. तिर्सना
१९. दिलवर्ण (मा)
१९. भुवन (जे.जे.)
१९. खगेन्द्र (मा.जे)
१९. प्रविण (का.जे)
१९. गगन (सा)
१९. वीर ब. मा)
१९. गुर्दास (जे.) (भारत मादरी ब.)
१९. ध्रुव (का)
२०. सनम
१९. जगन (का)
१९. अविरमान(मा)
१९. ध्रुवराज (मा)
१९. चन्द्रदेव (काई)
१९. तुलराज (जे.) (निसन्तान)
१९. कर्णराज (मा)
१९. मनराज (काई)
१९. धर्मराज (का)
१९. जनक (जे.जे)
१७. शुकदेव (सा)
१९. बलराज (का)
२०. थमबहादुर (जे)
२०. पूर्णबहादुर (मा)
२०. मौलबहादुर (का)
१९. गोकर (मा)
१९. काशीराज (का)
२०. राजकुमार (जे)
२०. दिहलकुमार (मा)
२०. निरस (का)
१८. आसस्थ (जे)
१८. बशिष्ट (का)
१९. शंकर (सा)
१९. मधुकर (जे)
२०. भीष्म/सने


पृष्ठ ३ को बाँकी

## १७. दुर्जधन (काई)




पृष्ठ १ को बाँकी

## १४. सुरजीत (सुराबली)



पृष्ठ ५ को बाँकी

## १६ दलमान (दलसोर) मा (नेर्पागाउँ बस्ने)

- १७. थामुसिंह
  - १८. गजबहादुर (मा)
    - १८. कुमारी
    - १८. धनकुमारी
    - १८. असारकुमारी
    - १८. पूर्णकुमारी
    - १८. पञ्चकुमारी
    - १८. चन्द्रकला
    - १८. सुस्मिता
    - १८. अस्मिता
  - १८. यामकुमार (का)
    - १९ शसिम

पृष्ठ ५ को बाँकी

## १६. धर्मजीत (धोजवीर) सोल्मागाउँ ब.


- १७. बकसमान (जे)
  - १८. भगरमान (जे)
    - १९. कविराज (जे)
    - १९. शिव (मा)
    - १९. दुर्गधन (सा)
    - १९. राजधन (का)
  - १८. जगसेर (मा)
  - १८. काला (सा)
  - १८. सार्के (का)
- १७. रामबहादुर (मा)
  - १८. बमबहादुर (जे)
    - १९. मौलबहादुर(जे)
    - १९. नवराज(का)
  - १८. जङ्गमान (का)
    - १९.मेखबहादुर(जे)
    - १९. सेम्बर(मा)
    - १९. मान ब.(का)
- १७. टेकबहादुर (का)
  - १८. गम्भीरमान (जे)
    - १९. लक्ष्मी प्रसाद (जे)
    - १९. भीमप्रसाद (का)
  - १८. भगवान (का)
    - १९. पवन (जे)
    - १९. सुवास (का)

## १८. लाख ब.

पृष्ठ ९ को बाँकी

- १९. काले (सिता)
- १९. हर्कराज
- १९. चित्र कु.
- १९. वागधन (राजकुमारी)
  - २०. सुष्मा
  - २०. भिष्मा
  - २०. आक्रोस
- १९. तिलक
- १९. बम ब.
- १९. महेश

# १४. सुरवाली (सुरजीत)(मा)



पृष्ठ ११ को बाँकी

## १४. शंखबोल (का)

कान्छीपट्टिको (दुई विवाह)

- १५. पुरनध्वोज (पुर्णजीत) (जानकारी विहीन)
- १५. रनध्वोज (पेज नं. १५ मा)
- १५. जम्बुधन (असारमाया र चन्द्रशोभा)
  - १६. गामबा (जे) (निसन्तान)
  - १६. धनध्वज (मा)
    - १७. फलामसिंह (जे) (दुई विवाह)
      - १८. पिरुला
      - १८. मेमनी
      - १८. सिर्जना
      - १८. अविराज(जे)
      - १८. भीमराज(मा)
      - १८. काशीराज(का)
    - १७. सकलबहादुर (का) शाखामात्र
  - १६. डिगामनी (भाकदल) (सा) (शाखामात्र)
  - १६. नारानध्वजे (नारादल)(का) (पल्समा मृत्यु)
  - १६. पण्डुमान (अ) (दुई विवाह)
    - १७. राज ब.
      - १८. रानीका ✝
      - १८. अमृता ✝
      - १८. आसमान
    - १७. मौल ब.
      - १८. सुखरानी
    - १७. तिलक
      - ✝ १८. सुमित्रा
      - १८. नमिता
      - १८. हेमन्त
      - १८. बसन्त
    - १७. भक्त ब. ✝ (लिला र भुक्की)
      - १८. सप्ना
  - १६. खडग ब.(का)
    - १७. राजकुमार
- १५. शिवलाल (रुयल ब) *(कान्छीपट्टिको)*
  - १६. अविलाल(जे)
  - १६. भक्तुलाल (का)
    - १७. कुम्भकृष्ण (जे)
    - १७. नैनबहादुर (मा)
    - १७. पर्सादे (का) (सप्तेश्वर चप्लेटी ब.)
      - १८. थुम्बे
        - १९. प्रेमप्रसाद (जे) (वंशावली स्रोत दाता) (चप्लेटी ब.)
          - २०. रामप्रसाद (जे)
          - २०. जंगबहादुर (का)
        - १९. च्वासे (मा)




विजयादशमी



तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि

एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं।

रविन चाम्लिङ राई

गोर्खा स्टोर

शान्तिनगर, काठमाडौं

फोन नं.: ४१०८५३७

# १५. रनध्वोज

१६.सुरवीर (जे) (प्रथम विश्व युद्धमा मृत्यु)
१६.बम ब. (मा) चनुमाया (प्रख्यात महिला)
१६.हमानसिंह (भारतीय सैनिक बेपत्ता)
१६.जीत ब.(सा) (बुइपा ब.)
१६. सेर ब.(का)
१६. याम ब.(अ)
१६. लाल ब.(का) (दोस्रो विश्व युद्धमा मृत्यु)
१६. लाल ब.(का)
१६. रुपलाल (का) (पृष्ठ .... मा)

१७. भोटिमाया
१७. गजुरमान
१७. जगुमाया (सात सालकी योद्धा)
१७. पार्वती
१७. सुवेदार (धनबहादुर)
१७. कुमारी

१८. पदमा
१८. कृष्णकुमारी
१८. सनतकुमार
१८. मिठु
१८. चन्द्रकला
१८. बलराम (मा) राजकुमारी (फन्सिकिम भू.पु उपाध्यक्ष वंशावली श्रोतदाता)
१८. दिलकुमारी (धनदेव)
१८. कृष्ण किशोर (का) *(अर्जुनमति र पूर्णकुमारी)*

१९. मैया
१९. सुशिला
१९. गंगा
१९. सुरेश (जे) (देवका र पर्वतलक्षी)
१९. सविना
१९. संजोग
१९. ताया

२०. सुदेव
२०. सुरज
२०. सोनिया

१९. तारा
१९. सुमिता
१९. राजन (जे) बत्ति श्रेष्ठ
१९. विश्वहाङ
१९. सन्तोष(मा)
१९. ममिता
१९. रमिला
१९. अनिल (सा)
१९. सुनिल (का)

१९. कल्पना
१९. कविता
१९. गंगा
१९.लिला
१९.विना
(श्रीमान इखबहादुर वालक्पु)
१९.रोशन नीता गुरुङ
२०. पारुहाङ
१९. जीवन (का)



**विजयादशमी** तथा **शुभ-दीपावली-२०६७** को
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।




**अनिल कुमार राई**
बैकुण्ठे-७, भोजपुर



पृष्ठ १ को बाँकी


१४. बासराम
१५. देउकृष्ण (जे)
१५. आसुमुखी(मा) (पृष्ठ ...मा)
१५. भीमसिने (सा) (पृष्ठ ...मा)
१५. जरनदल (का)
१६. कृष्णध्वज (जे) (रुयल ब.) (पृष्ठ १३ मा)
१६. बलध्व (रुयल ब.) (मा)
१६. सुरमर्दन (सा)
१७. धौलवीर (जे)
१७. कुविरमान (मा)
१७. थुम्बे (रत्न ब.)(का)
१८. ढकेसरी
१८. धनवर्णे
१८. उत्ते (जानकारी विहीन)
१८. मधु (मुङ)
१८. वाखिल (नि.)
१८. .....?
१८. बर्ज ब. (मा)(सिक्किम ब.)
१८. जीतवर्ण (मा)
१८. भीमबहादुर (का) (बागवर्ण) (बेलबारी ब.)
१७. सीता
१७. सुब्बा
१७. हर्क ब.(काले) मञ्जु
१७. दिनेश
अविश्वर
१९. सन्तकुमार(जे) (देउकुमारी)
१९. नन्दकुमार (मा)
१९. बन्दे (सा)
१९. प्रतिमान (गीता)
२०. नविन
२०. राजेश
१७. रत्नमान (चवसे) (जे) (मुङलान)
१७. विक्रममान(का) भैलक्षी (पायेका)
२०. मौलिधन
२०. देउधन
२०. गौधन
२०. ..?
२०. ममिता
२०. गौनिता
२०. जयधन
२०. सौधन
२०. मौधन
२०. सरिता
१८. खड्गध्वज(जे)
१८.हिराधन(मा)
१८.देउभक्त(का)
२१. अञ्जु
२१. मञ्जु
२१. .... ?
१९. भक्तराज (लक्ष्मी प्र.) (प्रमिला तामाङ)
१९. नरजीत
१९. देउराज (देउकुमार)
१९. शिवजी (जे) शिवमाया
१९. नारदमनी (मा) (सिलाङ ब.)
१९. दर्जमनी (सा)
१९. धर्मराज(काई)
१९. अमृता
१९. हिमालसेर(का)
२०. विशाक
२०. सइतकुमार

(पृष्ठ १३ को बाँकी)





**विजयादशमी तथा शुभ-दीपावली-२०६७ को**

**सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक**

**मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**




**धौलविर राई**

माक्पा, खोटाङ

हाल: अमेरिका




१५. आसुमुखी (मा) (रुपल ब)
१६. रणसुर(जे)
१६. धोजवीर(मा)
१६. जसजीत
१७. सिरध्वज (जे)
(रमासे)
१७. माफे(मा)
(माफविर)
१७. हर्क ब.(का)
१७. भुँडे
(मुङ)
१७. माफवीर
१७.नदरदल
१८. मानबहादुर
१८. मनबहादुर
१८. नदी
(पुवाखोला बरबोट
गा.वि.स. ५ मा ब.)
१९. चतुरमनी
१९. हजुरमनी
१९. चतुरमान
१९. हजुरमान
२०. अगमनी
२०. नरबहादुर
२०. खडगबहादुर
२०.नौहिरा
२०. कमिनी
२०. अगमनी
१८. नर ब.(मा)
(कुमारी बुल्तिम)
१८. चन्द्र ब.(का)
(भारत ब.)
२१. चिजा
२०.जयमनी
२०.नरे
२०.विवासरी
२०.खडे
१७. इन्द्रकाजी
(शर्मिला)
१७. शिवकाजी
(रितकला)
१७. हिराकाजी
(चन्द्रकला)
१८. शहरमनी (जे)
(नक्शोः विजुवर)
(सञ्चमाया)
१८. जीतमनी (का)
(मालुकोरे कान्छा)
१८. सुर्य ब.(जे)
(मुम्वुली) तरचु
१८. नर ब. (मा)
कुमारी बुल्तिम
१८. चन्द्रबहादुर
(भारत ब.)
१९. इन्द्रकाजी
(शर्मिला)
१९. शिवकाजी
(रितकला)
१९. हिराकाजी
(चन्द्रकला०
१९. कंशराज
(नि.)
१९. देउ प्र.(मा)
(लेटाङ ब.)
१९. जंग ब.(सा)
(मनकुमारी)
१९. डिल्ली (काई)
(जनशोभा)
१९. जयकुमार
(का)
२०. सुरेन्द्र
२०. विरेन्द्र
२०. दिपेन्द्र
२०. अमित
२०. कवित
१९. कुमार
(जे)
१९. प्रताव
(मा)
१९. जय कु.
(काई)
१९. धनीराम
(अ)
१९. सिताराम
१९. चिजा
४ छोरा र २ छोरी मृत्यु
१९. गुईठे (नि.)
१९. सेती
(दुर्गालक्ष्मी)
१९. प्रेम कुमारी
(सुन्दरी)

- १५. भीमसेन (सा)
  - १६. विरध्वज
    - १७. थामसिंह
      - १८. शहरमान (मसिने) (रुयल ब.) (कुबी सेले) (सिक्लाल्नी)
        - १९. जगबहदुर (जे) (सिकिम ब.)
          - २०. ..?
          - २०. धनप्रसाद
        - १९. प्यारी
        - १९. मनकुमार (प्रेमकुमारी)
          - २०. बागधन
        - १९. राजकुमार (रामशिला)
          - २०. राजन (जे)
          - २०. राधन (का)
          - २०. जयलक्ष्मी
          - २०. भीमकुमारी


# हार्दिक शुभकामना

**विजयादशमी** तथा **शुभ-दीपावली-२०६७** को सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।





प्रो. प्रेमबहादुर राई

निर्मला राई (मुन्नु)


## प्रथम धराने सेकुवा कर्नर


अनामनगर, काठमाडौं, फोन नं. ४१०२६३०

धराने बंगुरको स्वादिष्ट सेकुवाका साथै अन्य परिकारहरुको लागि सधै हामीलाई सम्झनुहोस् ।

पृष्ठ १० को बाँकी

# १५. जरनदल (का) (नेपालीहरु)






**नोट संकलक : खवचू साइलाबाट (पुर्णबहादुर खवचु खरवारी जाल्पा)**

१, अर्को उक ठाउँमा दिक्सरेको छोराहरु भनेर जैप्रसाद, सन्तवीर, सम्पुर्ण, कुक्के रमनबहादुर भनी वंशावली लेखाइएको छ।

२. कृष्ण र निजको छोरा मकेशको वंश थाहा नभएको।

३. थाम्वीरको छोराहरुको वंशावली थाहा नभएको।

# १४. बन्दसिंह

- १५. जहानसिंह (जे)
  - १६. बजिरध्वज (जे)
    - १७. जगिरमान (जे)
      - १८. कर्णबहादुर
        - १७. लक्ष्मान (काठमाडौं ब.)
    - १७. डम्बरसिंह (मा)
      - १८. पण्डुमान (काठमाडौं बस्ने)
        - १७. .......?
    - १७. डिकमान (का)
      - १६. पत्थरमान
  - १६. इन्द्रध्वज (का)
    - १७. दानबहादुर (जे)
      - १८. हैकमसिंह (जे) (दिक्तेल होजियारी वंशावली श्रोतदाता)
        - १९. सुरेश
        - १९. उपार्जन
      - १८. हर्कराज (मा)
        - १९. शुक्रराज
      - १८. हंसराज (देसराज)(सा)
        - १९. सुमन
        - १९. सुजन
      - १८. वंशराज (काई)
        - १९. प्रकाश (श्याम)
    - १७. लगनबहादुर (का)
      - १८. भीमराज (जे)
      - १८. धनराज (मा)
      - १८. बुद्धराज (सा)
      - १८. धर्मराज (का)
- १५. मोहनसिंह *(जानकारी विहीन)*


विजयादशमी




तथा

शुभ-दीपावली २०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

रामकृष्ण उप्रेती
कार्यकारी अधिकृत
रत्ननगर नगरपालिका चितवन

# १४. रामचन्द्र

- १५. बन्दसिं (टाउकेबुढा)
  - १६. सप्तमान(जे) (रुयल सोती)
    - १७. निर्माणसिंह
      - १८.खडगबहादुर (जे) (निसन्तान)
      - १८. विमानसिंह (मा)
        - १८.बमबहादुर (जे.जे)
          - १९. सिंगबहादुर
            - २०. राजीव (जे)
            - २०. गन्दीप (मा)
            - २०. रविन (का)
        - १८.जैबहादुर (का.जे) (निसन्तान)
        - १८.धनबहादुर (स्याम्सरी) (मा)
          - १९. हर्कबहादुर (रुस्मा) (जे)
            - २०. माराज
            - २०. देवराज
          - १९. रामबहादुर (मा)
            - २०. हेमराज
            - २०. बाले
            - २०. संजीव
            - २०. सन्तोष
            - २०. युवराज
          - १९. धनकेशर (काई)
          - १९. डम्बर (का)
        - १८.लछुमान (का) (डम्बर)
          - २०. देशकुमार (बंशावली संकलक)
  - १६. नैनसिंह(का)
    - १७. गजुरमान
      - १८.वागवर्ण (भारत ब.)
        - १९. मनिप्रसाद
    - १७. हैकमसिंह (नि.)
    - १७.नरे (चखरापे) †
    - १७. पञ्जापसिङ्ग (का) (बोरीबोट)
      - १८. पर्शुराम (*झापा बसोबास*)
      - १८. ध्यानबहादुर (*झापा बसोबास*)


**विजयादशमी तथा शुभ-दीपावली-२०६७ को**

**सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको**


**हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**



**पंकज जोशी**

पुर्कोट-६, तनहुँ




१६. मानध्वज (रुदालुङ ब.)
(दुई विवाह) ससेरकाल्ची र सारालुङरोनी।
१७. जंगबीर
(जंगधोज) (जे)
१७. बखतवीर
(मा)
१७. बादुरमान (धनबाज)
(सा) (छोरा आठ भाइ मध्ये ६ जनाको मृत्यु)
१७. पद्मबहादुर (पद्मे)
(का)
(सात विवाह गरेको)
१८. भोटुमान
(जे)
१८. रघुजीत
(का)
१८. रविधन
१८. हर्कमान
(हर्कमनी)
(जे)
१८. पहलमान
(पहलमनी)
(का)
१९. भक्त
(जे)
(नि)
१९. पर्शे
(मा)
(नि)
१९. कृष्ण
(सा)
(नि.)
१९. खबरे
(का)
(मुङ)
१९. राजकुमार
१९. सर्वधन
१९. मिनकुमार
१९. राजन
१९. जोरमान
(जे)
१९. धनहरी
(का)
२०. जीतमनी
(मा)
(नि)
२०. पदम
(मा)
(नि)
२०. जमदार
(मा)
(नि)
१८. मनिधन
बडिशोभा
(जे)
१८. हिराधन
अडिशोभा
(मा)
१८. धनिजन
कृतिमाया
(सा)
१८. मनिराज
दोइमा
(का)
१९. रामे
(जे) (नि.)
१९. मटेंग्रा
(मा)(नि.)
१९. सांगे
(सा)
१९. रयाञ्जे
(काई)
(नि.)
१९.जस ब.
१९. सप्तराज
संभना
१९. दिपक
फिस्टी
१९. भक्तराज
जमुना
२०. दिनेश
२०. चतुर
१९. जगतबहादुर
२०. राजेश
२०. एलिना
१९. प्रताप
१९. सुमन
१९. उसुन
१९. दिपक
१९. दिनेश
१९. भविराज
२०. जैमनी
२०. पर्जे
२०. मयापे
२०. पञ्चधन
१९. . . ?
१९. अर्जुन
१९. पार्जन

# वालक्पु पाछाको वंशावली र त्यसका स्रोतहरु

प्रस्तोता: चतुरभक्त राई

कतिपय दुमी वन्धुहरुलाई वालक्पु पाछाहरु को हुन भन्ने वारेमा कमै थाहा लाग्न सक्छ । कतिले माक्पाका वालक्पाहरुलाई नै वालक्पु मानेको पनि पाइयो । तर इतिहास त्यता र यताको भिन्नाभिन्नै छ- बन्धुहरु । एक्काइसौं शताब्दिमा पाइलो टेकीसकेको हामी वालक्पुहरु खार्मीदेखि अमेरिका, युके, मलाया, सिंगापुर, कतार, जापान, कोरियासम्म पुगेका देखेका छौ । उच्च सेनादेखि गायकसम्म र घाँसे दाउरेदेखि नायकसम्म छौ होला तर हामीले आफ्नो वंशको लागि के गरेका छौं भन्ने वारेमा एकपटक छात्तिमा हात राखेर इमानदारपूर्वक सोच्नुपर्ने बेला आएको छ । वालक्पुको वंशावली र इतिहास लेखिनुपर्छ भनेर धेरै वालक्पु बन्धुहरुसंग सल्लाह बाँधियो तर आजसम्म कसैले कान ठाडो नपारेको पाउँदा वालक्पुको वंशावली यस पटक अन्तिम रूपमा प्रकाशन हुनु परेको हो । यहा समयले नभ्याएर प्रकाशन नगरेको भन्ने ठाउँ नै छैन । मानिसले खोजी नगरेकोबाट ढिलो भएको भन्न चाहिं जायज हुन्छ । समुन्द्र पारी पुगेका बन्धुहरुको त के कुरा गरौं तर काठमाडौमा रहेको एकजना वालक्पा बन्धुसंग भेट्ने चाँजोपाँजो धेरै पटक मिलाइयो तर उहाँले चन्दा माग्न आउने सम्झेर आफू व्यस्त छु भनेर धेरैपटक टार्नु भयो । अरूले चन्दा माग्दा माग्दा हैरान बनाएका बन्धुलाई झस्को म तिर पनि त्यस्तै परेकाले आफू पनि त्यसैको सिकार भइयो होला भन्ने संझे । त्यत्तिखेर मोबाइल निस्केको थिएन ल्याण्डलाइन फोनबाट कुराकानी भई बल्लतल्ल एकपटक समय मिलाइयो र बाँसवारीमा भेट्ने टुङ्गो भयो तर आफू आधाघण्टा ढिलापुग्दा उहाँले पन्ध्र मिनट अगाडि नै चम्पट ठोक्नु भएछ । यस्तै- यस्तै धेरै कमीकमजोरीको बाबजुद यसपाली बल्लतल्ल वालक्पुको वंशावली लिखित रूपमा सार्वजनिक गरिएको छ ।

**वालक्पुको उत्पत्ति सम्बन्धी मिथक :**

वालक्पुको पुर्खाहरुलाई सोध्यो भने भन्छन्- "हामी वालक्पुहरु बाघका सन्तान हौं । हामीहरु पहिला बाह्रभैया खाल हौं त्यसमध्ये हामी कान्छो बुसुरूका सन्तान पाँचभैया खाल हौ जसमा जेठो हरसी, माइलो दिम्मचु, साहिलो सरचु र कान्छो हामी वालक्पु हौं । हम्रूचु चाहीं स्वांगे भाई हो ।" केलासी दह जसलाई मुदुममा "चुचु दह" भनिन्छ (बाजेको पानीघट्ट) हाम्रा बाजेहरु त्यहाँ पौडी खेलेर बाघ भई सिकार गर्थे र सिकार गरीसकेर त्यही पोखरीमा हामफाली मानिसको रूपमा अवतरण भई घरमा सिकार लिएर जान्थे । घरको छेवैमा मकै भुट्ने तातो हाँढीमा नङ धोटेर मानिस भई घरमा सबैको सिकार आमा बाबालाई बुझाएर सधै परिवारमा मिठो भोजन गराएर जीवन गुजारा गर्थे । यो सुन्दा दन्त्य कथा जस्तो लाग्छ तर होइन - यथार्थ हो । नत्र किन आज पनि हामीलाई तागाधारीले रिस उठ्ता "तेरीमा किरूवा ! मरिजा !" भनेर श्राप गर्छ । यो यही भएरै हो । अत : यो अहिलेको इतिहास होइन उनाजुगको इतिहास हो जसलाई हाम्रा पुर्खाहरुले सन्तानपिच्छे भन्दै आए र अझै पनि भन्दै आएका छन् । क्षेत्री वाहुनको इतिहास हामी किताबमा पढ्छौ तर हाम्रो इतिहास बाजेको मुखारबिन्दबाट मात्र सुन्छौं । कस्ता बिडम्बना छ जबकि हाम्रै बाजे बराजुहरुले उनिहरुलाई पछिबाट सोह्रानीमा राखेको हो । पछि आउनेले इतिकास बनाइसके तर तायादिनदेखि

बस्ने आदिवासीको इतिहासको नाम निसान छैन। यही हो हामी किरातीहरु पछाडि पर्ने। आ-आफ्नो डम्फु बजाउन मात्र लागिए पछि सामुहिक शक्तिको निर्माण कदापि हुँदैन।

म माथिको ऐतिहासिक बृतान्त पुन :जोड्दैछु संक्षिप्तमा। बहिनी ज्वाईले एकपटक जेठूहरुसंगै सिकारमा जान जिद्धी गर्न लागे। जेठूहरुले भने - "तिमी नजाउ किनकी हामी जंगल पुगेर बाघ हुँदा डरले सातोगई मर्छौ।" तर उनले नडराउने धाक जमाए। तसर्थ तापखोला तरेर चुचुदह पुगेर ज्वाइलाई कतै लुकेर बस्ने सल्लाह दिए। उनी कतै लुके। हामी चुचुदहमा हाम फालेर बाघभई जङ्गल पस्दा हाम्रा ज्वाई डरले झन्नै सिद्धिएछन्। उनी भागेर सिधै उनको घर पुगी हाम्रा बहिनीलाईपो "तँ बाधको सन्तान" नानाभाती भनेर गाली गर्न लागेछन्। त्यसदिन जंगलमा सिकार नमर्नको कारण यहि इर्ष्या परेको रहेछ। कसैले पनि सिकार गर्न नसकि चुचुदह आउँदा ज्वाई कुलेलम ठोकिसकेको थाहा पाएर उनीहरु घर फर्के। सदाझै तातो हाडीमा नङ घोटे तर नङ परिवर्तन भएन। उनीहरु घर आइपुगे ज्वाइ त्यहाँ नआएको थाहा पाई उनीहरु सिधै ज्वाइको घर पुगे। बहिनी र ज्वाई घरभित्र उनीहरुकै कारणले झगडा गरिरहेका थाहा पाए। ज्वाइले "तँ बाघको बहिनी रहेछस" भनेर खुब धम्क्याउँदै थिए। उनीहरु रिसले चुर भएं र डोकोमा छोपेको कुखुरालाई भुत्ल्याउन थाले। कुखुरा क्वाएँ क्वाएँ गर्दे कराउँदा स्यालले दारेछ भन्दै ज्वाइ बाहिर गुहार गर्न निस्कदा उनीहरुले ज्वाइलाई एकै फाकमा मारें। आखिर अर्काको चुला स्याहार्न जाने बहिनी र ज्वाँइको आपसी प्रेम त थियो नै। त्यसैले आफ्नो पति मरणको वियोगमा उठ्दै पछारिदै रून थालिन्। आज रोइन भोली रोइन, रात दिन रोइन। घरपरिवारलाई नै रूवाइन्।

अव यसरी बिजोग हेरेर बस्न हुँदैन भन्ने ठानी हाम्रा पुर्खाहरुले बहिनीलाई संझाउन बुझाउन, फकाउन थाले। उनीहरुले मागेको जत्ति सुनको असर्फी दिने भनेर संसारै देखाउँदा पनि बहिनीले चित्त बुझाउन सकिनन्। अन्तमा तिमीले के चाहन्छौ त भनी अन्तिम सोधनी गर्दा बहिनीले "त्यो नामप्राकदाम डाडाको घाम छुन चाहन्छु त्यत्तिगर्दा मेरो चित्त बुझ्ला" भनेर बचन दिइन। अव पऱ्यो फसाद। त्यत्ति अग्लो डाँडामा जाने बाटो कही कतै छैन। कसरी जाने त्यहाँ। डरलाग्दो भिरपाखा मात्र छ। तैपनि हरेस खाएनन्। किरातीले चिताएपछि पुग्छ भनेर थालें बाटोको लागि पर्खाल चिठ्न। तापखोलाको ढुङ्गाले नपुगेर बराहक्षेत्रसम्मको ढुङ्गा बोकेर चिठ्न थाले। फापरको पिठो मिसाएर लिसाइलो बनाई हिलो मुछे। कुकुरको पुच्छरको आकारको कोदाली बनाएर हिलो ताने। कोही भाई हिलो मुछ्ने कोही भाई ढुङ्गा बोक्ने त कोही भाईले पर्खाल लगाउन थालें। बाटो अग्लो अग्लो बनाउँदै गन्तब्यमा पुगेरै छाडे। तर घाम तातो भएकाले अठयाउन सकेनन्। टोपी प्रयोग गरे डढ्यो। गोबरले छोपे गोबर पनि डढ्यो। कुकरको पुच्छर जस्तो कुड्लिङ परेको साचो बनाई तान्ने सुरसारमा रहेको बेला कान्छो भाई चाहीं बराहक्षेबत्राट ढुङ्गा ल्याउँदै थियो। अचानक यता नामप्राकदाम पुगेको पर्खाल ढल्यो र एघारभाई माइती र चेली त्यही लडेर मरे, विचरा। मात्र एक भाई कान्छो बुसुरू मात्र बाँच्यो। बृतान्त यस्तो छ यसको तीथि मिति एकिन छैन। तर पनि यस ऐतिहासिक कथाले हरसी, दिम्मचु, सरचु र वालक्पा र हम्रूचुहरुको इतिहासलाई सुझाउँछ। यस कथाले अति आकांक्षा भस्महुने बाटो हो भन्ने कुरा जनाउँछ भने अर्कोतिर वालक्पु लगायत अन्य किरातहरु खेतीपातीको पेशा अपनाउन अघि शिकार गरेर जीवन गुजारा गर्थे भन्ने मानव इतिहासलाई जनाउँछ।

यस्तै कथा र व्यथा बोकेको वालक्पु यसपटक इसिलिममा लिखित रूपमा देखा पर्दैछ । नत्र वालक्पुकै लागि भनेर त्यस्तो लिखित दस्तावेज कही कतै आएको छैन नत विदेशबाट नै आयो न त स्वदेशमा नै कसैले जमर्को गरे । फेरी जमर्को गर्नलाई त हुन पनि पऱ्यो आधार । त्यो आधार यहा बनाइएको थियो । त्यो भनेको दुमी किरात राई फन्सिकिम र त्यसको मुखपत्र इसिलिम नै हो ।

यस कथाको सन्तानको एक पात्र वालक्पुको वंशावली लेख्न २०५१ सालतिरबाटै शुरू भएको हो । तर स्रोत, समय, श्रम, लगानी, चिन्तन र अठोटको अभावमा आजमात्र एउटा रफडाटाको खाका तपाइहरुको हातमा र विशेषत वालक्पु बन्धुहरुको हातमा आइपुगेको छ । एउटै वंशी भाइमा दिम्मचुको करिब १९ पुस्ता र सरचुको करिब २२ पुस्ताको वंशावली पाइने ठाउँमा वालक्पुको केवल बाह्रपुस्ताको मात्र उपलब्ध हुनु निकै घोरिनु पर्ने अवस्था छ । यस्तै समस्या हरसीमा पनि रहेको छ । यसरी हेर्दा यात दिम्मचु र सरचुले बढी लेखाए वा हरसी र वालक्पुको १२ पुस्ता पुर्खाहरु बिरिएको छ भन्ने शङ्का लाग्छ । अत : जत्ति संकलन भए त्यसको स्रोत दाताहरुको विवरण निम्नानुसार पस्किएको छ :

**१. तायामी खड्गवहादुर वालक्पु राई खार्मी देउसाली टोल :**

खार्मीमा वालक्पुको राम्रो वंशावली भन्ने श्रोतदाताको रूपमा उहाँलाई लिइन्छ । यो प्रस्तोता २०५५ सालमा भोजपुर क्याम्पसमा कार्यरत हुँदा दशैं विदाको समय पारेर चोखाने, दम्दी, पाथेका हुँदै खार्मी देउसाली टोलमा आइपुगियो र एकरात वास उहाकै घरमा बसेर वंशावली र भाषाको वारेमा टिपन गरियो । खार्मीमा पाका नक्षोहरुको समाप्ति पछि उहाँको जिम्मामा सबै किरात धार्मिक सास्कृतिक कर्महरु गर्नु पर्ने जिम्मेवारी आएको थाहालाग्यो । त्यसैले उहाँ एक तायामीको रूपमा वालक्पा समुदायमा प्रख्यात हुनुहुन्छ । उहाले धेरै व्यक्तिहरुको सास्कृतिक धार्मिक नाम लगाई दिनुभएको छ र आफ्नो पनि "सिबिली नयमा" राख्नुभएको छ । वालक्पुको वंशावली लगभग उहाले नै सबै बताई दिनुभएको हो । यसमा रणभागी मनभागी र चुन्चुको नाम विशेष लिनुभई त्यसदेखि तल झरिएको हो ।

**२. राजबहादुर वलक्पा राई :**

उहाँ वंशावली संकलकको रूपमा रहनु भएको छ । उहाँको संकलनमा वालक्पुको छोरा वाक्ली भनिएको छ । एउटा रफडाटा उहाले पनि उपलब्ध गराउनु भएको थियो ।

**३. टेकवहादुर र गर्जबहादुर वलक्पा राई :**

उहाहरु दुवैले रणभागी पट्टिको सम्पूर्ण वंशावली बताउनु भएको हो ।

**४. गउनसरी वालक्पा राई : सिपुलुङ :**

जयबहादुर राई तथा रसुले धामीको छोरी गउनसरीबाट पनि उहाहरुतर्फको वंशावली प्राप्त भएको थियो ।

**५. जसबहादुर राई तुर्खा :**

उहासंग हर्कलाल जैसोर तर्फको छोटो वंशावली टिपियो र उहाकै पिता खड्गबहादुरबाट बढी जानकारी पाइन्छ भन्ने मनसायले रूयल सिंगानेधारीभन्दा माथि बसेको निवासमा पुगियो तर उहाले आफू केही नजान्ने भनेर केही बताउन चाहनु भएन ।

उपरोक्त स्रोतदाताहरुसंगको साक्षात्करबाट प्रस्तुत वंशावलीको खाका तयार गरिएको हो । वालक्पुहरु थौरै भएपनि वंशावली बनाउन ज्यादै कठिन सावित भयो । कारण साहिनु केलाउने माध्यम नै फरक फरक पर्नगएकाले वंशावली नै दुरूस्त बनाउन सकिएन । तर पनि अन्त्यमा काठमाडौं वासी इखबहादुर वलक्पु राईको माध्यमबाट साहिनु केलाई त्यही आधारमा प्रस्तुत वंशावली तयार गरियो । केही साहिनु गायक

खबिराज सरचुसंग पनि सोधियो । केही खड्गबहादुर राईको सुपुत्र भलकाजी राईसंग पनि सोधिएको थियो । तर पहिल्यै गाउँ छोडेको कारणले उहाले केही थाहा नभएको बताउनु भयो । पछि उहाँको स्वर्गारोहण खोटाङ तिर्पाविसीमा भएको खबर पाउँदा म स्तब्ध भएँ । उहाँ मेरो स्कुल, क्याम्पस र शिक्षक साथी पनि हुनुहुन्थ्यो ।

**बंशावलीमा देखिएका कमजोरीहरू :**

बुसुरू युयुमाको वंशजहरुमा सरचुको २२ पुस्ता र दिम्मचुको १९ पुस्ता पुगीसकेको छ तर हरसी र बलक्पाको १२ पुस्ता मात्र पुग्नु भनेको कुनै न कुनै वंशको कमी कमीजोरी देखिन्छ । यो यात दिम्मचु र सरचुले वंशावली लेखाउँदा पुर्खाहरुको पुस्ता जनाउँदा नाम बढी जनाउन पुगे या वालक्पुहरु १० पुस्तासम्मको पुर्खाहरुको नाम बिर्सेका छन् । यसको छलफल आगामी दुमीकौ २१ वटै पाछाकौ एकमुष्ट रूपमा प्रकाशन गरिने वंशावलीमा छलफल गरेर मात्र प्रकाशन गरिनु पर्ने मेरो आफ्नो धारणा रहेको छ ।

**किरात राईहरूको ऐतिहासिक निधि प्रख्यात नक्षो रसुले धामी तथा जैहादुर वलक्पुराई :**

रावाखोला क्षेत्रमा सबभन्दा प्रख्यात सेलेमी नक्षोको नाम लिनुपर्दा रसुले धामी वालक्पुको नाम सबैले लिन्छन् । सबै धामीहरुभन्दा उनी पुर्खा र जान्ने जानकार थिए । त्यसैले जसले जहा पनि चिन्ता, फुक्न र ग्रह दशा हटाउनको लागि लैजाने गर्थे । उनले गरेको काम मात्र पक्का मानिन्थ्यो । उनीप्रति किरात राईहरु मात्र होइन सम्पूर्ण जात जातिहरुको ठूलो विश्वास थियो । मानौं उनको अगाडि अरू नक्षोहरु फिक्का छन भन्ने भान हुन्थ्यो । किराती राईहरु सबैले रोग व्याधिबाट मुक्त हुन सालमा एकपटक घरघरमा चिन्ता गर्ने चलन छ । त्यसैगरी पुर्खाले गरेको रिस, इबी र गल्तीबाट सन्तानमा स्राप पर्छ भन्ने मान्यता किरात राईहरुमा रहेकाले त्यसबाट मुक्तिको एउटै मात्र बाटो भाइचिन्ता हो भन्ने संस्कृति आजसम्म माझकिरातमा रहेकाले त्यस्तो चिन्ताहरुमा उनकै अगुवाइमा हुन्थ्यो । उनी देखादेखी रोगकष्ट झार्न सक्थे । साल्पाको देवता आफ्नै गाउँ सिपुलुङमा बोलाएर स्थापित पनि गरेका थिए २०२५ सालतिर । देखादेखी व्यथा झिक्न सक्थे र देखाउँथे थालमा राखेर ।

उनको बखान गरीनसक्नुको छ भन्दा अत्युक्ति नहोला । जब उनी भाइचिन्तामा जुट्थे-खोलामा संकलित फुलखरानीबाट कराईको चोइटा, फुटेको हण्डीको चोइटा, ढुङ्गा, फलाम पाप श्राप, खसु तप्सुको प्रतीकको रूपमा निकाल्न सक्थे । आफूलाई जिस्काउने, बाटो छेक्ने धामीलाई गहिरो निन्द्रा लगाईदिन्थे, काम्न छोडाएर बसेको बसेकै बनाएर दोहोलो काढ्थे । उनका समयमा विशेष बिजुवा वा सेलेमी र झाँक्रीतर्फ, ओमे भन्ने खोर्सानेे लुप्पो साक्सिला, मौले बिजुवा खालिङ दशकते, लखबहादुर नाछिरिङ दशकते, टेकबहादुर बिजुवा मुरह हलकुम, मिश्रको बाबु कोइराला चप्लेटी, नरे दमाई बेहेरे, कामी धामी बाक्सिला बजार, तित्रबहादुर हदी बाक्सिला गैरीगाउँ, अष्टबहादुर हदी पोक्लु, छकिते धमिनी लुप्पो चिउरीखर्क, बिर्खबहादुर नाछिरिङ बाक्सिला, असारी धमिनी हलकुम, जन्तरे कान्छा लुप्पो चिउरीखर्क, ललितबहादुर रङ्कासु दामथला आदि नाम चलेका बिजुवा वा झाँक्रीहरु पनि थिए र छन् । तर पनि उनीहरुको समेत आदर्श नक्षो भन्ने रसुले धामी नै थिए । उनीप्रति सबै नतमस्तक हुन्थे । उनले लडाई झगडा गरेको कहिल्यै सुनिएन । सानो बोली बोल्ने, आफ्नो बढाई चढाई नगर्ने बानीले उनी सबैको प्यारो भएका थिए । व्यथा लागेको मानिसलाई छोयोकी सञ्चो भइजाने उनमा बेजोड किरात देवीशक्ति थियो ।

उनी बाचुन्जेल सबैको हाई हाई भए र स्वर्गारोहणपछि पनि उनको नामले एउटा इतिहास कायम गरिसकेको छ- आहा ! रसुले धामी । उनको जन्म दुमीको वालक्पु पाछामा भयो र लगभग ८०।८२ वर्षसम्म बाँची लगभग ६५ वर्षसम्म अहोरात्र

खटेर जनताको निस्वार्थ सेवा गर्दागर्दै उनकै गाउँ सिपुलुङ बाक्सिलामा देहत्याग गरे । हामीले सुन्यौ- उनले इहलिला प्राप्त गर्ने व्यथा लाग्नको कारण जब धरानबाट ठूलो चिन्ता सकेर बिराटनगर हुँदै घरआउने क्रममा जब जहाजमा चढे, जहाजले गतिलिंदा उनी एक्कासी तर्सिए र त्यही कारणले व्यथा लाग्दै अन्त्यमा सबैको माझबाट रसुले धामी सदाका लागि विदा भए । उनी वितेको लगभग २० वर्षभयो होला तर अझै उनको खातिर गर्नेहरु यत्रतत्र रहेका छन । उनले दुनियालाई रोगव्याधीबाट मुक्ति दिलाए । तर अन्तमा आफूपनि रोगव्याधिबाटै गए । यो मर्ने चोला टारेर टर्दैन । हाम्रा देवता, भगवान भन्नेहरु सबै मरेर गए । यो संसार यस्तै हो । तर मरेपछि उनीहरुको नाम र कृति रह्यो वा रहेन भन्ने कुरा चाहीं प्रमुख कुरा हो । यस मानेमा रसुले धामी उनको स्वच्छ र पवित्र सेवाको कारण सधैं जीवीत रहीरहेका छन् । उनी किरातीहरुको समाजमा धामी समाजको इतिहासको एउटा नायक भएर रहेका थिए र मृत्यु पर्यन्त पनि ऐतिहासिक नायक भएरै रही रहनेछन् अनी किरात सन्ततीहरुले उहिले हाम्रो बाजे असाध्ये जान्ने बिजुवा थिए रे भनेर सम्झिरहनेछन् जसरी आज प्रख्यात धामी गाइने र छेन्ताङगेहरुको नाम लिइरहेका छन् । उनीहरु नेपाल दरबारसम्म राजा रानीलाई झारफुक गर्न गएका थिएरे र त्यसको बदलामा अर्नाको सिं पुरस्कार पाएर बाक्सिला लामदिजामा ल्याए । त्यो अहिलेसम्म छँदैछ गाउँमा । यस्तै तरिकाले रसुले बिजुवा जहा पनि जानसक्ने, हलौं, अर्काको पिरमर्का बुझ्ने, मृदुभाषी, कम बोल्ने, अर्कालाई नबिझाउने, लोभ मोहमा नफस्ने, यस्तो अनन्त सेवागर्ने धामी पाउनु आजभोली कठिन छ ।

अन्तमा रसुले धामीको बखान जत्ति गरे पनि कमै हुन्छ । यस्ता पवित्र मन भएको महान धामी जो बालक्पुको वंशमा जन्मे र बाचुन्जेल तमामलाई सेवा पुऱ्याएवापत सबैको साझा सम्पत्ति बने । अव यस्ता धामीहरु जन्मन कठिन भईसकेको छ । उनको सेवाको मूल्य आकलन गर्न नै सकिन्न । अथाह कत्ति हो कत्ति । जहिले डाक्टर थिएन, बैद्यको खाँचो थियो औषधिको प्रचुर ज्ञान थिएन मानिसमा । त्यस्तो समयमा उनी माझकिरातको महान बिजुवा डाक्टर थिए । उनको मनोवैज्ञानिक उपचार नै महान थियो । यी महान् सेवकको श्रीमति पनि स्वर्ग भईसकेका छन् र छोरीहरु मात्र रहेकाछन्, त्यसमध्ये एकछोरी गउनसरी राई सिपुलुङ जन्मघरमा नै घरजम गरी सुखदुखकासाथ बसेका छन् ।



**विजयादशमी तथा शुभ-दीपावली-२०६७ को**
सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।





**चन्द्र प्रसाद राई**
अध्यक्ष

**फूल मुन ओभरसीज प्रा. लि.**


संखमुल, काठमाडौं, फोन : ००७७७-१-४७८५४९२ / २३२४९१८
Lic No. 313/059/60
E-mail : fullmoon@ wlink.com, Website : www.fullmoonoverseas.com

*विश्वसनीय, तथा भरपर्दो बैदेशिक रोजगारीको लागि हामीलाई सम्झनुहोस् ।*


१. बालक्पु
२. वाक्ली
३. चुन्चु
४. रनभागी (जे)
४. मनभागी (मा)
४. रनपाल
५. झिल्के
५. रनहर्क
५. बुद्धिवीर
(पृष्ठ २ मा)
५. हुमावर्ण
(जे)
५. मनवर्ण
(जानकारी विहनी)
५. अरुणसिंह
(निसन्तान)
५. भूपालसिंह
(पृष्ठ ३ मा)
५. पूर्णसिंह
(पृष्ठ ३ मा)
६. घरमसिंह
(पृष्ठ ३ मा)
६. सिंगबहादुर
६. बाँहबल
६. बाँकहर्क
७. आशधन (एक्ले)
७. मजपसिंह (लण्ठे)
७. धनसेर
(जे)
७. मानसिंह
(मा)
८. अमरसिंह
(अम्बरबहादुर)
८. बन्दसिंह
(शाखामात्र)
८. भर्ते (जे)
८. भुरे
सिलबहादुर (का)
८. प्रताप
८. रामप्रसाद
९. मौलीधन
९. अतमबहादुर
९. थामबहादुर
९. जैबहादुर
(रसुलेधामी)
(प्रख्यात नछो)
९. दलबहादुर
९. जीतबहादुर
(जे)
(निसन्तान)
९. मनबहादुर
(मा)
९. टेकबहादुर
(सा)
(वंशावली स्रोत दाता)
९. पदम
(काई)
९. पूर्णबहादुर
(अ)
९. किल्लबहादुर
(का)
(पेज नं. ..मा)
१०. गंगबहादुर
१०. पदम
१०. बमबहादुर
१०. कमल
१०. हर्कबहादुर
१०. भीम
१०. मौलबहादुर
१०. गउनसरी
(जेठी) ?
............ (माइली)
............(कान्छी)
११. रमेश
११. सुरेन्द्र
११. दिनेश
११. इच्छा
११. समिर
१२. युवराज
१२. रोशना
१०. सानी
१०. मनलक्षी
१०. रामलक्षी
१०.लक्ष्मी
१०.जुरब ब.
१०. प्रेम
१०. कमल
९. हर्क ब.
९. नर ब.
(शाखामात्र)
९. देश ब.
(मुङ)
११. जनक
१२.सुमना
९. गोरे
९. अष्टराज



९. किल्लबहादुर
१०. भलबहादुर
१०. शुभहिरा
१०. इखबहादुर
१०. उमेश
१०. कल्पना
१०.रञ्जना
११. बर्दान
११. बोना
११. रोजन
११. अनुसा
११. सन्ध्या
११. युगल
११. प्रयास
११. प्रमेश
११. रिती
५. बुद्धिवीर
६. दहवीर
६. भीमलसिंह
६. भीमजोर(काई)
?
(अ) (शाखामात्र)
६. सुरधन
७. मानध्वज
७. चक्र ब.
८. मेख ब.
(अक्षम भएको)
७. श्यामसोरध्वज
(जे) (निसन्तान)
७. कर्णध्वज
(मा)
७. अमृतध्वज
(सा)
७. महेन्द्रध्वज
(का)
८. कहरसिंह
९. दोरम्बा (टेक ब.)
८. रामध्वज (जे)
८. लक्ष्मण (का)
(नि.)
८. अविनध्वज
(जे)
८. रंगबहादुर
(का)
८. पृथ्वी
८. मानसेर
८. पूर्णबहादुर
९. विष्णु ब.
(जे) (नि.)
९. खडगबहादुर
(तायामी वंशावली श्रोतवाता)
९. पूर्ण ब.
(जे)
९. किल्ल ब.
(का) (मुड)
९. रुद्र ब.(नि.)
९. हिरा ब.
(जानकारी विहित)
९. विर ब.
(जे)
९. जित ब.
(का)(नि.)
१०. मनिराम
१०. धनिराम
१०. गोरीमाया
(छोरी)
१०. हर्कलक्ष्मी
(छोरी)
१०. दशरथ
१०. सुकरथ
११. परबिन
११. नबिन
७.. ?
७. जंगवीर
९. रुद्रबहादुर सुब्बा
९. टेकबहादुर
९. सच्चेकुमार
९. उत्तर
१०. सुकवीर
(पञ्चनभोडा ब.)
१०.विशाल
१०.विवेक
१०. विशोक
८. कितापसिंह
८. हैकमसिंह
९. ढुकबहादुर
१०. रत्नबहादुर
(बसाई गएको)




## फन्सिकिमका थप आजीवन सदस्यहरू:

१. जहान सिं राई सप्तेश्वर - ९, खोटाङ  २. मनराज राई सप्तेश्वर - ८, खोटाङ

३. अनिता राई बाक्सिला, खोटाङ  ४. महेन्द्र राई जालपा, खोटाङ

# ६. घरमसिंह

७. दहवीर　　७. जसवीर　　७. पाँचवीर

८. ........... (जे)　　८. जंगवीर (का)　　८. विन्द्रे. (जे)　　८. गोकुल (का)　　८. सेतुमान (मा)　　८. दलबहादुर　　८. हर्कसेर (का.का)

*(देवी र झ्याली (छोरी))*

९. कितापसिंह　　९. हैकमसिंह　　९. गोरे　　९. कुमार　　९. थामबहादुर　　९. जगत　　९. भगत

९. पञ्चबहादुर　　९. डिक　　९. बम

१०. सञ्चरत्न (छोरी)　　१०. ढुक्कबहादुर　　१०. भीम

१०. हर्कबहादुर　　१०. धनबहादुर

११. रत्नबहादुर　　१०. भक्ते　　११. चित्ते　　११. जिते　　११. खरदार　　११. पिते

१२. श्यामलाल (सुखिम ब.)

९. अडिबहादुर　　९. गर्जबहादुर (वंशावली श्रोतदाता)

१०. लगन

१०. रामकुमार　　१०. राजु　　१०. मिना (छोरी)　　१०. शिवकुमारी (छोरी)

११. सूर्यलक्षी　　११. शुभलक्षी　　११. टंक

११. पर्वत　　११. प्रदीप　　११. प्रश्ना(छोरी)

४. भुपालसिंह

५. बुद्धसिंह

६. धनमान माथा

७. पञ्चबहादुर

८. धर्मधोज

९. अमृत

१०. सञ्जीव　　१०. पुष्प


हार्दिक शुभकामना




विजयादशमी तथा शुभ-दीपावली-२०६७ को सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।

प्रो. राजकुमार तामाङ

सिटिजन प्रोपर्टि डिलर्स प्रा.लि.

सम्पर्क नं.: ९८४१२१८३३०

नोटः घरजग्गा खरिदबिक्री गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस् ।



## विजयादशमी



तथा

## शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

## शुभ-कामना

व्यक्त गर्दछौं ।

**श्रीमान/श्रीमती इश्वरमान राई**

तिनचुली, काठमाडौं



## विजयादशमी



तथा

## शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

## शुभ-कामना

व्यक्त गर्दछौं ।

**श्रीमान/श्रीमती देविभक्त राई**

केन्द्रीय सदस्य

किराया



## विजयादशमी



तथा

## शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

## शुभ-कामना

**श्रीमान हरिचन्द्र राई**

**श्रीमती जयकुमारी राई**

**प्रार्थना किराना एण्ड हार्डवेर सेन्टर**

बाक्सिला बजार, खोटाङ

फोनः ०३६-६९०४१०, ९९३३६०९२३/२४



## विजयादशमी



तथा

## शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

## शुभ-कामना

व्यक्त गर्दछौं ।

**तेजप्रसाद ढकाल**

**विजय लेखापढी सेवा केन्द्र**

डिल्लीबजार, काठमाडौं

(विजय खर्क-७, खोटाङ)

# प्रसङ्ग दुमिभाषा र शव्दकोशको

'दुमिभाषा' पूर्वी नेपालको पहाडी भेगमा बोलिने भोट-बर्मेली भाषिक परिवारको किराती राईभाषाहरु मध्यको एक हो। माझ किरात प्रदेश अन्तर्गत उत्तरी खोटाङ जिल्लाको पाँच गा.वि.स.हरु खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा (खा.जा.बा.स.मा.) क्षेत्र र तिनका आसपासका अन्य क्षेत्रहरु (दिक्तेल, नेर्पा, पाथेका, बासपानी, खार्ताम्छा, कुभिण्डे, महेश्वरी, आदि गा.वि.स.हरु)लाई दुमीजनले आफ्नो मूलथलोको रूपमा स्वीकार्दैआएका छन्। हाल आएर दुमीराईहरु खोटाङदेखि पूर्वका अन्य जिल्लाहरु, तराई क्षेत्र तथा काठमाण्डु उपत्यका लगायत विदेशमा समेत छरिएर रहेका छन्। देश-परदेश सबैतिर गरी करीव १८ हजार संख्याको हाराहारीमा रहेका दुमि वंशको एउटै मत चाहिँ 'खाजाबासमा' नै आफ्नो *खुलु-खुक्सु* 'आदिमथलो' वा दुमिथात्थलो (Dumi Origin) हो भन्ने छ।

शब्दले साझा रूपमा जाति र भाषा दुबैलाई बुझाउछ। दुमिराईहरु आफ्नो मातृभाषा "दुमिभाषा" लाई "होपुपो ब्र" भन्दछन्। जसको अर्थ "आफ्नो भाषा" भन्ने हुन्छ। यस भाषामा कुनै लिपि तथा आधिकारिक लेखन प्रणालीको विकास भैनसकेता पनि भाषा अभिलेखनसम्मका सानातिना अध्ययन-अनुसन्धान भने भैसकेका र भैरहेका छन्। यद्यपि लोपोन्मुख अवस्थामा पुगिसकेको यस भाषाको भाषावैज्ञानिक अध्ययन भने सवर्था बाँकि नै छ। हालसम्म प्राप्त तथ्यहरुका आधारमा यति चाहिँ पक्कापक्की भन्न सकिएला, पारिवारिक आधारमा माझकिरात अर्न्तगत खालिङ र कोयी तथा भौगोलिक आधारमा थुलुङ, नाछिरिङ, साम्पाङ आदि दुमि नजिकका किराती राईभाषाहरु हुन्। **(हे. इसिलिम अंक १, ३-११, २०५६)**



- नेत्रमणि दुमिराई
माक्पा-६, नोरूङ, खोटाङ्ग
हाल: बौद्ध, आरूबारी, काठमाडौं

नेपालको जनगणना २०५८ का अनुसार नेपालमा ५,२७१ जना (२,५८९ जना महिला र २,६८२ जना पुरूष) दुमिराईहरु रहेको देखिन्छ। जुन चाहिँ जम्मा किरात राई संख्या (३,६५,१५१ जना)को ०.८३ प्रतिशत तथा कूल जनसंख्या (२,२७,३६,९३४ जना) को ०.०२ प्रतिशत हुन आउँछ। तर वास्तविक दुमिसंख्याको एकतिहाइ अंश मात्र देखिने सरकारी यस खोटो तथ्यांक बारे दुमीराईहरु भने असहमत रहदै आएका छन्। तसर्थ पनि सहि र विश्वसनीय तथ्यांक संकलनको लागि आगामी जनगणना होस् वा भाषिक सर्वेक्षण, ती सबैमा 'दुमि लगायत हरेक भाषिक समुदायको प्रत्यक्ष संलग्नताको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ। अन्यथा औपचारिकतामा सिमित कर्मकाण्डी शैलीमा संकलित यी र यस्तै मिथ्यांकमा पुर्पक्ष गरी बस्नु हाम्रो नियति नै भैसकेको छ। पटकौपछि फेरिपनि हामी भाषिक समुदायहरु बलिको बोको बनाइने पुरातन सोँचलाई मन्साउनै कहाँ सकिएको छ र!

अधिकांश दुमिबक्ताहरु नेपाली भाषामा द्विभाषी हुनुले तीब्र रूपमा भाषा परिबर्तनको मारमा पर्दै र पारिदै आएका छन्। एकातिर नेपाली भाषाले दुमिभाषालाई विस्थापित गर्नेक्रम तीव्र छ भने अर्कोतिर दुमिबक्ता संख्या खिइदै गइ अति न्यून मात्र रहन गएको देखिन्छ। पछिल्लो ताजा तथ्यांक अनुसार मातृभाषा बोल्नसक्ने दुमिराईहरु करीव २,५०० जनाको हाराहारीमा रहेको देखिन्छ। जुन चाहिँ कुल दुमि

संख्याको लगभग १४ प्रतिशत मात्र हुन आउछ । यसर्थ पनि दुःखका साथ भन्नैपर्छ, दुमिभाषाको अस्तित्व संकटमा परेको प्रस्ट छ, र लोपोन्मुख मात्र त के अति लोपोन्मुख अवस्थातिर गुज्रिसकेको छ । यस कटुसत्यताले अवस्य नै हाम्रो मन कुँडिएको छ अनि आस्था दुब्लाएको छ । यो कटुसन्देशले हरदुमिजनका मातृभाषाप्रतिको मोह बिटुलिएको छ, अनि एकात्मक भाषिक अभियान र साझा भावनामा नै ठेश लाग्न पुगेको छ ।

दुमिमातृभाषीको आँखाले 'खाजाबासमा' नियालिहेर्दा प्रमुख तीन क्षेत्रहरुः (१) माक्पा, (२) जालपा-खार्मी र (३) बाक्सिला-सप्तेश्वरमा आजसम्म पनि दुमिभाषाको प्रयोग भइआएको पाइन्छ । त्यसमा पनि हालमा अन्तिम दुईवटा क्षेत्रहरुलाई छाडेर माक्पा क्षेत्र/गा.वि.स.का केहि गाऊँहरु (नोरो र लुम्दु)मा मात्र तिनै पुस्ता (बृद्ध, युवा र बच्चा)ले दैनन्य जीवनमा आफ्नो मातृभाषा 'दुमिब्र' धानिराखेको पाइन्छ (त्यो पनि सिङ्गो गाँऊभरि नभएर टोल र घर विशेष मात्र) । अन्य क्षेत्रहरुका हकमा पाकापुस्ता बाहेक युवा जमातमा मातृभाषीहरु ज्यादै नगन्य मात्रामा भेटिने गरेको छ । हुन सक्छ, दुमिभाषाको यो दुरावस्था कोही कसैको कमजोरि नभएर बर्तमान समयको माग र विडम्बनापूर्ण आधुनिकताको आडम्बरको परिणति नै पनि । अनि तमाम् मातृभाषालाई सखाप पारी एक्लो खस (नेपाली) भाषाको रामराज्य चलाउने राज्यको उबेलाको दिवास्वप्नको अवशेषको चलखेल नै पनि ।

यसो हुनुमा 'एक राज्यः एक भाषा' अनि 'नेपालको तथाकथित राष्ट्रिय भाषा नेपाली(खस) भाषा'को एकाङ्गी राज्यनीति धेरैहद दोषी छ भने आफ्नोपन बारे बेलामा विचार नगर्ने वा होस् पुऱ्याउन नसक्ने हामी दुमि सन्ततिहरु नै पनि यसको भागिदार हौं नै । तैपनि ढीलै भएनि चिरनिद्राबाट ब्यूँझिउठेर भएपनि सर्बत्र मातृभाषाप्रतिको रूचि बढ्दो त छ, तर मातृभाषा सिक्ने रहर जति जागेपनि व्यवहारमा चाहिँ मातृभाषा संरक्षणको बाटो ठम्याउदैमा यतिका समय भड्किसकेको छ । लाग्छ, 'कुरोको चुरो खोज्दैमा उल्टै जुरो' पलाइसकेको अवस्था छ । मातृभाषा लोप हुदैजानु कसैको रहर नभएर बिडम्बना त पक्कै हो नै । मानौ, सबैमा भावना त छ, तर भाषा छैन, बिना मातृभाषा दुमि स्वपहिचानको आशा पनि त छैन ।

करीव पाँच शताव्दीअघि विश्वप्रसिद्ध साहित्यकार 'विलियम शेक्स्पीयर'ले भनेको प्रसङ्ग 'नाम त पूर्खाको पराक्रमबाट पनि पाइएला, तर सम्मान पाउन त आफैले कर्म गर्नसक्नु पर्छ' आज 'खाजाबासमा' समस्त दुमिजनका लागि मार्ग निर्देशन बनेको मात्र छैन, आत्मप्रेरित अभिव्यक्ति समेत बनेको छ । 'लोपोन्मुख'को उपमा जोडेर दुमिभाषाको बारेमा जो कोहिले कटुचर्चा गरेको कानमा पर्दा मात्रपनि हामीलाई कति बिझाउछ, त्यो भनिरहन पर्दैन । यसर्थ पनि मातृभाषा र मौलिक संस्कारमा आधारित दुमि अस्तित्व, स्वपहिचान वा स्वाभिमान जे जति छन्, यी दुबैको लोपसँगै दुमिनाम पनि गुमनाममा पर्ने तितो यथार्थले दिउसै ऐठनमा पर्नेगरेका छौं आज हामी बबुरो दुमिजन । यसको एउटै मात्र मूलकारण हो, संस्कार-संस्कृतिको परिचयसँगै स्वपहिचान अनि सिङ्गै इतिहासको विम्व मातृभाषामा छचल्किएको हुन्छ, तर देख्न चाहिँ सक्नुपर्छ । जुन कुरा दुर्लव ज्ञानचक्षुले मात्र नियाल्न सक्छ, नकि जो कोहीको चर्मचक्षुले ।

यसै सन्दर्भमा लामो समयको अन्तरालपछि निकै पटकको छलफल र विचार-विमर्शबाट 'दुमि किरात राई फन्सिकिम' अन्तर्गत 'दुमि शव्दकोश निर्माण समिति(दुशनिस)'को जन्म भएसिन करिव आधा दशकको लामो अभ्यास र मेहनतका साथ निकट भविश्यमा भाषाविज्ञानको मान्यतामा आधारित त्रिभाषिक (दुमि-नेपाली-अङ्ग्रेजी) शव्दकोश सबैसामु

झुल्कन लागेको छ । दुमिभाषी सबै क्षेत्रहरुमा हालसम्म बोलचालमा विद्यमान रहेका हर दुमिशव्दहरुलाई यथासम्भव समाबेश गरी करीव सात हजार मूल प्रविष्टि सहित क्षेत्रगत पाण्डुलिपिहरु तत्क्षेत्रहरुमा अन्तिम जाँचको लागि पठाइ सकिएको छ । आशा छ, ती सबै प्रतिहरु सम्बन्धित क्षेत्रहरुबाट सच्याइ यथा समयमा हामीलाई प्राप्त भएमा अन्तिम चरणको सम्पादन निकंट भविश्यमा नै शुरू भइ प्रकाशनको प्रक्रियातर्फ हाम्रो यात्रा सोझिने छ ।

हामी दुमिजनलाई कौतुहलता जागेको छ, कहिले पो 'दुमि संस्कृति'को ठेली देख्न पाइने हो, 'दुमि शव्दकोश', देख्न नपाइहाले पनि बल्ल सुन्नसम्म पाइएको छ, त्यसपछि लगतै 'दुमि व्याकरण', अनिपछि साक्षरता सामग्री 'पाठ्यपुस्तक' प्रकाशनको चाँजोपाँजो मिलाउनुका साथसाथै 'दक्ष दुमि जनशक्ति' समेत तयार पार्नु नै छ । तीतो यथार्थ यो पनि ताजै छ कि भाषा र संस्कृति आफ्नो भएपनि त्यसको संरक्षणको खातिर शैक्षिक क्षेत्रमा पहुँच नपुगेसिन् यो बेमौसमी खेती जस्तै भइदिदो रहेछ । ऐतिहासिक प्रमाणको अभावसँगै दुमि इतिहास र परिचय दिने राम्रो र भरपर्दो सन्दर्भसामग्री आजसम्म कहिँकतै भेटिएको छैन, नत भेटिने गुन्जायस् नै । हो यहि अभिष्ट पूरा गर्नको लागि समस्त दुमिजनले 'फन्सिकिम', दुम्किम्' र 'देलकिम'को सृङ्खलाबद्ध संस्थागत माध्यमबाट अहम् भूमिका निर्बाह गर्नु छ । केवल भोलिको समृद्ध दुमि सन्ततिहरुका लागि ।

शव्दकोशको सन्दर्भमा गाँठी कुरा ओकल्नुपर्दा, हामीमा मातृभाषा सम्बन्धी थेर-थोर ज्ञान छ । तर 'कोश विज्ञान'को अन्तरवस्तु भेउ पाउन निकै झन्जटिलो प्रक्रिया जान्नु-बुझ्नु अनिबार्य छ । त्यसैले पनि काममा अलमल हुनु, क्षेत्रीय बिकटताको कारण सोँचेजति चाँडो दुमि शव्दहरु संकलन गर्न नसक्नु, शव्दहरु एकै पटक निखार्न सम्भव नहुनु, स्रोतव्यक्तिहरु बाह्रैमास बेफुर्सद रहनु, संस्थागत सामन्जस्यताका साथ काम अघि बढाउन कठिनाइ पर्नु, शव्दकोश प्रकाशनको सन्देश शुभेच्छुक सबैजनको कानकानमा पुऱ्याउन नसक्नु आदि इत्यादि कारणले अनायासै समयावधि लम्बिन गएको छ भने अर्कोतिर 'ढीलै होस् ...नै होस्, तर *मोरो* चाहिँ भनिनमागोस्' भन्नेतर्फ हामी सर्तक पनि छौं ।

तथापि यसपालिको विक्रम सम्बतको भित्तेपात्रो फेरिन नपाउदै 'दुमि शव्दकोश' जिज्ञासु सबजनको हातहातमा थमाउन सकियोस् भन्ने तीब्र चाहना छ हाम्रो । यसो भन्दा 'एकतालले ज्ञानी: धेरै तालले बानी' परेको 'दुशनिस'को प्रतिवद्धताप्रति सायदै विश्वास जाग्ला भन्नेतर्फ पनि सचेत रहदै स्पष्ट पार्नैपर्ने हुन्छ, विगतमा बाचा गरे अनुसार यथा समयमा काम पूरा हुन नसक्नुमा अन्य कुनै कारण नभएर थालिएको कामलाई निख्खरता साथ पूर्णता दिनैको लागि बिलम्ब हुन गएको पनि स्पष्ट पार्न आफ्नो कर्तव्य ठानेका छौं । अन्त्यमा, मौलिक विचारको पहिरन दुमि मातृभाषाको पहिचानका खातिर 'बोकौं सब दुमिजनले बाद्यताको यो गह्रौ भारी: बचाऔं दुमिप्राण, बिडम्बनाको जँघार तारी ।' भन्दै-

*बाल्ने त्यसै ज्योति त्यो बल्ने सबै ज्योति भो :*
*बाल्ने बल्ने ज्योतिले दुमि सबै बल्ने हो*
*असँख्य छन् दुमि जो मातृभाषा बोल्ने भो :*
*आफू अघि बोलेपो अरू बल्ल बोल्ने हो*
*न कसैको हो रनि सबैको नैत हो नि त्यो :*
*सबैको नै हो र नि नत कसैको हुने भो*
*आज बोलेपो तनि भोलि त्यसै बाँच्छ त्यो :*
*ज्यान मरिगए नि भाषा बचाइ राख्छ जो*

***निरि ।***

***Email: ourlink@wlink.com.np***

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. १९८१ मृत्युः वि.सं. २०६६

हाम्री पुज्यनीय आमा (पिपी) विष्णुमाया दुमिराईको
२०६६ फाल्गुन ५ गते बुधबारका दिन असामयिक निधन भएकोले
दिवङ्गत आत्माप्रति चिर शान्तिका लागि कुल–पितृ, सुप्तुलु–युङ्खुलु,
सिमे–भूमे अनि देवी–देउरालीका साथ सुम्निमा–पारूहाङसँग कोटिकोटि
प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा हामीलाई सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने
सम्पूर्ण वात्व–छारू, कुल–कुटम्ब, ईष्टमित्र, नरनाता र बन्धु–बान्धव
सबजनमा हार्दिक आभार प्रकट गर्दछौं ।

**छोराहरू**
काजिबोल राई
सूर्य बहादुर राई
नर बहादुर राई

**छोरीहरू**
चन्द्रकुमारी राई
देउकुमारी राई

**नाती/नातिनी बुहारी**
नृप राई
सुमिता राई
गौतम राई
प्रेरणा राई

**पनाती**
नृसुहाङ्ग राई
जेनिस राई

# मातृभाषामा शिक्षा : निल्नु न ओकल्नु

पदम राई

'यस संसारमा बाँच्नका लागि हामीले अवश्य नै सेतो (मान्छे)को भाषा जान्नु पर्दछ तर सधैं-सधैं बाँच्नका लागि हामीले हाम्रै भाषा जान्नु पर्दछ ।'
—डारिल बेब विल्सन

## मातृभाषामा पाठ्यपुस्तक

२०४६ सालको राजनैतिक परिवर्तनले नेपालमा खस नेपाली भाषाबाहेक अन्य भाषाहरुलाई पनि राष्ट्रभाषाको रुपमा तत्कालीन संविधानले स्वीकार गरेपछि मातृभाषी समुदायमा खुसीको लहर छायो । परिणामस्वरूप केही नेपाली मातृभाषीहरुले पनि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरमार्फत पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न अवसर पाए । शिक्षामा भाषाको प्रयोगविना भाषाविकास सम्भव हुँदैन । यस अर्थमा जुन-जुन भाषाहरुले पाठ्यपुस्तक निर्माण गर्न अवसर पाए, तिनीहरुले एकहिसाबले भाग्यमानी महसुस गरे ।

पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तह ( कक्षा १-५) सम्मका ऐच्छिक विषयको रुपमा विभिन्न मातृभाषामा पाठ्यक्रम, र पाठ्यपुस्तक निर्माणको जिम्मेवारी पायो । केन्द्रले हालसम्म मैथिली, भोजपुरी, अवधी, तामाङ (देवनागरी र सम्बोटा लिपि), लिम्बू, बान्तावा, चाम्लिङ, शेर्पा, गुरूङ, मगर, नेपाल भाषा, थारु, सुनुवार, राजवंशी, याक्खा, मुगाली, थारु (मध्य क्षेत्र) रहेका छन् । जसमध्ये राजवंशी (१-४), याक्खा (१-३), मुगाली (१-२) र थारु (मध्यक्षेत्र) र तामाङ ( सम्बोटा लिपि) कक्षा १ सम्म निर्माण भइसकेका छन् । बाँकी भाषाहरुमा कक्षा १ देखि ५ सम्मै पूरा भइसकेको अवस्था छ ।



सो केन्द्रबाट मातृभाषामा बालसन्दर्भ सामग्री (कथा, जीवनी र संस्कृति)हरु पनि निर्माण भएका छन् । हालसम्म निर्माण भइसकेका भाषाहरुमा मैथिली, भोजपुरी, लिम्बू, थारु, गुरूङ, मगर, नेपाल भाषा, डोटेली, थकाली, बान्तावा, चाम्लिङ, शेर्पा, उर्दू र संस्कृत छन् ।

बहुभाषिक शिक्षाअन्तर्गत पनि ८ वटा भाषाहरुमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकहरु निर्माण गरेको छ । ती भाषाहरुमध्ये आठपहरिया, उराँव, पूर्वेली थारु, राजवंशी, सन्थाल, पाल्पा मगर, राना थारुका कक्षा १ र २ का पाठ्यपुस्तक निर्माण भएका छन् भने रसुवा तामाङ भाषाको कक्षा १ को पाठ्यपुस्तक निर्माण भएको छ ।


केन्द्रले अनुवाद कार्यबाट पनि मातृभाषामा पाठ्यपुस्तक छाप्न तयार गरेको छ । ज़समा कक्षा १ का खस नेपाली भाषामा लेखिएका गणित, सामाजिक अध्ययन तथा शारीरिक शिक्षालाई विभिन्न १२ वटा भाषाहरु जस्तै : मैथिली, लिम्बू, अवधी, भोजपुरी, थारु, नेपाल भाषा, मगर, बान्तावा, चाम्लिङ, शेर्पा र तामाङ भाषामा अनुवाद गरेको छ । तर अनुवाद गरेर पाठ्यपुस्तक छाप्नु वैज्ञानिक नहुने भाषाविद्हरुको सल्लाहले ती भाषाहरुमा छापिएका भने छैनन् ।

बहुभाषिक शिक्षाअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुरबाट १६ वटा भाषाहरुमा शिक्षक तालिम सामग्री र स्वअध्ययन सामग्रीहरु तयार गरिएको छ । ती भाषाहरुमा बान्तावा, आठपहरिया,

अवधी, थारु, रानाथारु, मगर, उराँव, लिम्बू, राजवंशी, सन्थाल, थारु मैथिली, नेपाल भाषा, भोजपुरी, तामाङ, मैथिली र खस नेपाली रहेका छन् ।

अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी भक्तपुरबाट अवधी, लिम्बू, डोटेली, मगर, नेपाल भाषा, थारु, मैथिली, भोजपुरी र तामाङ भाषामा आधारभूत साक्षरता पाठ्यसामग्री तयार पारी पठनपाठन सुरू गरेको जनाएको छ ।

यी माथिका कामहरु हेर्दा एक अर्थमा धेरै काम भएको देखिन्छ । तर त्यसबाट जुन गुणात्मक र मातृभाषामा जुन टेवा पुग्नु पर्ने हो, त्यो हुन सकिरहेको छैन । धेरै भाषामा काम भएता पनि बहुल सङ्ख्यामा रहेका किरात राईका केही भाषाहरुबाहेक धेरै भाषाहरुमा पाठ्यपुस्तक निर्माण गर्न ढिलाइ भइरहेको देखिन्छ । यसको लागि सरोकारवाला मातृभाषीहरु सम्बन्धित ठाउँहरुमा गई माग गर्न ढिलो भइसकेको छ ।



## मातृभाषा शिक्षाको गुणस्तर

शिक्षाको गुणस्तर मापन गर्नको लागि पाठ्यक्रम र पाठ्यपुस्तक, सरकारी प्रतिबद्धता, अभिभावक र सरोकारवालाहरुको चासो, शिक्षक र विद्यार्थीको लगनशीलता आदि कुराहरुले महत्त्वपूर्ण भूमिका खेल्छन् । माथि उल्लेखित सरकारी कार्यालयहरुबाट पाठ्यपुस्तकहरु निर्माण गरिँदा अपनाइएका विधिहरुले गर्दा प्रथमतः पाठ्यपुस्तकहरुको गुणस्तरीयतामा प्रश्नचिन्ह खडा गरेको छ । शिक्षा मन्त्रालयले गर्न त लगाएको छ तर सम्बन्धित विभागीय कर्मचारीहरुमा उदासीनता छाएको देखिन्छ । पाठ्यक्रम विकास केन्द्रमा भाषा विभागको व्यवस्था गरिएको छ तर मातृभाषी कर्मचारीहरुको व्यवस्था गरिएको छैन । मौजुदा गैरमातृभाषी (खस नेपालीभाषी) कर्मचारीहरुले नै मातृभाषाको काम धान्नु परिरहेको छ ।

जातले मातृभाषी तर व्यवहारले मातृभाषा नबोल्ने मानिसहरु लेखक भएका छन् । भाषिकाको समस्यालाई नबुझी शैक्षिक सामग्रीहरु तयार पारिएका छन् । उचित नीतिको अभावको कारण मातृभाषामा शिक्षा विकास हुनु पर्नेमा यसको अवस्था खस्कँदो छ ।

## मातृभाषामा शिक्षाको अवमूल्यन

पाठ्यक्रम विकास केन्द्रले नमूनाको लागि भनेर थोरै सङ्ख्यामा निर्माण गरेको पाठ्यपुस्तकहरु नै सम्बन्धित विद्यालयहरुमा पठनपाठनको लागि पठाइने गरिएको छ । ती पाठ्यपुस्तकहरुप्रति अभिभावक र शिक्षकहरुको कम चाँसोका कारण नियमितरुपमा लागू हुन सकेका छैनन् ।

त्यतिमात्र हैन, सम्बन्धित विद्यालयहरुमा मातृभाषी शिक्षकको दरबन्दी पनि छैन । काम चलाउ मातृभाषी शिक्षकहरुलाई थप सुविधा र तालिमको व्यवस्था पनि छैन ।

मातृभाषा कक्षालाई ऐच्छिक विषयको रुपमा शैक्षिक पाठ्यभार राखेर शिक्षा मन्त्रालयले ठूलो गल्ती गरेको छ । त्यतिमात्र हैन, मातृभाषाको अपवादको रुपमा अङ्ग्रेजी विषय पढाउने व्यवस्था गरेर उसले गैरकानुनी काम पनि गरेको छ । परिणामस्वरूप आम शिक्षक र अभिभावकहरु विद्यार्थीहरुलाई अङ्ग्रेजी विषय पढाउन लालयित हुन्छन् । यसले गर्दा एकातिर मातृभाषी समुदायलाई पुस्तक लेखिदिएको काम देखाउन चाहन्छ भने अर्कोतिर मातृभाषा शिक्षालाई निरूत्साहित गर्न खोजेको छ ।

पाठ्यक्रम विकास केन्द्रले पुग्दोरुपमा पाठ्यपुस्तक छाप्न सकेको पनि छैन । यस कुरालाई सम्बन्धित ठाउँमा गुनासो राख्दा 'केन्द्रले पाठ्यक्रम विकास गर्ने हो नकि पाठ्यपुस्तक छाप्दै बस्ने' भनेर ओठे जवाफ पाइन्छ । तसर्थ कुनै विद्यालयहरुमा पाठ्यपुस्तकको माग भएता पनि केन्द्रले उनीहरुको माग पूरा गर्न सकेको छैन । र, पाठ्यपुस्तकहरु बल्ल-बल्ल पाठ्यक्रम विकास केन्द्रको गोदामबाट वितरण गरेता पनि जिल्ला शिक्षा कार्यालयकै गोदामभरी मातृभाषाका पुस्तकहरु थुप्रिएर रहेको भेटिन्छन् । मुस्किलले र ढिलै गरी विद्यालयहरुमा पाठ्यपुस्तक पुऱ्याएर मातृभाषाका पाठ्यपुस्तक लागू गरिएता पनि त्यसले निरन्तरता पाउन सकेको छैन । अर्को नयाँ शैक्षिकसत्रमा पाठ्यपुस्तकको अभावका कारण विद्यालय व्यवस्थापनले अङ्ग्रेजी विषय राख्न बाध्य हुन्छन् । समग्रमा मातृभाषा शिक्षाको वितरण, अनुगमन र मूल्याङ्कन शुन्य छ । यसले गर्दा नेपालको सन्दर्भमा मातृभाषामा शिक्षा निल्नु न ओकल्नु भएको छ । मातृभाषा शिक्षाको अवमूल्यन भइरहेको छ ।

## अबको बाटो

उचित व्यवस्थापनको अभाव, सरकारी उदासीनता, विश्वव्यापीकरणको प्रभावमा अङ्ग्रेजी भाषाको दबदबाको कारण हाल आएर अभिभावक र शिक्षकहरुमा मातृभाषाप्रति वितृष्णा जागिरहेको छ । साथै, मातृभाषामा शिक्षा पाएर ब्रच्चाहरुको भविष्य कता जाला भनेर उनीहरुमा एकप्रकारको भ्रम पनि सिर्जना भएको छ । त्यसैले सुरूमा भनिए झैं मातृभाषी समुदायले पनि चेतनाको अभावले वा सचेत हुँदाहुँदै पनि मातृभाषी नानीहरुलाई क्षणिक बाँच्नको लागि खस नेपाली र अङ्ग्रेजी सिकाउनमै व्यस्त छौं । तर, हामी र हाम्रा सन्तानहरुलाई सधैं-सधैं बाँचिरहनको लागि हाम्रा मातृभाषा नै सिकाउनु पर्ने अनिवार्यतातर्फ आफै सचेत हुन जरूरी भइसकेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले 'आधारभूत तहसम्मको शिक्षा मातृभाषामा पाउने कुरालाई मौलिक हकको रुपमा लिएको छ । साथै 'नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन्' भनी समान मान्यता दिएको अवस्थामा नीति, नियम एकातिर सरकारी व्यवहार अर्कोतिर देखिन्छ ।


नेपालजस्तो बहुभाषिक देशमा २०६३ सालदेखि नै बहुभाषिक शिक्षा सुरू भइसकेको छ । तर त्यसको गति पनि कछुवाको चालभन्दा छिटो हुन सकेको छैन । 'बहुभाषिक शिक्षा' भन्नाले मातृभाषाको माध्यमबाट दिइने शिक्षा भएकोले यसलाई चाँडोभन्दा चाँडो कार्यान्वयन गर्न जरूरी छ । बहुभाषिक शिक्षाको मान्यताअनुरूप मातृभाषाकै माध्यमबाट शिक्षा दिँदा नानीहरुले चाँडो र सजिलै सिक्न सक्छन् भनी विश्वमा प्रमाणित भइसकेको अवस्था छ ।

अहिलेसम्म जे जति मातृभाषा शिक्षामा कामहरु भएका छन्, तिनीहरुबाट पाठ सिक्दै अब विनासर्त कुनै पनि नेपाली मातृभाषीहरुले बहुभाषिक शिक्षाअन्तर्गत पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी अघि बढ्न सरोकारवालाहरु तयार हुनु पर्छ ।

padamrai@gmail.com

# अ ग्रामर अफ दुमि (A Grammar of Dumi)

सन १९९३ मा डा.जर्ज भान्द्रिमद्वारा लिखित व्याकरण विधाको दुमिभाषाको यो कृति बहुउपयोगी भाषिक ग्रन्थको रूपमा लिन सकिन्छ। यसो हुनुमा दुईवटा प्रमुख कारणहरु मध्य पहिलो हो, समुद्रपारका प्रवुद्ध भाषाविदको अथक प्रयासले किराती भाषामा गरिएको भाषाविज्ञानमा आधारित खोजपूर्ण दस्ताबेजको रूपमा आएको छ यो। दोश्रो पक्ष हो, हिमालय पर्वतमालाको आसपासमा बोलिने किराती मातृभाषाहरुको समग्र अध्ययनका लागि चुरोको रूपमा विश्वभरिनै चर्चा पाएको 'एकल जाति : विविध भाषी'को अद्वित्तीय विशेषतायुक्त किरात राई भाषाहरु मध्यको एक 'लोपोन्मुख दुमिभाषा'को पहिलो र संग्रहणीय निधि बनेको छ यो।



(A Grammar of Dumi)

भाषाविज्ञानको मान्यतामा आधारित रहेर अंग्रेजी भाषामा लेखिएको यो पुस्तक दुमि वा गैरदुमि जो सुकैको लागि पनि वारिपारिबाट देखाउने 'बतासे डाँडाको ढल्केबर' जस्तै प्रयोग गर्न भन्दानि सुनाउनको लागि बढी महत्वपूर्ण भएको छ। कागतिको दाना देख्दा जिब्रो रसाएझै यो कृतिलाई देख्दासम्म त हर दुमिजनको मन रसाउछ नै। किन्तु भाषाविज्ञानका शव्दावलीहरु प्रचुर मात्रामा प्रयोग भएको हुदा त्यसभित्र केहि बुझिहालौं नत भनेर सुरिने जो कोही पनि अलमल्लमा परिन्छ नै। जुन कुरा चाहिँ यस कृतिको खोट नभएर भाषाविज्ञान प्रतिको हाम्रो अज्ञानता नै हो।

अझ रमाईलो कुरा त के छ भने यस पुस्तकलाई नेपाली भाषामा रूपान्तरण गरी प्रयोजनमा ल्याउनको लागि तम्सिने हामी मध्य कतिजना पुस्तक प्रकाशनको करीव दुई दशक अवधी बितिसक्दा पनि यसलाई छाम्छुम् गर्ने कोशिससम्म कहिँकतैबाट भएको छैन। यस सन्दर्भमा लेखक स्वयंले नैपनि अन्तरसंवादको क्रममा 'विश्व विद्यालयका किरात विद्यार्थीहरुबाट उल्था गराउनु राम्रो बिकल्प हुनसक्छ, त्यो पनि भाषाविज्ञान विभागको विद्यार्थीहरु मार्फत' भनेर उपयुक्त विकल्प प्रस्तुत गरेका छन्। **(हे. इसिलिम अंक ९, ४६-४८, २०६३)**

सन १८३० ताका हड्सनले दुमिभाषाको प्रसङ्ग कोट्याएको हेक्का राख्दै र 'दुकिराफ' संस्थापक एवं बर्तमान अध्यक्ष सह-प्राध्यापक चतुरभक्त राईको परामर्शमा हल्याण्ड नागरिक जर्ज भान्द्रिम खोटाङ जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित बाक्सिला गा.वि.स. वडा नं ६, हल्सुमका भाषा श्रोत व्यक्ति स्व. भिमलसिं चुचु(बाजे)कहाँ एक भाषिक पाहुना वा भनौ अनुसन्धाताको रूपमा गुरू थाप्न पुगेका थिए।

जुनसुकै भाषाको गुबो केलाउने काम होस् वा व्याकरण निर्माणको सिलसिला, प्रायः जोसुकैले नछुटाउने नाम बनेको छ, डा.जर्ज भान्ड्रिमको 'A Grammar of Dumi'। भाषाविज्ञानको दुनियामा

कहिले काहिँ त लाग्छ 'दुमिभाषा' र 'जर्ज भान्ड्रिम्' एक अर्काको पर्याय पो बनिसकेका हुन् कि ! अपितु यो अमूल्य कृतिको नाम लिनासाथ सिङ्गो दुमि समुदायको निम्ति हर्ष र बिस्मात्का पाटाहरु सँगसँगै जेलिए झै लाग्छ । हर्ष यसर्थमा कि उबेलामा भाषावैज्ञानिक मान्यताको फेरो समाइकन गरिएको यो उल्लेखनीय कार्य नै दुमिभाषाको संरक्षणमा कोशेढुङ्गोको रूपमा स्थापित हुन पुगेको छ ।

साथमा यस कृतिको आगमनले अन्य भाषाहरुमा समेत अध्ययन विश्लेषण गर्ने कार्यको निम्ति दर्जनौ अध्यता अनुसन्धाताहरुका लागि मूलदैलो उघार्ने काम गर्‍यो । अनि विस्मात यस मानेमा छचल्किन्छ कि यस कृतिका मूल पात्र 'श्रोतव्यक्ति' अनि धेरै दुमि अभिभावकहरुका पनि एक्लो अभिभावक स्व. भिमलसिं मुरह भेक्सुपा दुमिराई (सन् १९१४-१९९६) आज हामी सामु रहनु भएन । उहाँको बियोगले हामी जति मर्माहत भएका हौंला, त्यससँगै आज लाम्‌दिजा(बाक्सिला) गा.वि.स. भरिनै दुमिवक्ता रित्तिदै जानुले एक दर्जन मात्र पनि दुमि मातृभाषी पाउन हम्मेहम्मे परिसकेको अवस्था छ । मानौ, 'दुमिपुर्खा'देखि करीव २० पुस्ता गल्न नपाउदै दुमि श्रोतव्यक्तिहरुको अनिकाल जाग्दैछ । मातृभाषाप्रेमी हामी कट्मेरो दुमिजनका लागि यो भन्दा बढी दुखद खबर अरू केनै हुन सक्ला र !

'A Grammar of Dumi' आफैमा चाहिँ हो के त ? भन्ने सवालमा यो कोरा साँचको सादा हेराइले यतिसम्म देख्न सकिन्छ । ४५२ पृष्ठको यस पोटिलो अनि खुराकिलो पुस्तकको पहिलो अध्यायमा समाज भाषाविज्ञान (Sociolinguistic Situation)बाट प्रवेश गरी, दोश्रो अध्यायमा ध्वनिविज्ञान (Phonetics) तथा बर्णविज्ञान (Phonology) हुदै, नाम वाची रूपविज्ञान (Nominal Morphology), क्रियावाची रूपविज्ञान (Verb Morphology), वाक्यविज्ञांन (Syntax), धार्मिक संदर्भ (Sacred Texts), द्विभाषिक शव्दावली (Bilingual glossary), पौराणिक कथा (Mythology), विश्वविद्या (Cosmology), संस्कृति (Culture) आदि पक्षहरुलाई गहनतम् रूपमा विश्लेषण गरिएको छ ।

धेरैथोरै आलोचना र सानातिना कमिकमजोरी वीच चर्चामा रहेको 'अ ग्रामर अफ दुमि'का लेखक एवं समस्त दुमिराईहरुका एक मात्र गौरवशाली संस्था 'दुमि किरात राई फन्‌सिकिम(दुकिंराफ)'का 'मानार्थ सदस्य डा. जर्ज भान्द्रिम' स्वयंको भनाइ अनुसार सन १९८६ सालमा करीव तीन महिनाको बाक्सिला बसाइसँगै स्व. भिमलसिं चुचुको प्रत्यक्ष संलग्नता एवं सक्रिय सहयोगमा अहोरात्र खटाइको परिणाम स्वरूप गुदिलो भाषिक सौगात मात्र हाम्रो हातमा आएको छैन, यसबाट समस्त दुमिजनले अधिकतम लाभ लिनसक्नु अर्को चुनौति समेत थपिएको छ । जसको लागि संस्थागत पहल हुनु जरूरी भैसकेको छ ।

प्रस्तुति - नेत्रमणि दुमिराई

ourlink@wlink.com.np


विजयादशमी





तथा

शुभ-दीपावली-२०६७ को

सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

शुभ-कामना

चन्द्रविक्रम राई

महा-सचिव

किरात राई यायोख्खा

# हार्दिक श्रद्धाञ्जली



अमृत बहादुर हजुर बिक्पा दुमिराई
जन्मः १९९५ मंसिर ७ गते
मृत्युः २०५५ मंसिर ५ गते

*स्तब्ध पारी अवसान हुनुभो, गहिरो शोकमा डुबाई*
*सदाका लागि विदा लिनु भो, बाँच्नेको मन रुवाई*
*भाग-भोग यति नै रहेछ, शुन्यमा बिलाउनु भो*
*यस्तै त रैछ दैवको लीला, उसैमा हराउनु भो*
*असह्य क्षति भोगेर पनि, रिक्तता भरिन्न*
*विधिको विधान थामिन्न रैछ, टारेर टरिन्न*



मन कुमारी (चाम्लिङ) दुमिराई
जन्मः १९९८ असार १४ गते
मृत्युः २०६७ जेठ ८ गते

हाम्रा पुज्यनीय पापा (बाबु) खोटाङ्ग जिल्ला माक्पा गा.वि.स.वडा नं. ५ इलिम र मामा (आमा) नुनथला गा.वि.स.वडा नं. ७ नुनथलामा जन्म भई निज निवास लामिडाँडा वडा नं. ३ चिउरीबासमा हुनगएको आकस्मिक स्वर्गारोहणले हामी मर्माहत भएकाछौं । समाज अगुवाको रूपमा सक्रिय रही जीवनका महत्वपूर्ण क्षणहरू परिवार र समाजको लागि खर्चनु भएका कर्तव्यपरायण तथा जिम्मेवार 'पापा-मामा'को असामयिक निधनले स्तव्ध भई सपरिवारबाट दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पणगर्दै चिर शान्तिका लागि कुल-पितृ, सुप्तुलु-युङ्खुलु, सिमे-भूमे अनि देवी-देउरालीका साथ सुम्निमा-पारूहाङसँग कोटिकोटि प्रार्थना गर्दछौं ।

साथै यस दुःखद घडीमा हामीलाई सहानुभुति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण वात्व-छारू, कुल-कुटम्ब, ईष्टमित्र, नरनाता र बन्धु-बान्धव सबजनमा हार्दिक आभार प्रकट गर्दछौं ।

**छोरा/बुहारीहरु**
डिल्ली बहादुर दुमिराई/ईश्वरीमाया (साम्पाङ्ग) दुमिराई
हिरा बहादुर दुमिराई/मिना (बायुङ्ग) दुमिराई
अमर दुमिराई/उर्मिला (थुलुङ्ग) दुमिराई

**छोरी/ज्वाईंहरु**
पुर्णमाया (दुमि) रूम्दालिराई/सर्वधन रूम्दालिराई
रामकला (दुमि) चाम्लिङ्गराई/पर्शुराम चाम्लिङ्गराई
शोभा (दुमि) मेवाहाङ्गराई/मोहन मेवाहाङ्गराई

**नाति/नातिनीहरु**
सरिता (दुमि) चाम्लिङ्गराई/गोपाल चाम्लिङ्गराई (नातिनी ज्वाइँ)
योगेन्द्र दुमिराई/हर्क दुमिराई
सबिना दुमिराई/बर्षा रूम्दालिराई
रमा दुमिराई/हेमन्ता रूम्दालिराई
भबिन दुमिराई/लक्ष्मिता रूम्दालिराई
हितन दुमिराई/अनु चाम्लिङ्गराई
सारिस्ता चाम्लिङ्गराई/साइमन मेवाहाङ्गराई

**पनाति**
दिपांकर चाम्लिङ्गराई

**साथै सम्पूर्ण दुमि परिवार**

# पुमा राई भाषाको लेखन तथा प्रकाशन

*-श्रीकुमार पुमा राई*

**परिचय**

नेपालको जनगणना २०५८ अनुसार ९२ भाषाहरूमध्ये ४,३१० जनाले बोल्ने पुमा राई भाषा ४४ औं स्थानमा छ। सिनो-तिब्बेटन भाषीक परिवारको राई किराती उप-समूहको पुमा राई भाषा बोल्ने पुमा राईहरूको बसोबास पूर्वी नेपालको खोटाङ जिल्लाको दिप्लुङ, मौवाबोटे, देवीस्थान, चिसापानी, पौवासेरा, साउनेचौर, सुन्तले र फाक्टाङ गा.वि.स. तथा उदयपुर जिल्लाको सिद्धिपुर चौदण्डी भए पनि बसाई सराईलेको क्रमले छरिन पुगेका र भाषा बोल्नेको संख्या पनि घट्दै गएको अनुमान छ। किरात राई यायोक्खाले पुमा राई भाषालाई अति लोपोन्मुख र नेपाल सरकारले मृतप्राय: भाषाको रूपमा लिएको छ। किरात पुमा राईहरू आफुलाई *राकोङ, रकोङ* वा *रोकुङ* भनेर चिनाउँदछन्।

**पुमा राई भाषा लेखन थालनी**

**१. किरात पुमा राई तुप्खाबाङ्खाला, ललितपुरको स्थापना अघि**

बि.सं. २०४६ सालको राजनैतिक परिवर्तनसँगै गाउँगाउँमा सांस्कृतिक टोलीहरु गठन हुन थाले। तिनीहरुले स्थापित गीतकारहरुको गीतदेखि लिएर आफ्नै संकलन तथा रचनामा पनि लोक सांस्कृतिक गीतहरु गाइन थालियो। फलस्वरूप पुमा क्षेत्रको दिप्लुङ्ग, मौवाबोटे, देबीस्थान गा.बि.स.हरुका पुमा युवाहरुले करिब बि.सं २०५० सालदेखि केही गीतहरु लेख्ने, गाउने गरे। तर तिनीहरुको लिखित तथ्याङ्क भने भेटाउन सकिदैन। वि.सं. २०५१ सालमा दिप्लुङ्ग निगालबासका जनसांस्कृतिक परिवार नामक सांस्कृतिक दुईवटा टोलीहरुलाई क्रमश: सारदन( खेमराज) पुमा राई र खडग पुमा राईको नेतृत्वमा मुना सांस्कृतिक परिवार र पारूहाङ्ग कला समूह नामाकरण गरिए। पारूहाङ्ग कला समूहले सोही सालदेखि आफ्नै भाषा, आफ्नै गीत भन्दै केही गीतहरु गाउन थाले। स्थानीय भाषाका गीतहरु देउसी भैलो कायक्रममा भाषा बोल्नेहरुको घरमा मात्र गाइन्थे, सुनाइन्थे। बि.सं. २०५४ सालमा पारूहाङ्ग कला समूहले गाएका ७, ८ वटा गीतहरु मध्ये चारवटा गीत सामान्य टेपरेकर्डरमा रेकर्ड गरिएको पाइएको छ। अझै पनि ती गीतहरु बजाइने तथा गाइने गरिएका पाइन्छन्। बि.सं.२०५५ पछि भने मौवाबोटेको दोक्बुङ्ग सांस्कृतिक परिवार, चकली सांस्कृतिक टोली र निगालबासकै मुना सांस्कृतिक परिवारले पनि एकादुई गीतहरु पुमा भाषामा लेख्ने र गाउने परम्पराको विकासमा टेवा दिएको पाइन्छ।

हालसम्म पुमा राई भाषामा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र धनकुटामा जम्मा दुईवटा मात्र रेकर्ड भएका छन्। तिनीहरुमध्ये पहिलो गीत स्व. चिजन पुमा राईको संकलनमा सम्झना पुमा राईले बि.सं.२०५६ सालमा र दोश्रो गीत श्री कुमार पुमा राईको संकलनमा रमा पुमा राई र सम्झना पुमा राईले बि.सं. २०५७ सालमा रेकर्ड गरेका हुन्।

पुमा राई भाषा तथा संस्कृति सम्बन्धि प्रकाशित केहि लेखहरु मध्ये राजन सुप्तिहाङले बि. सं.२०४८ मा *'पुमा राई: एक संक्षिप्त परिचय'*, नामक **कइरन,** मासिकमा छापिएको लेखलाई पहिलो लिखित दस्तावेजको रूपमा लिन सकिन्छ। त्यसपछि सुस्त गतिमा फाट्टफुट्ट अन्य लेख तथा छोटो कविता र गीतहरु छापिदै आएका थिए। त्यसमा दुर्गा बहादुर राई, धुब पुमा र उमेश पुमा, खडग बहादुर पुमा

राईहरुले बि.सं.२०६० भन्दा पहिला लेख्दै आए। त्यस मध्ये पनि खडग ब. पुमा राईको लेखहरु बढी संख्यामा पढन पाइन्छन्। जसमा उमेश पुमा र ध्रुव पुमाको '*के पुमा मात्तो लोन्दिने*', ***मी*** पाक्षिक, बि.सं. २०५५ अगस्त, खडग पुमा राईको (१) '*पुमा राईको सँस्कृति र संस्कार*', २०५८, ***निप्सुङ***, बर्ष ८, अंक १३, नेपालीमा (२) '*एन्ला*' २०५९, बर्ष ९ अंक १६ (३) 'अक्ता मन्नाङे' र 'मिन्डापा', २०५९, ***लिब्जुभुम्जु*** वर्ष ११ पूर्णाङ्क २ मा पुमा भाषाको कविता पाइएका छन्। त्यसैगरी सम्झना पुमा राईको पुमा भाषाको एउटा कविता ***निप्सुङ***मा २०५९ ताका प्रकाशित भएको छ।

**२. किरात पुमा राई तुप्खाबाङ्खाला, ललितपुरको स्थापना पछि**

बि.सं. २०६० पौष ११ गते स्थापना भएको किरात पुमा राई तुप्खाबाङ्खाला नामक संस्थाले पुमा राई भाषामा त्यति लेखन तथा प्रकाशन गरेको नपाइए तापनि खस् नेपाली भाषामा केहि लेखहरू लेखिएका छन्। सोहि सालबाटै शुरू भएको सीपीडीपी शुरूभए पश्चात आफ्नो भाषामा लेख्न युवा पुमा राईहरू उत्साहित भई लागि परेका छन्। उद्देश्यहरू धेरै राम्रा भएपनि साधन श्रोतको अभावमा त्यति उपलब्धिमूलक खास कार्यहरू गर्न सकिएका छैनन्। तर आफ्नो भाषा, संस्कार, संस्कृतिको पहिचान हुनुपर्दछ भन्ने सबै पुमा राईहरूमा गरी जागरण क्षेत्रीय तथा राष्ट्रिय रूपमा पुमा राईको भाषा, संस्कार र समुदायको अस्तित्व छ भन्ने सन्देश भने तीव्र रूपमा दिदै आएको छ। संस्थाको स्थापना पश्चात किरात पुमा राई भाषा तथा संस्कृति अभिलेखन तथा प्रकाशनमा भएका विभिन्न क्रियाकलापहरु:

**क. छिन्ताङ् पुमा अभिलेखीकरण परियोजना (२००४-२००८)**

विश्वका भाषाविदहरूले आगामी ५० वर्षसम्ममा आधाभन्दा बढी साना भाषाहरू यस संसारबाट लोप हुने अनुमान गरिरहेको बेला सन् २००४ साल जनवरीदेखि त्रिभुवन विश्वविद्यालयका प्रा.डा.नोवल किशोर राई, त्रि.वि.वि.कै सह-प्रा.डा.विष्णु एस. राईहरूको अगुवाईमा "छिन्ताङ-पुमा अभिलेखिकरण परियोजना" नामक भाषा विज्ञानमा अत्याधुनिक प्रविधियुक्त नेपालमै प्रथम परियोजना शुरू भयो। यसमा जर्मनीको लाईप्जिख विश्वविद्यालयका प्रा.डा.बाल्थाजर बिकेल परियोजना प्रमुख हुनुहन्थ्यो भने आर्थिक, प्राविधिक, सैद्धान्तिक सहयोग जर्मनीकै DOBES, Volswagon, Max Plank Institute नामक संस्थाहरूले गरेका थिए। परियोजना भाषा र संस्कृतिको अनुसन्धानमा केन्द्रीत रहेकोले मानवशास्त्रीहरू प्रा.डा.मार्टिन ग्यान्ज्स्ले (जर्मनी, हाल भियन्ना विश्वविद्यालय, अष्ट्रिया), डा. मार्क टुरिन (बेलायत), जुडी पेटिग्रु (आयरल्याण्ड)हरू पुमा राई संस्कार, संस्कृति अनुसन्धानमा संलग्न हुनुहन्थ्यो।

यस परियोजनाका **लक्ष्य** तथा **उद्देश्यहरु** निम्न अनुसार थिए।

१. छिन्ताङ पुमा भाषाहरू तथा संस्कृतिको आर्काइभ मार्फत संरक्षण गर्ने।
२. वैज्ञानिक अनुसन्धानको लागि ठूलो परिमाणमा तथ्याङ्कको संकलन गर्ने।
३. छिन्ताङ र पुमा भाषा तथा संस्कृतिको अभिलेखिकरण गर्ने।
४. छिन्ताङ् भाषालाई प्रथम भाषा प्राप्तिको रूपमा बाल-बालिकारूहरूको अध्ययन गर्ने।
५. प्रत्येक भाषाको व्याकरण तथा त्रैभाषिक शब्दकोश तयार पार्ने।

पाँच वर्ष सन् २००९ जनवरीमा सीनास, त्रि.वि.वि., कीर्तिपुरमा आयोजित कार्यक्रममा सह-प्रा. डा. विष्णु एस. राईले निम्न अनुसारको पुमा भाषा तथा संस्कृति भएको कार्य उपलब्धि विवरण प्रस्तुत गर्नुभएको थियो।

**१) पुमा भाषा तथा संस्कृतिको श्रव्य-दृष्य तथ्याङ्क रेकर्डिङ् (Audio-Video Recordings)**

जम्मा रेकर्डिङ् समय: ३७ घण्टा ८ मिनेट ३४ सेकेण्ड, जसमध्ये

- संवाद: १ घण्टा २६ मिनेट ५१ सेकेण्ड
- वर्णन: ६ घण्टा ४६ मिनेट ५१ सेकेण्ड
- न्यारेटिभस्: ९घण्टा २२ मिनेट ३८ सेकेण्ड
- कविता: ८ मिनेट
- संस्कार: १६ घण्टा ३९ मिनेट ६ मिनेट
- गीत: १ घण्टा २० मिनेट १७ मिनेट

**२) शब्द भण्डारण (Corpus)**

- लिखित ट्रान्स्क्रिप्ट शब्द: १,४६,८७२
- शब्द अनुवाद: १,४३,९४२
- सकर्मक, अकर्मक, परावर्तक क्रिया सहित २०४ क्रियाका रूपहरू तयार पारिएको ।
- नेपाली, मैथिली, बान्तावा, चामलिङ र अन्य भाषा सहित ६,७४८ शब्दहरू

३) विभिन्न अन्तराष्ट्रिय सेमिनार, गोष्ठिहरूमा पुमा भाषा र संस्कृतिमा प्रस्तुत गरिएका कार्यपत्रहरू (२००४-२००८ सम्मका मात्र) -भाषा विज्ञानमा १२ वटा र जातिशास्त्रमा ७ वटा गरी जम्मा १९ वटा ।

४) विभिन्न अन्तराष्ट्रिय अनुसन्धानमूलक जर्नलहरूमा प्रकाशित लेखहरु - जम्मा ४ वटा ।

५) विभिन्न विश्वविद्यालयहरूमा . प्रस्तुत गरिएका स्नातकोत्तर तहका शोधपत्र-थेसिसहरू - २ वटा ।

**ख. पुमा राई भाषाको प्रकाशन बुङ्वाफोपदेखि शब्दकोशसम्म**

पुमा राई भाषा, संस्कार संस्कृति सम्बन्धी संस्था भए पनि विभिन्न स्रोत साधनको अभावको कारण प्रशस्त मात्रामा लेखन, प्रकाशनको कार्य भई रहेको छैन । तै पनि ३/४ वर्षदेखि लेखन र प्रकाशनमा केहि लेखकहरू देखा परेका छन् । बि.सं २०६४ साल बैशाखदेखि लगातार चार अंकसम्म बुङ्वाफोप त्रैमासिक द्वैभाषिक पत्रिका श्रीकुमार पुमा राईको सम्पादनमा प्रकाशित भयो । विभिन्न समस्याले गर्दा केहि समय प्रकाशन स्थगित भई हाल बुङ्वाफोप पत्रिकालाई किरात पुमा राई तुप्खाबाङ्खालाको मुखपत्रको रूपमा अर्ध-वार्षिक प्रकाशन गर्न थालिएको छ । यसको पाचौं अंक प्रकाशन भइ सकेको छ भने छैटौ अंक प्रकाशोन्मुख छ । यसको अंक बैशाख र असोजमा प्रकाशित गरिनेछ । यहि बुङ्वाफोप पत्रिकाले पुमा राई भाषामा विभिन्न सर्जकहरूका गीत, कथा, कविता, लेख, समाचार, चिठी आदिको प्रकाशन गर्दै आएको छ। यो नै पुमा राई भाषाको एक मात्र संजिवनी बुटी जस्तो देखिएको प्रकाशन हो ।

**ग. शोधपत्रहरू**

पुमा राई भाषा तथा संस्कृति सम्बन्धी किरात समुदायका विद्यार्थी(शोधार्थी)हरुले बुझाएका स्नातकोत्तर शोधपत्रहरु :

क) जीवन कुमार राई, *खोटाङ्गे पुमा राई क्षेत्रमा प्रचलित लोककथाहरूको संकलन, बर्गीकरण तथा विश्लेषण*, सन् २००३, नेपाली केन्द्रीय विभाग, त्रि वि.वि.कीर्तिपुर

ख) मुना पुमा राई, *Negative And Interrogative Transformation In English And Puma Rai*, 2009. Central Department of Education, TU, Kirtipur

ग) प्रियचन्द्र बान्तावा राई, *Subject Verb Agreement in Puma Rai*, (Proposed, 2010). Central Department of Education, TU, Kirtipur

**घ. पुमा राई भाषा तथा संस्कृतिमा प्रकाशित पुस्तकहरू**

१. 'सुम्निमा-पारूहोङ' (नाटक संग्रह, खस नेपाली भाषामा ), २०६६, नाटककार - *प्रविण पुमा*,

प्रकाशक- किरात पुमा राई तुप्खाबाङ्खालाको लागि *सह-प्रा.डा. विष्णु एस राई*।

२. 'पुमा शब्दकोश तथा व्याकरण', २०६६ - सम्पादक मण्डल *सह-प्रा.डा. विष्णु एस राई र साथीहरू*, प्रकाशक - सीपीडीपीको सहयोगमा *किरात पुमा राई तुप्खाबाङ्खाला*, केकास, ललितपुर ।

३. 'मिन्मा' (पुमा राई भाषाको पहिलो गीति क्यासेट), २०६६ - संगीत संयोजन *खड्ग ब. पुमा राई*, प्रकाशक किरात पुमा राई तुप्खाबाङ्खालाको लागि श्री *ध्रुवकुमार* राई ।

४. 'निनाम्मा' (पुमा राई भाषाको पहिलो नाटक संग्रह), २०६७ - लेखक तथा प्रकाशक *प्रविण पुमा*।

**ङ. पुमा राई भाषाको प्रकाशोन्मुख पुस्तकहरू:**

१. 'योङ्युपचिदो' - *गणेश पुमा चिन्तन* (सांस्कृतिक उपन्यास)

२. 'दिलुङ्मा' - *परशु पुमा राई, खडग लिम्माछित राई र श्री कुमार पुमा राई* ( लोक कथा संग्रह)

३. 'पुमाला सालाम भुङ' -कविता संग्रह) - सम्पादक *श्रीकुमार राई* ( कविता संग्रह)

**सारांश**

पुमा राई भाषा भर्खर भर्खर लेखन तथा प्रकाहनमा बामे सरिरहेको अवस्थामा छ । अति लोपोन्मुख अवस्थामा रहेको पुमा भाषाको संरक्षण, विकासमा अनेकौ समस्या र चुनौतिहरू देखिएका छन् । तै पनि पुमा युवावर्गमा देखिएको जाँगरले केहि आशाका किरणहरू देखिएको छन् । लोपोन्मुख भाषा, संस्कृतिको अभिलेखिकरणमा आउने परियोजनाले थोरै भए पनि आधुनिक प्रविधियुक्त तथ्याङ्कहरूको संकलन, अध्ययन । विश्लेषण पनि भाषा संरक्षणमा केहि मद्दत पुग्ला । तर विभिन्न विश्वविद्यालयहरूले गर्ने भाषिक अध्ययन अनुसन्धान मात्रैदेखि लिएर राज्यले ठोस रूपमा बहुभाषिक शिक्षा नीति लागु नगरेसम्म भाषा संरक्षण र विकासमा खास प्रगति नहोला । तत्कालको लागि भाषिक संस्थाहरूलाई साधन, श्रोत सम्पन्न बनाउन सकेमा सम्बन्धित भाषिक समुदायकै व्यक्तिहरूलाई सैद्धान्तिक, व्यावहारिक सीप र ज्ञान दिन सकिन्थ्यो । भाषा बोल्ने एक र भाषा लेख्ने तथा छाप्ने अर्को भएमा पुमा राई भाषा लगायत कैयौ नेपालका भाषाहरू चाडै नै संग्रहालयमा थन्किन पुग्नेछन् । अभिखित नभईसकेका भाषाहरूको त त्यो पनि नहुने देखिन्छ ।


**हार्दिक शुभकामना**

**विजयादशमी** तथा **शुभ-दीपावली-२०६७** को

सुखद उपलक्ष्यमा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकमहानुभावहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।

**राईलिंक सपोर्ट अफसेट प्रेस**

भगवानस्थान, चावहिल, काठमाडौं, फोन: ०१-२००४९८७/८८, फ्याक्स: ०१-४४६०९०६

**हाम्रो सेवाहरू** मोबाइल: ९८४१४६००७९, ९८४१४५४६११, ९८५१००७४४३

छिटो छरितो र गुणस्तरीय अफसेट छपाई, ग्राफिक डिजाईन, कम्प्यूटर टाईपिङ्ग, प्रिन्टिङ्ग, फोटोकपी, लेमिनेसन, बुक बाईन्डिङ्ग, थेसिस बाईन्डिङ्ग, भिजिटिङ्ग कार्ड, शुभकामना कार्ड, शुभ विवाह कार्ड, फ्लेक्स प्रिन्टको लागि सम्झनुहोस् ।

# समचारसार

**दुमि किरात राई फन्सिकिकको आधिकारिक वेवसाइट सञ्चालनमा**

सूचनाको आधुनिक माध्यमको रूपमा प्रख्यात वेवसाईटमार्फत अव संसारका सबै दुमिहरु तथा शुभचिन्तकहरुले दुमि किरात राई फन्सिकिमको गतिविधीहरुको जानकारी पाउने भएकाछन् । www.dumikiratrai.org वेव ठेगाना भएको वेवसाईट रू. १९०००/-को लगानीमा तयार गरिएको हो । यसका लागि बोस्टोन, अमेरिकामा रहनुभएका सक्रीय दुमिहरुका अगुवा श्री धौलवीर राईले आवश्यक रकम प्रदान गर्नुभएको हो । यसमा पाठकहरुले www.info@dumikiratrai.org. इमेल ठेगानामा आफ्नो प्रतिक्रिया, लेख रचना, सुझाब सल्लाह पठाउन सक्नेछन् ।

**साकेला गीत प्रतियोगीतामा तेश्रो स्थान**

किरात राई यायोक्खाको भातृ संगठन किरात राई कलाकार संघ केन्द्रिय समितिले मिति २०६७ आयोजना गरेको साकेला गीत प्रतियोगितामा **"रुपाकोटको डाँडै डाँडा"** बोलको गीतमा दुमि किरात राई फन्सिकिम **दोलोकुम्मा समिति**को टोलिले तेश्रो स्थान प्राप्त गरेकोछ । उक्त गीतमा चतुरभक्त दुमिराई र गुणराज दुमिराईको शब्द संयोजन, तथा सन्तोष दुमिको संगीत संयोजन रहेको थियो भने सन्तोष दुमि, समला दुमिराई, महेन्द्र दुमिराई, तेजमाया दुमी राई, जानुका दुमिराई अनिता दुमिराईको स्वर रहेको थियो । यसैगरी किरात राई यायोक्खा प्रज्ञापरिषद साँस्कृतिक विभागले आयोजना गरेको भाषिक सांगीतिक गोष्ठीमा दुमि किरात राई फन्सिकिको तर्फबाट दोलोकुम्मा समितिले "इङ्कि तुम्लो रिदुम हदुम" बोलको गीत प्रस्तुत गरेको थियो । जसमा तेजमाया दुमिको शब्द संयोजन तथा सन्तोष दुमिको संगीत संयोजन रहेको थियो ।

**दुमि शब्दकोष प्रकाशनको संघारमा**

गत पाँच वर्षदेखि शब्द सङ्कलन तथा शुद्धिकरणको क्रममा रहको **दुमि शब्दकोश** अन्ततः यसै वर्ष प्रकाशनमा आउने भएकोछ । सात हजार भन्दा बढी शब्दहरु रहने यस दुमि शब्दकोषमा खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर साथै माक्पा क्षेत्रका दुमिहरुले बोल्ने भाषा तथा भाषिकाका दुमि शब्दहरुलाई समेटिएको जानकारी शब्दकोश निर्माण समितिका संयोजक नेत्रमणि राईले गराउनुभएकोछ । शब्दकोष सम्बन्धी अन्तर्राष्ट्रिय नियम अन्तर्गत रही निर्माण गरिएको यो शब्दकोश तीन स्वरूप, दुमि नेपाली-अंग्रेजी, नेपाली-दुमि-अंग्रजी तथा अंग्रेजी-दुमि-नेपालीमा पहिलो पटक १००० प्रति प्रकाशन गर्ने जानकारी शब्दकोष निर्माण समितिका संयोजक नेत्रमणि राईले जानकारी गराउनुभयो । यसैगरि शब्दकोष निर्माणको लागि फन्सिकिमले उपाध्यक्ष श्री ऋषिश्वर राईको संयोजकत्वमा व्यवस्थापन समिति तथा प्रकाशनार्थ आवश्यक रकम सङ्कलन गर्न कोषाध्यक्ष गुणराज राईको संयोजकत्वमा शब्दकोष आर्थिक समिति निर्माण गरेकोछ । प्रत्येक दुमिको घरबाट शब्दकोष निर्माणमा आर्थिक सहभागिता अनिवार्य गर्ने तथा यसको लागि सहयोग रसिद तयार पारि फन्सिकिमको तल्लो निकाय दुमकिम तथा देलकिम मार्फत रकम संकलन गर्ने निर्णय गरेकोछ भने देश विदेशमा रहनुभएको दुमि तथा शुभचिन्तकरुबाट पनि शब्दकोश निर्माणको लागि आर्थिक सहयोग संङ्कलन गर्ने निर्णय गरेकोछ ।

**फन्सिकिम के.का.स.को भवन बाक्सिलामा निर्माण हुँदै**

दुमि किरात राई फन्सिकिम केन्द्रिय कार्य समिति बाक्सिलाले यसै वर्षभित्र आफ्नै भवन निर्माणकार्य शुरू भएको छ । यो कार्य यसै वर्षसम्म सम्पन्न गरिसक्ने सम्पन्न गरिसक्ने जानकारी फन्सिकिम बाक्सिलाका श्रोतले जनाएकोछ । यसका लागि बाक्सिलाबजार नजिक रहेको

संस्थाको जग्गामा घडेरी सम्याउने कार्य शुरूभइसकेकोछ। संस्थाको लागि उक्त घडेरी चन्द्रछिरिङ दुमिराई, उपाध्यक्ष-छत्र दुमिराई, हर्कराज दुमिराई, बीरमणी दुमीराई, काजी दुमिराई, निर्मला दुमिराईले प्रदान गर्नुभएको हो। दुई तल्लाको उक्त भवनमा फन्सिकिम केन्द्रिय कार्य समितिको कार्यालयको अलावा संग्रहालय रहनुका साथै भवनलाई व्यापारिक प्रयोजनमा समेत प्रयोग गर्न सकिने गरी निर्माण गरिने जानकारी बाक्सिला के.का.स.ले जानकारी दिएकोछ।

**गतवर्षहरूमा झैं साकेला**

दुमिकिरात राई फन्सिकिम दोलोकुम्मा समितिका संयोजक अनिता राईको संयोजनमा गत वर्षहरुमा झैं यस वर्ष पनि जेष्ठ महिनाको १३ गते देखि १ महिनासम्म विभिन्न किराया तथा अन्य भातृ तथा भाषिक संगठनहरुले आयोजना गरेको साकेला नृत्यमा सहभागी भई धुमधामका साथ किरातहरुको महान चाड साकेला उभौली मनाइयो। नखिपोटबाट शुरू भएको दुमिहरुको साकेला नृत्य शंखपार्क हुँदै ढोलाहिटीस्थित दु.कि.रा.फ. के.का.स.का उपाध्यक्ष श्री ऋषिश्वर राईको घर प्रांगणमा नृत्य आयोजना गरी समापन भएको थियो। फन्सिकिम के.का.स.का उपाध्यक्ष ऋषिश्वर राईका अनुसार आगामि दिनहरूभन्दा दुमीहरूको साकेला सिलीनाँचलाई अझ व्यवस्थित बनाएर लाने योजना रहेको जानकारी दिनुभयो।

**देउसी कार्यक्रम-२०६६**

दिपावलीको अवसर पारेर दुमि किरात राई फन्सिकिम र दुमी किरात राई फन्सिकिम दुमकिम काठमाडौंको संयुक्त अयोजनामा दुमी-नेपाली-अंग्रजी शव्दकोष निर्माण सहयोगको महान उद्देश्य लिएर सम्पूर्ण दुमी र शुभचिन्तकहरूको घर दैलोमा मनोरञ्जात्मक देउसी कार्यक्रम सम्पन्न गर्‍यो। उक्त देउसी कार्यक्रमले देउसी खेलेर रू ९४३९४।- पैसा संकलन गर्न सफल भयो। यस्तै कार्यक्रम दुमकीम धरानले उहि उद्देश्य लिएर देउसी कार्यक्रम सम्पन्न गर्‍यो। ■

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ-दीपावली-२०६७
साथै किरात पर्व साकेला उधौलीको उपलक्ष्यमा सुख, शान्ति,
समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

शुभ-कामना

दुमि किरात राई फन्सिकिम
तथा
इसिलिम परिवार

## दुमी किरात राई फन्सिकिम दुमकिम धरानद्वारा ०६६ को शुभ दिपावलीको अवसरमा आयोजित देउसी कार्यक्रममा आर्थिक सहयोग गर्नुहुने महानुभावहरू:

| क्र.सं | नाम | ठेगाना | सहयोग रकम रु. |
|---|---|---|---|
| १ | कर्ण बहादुर लिम्वु | धरान-१५, पाथिभरा लाईन | ५०३।- |
| २ | दुर्ग बहादुर राई | धरान-१५, पवित्र पथ | १०१०।- |
| ३ | मीना राई | धरान-१५, पवित्र पथ | ५१०।- |
| ४ | खम्वसिंह राई | धरान-१५, पवित्र पथ | ५०५।- |
| ५ | रविना राई | धरान-१५, पवित्र पथ | ६००।- |
| ६ | गंगा राई | धरान-१५, पवित्र पथ | १०५।- |
| ७ | दावा शेर्पा | धरान-१५, पवित्र पथ | २०५।- |
| ८ | दिलीप वान्तावा | धरान-१५, पवित्र पथ | १०५।- |
| ९ | काशीराज राई | धरान-१५, महादेव चौक | ५५०।- |
| १० | वीर बहादुर राई | धरान-१५, महादेव चौक | ३५१।- |
| ११ | दान बहादुर राई | धरान-१५, महादेव चौक | ३००।- |
| १२ | लोकराज साम्पाङ राई | धरान-१५, महादेव चौक | ६०४।- |
| १३ | पर्ज बहादुर राई | धरान-१५, साईमनमार्ग | ७५०।- |
| १४ | अमृखा राई | धरान-१५, महादेव चौक | ५५।- |
| १५ | राज कुमार श्रेष्ठ | धरान-१५, महादेव चौक | ४१०।- |
| १६ | कितावसिह राई | धरान-१५, साम्पाङमार्ग विशाल चौक | ६००।- |
| १७ | सनद कुमार राई | धरान-१५, नौलो पथ | ५१०।- |
| १८ | प्रेम बहादुर राई | धरान-१५, नौलो पथ | ५००।- |
| १९ | टेक बहादुर राई | धरान-१५, नौलो पथ | १००।- |
| २० | भूमिराज राई | धरान-१५, नौलो पथ | ५०५।- |
| २१ | पदम बहादुर लावती | धरान-१५, पाथिभरा लाईन | २०५।- |
| २२ | विमल राई | धरान-१५, पाथिभरा लाईन | १५०।- |
| २३ | पुष्पको बाबा | धरान-१५, पाथिभरा लाईन | २००।- |
| २४ | नरेन लिम्वु | धरान-१५, सेन्ट्रल रोड | १२०।- |
| २५ | मुकेश शाक्य | धरान-१५, पाथिभरा लाईन | २०।- |
| २६ | मोहन लिम्वु | धरान-१५, पाथिभरा लाईन | १५५०।- |
| २७ | अर्जुन वान्तावा राई | धरान-१५, पाथिभरा लाईन | ३००।- |
| २८ | प्रेम चोङबाङ | धरान-१५, एभरेष्ट लाईन | २५२५।- |
| २९ | टेक बहादुर लिम्वु | धरान-१५, एभरेष्ट लाईन | १५०।- |
| ३० | जमुना लिम्वु | धरान-१५, एभरेष्ट लाईन | ५२०।- |
| ३१ | टेक बहादुर राई | धरान-१५, एभरेष्ट लाईन | ४५।- |
| ३२ | ठेकदार सुव्वा | धरान-१५, एभरेष्ट लाईन | १४५।- |
| ३३ | शान्ताहाङ लखापुङ | धरान-१५, एभरेष्ट लाईन | ५५०।- |
| ३४ | टिकाराम चोङबाङ | धरान-१५, मदन आश्रित मार्ग | १०५१।- |
| ३५ | डम्वर बहादुर पाराली | धरान-१५, त्रिवेणीमार्ग | १७००।- |
| ३६ | पर्ज बहादुर राई | धरान-८, कृष्णटोल | १६००।- |
| ३७ | योग्य कुमारी राई | धरान-८, कृष्णटोल | २००।- |
| ३८ | नविनराज राई | धरान-८, कृष्णटोल | १००।- |
| ३९. | अर्जुन राई | धरान-८, कृष्णटोल | ५०७।- |
| ४० | प्रकाश राई | धरान-८, अर्जुनपथ | २००।- |

| | | | |
|---|---|---|---|
| ४१. | नरभक्त राई | धरान-८, अर्जुनपथ | २००।- |
| ४२ | गंगा राई | धरान-८, कृष्णटोल | २००।- |
| ४३ | बीर बहादुर राई | धरान-८, अर्जुनपथ | ३००।- |
| ४४ | मीना मगर | धरान-८, कृष्णटोल | १२०।- |
| ४५ | विन्द्र बहादुर राई | धरान-८, कृष्णटोल | ३५०।- |
| ४६ | राधा राई | धरान-८, कृष्णटोल | १५०।- |
| ४७ | असीमको आमा | धरान-८, कृष्णटोल | ३५०।- |
| ४८ | गुमसेर चाम्लिङ राई | धरान-८, अर्जुनपथ | २५०।- |
| ४९ | कृपा दुमीराई | धरान-८, कृष्णटोल | ११५०।- |
| ५० | अष्ट बहादुर राई | धरान-८, भिमसेन टोल | ६००।- |
| ५१ | मनि कुमार राई | धरान-८, भिमसेन टोल | १५०।- |
| ५२ | शान्ति - राज कुमार राई | धरान-८, भिमसेन टोल | २००।- |
| ५३ | दुर्ग बहादुर राई | धरान-८, भिमसेन टोल | २००।- |
| ५४ | लाल बहादुर राई | धरान-८, भिमसेन टोल | ५०५।- |
| ५५ | टेक बहादुर राई | धरान-८, भिमसेन टोल | ३००।- |
| ५६ | हर्क बहादुर राई | धरान-८, भिमसेन टोल | ४००।- |
| ५७ | खड्ग सिंह राई | धरान-८, भिमसेन टोल | ३०५।- |
| ५८ | मौलाल राई | धरान-८, भिमसेन टोल | २६०।- |
| ५९ | बलराम राई | धरान-८, जमुना टोल | २००।- |
| ६० | मौलध्वज राई | धरान-८, जमुनाटोल | १०२५।- |
| ६१ | जगत वहादुर राई | धरान-१९/१४ सगरमाथा पथ | ५०४।- |
| ६२ | जीत वहादुर राई | धरान -१९ सगरमाथा पथ | ३००।- |
| ६३ | अशोक सर्द दुमी राई | धरान -१९ सगरमाथा पथ | ५००।- |
| ६४ | सुर्य बहादुर राई | धरान -१९ सगरमाथा पथ | १५०।- |
| ६५ | बिन्दु राई | धरान -१९ सगरमाथा पथ | १६०।- |
| ६६ | गोपाल खुम्बू किरात | धरान -१९ सगरमाथा पथ | १०२।- |
| ६७ | मख्खन लिम्बू | धरान -१९ सगरमाथा पथ | ५५।- |
| ६८ | पूर्ण सुनुवार | धरान -१९ सगरमाथा पथ | १०५।- |
| ६९ | सर्वराज चामलिङ | धरान-१९ सिद्धार्थ मार्ग | ३५०।- |
| ७० | बि.बि. राई | धरान-१९ सिद्धार्थ मार्ग | ३००।- |
| ७१ | संग्राम राई | धरान-१९ सिद्धार्थ मार्ग | ५०५।- |
| ७२ | मेजर मान प्रसाद राई चामलिङ | धरान-१९ सिद्धार्थ मार्ग | ११००।- |
| ७३ | श्रेष्ठ ब. राई साम्पाङ | धरान-१९ सिद्धार्थ मार्ग | १५०।- |
| ७४ | श्रुति साम्पाङ | धरान-१९ सिद्धार्थ मार्ग | १५०।- |
| ७५ | साइली राई | धरान-१९ सिद्धार्थ मार्ग | १५०।- |
| ७६ | पदम ब. तामाङ | धरान-१९ सिद्धार्थ मार्ग | ७१०।- |
| ७७ | दलकुमार राई | धरान-१९ दिपेन्द्र मार्ग | १०००।- |
| ७८ | धन ब. राई | धरान-१९ दिपेन्द्र मार्ग | ५००।- |
| ७९ | कृष्ण साम्पाङ | भोटेपुल-८ ग्याम्जे चोक | ५०५।- |
| ८० | रानी राई | भोटेपुल-८ ग्याम्जे चोक | २४०।- |
| ८१ | शान्ता राई | भोटेपुल-८ ग्याम्जे चोक | २००।- |
| ८२ | शुभलक्ष्मी राई सुमनको आमा | धरान-८ सिद्धार्थ मार्ग | ५०५।- |
| ८३ | मैया | धरान-८ सिद्धार्थ मार्ग | ६९०।- |
| ८४ | मैया दुमी चामलिङ | धरान-८ सिद्धार्थ मार्ग | २५५।- |

| | | | |
|---|---|---|---|
| ८५ | दर्शनराज राई | धरान-१७/४१३ घण्टामार्ग | १०१०।- |
| ८६ | प्रेमकुमारी राई | धरान-१७ अजम्बर मार्ग | ११०।- |
| ८७ | नैनकला राई | धरान-१७/२४ अजम्बर मार्ग | ७०५।- |
| ८८ | टेक बहादुर धामी | धरान-१७/२४ अजम्बर मार्ग | २३०।- |
| ८९ | जस माया राई | धरान-१७/२४ अजम्बर मार्ग | २००।- |
| ९० | लंका मणी राई | धरान-१७/२४ अजम्बर मार्ग | २१०।- |
| ९१ | प्रेम बहादुर राई | धरान १७/२६ सियोन मार्ग | ४०५।- |
| ९२ | हरीप्रसाद राई | धरान १७/२६ सियोन मार्ग | १००।- |
| ९३ | सानी राई | धरान १७/२६ सियोन मार्ग | १००।- |
| ९४ | दौलत राई | धरान १७/२६ सियोन मार्ग | १०५।- |
| ९५ | शेरू साम्पाङ | धरान १७/३११ .....मार्ग | २००।- |
| ९६ | पम्फा राई | धरान १७/३११ .....मार्ग | ७००।- |
| ९७ | राजमान दुमी राई | धरान-१ न्युरोड | १३५०।- |
| ९८ | सौगात दुमी राई | धरान-१ न्युरोड | ११००।- |
| ९९ | देशु दुमी राई | धरान-१ न्युरोड | २०५।- |
| १०० | कैलाश राई | धरान-१ न्युरोड | १५५।- |
| १०१ | डम्बर बहादुर राई | वडा नं.२, तरहरा | ५१२०।- |
| १०२ | मदन थिम्चु राई | वडा नं. ११/८१ न्यू पशुपतिमार्ग | १०२५।- |
| १०३ | श्रीमती पविमाया राई | २०६६/७/७ मा पाथीभरा लाइन | १००५।- |
| १०४ | अक्षय कुमार राई | २०६६/७/७ मा पाथीभरा लाइन | १००५।- |
| १०५ | कौशीला राई | कस्तुरी मार्ग | ७००।- |
| १०६ | करि कुमार राई | कस्तुरी मार्ग | २००।- |
| १०७ | दिप ब. दुमी राई | | २५५।- |
| १०८ | हर्क ब. दुमी राई | पञ्चकन्या देउराली ५ | ३००।- |
| १०९ | सपना साम्पाङ राई | एभरेष्ट लाईन | ५०५।- |
| ११० | मधुकर साम्पाङ राई | धरान -१६ पुण्यमार्ग | ६५५।- |
| १११ | पारस दुमी राई | धरान १५ फुस्रे स्वस्तिक मार्ग | ५५५।– |
| ११२ | हिरा काजी श्रेष्ठ | धरान १० क्याम्प लाईन | ६५०।- |
| ११३ | दिपक दुमी राई | धरान १५ कृष्णपथ | ६०१।- |
| ११४ | बुद्ध शिला राई | सिद्धार्थ मार्ग | ५१०।- |
| ११५ | ध्वज राई | पाथिभरा लाईन १५ | १२०।- |
| ११६ | सर्वजित दुमी राई | वडा नं. १९ किरात चोक | १५००।- |
| ११७ | विर ब.+ कमला | वडा नं. १५ बाफागरा | २५५।- |
| ११८ | सर्वजित दुमी राई | वडा नं. १९ चोकी बारी | १५००।- |

## शब्दकोश निर्माणार्थ दुमि किरात राई फन्सिकिमद्वारा आयोजित देउसी भैलो कार्यक्रम २०६६ मा दक्षिणा दिनुहुने महानुभावहरु

| क्र.सं. | दाताको नाम | क्षेत्र | रकम |
|---|---|---|---|
| १ | टंक राई,लुम्दु | रामहिटी | १५०५ |
| २ | चतुरमान राई | रामहिटी | ६४० |
| ३ | मतिराज राई | रामहिटी | ११५० |
| ४ | इश्वरमान राइे | रामहिटी | २५५० |
| ५ | नेत्रमनि राई | रामहिटी | ११११११ |
| ६ | कुमार सिह राई | रामहिटी | ११०५ |

| | | | |
|---|---|---|---|
| ७ | मिरालक्ष्मी राई | रामहिटी | २०० |
| ८ | एलिना राई | रामहिटी | ५५५ |
| ९ | क्या. नैनबहादुर राई | महाराजगञ्ज | ५००५ |
| १० | लाखमणि राई | शान्तिनगर | ५२० |
| ११ | सिंहबहादुर राई | शान्तिनगर | ५०४५ |
| १२ | देवान राई | शान्तिनगर | १५०० |
| १३ | मुगाधन राई, हलखुम | शान्तिनगर | ३३२ |
| १४ | सुजन राई, बाक्सिला | शान्तिनगर | २२०२ |
| १५ | गुणराज राई | शान्तिनगर | ५००५ |
| १६ | अनिता राई | शान्तिनगर | १०२५ |
| १७ | राजु राई | शान्तिनगर | ५०० |
| १८ | अर्जुनभक्त राई | शान्तिनगर | ५०५ |
| १९ | रामकाजी राई | शान्तिनगर | ५२० |
| २० | पूजा राई | शान्तिनगर | ६०६ |
| २१ | अप्सरा राई | शान्तिनगर | १००१ |
| २२ | शुभराज राई | शान्तिनगर | २००२ |
| २३ | बेलु गरूङ्ग राई | शान्तिनगर | १००१ |
| २४ | भद्र राई | गोलढुङ्गा | ३४०० |
| २५ | यमबहादुर राई | गोलढुङ्गा | १५०० |
| २६ | चुर्णशोभा राई | गोलढुङ्गा | ६०५ |
| २७ | कुमार राई | धापासी | ३३३३ |
| २८ | ललिता राई | सुकेधारा | ७००० |
| २९ | रञ्जना राई | बौद्ध | ५१५० |
| ३० | नवराज राइए | ढोलाहिटी | २५०० |
| ३१ | कृष्णकुमार राई | ढोलाहिटी | १००० |
| ३२ | तेज बहादुर राई | ढोलाहिटी | ३५०० |
| ३३ | एस.पी प्रकाश बान्तावा | ढोलाहिटी | ५०० |
| ३४ | दावा लामा | ढोलाहिटी | ३००० |
| ३५ | तुलशी दुमि | ढोलाहिटी | २१०० |
| ३६ | प्रकाश थापा | ढोलाहिटी | ७०० |
| ३७ | मदन अधिकारी | ढोलाहिटी | ५०५ |
| ३८ | चन्द्रमाया | ढोलाहिटी | २६० |
| ३९ | लुद्र मगर | ढोलाहिटी | ५०५ |
| ४० | श्याम राई | ढोलाहिटी | १००५ |
| ४१ | पदमबहादुर दुमी | ढोलाहिटी | २५०० |
| ४२ | मनिप्रसाद राई | मैतिदेवी | ११११ |
| ४३ | ऋषिश्वर राई | ढोलाहिटी | ५००० |
| ४४ | गोपाल राई | ढोलाहिटी | ५०० |
| ४५ | विकाश राई | नखिपोट | १०१० |
| ४६ | महेन्द्र राई | नखिपोट | ११२० |
| ४७ | नृप राई | चावहिल | १००५ |
| | जम्मा | | ९४३९४ |

विजयादशमी
तथा
शुभ-दीपावली-२०६७
को सुखद उपलक्ष्यमा सम्पूर्ण सदस्य तथा
शुभचिन्तकहरूमा सुख, शान्ति एवं समृद्धिको
हार्दिक मंगलमय
शुभ-कामना

नेपाल सरकारद्वारा मान्यता प्राप्त
दर्ता नं. ८०२७/०६०/०६१
रिजेन्सी
बहुउद्देश्यीय सहकारी संस्था लि.
चावहिल, काठमाडौं, फोन: ४४६९८३६
Regency Multi-purpose Co-operative Ltd.

विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सम्पूर्ण देशबासीहरूमा
सुख, शान्ति एवं समृद्धिको हार्दिक
मंगलमय
शुभ-कामना

KMS School
Shankhamul, Kathmandu, Ph.: 4787111
Kathmandu Model College+2
Bagbazar, Kathmandu, Ph.: 4242121
Kathmandu Model College, BBA, BBS, BA, MA, MBS,
Kamaladi, Kathmandu, Ph.: 4438317
Himalaya College of Engineering
Shankhamul, Kathmandu, Ph.: 4478263

दशैं तिहार ०६७
शुभकामना !
विजयादशमी
तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सम्पूर्ण सदस्य
तथा शुभचिन्तकहरूमा
सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय
शुभ-कामना

प्राइम गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.
Prime Gorkha Saving & Credit Co-operative Ltd.
प्रदर्शनीमार्ग, काठमाडौं, फोन: ०१-४२२१४५८
Exhibition Road, Kathmandu, Ph: 01-4221458

विजयादशमी तथा
शुभ-दीपावली-२०६७ को
सुखद उपलक्ष्यमा सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरूमा
सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय
शुभ-कामना

विश्वास
बहुउद्देश्यीय सहकारी संस्था लि. (सेभिङ्ग)
Biswas Multi-purpose Co-operative Society Ltd.
P.O. Box No.: 9244, Maitidevi, Kathmandu, Tel. No.: 977-1-4460169

# संस्थाद्वारा संचालित योजनाहरु

| बचत खाताको प्रकार | ब्याजदर |
|---|---|
| सगरमाथा बचत खाता | ८-९% |
| जेष्ठ नागरिक बचत खाता | ९% |
| शेयर धनी बचत खाता | ९% |
| बाल बचत खाता | ८.५% |
| नारी बचत खाता | ८.५% |
| युवा बचत खाता | ८.२५% |
| प्रिमियम बचत खाता | ७% |
| सगरमाथा सुपर सेभिङ्ग खाता | ५% |
| सगरमाथा स्वर्णिम बचत खाता | १०.२५% मौज्दात रु. १,००,००० हुनपर्ने |

समृद्धि बचत खाता - ११.५%
कर्मचारी बचत खाता - १०.५%
न्यूनतम मौज्दात - ३,००,०००/-

*Cheque Clearing *ATM सुविधा *SMS Banking सुविधा

| मुद्दती खाता | | | |
|---|---|---|---|
| अवधि | ब्याज भुक्तानी अवधि अनुसारको ब्याजदर | | |
| महिना / वर्ष | त्रैमासिक | वार्षिक | एकमुष्ठ |
| ३ महिना | १२.५% | - | - |
| ६ महिना | १३% | - | - |
| १ वर्ष | १३.५% | - | - |
| २ वर्ष | १०.२% | १०.४% | १०.५% |
| ३ वर्ष | १०.४% | १०.६% | ११% |
| ४ वर्ष | १०.६% | १०.८% | ११.५% |
| ५ वर्ष | १०.८% | ११% | १२% |
| ६ वर्ष | ११% | ११.२% | १२.५% |

IME, HIMAL REMIT, MONEY GRAM, WESTERN UNION MONEY TRANSFER , RELIABLE REMIT मार्फत विदेशबाट पठाएको रकम भुक्तानी लिन BOK MONY TRANSFER मार्फत नेपालभित्र रकम पठाउन र पठाएको रकम भुक्तानी लिन सकिने

## सगरमाथा मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि.

पोष्ट बक्स नं. ८९७५, इपिसि २७९० मानभवन, ललितपुर
फोन: ५५४७८४१, ५५३५१५८, फ्याक्स: ५५३५४१९
Email: info@smb.com.np, Website: www.smb.com.np

**शाखा कार्यालयहरु:**

बिर्तामोड शाखा: भद्रपुर रोड, फोन:४५०५५७, दमक शाखा: दमक चोक, फोन: ५८५४१८, धरान शाखा: भानुचोक, फोन: ५३३९३८, बिराटनगर शाखा: महेन्द्रचोक, फोन: ४४०८६४, इटहरी शाखा: धरान रोड, इटहरी, फोन: ५८७३२४, सल्लेरी शाखा: सोलु सल्लेरी

तपाईको सन्तुष्टि हाम्रो सफलता, छिटो, छरितो र विश्वसनीय सेवा हाम्रो प्रतिबद्धता



# राष्ट्रिय भावनाले ओतप्रोत






# We Believe in Quality Service

## राबो को-अपरेटिभ लिमिटेड
## RABO Co-operative Limited

पो.ब.नं. ९२४६, कात्यायनी चोक, भीमसेनगोला, काठमाडौं, फोन नं. ४१०९१२२
फ्याक्स: ९७७-१-४७८४३४३, E-mail:rabo@wlink.com.np

*Education For Quest*

**Babylon**
**National School**
Shantinagar, Kathmandu, Tel: 4108973, 4108905